# चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर

नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)

दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

**विन्दुकुमारी चौधरी**

त्रि.वि.दर्ता नं.१३६३०-९४

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर

चितवन


२०६७

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिकशास्त्र सङ्काय

## वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी विन्दुकुमारी चौधरीले नेपाली स्नातकोत्तर तह ( एम.ए) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

डा. नारायणप्रसाद खनाल ................................
प्राध्यापक तथा विभागीय प्रमुख हस्ताक्षर

डा. गणेशप्रसाद खराल ................................
प्राध्यापक तथा शोधनिर्देशक हस्ताक्षर

सहप्राध्यापक भागवतशरण न्यौपाने ................................
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०६७/१२/१७

# निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा विन्दुकुमारी चौधरीले **चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको उक्त शोधकार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति :२०६७/१२/१०

................................

**(डा. गणेशप्रसाद खराल)**

प्राध्यापक

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षकको शोधपत्र नेपाली स्नातकोत्तर द्वितीय वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो । यो शोधपत्र तयार गर्ने क्रममा उचित मार्गनिर्देशन गर्नुहुने आदरणीय गुरु शोधनिर्देशक प्राध्यापक डा. गणेशप्रसाद खरालज्यू र नेपाली विभागका विभागीय प्रमुख प्रा. डा. नारायणप्रसाद खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधकार्यमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग पुऱ्याउनु हुने नेपाली विभागका गुरुजनहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

थारू लोककथाहरू सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने खैरहनी गा.वि.स.का ६५ वर्षीय जयराम महतो, ५५ वर्षीय भडिया चौधरी, ६२ वर्षीय बन्धु चौधरी, ४५ वर्षीय चन्दा चौधरीका साथै आवश्यक सर-सामग्रीहरू उपलब्ध गराई भाषा सम्पादनमा समेत सहयोग पुऱ्याउने श्री खैरहनी उच्च मा.वि.का शिक्षक नवराज ढकालज्यू एवम् अन्य साथीभाइहरूप्रति अभार व्यक्त गर्न चाहन्छु ।

मेरो अध्ययन कार्यलाई प्रोत्साहित गरी निरन्तरता प्रदान गर्न सहयोग पुऱ्याउनुहुने पूजनीय पिता जीवन चौधरी र स्वर्गीय माता सोहदरिया चौधरीका साथै जीवनसाथी कमानसिंह चौधरी एवम् समस्त घर-परिवारजनप्रति आभार प्रकट गर्दछु ।

यसै गरी छिटोछरितो र शुद्धसँग शोधपत्र टङ्कन गरिदिनुहुने समाद प्रिन्टिङ्ग, पर्साका दिलीप महतोलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति :- २०६७/१२/१०

शोधकर्ता

.....................................

विन्दुकुमारी चौधरी
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# विषय सूची


पेज नं.

**परिच्छेद : एक** १-७

**शोधपरिचय** १

१. **शोधशीर्षक** १

१.२. **शोधकार्यको प्रयोजन** १

१.३. **विषयपरिचय** १

१.४. **समस्याकथन** २

१.५. **शोधपत्रको उद्देश्य** २

१.६. **पूर्वकार्यको विवरण र समीक्षा** ३

१.७. **प्राक्कल्पना** ५

१.८. **शोधकार्यको औचित्य र महत्त्व** ५

१.९. **शोधकार्यको सीमाङ्कन** ५

१.१०. **शोधविधि** ६

१.१०.१ क्षेत्रीय अध्ययन ६

१.१०.२ अन्तर्वार्ता विधि ६

१.१०.३ पुस्तकालयीय अध्ययन ६

१.११. **शोधपत्रको रूपरेखा** ६

**परिच्छेद : दुई** ८-१६

२. **लोकसाहित्यको सैद्धान्तिक परिचय** ८

२.१ **लोक साहित्यको व्युत्पत्ति, अर्थ र परिभाषा** ८

२.२ **लोकसाहित्यका विशेषताहरू** ८

२.२.१ सामुदायिकता ९

२.२.२ पारम्परिकता ९

२.२.३ मौखिकता ९

२.२.४ गतिशीलता ९

२.३ **लोकसाहित्यको वर्गीकरण** ९

२.३.१ लोकगीत १०
२.३.२ लोकगाथा १०
२.३.३ लोककथा ११
२.३.३.१लोककथाको परिचय ११
२.३.३.२ लोककथाको परिभाषा ११
२.३.३.३ लोककथाका तत्त्वहरू १२
२.३.३.४ लोककथाका विशेषताहरू १३
२.३.३.५ लोककथाको वर्गीकरण १४
२.३.४ लोकनाटक १५
२.३.५ उखान र टुक्का १६
२.३.६ गाउँखाने कथा १६
**२.४ निष्कर्ष** **१६**

**परिच्छेद : तीन** **१७-२२**

**३. चितवन जिल्लाका थारू जातिको परिचय** **१७**
**३.१ चितवन जिल्लाको परिचय** **१७**
३.१.१ चितवन जिल्लाको भौगोलिक अवस्थिति १७
३.१.२ ऐतिहासिक पृष्ठभूमि १७
३.१.३ चितवन जिल्लामा बसोबास गर्नेहरुको जाति, भाषा, धर्म र संस्कृति १८
**३.२ थारू जातिको परिचय** **१८**
३.२.१ प्रस्तावना १८
३.२.२ थारू शब्दको व्युत्पत्ति र अर्थ १९
३.२.३ थारू बसोबास क्षेत्र र जनसंख्या १९
३.२.४ थारू भाषाको परिचय र भाषाभाषीको विवरण २१
३.२.५ चितवनको थारू लोकसाहित्य २१
**३.३ निष्कर्ष** **२२**

## परिच्छेद : चार २३-१२२


४. चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण २३

४.१ चितवनमा प्रचलित थारू लोककथाको परिचय २३

४.२ चितवनमा प्रचलित थारू लोककथाका विशेषता २३

४.३ चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण २५

४.४ थारू लोककथाहरूको सङ्कलन र नेपाली अनुवाद २७

४.४.१ चितवन २७

४.४.२ मोदक काथा ३८

४.४.३ एकतोला रानीक काथा ४४

४.४.४ गोह्मीक काथा ५१

४.४.५ सुनपाउ रानीक काथा ५७

४.४.६ फूलजोखल रानीक काथा ६३

४.४.७ गोगी राजा हँसे प्रतीप राजाक काथा ७१

४.४.८ गेउरी हँसे कौघाक काथा ७९

४.४.९ बिलहुलियाक काथा ८१

४.४.१० बानरक काथा ८६

४.४.११ भेडाक काथा ९७

४.४.१२ गेवँरा गेउँरीयाक काथा १०२

४.४.१३ गोही रानीक काथा १०६

४.४.१४ खुथुनी चरैयाक काथा १११

४.४.१५ गिदार हँसे नमहा मितक काथा ११३

४.४.१६ फेचुहा राजाक काथा ११७

४.५ निष्कर्ष १२२


## परिच्छेद : पाँच १२३-१२६


५. उपसंहार १२३

५.१ सारांश १२३

५.२ निष्कर्ष १२६

**सन्दर्भ-कृतिसूची** **१२७-१२८**

क) पुस्तकाकार कृति १२७

ख) पत्रपत्रिका १२७

**परिशिष्ट**

**क) थारू-नेपाली शब्दार्थसूची क-ङ**

**ख) थारू संस्कृति परिचायक तस्वीरहरू च-ञ**

**ग) चितवन जिल्लाको नक्सा**

# परिच्छेद : एक

# शोधपरिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको हो ।

## १.३ विषयपरिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवं बहुधार्मिक देश हो । यस देशमा बसोबास गर्ने विभिन्न जात-जातिमध्ये थारू पनि एक हो । नेपालका ७५ जिल्लामध्ये २२ वटा जिल्लामा प्रमुख रूपमा थारूहरूको बसोबास रहेको छ । थारू समाजको बाहुल्य भएका जिल्लाहरूमध्ये चितवन जिल्ला पनि एक हो । वि.सं. २०५८ सालमा लिइएको जनगणना अनुसार नेपालको कुल जनसंख्या २२७३६९३४ मध्ये थारूको कुल जनसंख्या १५३३८७९ रहेको छ । चितवन जिल्लाको कुल जनसंख्या ४६८०७९ मध्ये थारूको जनसंख्या ५९७९४ रहेको छ । चितवन जिल्लाको २९ वटा गा.वि.स. र २ नगरपालिकामा थारूको बसोबास प्रमुख रूपमा रहेको पाइन्छ । २०५८ सालको जनगणना अनुसार पूर्वी चितवनका बछौली, भण्डारा, चैनपुर, जुटपानी, कविलास, कठार, खैरहनी, कोराक, कुमरोज, पिप्ले, पिठुवा गा.वि.स. र पश्चिम चितवनका माडी, बघौडा, गर्दी, अयोध्यापुरी, गुञ्जानगर, शारदानगर, पटिहानी, मेघौली, मंगलपुर, कल्याणपुर, दिव्यनगर, जगतपुर, पार्वतीपुर, शिवनगर तथा भरतपुर नगरपालिका, रत्ननगर नगरपालिकाका केही वडामा प्रमुख रूपमा थारू समुदायको बसोबास रहेको पाइन्छ । साथै चितवनमा नेपाली भाषापछि बोलिने दोस्रो महत्त्वपूर्ण भाषा थारू हो । थारूहरूको आफ्नो मौलिक लोकसाहित्य छ । यस अन्तर्गत लोकगीत, लोककथा, बुझौली (भनाइ बुझेर अर्थ बताउने), बालगीत आदि विधाहरू रहेका छन् । विभिन्न संस्कार गर्दा, चाडपर्व मनाउँदा तथा रोपाइँ र अन्य कृषिकर्म गर्दा लोकगीत गाउने, थारूहरूको मुख्य पर्व जितिया पावनीमा जितवाहनको कथा भन्ने गर्दछन् । साथै अन्य विभिन्न अवसरमा उखान टुक्का, गाहा, बुझौली, गाउँखाने कथा, लोककथा भन्ने, लोकनृत्य र लोकनाटक गर्ने गर्दछन् । थारूहरूको लिखित इतिहास भेट्टाउन गाह्रो छ । पहिलेका थारू समाजमा पढाइप्रति त्यति रुचि

राखिँदैनथ्यो । यसै कारणले लोकसाहित्यका विधाहरू मौखिक रूपमा मात्र एक पुस्तादेखि अर्को पुस्तामा सर्दै जाने गर्थे । त्यति बेलाको थारू कहावत पनि छ “पढना लिखना कथि काम, हर जोतले भर पटही धान” । यसको मतलब पढाइप्रति चासो नभएको भन्ने हो । विस्तारै विकासक्रमसंगै चेतना फैलिँदै आयो र अहिले बल्ल पढाइतिर चासो लिएको देखिन्छ । हाल आएर लोप हुन लागेका थारू संस्कृति एवं साहित्यलाई संरक्षण सम्बर्द्धन गर्न धेरै व्यक्तिहरूले पहल गरिरहेका छन् । थारू लोकगीतका विषयमा केही मात्रामा अध्ययन अनुसन्धान भएको देखिन्छ भने लोककथाको अध्ययन अनुसन्धान गर्न बाँकी भएकोले थारू लोककथा, विधाको विषयमा **चितवन जिल्लामामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षकमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति यो शोध विषय चयन गरिएको हो ।

## १.४ समस्याकथन

चितवनका आदिवासी थारू समाजमा आफ्नै मौलिक लोककथाहरू प्रचलित छन् । थारूहरूको मुख्य पर्व जितियामा जितवाहनको कथा तथा अन्य अवसरमा थारू लोककथाहरू भन्ने गरिन्छ, ती लोककथाहरू ऐतिहासिक, धार्मिक, बालस्वभाव, नातासम्बन्धी, पशुपक्षी, वनस्पतिसँग सम्बन्धित आदि विभिन्न प्रकारका छन् । तर आजभोलि यी लोककथाहरू विस्तारै लोप हुँदै गइरहेका छन् । यसर्थ यिनीहरूको संरक्षण एवम् सम्बर्द्धन हुनु नितान्त आवश्यक छ । त्यसैले यस प्रकारको अध्ययन आवश्यक देखिएको हो । प्रस्तुत शोधकार्य गर्दा देखापर्ने समस्याहरू यस प्रकार छन् :

क) चितवनमा के कस्ता र के कति थारू लोककथाहरू प्रचलित छन् ?

ख) चितवनमा प्रचलित थारू लोककथालाई के कति भागमा वर्गीकरण गर्न सकिन्छ ?

ग) चितवनको थारू लोककथाको अध्ययन-विश्लेषण के कसरी गर्न सकिन्छ ?

घ) चितवन जिल्लामा प्रचलित थारू लोककथामा थारू संस्कृति र परम्परा तथा जातीय सामाजिक प्रवृत्तिको प्रतिविम्बन छ वा छैन ?

## १.५ शोधपत्रको उद्देश्य

समस्या कथनमा उल्लिखित समस्याहरूको निम्नानुसारको समाधान खोज्नु यस शोधपत्रको उद्देश्य रहेको छ :

क) चितवन जिल्लामा बसोबास गर्ने थारू समाजमा प्रचलित थारू लोककथाहरू सङ्कलन गर्ने ।

ख) सङ्कलित थारू लोककथालाई विभिन्न आधारमा वर्गीकरण गर्ने ।

ग) वर्गीकृत लोककथालाई गहन रूपमा अध्ययन गरी नेपालीमा रूपान्तरण गर्ने ।

घ) चितवनका थारूलोककथामा रहेका सामाजिक प्रवृत्ति र सांस्कृतिक परम्परा पत्ता लगाउने ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

थारू समाजमा लोकसाहित्यका लोकगीत, लोककथा, गाहा, बुझौली, पेहनी जस्ता विभिन्न विधाहरू प्रचलित रहेका छन् तर ती सबै मौखिक रूपमै मात्र सीमित रहन गएका छन् । हालसम्म लोकसाहित्यका अन्य विषयमा केही मात्रामा अध्ययन अनुसन्धान भए पनि लोककथाको विषयमा भने हालसम्म कुनै अध्ययन-अनुसन्धान, व्याख्या, विश्लेषण भएको पाइँदैन । तसर्थ थारू साहित्यका विषयमा यसपूर्व भए-गरेका पूर्वकार्यको कालक्रमिक विवरण र समीक्षा सङ्क्षेपमा तल प्रस्तुत गरिएको छ :

गणेशप्रसाद खरालले **नेपालमा बोलिने थारू भाषिकामा नेपाली भाषाको प्रभाव** (काशी, हिन्दू विश्वविद्यालयको नेपाली विषयको विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत शोधप्रबन्ध, अप्रिल, १९९२) मा थारू भाषा, जाति र संस्कृति, थारू भाषिकाहरूको स्थिति विशेषता र अन्य भाषासँग यसको सम्बन्ध, थारू भाषाका ध्वनि, व्याकरणको विविध पक्ष एवं प्रमुख थारू कृति र कृतिकारको परिचय तथा थारू भाषामा नेपाली भाषाको प्रभावबारे चर्चा गरेका छन् । यस शोध प्रबन्धमा चितवन जिल्लामा प्रचलित एक पहपट गीत र दुई बाल गीत सङ्कलन गरिएको छ ।

कलानाथ अधिकारीले २०१६ सालमा **"जितवाहनक काथा"** (चितवनकै प्रथम साहित्य कृति) आख्यानात्मक कृति प्रकाशित गरेका छन् । थारू भाषामा लिखित यस कृतिको नेपाली अनुवाद गरिएको छैन ।

"**फुन्गी**" (वर्ष १, अंक १, चितवन २०४० भदौ, पृ. १-२२) पत्रिकामा फागु र जितिया पर्वमा गाइने फगुवा र जितियाका गीत तथा केही अन्य थारू लोकगीत संकलित छन् । उक्त पत्रिकामा थारू लोककथाको विषयमा चर्चा गरिएको छैन ।

गणेशप्रसाद खरालको **"नेपाली र थारू भाषाको विवेचना"** (विवेक, वर्ष १, अङ्क १, चितवनः २०४१, पृ.२) शीर्षक लेखमा चितवनको थारू भाषा र लोकसाहित्यका विभिन्न विधाहरूको परिचय दिइएको छ ।

"**हमार संस्कृति**" (वर्ष १, अंक १, था.क.यु.स.चिः २०४६) त्रैमासिक पत्रिकामा रामबहादुर महतो, जीतराम महतो र मणिराम महतोले चितवन जिल्लामा प्रचलित थारू लोककथा **गोर्म्ही, गिदारमीत नमहा मीत, हिरामती** गरी तीन लोककथा थारू भाषामा प्रकाशित गरेका छन् ।

धर्मराज थापाले "**चितवन दर्पण**" (काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०५०, पृष्ठ ८०) पुस्तकमा "विभिन्न थरिका थारू जातिको उत्पति र चालचलन" शीर्षक

लेखमा माडीको गर्दीमा गाइने थारू लोकगीतको सामान्य परिचय र नमूना दिइएको छ । त्यसमा थारू लोककथाको विषयमा कुनै चर्चा गरिएको छैन ।

कोमल धितालले **"प्राकृतिक सम्पदा र थारू लोकगीतको संरक्षण"** (सिर्जना, अङ्क ९, २०५७, पृ १०-२३) लेखमा चितवनमा प्रचलित पराती, झुमरी, लगनी, माङर, सोरठी, वृजाभार, बारहमासा, विरहुनी, यमोसा, सोहराई (गाई तिहार), फगुवा (पहपट) फगुवाक डगरोट जस्ता ११ वटा थारू लोकगीत प्रकाशित गरेका छन् । यहाँ थारू लोककथाको विषयमा कुनै चर्चा गरिएको छैन ।

केवल चौधरीले "**बुढापाकाक कहावत अनुसार थारूक उत्पत्ति**" (हमार सनेस, वर्ष १, अंक १, था.वि.स.चिः २०५८, पृष्ठ २२) शीर्षकको एक थारू लोककथा प्रकाशित गरेका छन् तर यसको नेपाली अनुवाद र व्याख्या विश्लेषण गरिएको छैन ।

**"लौठा डेगा"** (अङ्क १, वर्ष १, नवलपरासीः २०५८) पत्रिकामा नवलपुरीया थारू भाषामा लेखिएका थारू जातिसम्बन्धी सन्देशमूलक रचना र केही झमटा गीत सङ्कलित छन् यस पत्रिकामा थारू लोककथाको विषयमा चर्चा गरिएको छैन ।

गोपाल दहितले **"थारू संस्कृतिको संक्षिप्त परिचय**" (सानेपा. ललितपुरः २०६२, पृ १३४-१४७) पुस्तकमा चौबीसवटा थारू लोकगीतका नमूना दिँदै ती गीतको परिचयसमेत दिएका छन् । उक्त पुस्तकमा थारू जातिसँग सम्बन्धित संस्कार, भेषभूषा, चाडपर्वहरू, पूजापाठ, कलाहरू, खेलकूद, थारू ग्रन्थ, धर्म आदिको परिचय दिइएको छ । तर लोककथाको विषयमा चर्चा गरिएको छैन ।

बाबुराम पाण्डेको जितिया पावनीक काथा "**हाम्रो सिर्जना**" (वर्ष २, अंक २, पूर्णाङ्क ४, चितवनः २०६३) त्रैमासिक पत्रिकामा प्रकाशित गरिएको छ । प्रस्तुत कथा कलानाथ अधिकारीको जितवाहन कथा कृतिको संक्षिप्त भावानुवाद हो ।

"**चितवन थारू संस्कृति स्मारिका**" (था.क.स. क्षेत्र नं. ६, २०६३, पृष्ठ ३९ देखि ४१) सुश्री मनिता चौधरी र अजय चौधरीबाट क्रमशः चितवन जिल्लामा प्रचलित "बुधलगरि कुँवरी छ्यानी राजा" र "ठेकुचिया चरईयाका काथा" दुई थारू लोककथा प्रकाशित छन् । ती कथाहरूको नेपाली अनुवाद र व्याख्या विश्लेषण गरिएको छैन ।

"**हमार यगुवा**" (अङ्क १, वर्ष १, था.क.स. ललितपुरः २०६४) थारू पत्रिकामा सङ्कलित विविध लेखहरू थारू जाति, भाषा, साहित्य, संस्कृति, थारू भाषिका तथा व्याकरणको परिचयसँग सम्बन्धित छन् । उक्त पत्रिकामा खोजमूलक लेखहरू पनि समाविष्ट

छन् । लोकसाहित्य अन्तर्गत, लोककथाको सङ्कलन नगरिए पनि समग्र लोकसाहित्यमा यसले महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ ।

यसरी हालसम्मको पूर्वकार्यहरूलाई दृष्टिगत गर्दा छुटफुट रूपमा नेपालका विभिन्न क्षेत्रमा बसोबास गर्ने थारू जाति र लोकसाहित्यको अध्ययन भइरहेको देखिए पनि चितवन जिल्लामा बसोबास गर्ने थारू समाजमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण कार्य भएको देखिँदैन, यसर्थ यो शोधकार्य गरिएको हो ।

## १.७ प्राक्कल्पना

**चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षकको प्रस्तुत शोधपत्र निम्नलिखित प्राक्कल्पनामा आधारित रहेको छ :-

क) चितवन जिल्लामा बसोबास गर्ने थारू जातिका आफ्नै मौलिक लोककथाहरू छन् ।

ख) ती लोककथाहरू पशुपक्षी, वनस्पति, बालस्वभाव, ऐतिहासिक, सामाजिक, नैतिक, धार्मिक, सांस्कृतिक आदि विषयसँग सम्बन्धित छन् र विभिन्न समय तथा अवसरहरूमा कथाहरू भनिन्छन् ।

ग) थारू लोककथाको नेपालीमा अनुवाद गरेर अध्ययन-विश्लेषण गरिन्छ ।

घ) प्रायः सबैजसो कथामा थारू जातिको सामाजिक प्रचलन, मौलिक संस्कृति र परम्पराको प्रतिबिम्बन पाइन्छ ।

## १.८ शोधकार्यको औचित्य र महत्त्व

**चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षक शोधकार्यको औचित्य तथा महत्त्व यस प्रकार रहेको छ :

क) थारू लोककथाहरूको सङ्कलन र अध्ययन कार्यबाट लोप हुन लागेका थारू लोककथाहरूले जीवन्तता पाउने छन् ।

ख) यो शोधकार्य राष्ट्रिय भाषा (थारू) को पठन पाठनमा पाठ्य सामग्रीका रूपमा उपयोगी हुनेछ

ग) प्रस्तुत शोधकार्य थारू लोककथा एवम् राष्ट्र भाषा नेपाली लगायतका अन्य राष्ट्रिय भाषाका लोककथाका अध्ययनका क्रममा सहायक सामग्रीको रूपमा उपयोगी हुनेछ ।

## १.९ शोधकार्यको सीमाङ्कन

चितवन थारू समुदायमा चाडपर्व मनाउँदा, काम गर्दा, बच्चा भुलाउँदा र खाली समय सजिलै बिताउन लोककथाहरू भन्ने गरिन्छन् तर ती सबै यस शोधपत्रमा समेटिएका छैनन् । यो शोधपत्र निम्नलिखित सीमामा रहेर तयार गरिएको छ :

क) चितवनका थारू बहुल क्षेत्रमा प्रचलित करिब १६ वटामात्र थारू लोककथाहरूको सङ्कलन गरिएको छ ।

ख) सङ्कलित थारू लोककथाहरूलाई ऐतिहासिक, धार्मिक, सामाजिक, पशुपक्षी, वनस्पति, बालस्वभाव, सांस्कृतिक, नाता आदि विविध विषय र आधारमा वर्गीकरण गरिएको छ ।

ग) वर्गीकृत थारू लोककथाहरूलाई नेपाली भाषामा रूपान्तरण गर्नुका साथै आवश्यकताअनुसार तिनको सङ्क्षिप्त परिचय र विश्लेषण गरिएको छ ।

## १.१० शोधविधि

शोध कार्यको लागि आधार सामग्रीको जरूरत पर्ने भएकोले शोधकार्यको प्रारम्भिक चरणमा आवश्यक सामग्रीको सङ्कलन निम्नलिखित विधिबाट गरिएको छ :

### १.१०.१ If]qLo cWoog

लोककथा मौखिक लोकसाहित्यको एक प्रमुख अङ्ग भएकाले यो शोधकार्य मूलतः क्षेत्रीय अध्ययनमा आधारित रहेको छ । पूर्वी चितवन र पश्चिम चितवनका थारू लोककथाहरू मिल्दाजुल्दा छन् । त्यसैले यस शोधपत्रमा सङ्कलित थारू लोककथाहरूको सङ्कलन पूर्वी चितवनको खैरहनी गा.वि.समा गरिएको हो । कथा सङ्कलनमा सहयोग गर्ने प्रमुख व्यक्ति खैरहनी गा.वि.स.का वडा नं. ४ मगनीका ६२ वर्षीय बन्धु चौधरी र ६० वर्षीय जीवन चौधरी त्यसै गरी वडा नं. ८ जबकौलीका ६५ वर्षीय जयराम चौधरी, ५५ वर्षीय भङिया चौधरी र ४५ वर्षीय चन्दा चौधरी हुन्

### १.१०.२ अन्तर्वार्ता विधि

लोकसाहित्य वा लोककथा, लोकसमाजमा जीवित साहित्य हो । विभिन्न जातिहरूको लोकसाहित्यको अध्ययन एवं लेखन कार्य गर्दा सम्बन्धित गाउँमा पुगेर शोध विषयसँग सम्बद्ध व्यक्तिसँग प्रत्यक्ष कुराकानी गर्नु नै अन्तर्वार्ता विधि हो । त्यसैले अन्तर्वार्ताविधिद्वारा चितवन जिल्लामा रहेका थारू जातिको लोककथाको विषयमा सूचना र जानकारी प्राप्त गरी यो अध्ययन पूरा गरिएको छ ।

### १.१०.३ पुस्तकालयीय अध्ययन

लोकसाहित्यको सैद्धान्तिक अध्ययनका निमित्त पुस्तकालयमा रहेका सान्दर्भिक पुस्तक, पत्र-पत्रिका र शोधपत्रको उपयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

प्रस्तुत परिच्छेदमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, प्राक्कल्पना, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : लोकसाहित्यको सैद्धान्तिक परिचय**

यस परिच्छेदमा लोकसाहित्यको व्युत्पत्ति, अर्थ र परिभाषा, लोकसाहित्यको विशेषता, लोकसाहित्यको वर्गीकरण र लोककथाको परिचय र यसका विशेषता उल्लेख गर्नुका साथै लोककथाको वर्गीकरण समेत गरिएको छ ।

**परिच्छेद तीन : चितवन जिल्लाका थारू जातिको परिचय**

प्रस्तुत परिच्छेदमा चितवन जिल्लाको परिचय र थारू जातिको उत्पत्तिदेखि थारू जातिको भाषा, धर्म, संस्कृति र भाषाभाषीको विवरण, थारू जातिको जनसंख्या र बसोबास क्षेत्र र थारू लोकसाहित्यको समेत परिचय प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण**

यस परिच्छेदमा थारू लोककथाको परिचय, विशेषता र चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरणबारे अध्ययन गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार**

यस उपसंहार भागमा विभिन्न परिच्छेदमा वर्णित विषयवस्तुको सारसंक्षेप प्रस्तुत गरिएको छ उपर्युक्त शोधपत्रको रूपरेखाका साथै सन्दर्भसूचीअन्तर्गत पुस्तक र पत्रपत्रिकाको सूची, परिशिष्टअन्तर्गत थारू भाषाका कठिन शब्दको अर्थ र थारू संस्कृति झल्किने चित्रसमेत दिइएको छ यसै गरी लोककथा सङ्कलन गर्ने क्रममा सूचकहरूसँग वार्ता गरेको चित्र र चितवन जिल्लाको नक्सासमेत सङ्कलन गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# लोकसाहित्यको सैद्धान्तिक परिचय

## २.१ लोकसाहित्यको व्युत्पत्ति, अर्थ र परिभाषा

"लोक" र "साहित्य" दुई शब्दको समासबाट "लोकसाहित्य" शब्दको निर्माण भएको हो । यसको अर्थ लोकको साहित्य भन्ने हुन्छ ।[१]

पश्चिमी परम्परामा "लोक"शब्दको पर्यायवाची शब्दको रूपमा प्रयुक्त फोक (Folk) शब्दले सामान्य जनसमुदाय र विशिष्ट जनसमुदायलाई बुझाएको पाइन्छ । पश्चिमका साहित्यकार डब्लु. जे. थोमसले सर्वप्रथम सन् १८४६ मा "फोक्लर" शब्दको प्रयोग गरेका थिए । पश्चिमी साहित्यमा प्रयोग गरिएको "फोक्लर" पछि गएर मराठीमा लोक विद्या र हिन्दीमा लोकायन, लोकवार्ता तथा लोकसाहित्यका अर्थमा प्रचलित हुन थालेको थियो । [२]

बौद्धकालीन दर्शनमा "लोक" शब्दले समस्त मानव समाज र सम्प्रदायलाई बुझाउँछ भन्ने कुरा धर्मराज थापा र हंसपुरे सुवेदीले उल्लेख गरेका छन् ।[३]

नेपाली लोकसाहित्यमा महत्त्वपूर्ण योगदान दिने लोकसाहित्यकारद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोकले सजिलैसँग बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षमय साहित्य नै लोकसाहित्य हो भनेका छन् । [४]

यसरी लोकसाहित्यका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्ना किसिमले अर्थ्याउने प्रयास गरेका छन् । लोकसाहित्य स्थानीय समुदायमा मौखिक रूपमा जीवन्त रहेको हुन्छ र एक पुस्तादेखि अर्को पुस्तामा सर्दै जान्छ । लोकसाहित्यका पनि विविध विधाहरू रहेका छन् । तिनलाई धर्मराज थापा र हंसपुरे सुवेदीले सात भागमा यसरी विभाजन गरेका छन् :- लोकगीत, लोकगाथा, लोककथा, लोकनाट्य, गाउँखाने कथा, उखान टुक्का र विविध । नेपाली लोकसाहित्यका यी विधाहरू विभिन्न गाउँ समाजमा जात अनुसार आफ्नै मौलिक रूपमा जीवन्त रहेका हुन्छन् ।

## २.२ लोकसाहित्यका विशेषताहरू

लोकजीवनको सशक्त अभिव्यक्ति नै लोकसाहित्य हो । मानवको सृष्टि भएदेखि नै मानव सभ्यताको विकासका क्रममा मानव समाजका दुःख, पीडा, व्यथा, उत्साह, वैराग्य, चलाखी, बहादुरी,

१. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौँः एकता बुक्स, २०५८) पृ. १३ ।

२. **अक्सफोर्ड एडभानस लर्नर डिक्सनरी**, (दिल्लीः अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् १९९४) पृ. ७४६ ।

३. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना** (काठमाडौँः पा.वि.के, त्रि.वि. कीर्तिपुर, २०४१) पृ. ५ ।

४. ऐजन, पृ. ३ ।

बुद्धिमानी आदि विविध क्रियाकलाप र तिनसँग सम्बन्धित अनुभव र अनुभूतिलाई मूर्त र जीवन्त रूप दिदै अनवरत आफूलाई सदा नवीन, सुन्दर र ग्राह्य रूपमा प्रस्तुत गर्ने लोकसाहित्यका आफ्नै विशेषताहरू छन् । यी विशेषतालाई लोकसाहित्यकार चूडामणि बन्धुले चार बुँदामा यसरी समेटेका छन् : [५]

### २.२.१ सामुदायिकता

लोकसाहित्य व्यक्तिको नभई लोकको निम्ति रचिएको हुन्छ । त्यसैले यसको जन्म समुदायमा हुन्छ र समुदायमै हुर्कने बढ्ने, जीवित हुने गर्दछ । समुदायको सम्पत्ति भएकोले यो लोकसाहित्यको महत्त्वपूर्ण विशेषता हो ।

### २.२.२ पारम्परिकता

लोकसाहित्य समुदायको सम्पत्ति भएकोले हरेक समाजले आफ्नो परम्पराअनुसार आफूलाई चिनाएको हुन्छ । यसमा आफ्नै किसिमको भाषा र अभिव्यक्तिको परम्परा हुन्छ । त्यसैले लोकसाहित्यलाई परम्परागत साहित्य भनिन्छ ।

### २.२.३ मौखिकता

लोकसाहित्य मौखिक परम्परामा मौलाएको हुन्छ । यो अलिखित रूपमा समुदायमा जीवित रहन्छ र सम्झनका लागि कसैले लेख्ने गरेको हुन्छ । लेखेर छपाए पनि त्यसलाई लिखित साहित्यको रूपमा मानिँदैन । यो निरक्षर समाजमा मौखिक रूपमा वक्ताले भन्ने र स्रोताले ग्रहण गरेको हुन्छ । लोकसाहित्य सरल, सहज हुने भएकोले यसमा रोचकता हुन्छ । यो मौखिक रूपमा हुर्कने, बढ्ने र जीवित हुने भएकोले गौण रूपमा यसले शिक्षा दिएको हुन्छ र भाषा वाहक बनेको हुन्छ । त्यसैले यो लोकसाहित्यको अर्को विशेषता हो ।

### २.२.४ गतिशीलता

लोकसाहित्यमा गतिशीलता हुन्छ किनभने यो समय र स्थान अनुसार परिवर्तन भइरहन्छ । कुनै एक वक्ताबाट सुनेर श्रोताले अर्कोलाई भन्दा केही न केही भाषा एवम् भनाइमा परिवर्तन भएकै हुन्छ । लोकसाहित्यको रचयिता अज्ञात रहने भएकोले यसको लिखित रूप भेटाउन सकिँदैन । त्यसैले वक्ताअनुसार भनाइ वा कथनमा रमोञ्चकता ल्याउने क्रममा परिवर्तन हुने स्थिति सिर्जना हुन्छ । त्यसैले गतिशीलता लोकसाहित्यको अर्को विशेषता हो ।

## २.३ लोकसाहित्यको वर्गीकरण

विद्वान्हरूले लोकसाहित्यलाई भाषिक अभिव्यक्ति, प्रस्तुति, विषयवस्तु, संस्कार अनुष्ठान

५. चूडामणि बन्धु, पूर्ववत् पृ. ३३ ।

आदि विभिन्न आधारमा वर्गीकरण गरेका छन् । क्षेत्रीय वा जातीय संस्कृतिको आधारमा भोजपुरी लोकसाहित्य, अवधी लोकसाहित्य, तामाङ लोकसाहित्य, थारू लोकसाहित्य आदि रूपमा वर्गीकरण गरिएको छ ।

चूडामणि बन्धुको मतअनुसार लोकसाहित्यलाई निम्नलिखित विधाहरूमा वर्गीकरण गरिएको छः

| | | |
|---|---|---|
| क) लोकगीत | ख) लोक कविता | ग) लोकगाथा र लोकव्यथा |
| घ) लोकगाथा | ङ) लोकनाटक | च) लोककथा |
| छ) पहेली | ज) उखान | झ) टुक्का आदि । [६] |

जीवेन्द्रदेव गिरीले लोकसाहित्यका विधा उपविधाहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् :

| | | |
|---|---|---|
| क) लोककथा | ख) लोकगीत र लोकपद्य | ग) लोकगाथा |
| घ) लोकनाट्य | ङ) लोकोक्ति | च) गाउँखाने कथा आदि छ ।[७] |

धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यका विधाहरूलाई विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गरेका छन् :

| | | |
|---|---|---|
| क) लोकगीत | ख) लोकगाथा | ग) लोककथा |
| घ) लोकनाट्य | ङ) गाउँखाने कथा | च) उखानटुक्का आदि : [८] |

यसरी लोकसाहित्यका विविध विधाहरू भएतापनि यहाँ केही खास विधाहरूको मात्र परिचय छोटकरीमा प्रस्तुत गरिएको छ ।

## २.३.१ लोकगीत

नेपाली लोकसाहित्यमा सबैभन्दा बढी फस्टाएको लोकगीत सशक्त एवम् समृद्धशाली विधाको रूपमा चिनिएको छ । यो गेयात्मक एवम् श्रुतिमधुर भएकोले बहुसंख्यक ग्रामीण अशिक्षित समाजमा यसको सिर्जना हुन्छ । त्यसैले लोकगीतमा नेपाली जनमानसको आफ्ना दुःख, सुख, पिर, व्यथा, वेदना, हर्ष, उल्लास, एवम् विरहका अभिव्यक्तिको आभास झल्किन्छ । साथै लोकजीवनमा दुःख, सुख, आँसु, हाँसो, आशा, निराशा, चालचलन, विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ यसमा लोक जनजीवनको सम्पूर्ण पक्षको चित्रण हुन्छ । [९]

## २.३.२ लोकगाथा

गीतिशैलीमा लेखिएको लोककथालाई लोकगाथाको नाम दिइएको छ । लोकगाथामा कथात्मक गीतिका साथै नृत्य पनि विद्यमान रहेको हुन्छ । वीरगाथा, देवगाथा आदिलाई लोकगाथाका

६. चूडामणि बन्धु पूर्ववत्, पृ.११३-३८४ ।

७. जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन,** (काठमाडौँः एकता प्रकाशन, २०५८) पृ. २३ ।

८. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४६ ।

९. चूडामणि बन्धु, पूर्ववत् पृ. ११५ ।

उदाहरणका रूपमा लिन सकिन्छ । लोकगाथाहरू कथातत्त्वका आधारमा लोककथाको नजिक पर्दछन् भने गेयात्मकताका दृष्टिले लोकगीतको नजिक पर्ने हुन्छ । यसमा तत्कालीन समाज र घटनाहरूको यथार्थ चित्रण पाइन्छ ।

## २.३.३ लोककथा

### २.३.३.१ लोककथाको परिचय

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । लोककथा अंग्रेजी फोकटेल (Flok Tale) को नेपाली रूपान्तरण हो । यसलाई लोकसाहित्यको सबैभन्दा लोकप्रिय विधा मानिन्छ । लोककथा बालकदेखि वृद्धसम्म सबैले एकनास रूपमा भन्न र सुन्न रुचाउने हुँदा यसको लोकप्रियता प्रमाणित हुन्छ । संसारका सबै भाषा, जात, जाति र क्षेत्रमा लोककथाको अस्तित्व रहेको छ । यो जुनसुकै समयमा पनि भन्न र सुन्न सकिने भएकोले दिनभरको थकाइ मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरूको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने तथा बसिबियाँलो गर्ने दृष्टिबाट यसको ठूलो उपयोगिता र महत्त्व रहेको छ ।

### २.३.३.२ लोककथाको परिभाषा

लोककथाको परिभाषा विभिन्न विद्वान्हरूले आफ्नै किसिमबाट दिने प्रयास गरेका छन् । यसलाई परिभाषित गर्ने प्रयास स्वरूप केही परिभाषाहरू यसप्रकार रहेका छन् :

द क्याम्ब्रिज इन्साइक्लोपेडियाका अनुसार परापूर्वकालदेखि ज्ञात रही संसारभर उपलब्ध रहेको र मौखिक रूपमा भनिने परम्परित कथाहरूलाई लोककथा भनिन्छ ।

अर्का विद्वान् एम.एच. अब्राम्सकाअनुसार रचनाकार अज्ञात रहेको मौखिक रूपमा सम्प्रेषित गद्यात्मक छोटो आख्यानलाई लोककथा भनिन्छ ।

द न्यू इन्साइक्लोपेडिया ब्रिटानिकाका अनुसार उत्पत्ति जहाँ भए पनि समय र स्थान दुवै दृष्टिले सार्वभौम मौखिक आख्यानात्मक कथालाई लोककथा भनिन्छ ।

यसरी माथिका परिभाषालाई दृष्टिगत गरी समग्रमा भन्नुपर्दा लोककथा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने अलिखित लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । कुनै कुनै विद्वान्हरूको भनाइ अनुसार केही लोककथा लिखित हुन सक्छन् भन्ने मान्यता पनि रहेको छ । लोककथा संक्षिप्त, सारगर्भित र परिवर्तनशील हुन्छन् । [१०]

---

१०. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौं, विद्यार्थी पुस्तक भण्डार २०५३:, वि.स.) पृ. ३७१-३७२ ।

### २.३.३.३. लोककथाका तत्त्वहरू

लोककथा निर्माणका आवश्यक सामग्रीलाई लोककथाका तत्त्वहरू भनिन्छ । यसको आवश्यक व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । कथामा आवश्यक अनिवार्य तत्त्वहरू यस प्रकार रहेका छन् :

**क) कथानक**

लोककथामा घटनाहरूको योजना तथा व्यवस्थापनलाई कथानक भनिन्छ । लोककथामा कथानकको महत्त्वपूर्ण स्थान हुन्छ । यसमा घटनाहरूलाई क्रमिक रूपमा वर्णन गरिएको हुन्छ । विषयगत रूपमा जीवनका सुख-दुःखका सन्दर्भहरू, वीरता र शूरताका सन्दर्भहरू, रहस्य-रोमाञ्च र अलौकिक सन्दर्भहरू प्रस्तुत गरिएका हुन्छन् । मूलतः यसमा कथानक छोटो, छरितो, प्रभावकारी हुनाका साथै रोचक र मार्मिक पनि हुन्छ ।

**ख) चरित्र**

लोककथामा भूमिका निर्वाह गर्ने सहभागी व्यक्ति नै पात्र वा चरित्र हो । पात्रहरूको सम्बन्ध कथानकका घटनाहरूसँग रहेको हुन्छ । पात्रको स्थान आफ्नै ठाउँमा विशिष्ट छ । यसका विभिन्न प्रकारका पात्रहरू हुन्छन् र तिनीहरूले निर्वाह गर्ने भूमिका, कार्य व्यापार र प्रस्तुत गर्ने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । चरित्रचित्रण जीवन्त र स्वाभाविक ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । यसमा पशु, वस्तु, जुनसुकै पात्रको प्रयोग भएपनि त्यसलाई मानवीकरण गरी चरित्रचित्रण गरिन्छ ।

**ग) परिवेश**

लोककथामा पात्रले गर्ने क्रियाकलाप, घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । ठाउँ र समयका साथै स्थानविशेष वा समयविशेषको रीतिथिति, आचरण, व्यवहार, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ आदि पनि परिवेश भित्रै आउँछन् । लोककथामा प्रायः स्थानीय परिवेशको विशेष महत्त्व रहेको हुन्छ । यसले कथानक र पात्रलाई आधार प्रदान गर्नुका साथै तिनलाई सक्रिय तुल्याउँछ ।

**घ) उद्देश्य**

लोककथाको प्रयोजनलाई उद्देश्य भनिन्छ । यो लोककथालाई सार्थक तुल्याउने एक अनिवार्य तत्त्व हो । मुख्यतः लोककथाहरू मनोरञ्जनका प्रयोजनले सिर्जिएका हुन्छन् । यसका साथै लोककथाबाट नीति, उपदेश, शिक्षा आदि प्राप्तिको उद्देश्य पनि पूरा हुन्छन् ।

### ङ) भाषा

साहित्यको साझा तत्त्व भाषा हो । भाषाविना कुनै पनि कुराको सम्प्रेषण हुँदैन । यस्तो भाषा क्षेत्रीय वा स्थानीय हुन्छ । लोककथामा प्रयुक्त भाषा सरल, सहज र बोधगम्य हुन्छ । मुख्यतः यसमा गद्यात्मक शैलीको प्रयोग हुन्छ । समय र स्थानअनुसार भाषामा परिवर्तन हुन्छ ।

### च) शैली

कथा प्रस्तुत गर्ने ढङ्गलाई शैली भनिन्छ । लोककथामा विषयवस्तु प्रस्तुत गर्ने शैली व्यक्तिअनुसार फरक हुन गए पनि मुख्यतः वर्णनात्मक शैली अँगालिन्छ । सरल र प्रवाहपूर्ण शैलीमा कथाको कथानक रोचक र कुतूहलपूर्ण ढङ्गले प्रयोग हुन्छ । घटनाहरूको आकस्मिक मोडका कारण नाटकीय शैलीको पर्याप्तता रहन्छ ।[११]

## २.३.३.४ लोककथाका विशेषताहरू

लोकसाहित्यको एक महत्त्वपूर्ण विधा लोककथा भएकोले यसका केही सामान्य विशेषताहरू निम्नअनुसार रहेका छन् :

### अ) उपदेशात्मकता

प्रत्यक्ष रूपमा उपदेश दिन अफठ्यारो हुन्छ । कथाको रूपमा उपदेश दिएमा मानसिकतामा दिगो रूपमा जीवन्त रहने भएकोले लोककथामा उपदेशात्मक प्रवृत्ति रहेको हुन्छ, साथै यसले नैतिकतालाई सुदृढ बनाउँछ ।

### आ) काल्पनिकता

लोककथामा काल्पनिकताको आधिक्य रहन्छ । पशुपक्षी, वनस्पति जस्ता वस्तुलाई पात्र बनाई काल्पनिक ढङ्गले रोचकता प्रदान गरी यथार्थतालाई प्रस्तुत गरिएको हुन्छ । कल्पनाका माध्यमद्वारा अलौकिक कुराहरू प्रस्तुत गरिएका हुन्छन् ।

### इ) सरसता र सुबोधता

लोककथाहरूमा सरल भाषाको प्रयोग गरिन्छ । त्यसैले बालबालिकाहरूले सजिलैसँग बुझ्न र कथाका घटनालाई छिट्टै टिप्न सक्छन् । यसमा भाषा सरल र मीठो हुने भएकोले कथा भन्ने र सुन्ने दुवैले आनन्द लिन सक्छन् ।

### ई) रोचकता

लोककथा प्रेमविषयक, हास्यव्यङ्ग्यात्मक, सुखात्मक तथा संयोगात्मक हुने भएकोले यसमा रोचकता आएको हुन्छ ।

**उ) विशेष आदि अन्त्य** प्रारम्भमा एकादेशमा ............ वा परापूर्वकालमा .......... वा उहिल्यै

---

११. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत्, पृ. ३७५-३७७ ।

धेरै धेरै पहिले आदि र अन्त्यमा सुन्नेलाई ............ प्रयोग हुन्छ ।[१२]

### २.३.३.५ लोककथाको वर्गीकरण

व्यापकता र विविधताका कारणले लोककथाको वर्गीकरण आफैमा कठिन कार्य हो । लोककथाका उद्‌गम स्थल नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीका विभिन्न ठाउँहरू नै हुन् । पूर्वीय र पाश्चात्य जगत्मा पाइने वर्गीकरणहरूको संक्षिप्त झलक तल दिइएको छ :

#### क) पूर्वीय वर्गीकरण

हरिभद्राचार्यका अनुसार लोककथाको, वर्गीकरण, धर्मकथा, अर्थकथा, कामकथा, सङ्कीर्ण कथा आदिका रूपमा गरिएको छ ।[१३]

#### ख) पाश्चात्य वर्गीकरण

मार्टिन ग्रेका अनुसार लोककथाको वर्गीकरण यस प्रकार रहेको छ :

अ. पौराणिक कथा आ. किंवदन्ती इ. पशुकथा

इ. परीकथा उ. दैत्य र भूतप्रेतका कथा ऊ. ठट्यौली [१४]

#### ग) नेपाली लोककथाको वर्गीकरणका आधार

**अ) शिल्पविधानका आधारमा लोककथाको वर्गीकरण यस प्रकार रहेको छ :**

क) घटनाप्रधान ख) चरित्रप्रधान ग) परिवेशप्रधान

**आ) भावका आधारमा लोककथाको वर्गीकरण**

क) प्रेमकथा ग) वीरकथा ग) भक्तिकथा

घ) हास्यकथा ङ) अदभुतकथा च) रोमाञ्चक कथा

**इ) विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण**

क) पौराणिक ख) सामाजिक ग) किंवदन्तीमूलक

घ) अति प्राकृतिक ङ) पशुपक्षी

**ई) आधुनिक वर्गीकरण र नेपाली लोककथाको वर्गीकरण**

क) पौराणिक ख) पशुपक्षी ग) सामान्य घ) यथार्थ[१५]

यसरी नेपाली लोककथालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिने भएपनि विषयवस्तुका आधारमा समग्र रूपमा लोककथाको खास प्रकारका बारेमा संक्षिप्त परिचय निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१२.कृष्णविलास पौड्याल, **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना**, (काठमाडौं: नवीन प्रकाशन, भोटाहिटी,२०६२),पृ.४९-५०।

१३. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३८१ ।

१४. ऐजन, पृ. ३८१-३८३ ।

१५. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३८५-३८६ ।

## १. पौराणिक लोककथा

पुराणहरूबाट लिइएका विषयवस्तुलाई काल्पनिकताको पुट दिँदैं कथाको स्वरूप प्रदान गरिएको कथा पौराणिक लोककथा हो । यस्ता लोककथाहरूमा देवीदेवता, धर्म, व्रत, सृष्टि, ब्रह्माण्ड, महापुरूष, प्रलय वा त्यस्ता घटना, प्राकृतिक नियम आदि पौराणिक विषयवस्तुलाई आधार बनाइएको हुन्छ । जस्तै : श्रवणकुमार, भक्त प्रह्लाद, नल दमयन्ती आदि ।

## २. किंवदन्तीमूलक लोककथा

प्राचीनता तथा पारम्परिकताका कारण इतिहास जस्तै किंवदन्तीमूलक कथाहरू हुन्छन् । यसमा पुराकथा, दन्त्यकथा, जनश्रुति आदि विषयलाई आधार बनाइएको हुन्छ । यस्ता लोककथाहरूमा स्थानीय वीर, पराक्रमी राजा, महापुरुष, सिद्धमहात्मा आदिको वर्णन गरिएको हुन्छ जस्तै राजामौना, गुरूमापा, बुढा सुब्बा आदि ।[१६]

## ३. पशुपक्षी सम्बन्धी लोककथा

पशुपक्षीलाई पात्र बनाई मानवीकरण गरी भनिने कथालाई पशुपक्षीका लोककथा भनिन्छ । यहाँ जल, थल, र नभका पशुपक्षीलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको हुन्छ । जस्तै : बुद्धिमान्, भँगेरो, जङ्गली रानी, स्यालको चलाखी आदि ।

## ४. सामाजिक कथा

सामाजबाट लिइएका पात्र र घटनामा आधारित कथालाई सामाजिक लोककथा भनिन्छ । यसमा समाजका भोगाइ र समस्याहरू प्रतिबिम्बित भएका हुन्छन् । यस्ता कथामा मानवीय स्वभावको विशेष चित्रण हुन्छ । जस्तै धूर्त नोकर, लट्टे दमाई, डाढे सानीमा आदि ।

## ५. अतिप्राकृतिक लोककथा

अलौकिक विषयलाई आधार बनाई तयार गरिएका कथाहरू अतिप्राकृतिक लोककथा हुन् । यसमा जादु, टुनामुना, बोक्सी, रहस्य, तिलस्मी, भूतप्रेत, राक्षस, दानव, पिचास, डङ्किनी, दुष्टात्मा, मृतात्मा र भयानक परिवेशका कथाहरू पर्दछन् । यस्ता कथाहरू मुख्यतः मानवेतर, विषयवस्तुमा आधारित हुन्छन् । जस्तै खीरपाक ताउली, सक्कली राजकुमार, सुनकेशरी मैया आदि ।[१७]

## २.३.४ लोकनाटक

लोकको मनोरञ्जनका लागि गेयात्मकता र अभिनेयात्मकताले पूर्व नाटकहरूलाई लोकनाटकको संज्ञा दिन सकिन्छ । यस्ता नाटकमा सानातिना नाचगान र सम्भावित, घटना, संवाद पनि पर्दछन् । चूडामणि बन्धुको मतअनुसार लोकनाटकमा पात्र, गीत, नृत्य र वाद्यवादन हुन्छन् ।[१८]

१६. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत, पृ. ३८५-३८७ ।

१७. चूडामणि बन्धु, पूर्ववत्, पृ.३२-३३ ।

१८. चूडामणि बन्धु, पूर्ववत्, पृ.२६२ ।

### २.३.५ उखान र टुक्का

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये उखान पनि एक हो । यो समाजमा प्राचीन कालदेखि प्रचलनमा रहँदै आएको छ । लोकसाहित्यको लोकोक्तिअन्तर्गत पर्ने उखानको अस्तित्व संसारका सबै जाति र भाषामा पाइन्छ । उखानलाई अंग्रेजीमा प्रोभर्ब (Proverb) भनिन्छ । नेपाली भाषा र अभिव्यक्तिमा टुक्काको पनि विशेष स्थान रहेको छ । भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी तुल्याउन यसको महत्त्वपूर्ण भूमिका रहेको छ ।[१९]

### २.३.६ गाउँखाने कथा

गाउँखाने कथा लोकसाहित्यको निकै लोकप्रिय विधा हो । यसको प्रचलन विभिन्न भाषामा भएको देखिन्छ । यसलाई हिन्दीमा "पहेली", अंगेजीमा रिडल (Riddle) र जर्मनमा "ऱ्याक्टसेल" (Ractsell) भनिन्छ । गाउँखाने कथाले मनोरञ्जन दिनुका साथै बसिबियाँलोका रूपमा बुद्धि तिखार्ने काम गर्दछ ।[२०]

## २.४ निष्कर्ष

लोकसाहित्यको क्षेत्र व्यापक छ । लोकसाहित्य लोक समाजमा मौखिक रूपमा हुर्कने, बढ्ने गर्दछ । एक मुखबाट अर्को मुख सर्दै जाने भएकोले गतिशीलता पाइनु यसको विशेषता हो । लोक साहित्यलाई साहित्यकारहरूले लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान-टुक्का गाउँखाने कथा गरी विभिन्न विधाहरूमा वर्गीकरण गरेका छन् । यी विधाहरूमध्ये लोककथा पनि लोकप्रिय विधा हो । लोककथा बालकदेखि वृद्धसम्म सबैले भन्न र सुन्ने मन पराउँछन् । कथाले मनोरञ्जन दिनुका साथै शिक्षा र उपदेशसमेत दिन्छ ।

---

१९. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत्, पृ. ५१८ ।

२०. कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा**, चौ.सं. (काठमाडौँ: रत्नपुस्तक भण्डार, २०४७) पृ. १७५ ।

# परिच्छेद : तीन

# चितवन जिल्लाका थारू जातिको परिचय

## ३.१ चितवन जिल्लाको परिचय

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत नारायणी अञ्चलमा पर्ने चितवन जिल्ला घनाजंगल तथा चितुवा, गैंडा आदि जस्ता वन्य जन्तुको पर्याप्तताले सुन्दर, आकर्षक ऐतिहासिक स्थल हो । चितवन जिल्लाको नामकरण सम्बन्धमा विभिन्न भनाइहरू रहेका पाइन्छन् । संस्कृत शब्द चित्रवन विकसित भएर चितवन हुन गएको, चारकोसे झाडी र घनाजङ्गलमा प्रशस्त चितुवा पाइने भएकोले चितुवावन भन्दा भन्दै चितवन भएको आदि जस्ता विभिन्न भनाइहरू रहेका छन् । जेजस्तो भए पनि चितवन हरिया वनपाखा, सनाठूला नन्दभाउजू ताल, बीसहजारी ताल जस्ता ताल तलैयाहरू, राष्ट्रिय निकुञ्ज, देवघाट जस्ता पवित्र स्थल आदि विविधताले समेटिएको मनोरम ऐतिहासिक स्थलको रूपमा परिचित छ ।[१]

### ३.१.१ चितवन जिल्लाको भौगोलिक अवस्थिति

नेपालको दक्षिणमा रहेको चितवन जिल्ला पचहत्तर जिल्लामध्ये एक प्रमुख जिल्ला हो । यसको उत्तरमा महाभारत पर्वत र दक्षिणमा शिवालिक पहाड (चुरेडाँडा) रहेको छ । चितवन जिल्ला ८३°५५ पूर्वदेखि ८४°४८ पूर्व देशान्तरसम्म र २७°२१ उत्तरदेखि २७°४६ उत्तर आक्षांशसम्म छ । चितवन जिल्लाको आकार समकोणिक त्रिभुजको जस्तो छ । यसको पूर्व पश्चिम लम्बाइ ९८ कि.मि र चौडाइ सबै ठाउँमा एकनास छैन । पूर्वतर्फ फराकिलो र पश्चिमतिर साँघुरिदै गएको छ । सबभन्दा बढी चौडाइ ४६ कि.मि र सबभन्दा कम चौडाइ १/२ कि.मि मात्र छ । सालाखाला चौडाइ २४.३/४ कि.मि जति छ । यसको क्षेत्रफल करिब २२१८ वर्ग कि.मि छ । यसको सदरमुकाम भरतपुर २०९ कि.मि.को उचाइमा रहेको छ । यो जिल्लाको उत्तरमा तनहुँ, गोरखा र धादिङ जिल्ला पर्दछन् भने दक्षिण र पश्चिमतर्फ भारतको बिहार प्रान्त, पूर्वमा मकवानपुर तथा पर्सा जिल्ला पर्दछन् र पश्चिममा नवलपरासी जिल्ला पर्दछ । चितवन जिल्लाको भौगोलिक बनावट अनुसार १/३ पहाड २/३ मैदान भएको अनुमान छ ।[२]

### ३.१.२ ऐतिहासिक पृष्ठभूमि

चितवन जिल्ला विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको सङ्गम थलोको रूपमा, चिनिन्छ

१. शिवराज गौतम, **"चितवन र चि.यु.स", दिव्यज्योति,** (वर्ष २, अंक-५, २०६५) पृ. २ ।

२. लालकृष्ण शर्मा, "**चितवन जिल्लाको भौगोलिक परिचय", विवेक**, (अंक, २, वर्ष ५, २०४६) पृ. १५ ।

तर यो भन्दा अगाडि प्राचीन कालमा मलेरिया तथा औलो रोगको घर मानिएको थियो । यहाँ पहाडका कोही पनि मानिसहरू आएर बसोबास गर्न सकेका थिएनन् । केही भागमा मात्र आदिवासी जातिको बस्ती बसेको थियो । महाभारत पर्वत शृङ्खला (पहाड)मा चेपाङ्ग र मैदानी भागमा थारू जातिले बसोबास गरेको पाइन्छ । यिनीहरू आफ्नो स्थानबाट नडगमगाई कहीँ कतै एक डेग पनि चलेनन् । औलो जस्तो खतरनाक रोगलाई पचाएर थारू जातिले चितवन जिल्लामा बसोबास गर्दै आएको पाइन्छ । चितवनलाई केही समय पहिले रापती भनिन्थ्यो । प्राचीनकालमा चितवन जस्तो दुई पर्वत शृङ्खलाको बीचमा डुँड जस्तो भएर रहेको भू-भागलाई द्रोणी भनिन्थ्यो । यही द्रोणीबाट विकसित भएर दनुवार भएको उल्लेख पाइन्छ । यस भनाइले द्रोणी वा दुनमा पहिले देखिँनै मानवको बसोबास रहेछ भन्ने जनाउँछ ।[३]

### ३.१.३ चितवन जिल्लामा बसोबास गर्नेहरूको जाति, भाषा, धर्म र संस्कृति

चितवन जिल्ला बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएका मानिसहरूको बसोबास गर्ने स्थल भएकोले जातअनुसारका भाषा, धर्म र संस्कृतिहरू छन् । तीमध्ये आदिवासी जनजातिको रूपमा चिनिँदै आएको थारूजातिको भाषा थारूभाषा हो । थारू समुदायको बसोबास समथर भूमिमा रहेको छ भने उच्च महाभारत पहाडमा चेपाङ्ग जातिको बसोबास छ । यस जिल्लामा खेतीपाती, पशुपालन, व्यापार गर्ने र आवतजावत गर्न सुविधाजनक भएको कारणले गर्दा अन्य जिल्लाहरूबाट अत्यधिक रूपमा विभिन्न जातजातिका मानिसहरू बसाइँसराइ गरी बसोबास गर्न आएकाले यस जिल्लाको जनघनत्व तीव्र गतिले बढिरहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, दमै, कामी, सार्की, बोटे, दरै, श्रेष्ठ, दनुवार, वि.क. प्रायः सबै जातजातिका मानिसहरू बसोबास गर्ने स्थल बन्न गएको छ । प्रायः चितवनका सबै बासिन्दा हिन्दू धर्म नै मान्दछन् । चितवन जिल्ला सांस्कृतिक क्षेत्रमा पनि त्यत्तिकै सम्पन्नशाली छ । विशेष गरेर लोकसाहित्यतर्फ हेर्नुपर्दा नेपाली, थारू र चेपाङको लोकसाहित्य बढी समृद्ध रहेको पाइन्छ ।[४]

## ३.२ थारूजातिको परिचय

### ३.२.१ प्रस्तावना

नेपाल विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिका मानिसहरूले बसोबास गर्दै आएको देश हो । तीमध्ये थारू जाति पनि एक हो । यो जाति आदिवासी जनजातिको रूपमा चिनिँदै आएको पाइन्छ । नेपाल अधिराज्यको तराई तथा भित्री मधेसका समथल फाँटहरूमा प्राचीनकालदेखि थारू

---

३. डी.आर. पोखरेल, **"चितवनको ऐतिहासिक रूपरेखा", दिव्यज्योति**, (वर्ष-५, अंक ५, २०६५) पृ. ५ ।

४. देवीप्रसाद कंडेल, **चितवनको इतिहास**, प्रथम भाग गौरीगञ्ज, (चितवन, २०६५) पृ. १-३ ।

५. **राष्ट्रिय जनगणना,** राष्ट्रिय तथ्याङ्क विभाग (भरतपुरः २०५८) ।

जाति बसोबास गर्दै आएको छ । नेपालको तराई क्षेत्रका चितवन, कैलाली, बर्दिया, बाँके, नवलपरासी र सुनसरी लगायतका विभिन्न जिल्लाहरूमा थारूजातिको बसोबास रहेको छ । थारू जाति स्वभावैले सोझो, लगनशील र मेहनती जात हो । यिनीहरूको आफ्नै मौलिक संस्कृति, भाषा र लोकसाहित्य रहेको पाइन्छ ।[६]

## ३.२.२ थारू शब्दको व्युत्पत्ति र अर्थ

नेपाल एक बहुजातीय देश भएकोले यहाँ आ-आफ्नै छुट्टै विशेषता बोकेका कैयौँ जातजातिहरू छन् । तीमध्ये "थारू" जाति पनि एक हो । यसको आफ्नै विशेषता एवम् पहिचान छ यस जातिको इतिहास पुरानो रहेको पाइन्छ ।

आदिकालदेखि थारू जातिको बसोबास गंगा जमुनाको सतह, मथुरा, आगरा, काशी, गोरखपुरका साथै नेपालको कपिलवस्तुमा भएको पाइन्छ । थारू भारतको पुरानो राजपुत जातिका हुन् । यिनीहरूले भारतवर्षमा अनेकन राज्यहरू कब्जा गर्ने र शासन गर्ने गरेको पनि पाइन्छ । खास गरेर राठौर, सिंह, राणा, महतो जस्ता विभिन्न जातिका विशेष व्यक्तित्वहरूले मिली यो जातिको नामाङ्कन गरे साथै आफ्नो कर्म, व्यवहार, वीरता, परिस्थिति आदिबाट थारू जातिको नामकरण भएको हो ।[७]

गणेशप्रसाद खरालले उल्लेख गरेअनुसार थारूहरू ग्रियर्सनका विचारमा द्रबिड मङ्गोलमिश्रित, क्रुकका विचारमा द्रविडियन, श्रीवास्तवका मतमा मङ्गोलियन र एडवर्ड थोमसका भनाइमा शाक्यवंशीय जाति हुन् ।[८]

## ३.२.३ बसोबास क्षेत्र र जनसंख्या

नेपालको पूर्व झापादेखि सुदूर पश्चिमको कैलाली र कञ्चनपुरसम्मका तराई र भित्री मधेसमा थारूजातिको बसोबास क्षेत्र रहेको छ । वि.सं. २०५८ सालको जनगणनाअनुसार नेपालको

कुल जनसंख्या २२,७३,६३४ मध्ये, १५,३३,८७९ अर्थात् प्रतिशतमा भन्नुपर्दा ६.७५ प्रतिशत थारूहरू नेपालमा बसोबास गर्छन् । नेपालको पचहत्तर जिल्लाअन्तर्गत पर्ने चितवन जिल्ला पनि थारूहरूको बसोबास क्षेत्र हो ।[९]

चितवन जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने थारूजातिको जनसंख्या २०५८ को जनगणनाअनुसार निम्नानुसार रहेको छः

६. नीलकुमार चौधरी, **चितौने थारूको परिचय**, (काठमाडौँः हेल्प नेपाल एशोसियसन, नेपाल), पृ. १४ ।

७. खिलनाथ लेखी, **"थारूजातिको वंश र थाक", थारूसंस्कृति**, (अंक-१९, वि.सं. २०६२, पृ. १९ ।

८. गणेशप्रसाद खराल, **"चितवनका थारू जातिको जनजीवन र संस्कृति"** विवेक (वर्ष ५, अंक २, २०४६) पृ. १०८ ।

९. **सि.वि.एस. स्टाटिकल पकेट बुक नेपाल** (२००६) पृ. ३५ ।

| क.स. | नगरपालिका/गा.वि.स. | जनसंख्या |
|---|---|---|
| १ | रत्ननगर न.पा. | ६,७०४ |
| २. | भरतपुर न.पा. | १,६१६ |
| ३. | खैरहनी | ७,९५२ |
| ४. | बछौली | ५,०१६ |
| ५. | कुमरोज | २,६४२ |
| ६. | भण्डारा | ३,१९५ |
| ७. | वीरेन्द्रनगर | ३७८ |
| ८. | चैनपुर | ९७४ |
| ९. | जुटपानी | १७७ |
| १० | कठार | ३,०७९ |
| ११. | दारेचोक | ५४ |
| १२. | कविलास | १५ |
| १३. | कोराक | ८ |
| १४. | पिप्ले | ११ |
| १५. | पिठुवा | १५ |
| १६ | अयोध्यापुरी | २२६ |
| १७. | बघौडा | ४,८५८ |
| १८. | गर्दी | ५,०४८ |
| १९. | गुञ्जानगर | ७७३ |
| २० | दिव्यनगर | २,०१९ |
| २१. | गीतानगर | ६१८ |
| २२. | जगतपुर | १९८ |
| २३. | शारदानगर | ९७८ |
| २४. | शुक्रनगर | २,६६६ |
| २५. | पटिहानी | २,१४२ |
| २६. | मेघौली | ३,९२० |
| २७ | मंगलपुर | ९९ |
| २८. | पार्वतीपुर | १६ |

| | | |
|---|---|---|
| २९. | कल्याणपुर | ५७२ |
| ३०. | पदमपुर | ५,१२६ |
| ३१. | शिवनगर | १७ |
| | जम्मा | ६०,११२ [१०] |

माथि दिइएको विवरणअनुसार सर्वाधिक रूपमा खैरहनी गा.वि.स.मा ७,९५२ र सबै भन्दा कम कोराकमा ८ जना थारू जातिको बसोबास रहेको छ ।

## ३.२.४ थारू भाषाको परिचय र भाषाभाषीको विवरण

नेपालमा बोलिने चार भाषा परिवारका भाषामध्ये भारोपेली भाषा परिवारअन्तर्गत पर्ने थारू भाषा पनि एक प्रमुख भाषा हो । यो देवनागरी लिपिमा लेखिन्छ । नेपाली, भोजपुरी, मैथिलीपछि थारू भाषाका वक्ताहरू नेपाल अधिराज्यमा सर्वाधिक रहेका छन् । चितवनमा नेपाली भाषापछि बोलिने दोस्रो प्रमुख भाषा थारू हो र यसका वक्ता १२ प्रतिशत छन् । थारू भाषाका अनेक भेद उपभेद छन्  तीमध्ये चितौनिया थारू पनि एक हो । चितवनको थारू भाषिका केन्द्रीय थारू भाषिका समूहमा  पर्दछ ।

गणेशप्रसाद खरालका अनुसार चितवन थारू भाषामा आफ्नै छुट्टै विशेषता भए पनि यो बढी विहार भारतको चम्पारण जिल्लामा बोलिने भोजपुरीसँग मिल्दछ । ग्रियर्सनले थारूलाई भोजपुरीकै एक भाषिका मानेका छन् । राहुल सांस्कृत्यायनले विहार, भारतको गया क्षेत्रमा बोलिने मगही भाषासँग थारूको सामीप्य देखाएका छन् । थारूमा नेपाली भाषाको प्रभाव प्रशस्त छ । केही थारू शब्दावलीहरू पनि नेपाली शब्दभण्डारमा प्रविष्ट भएका छन् । हेंगा, हरूवा, चरूवा, गुरौं, घोघी, आदि नेपालीमा प्रविष्ट थारू शब्द हुन् । चितवनका सबैजसो क्षेत्रमा एकै प्रकारको थारू बोली बोलिन्छ । नवलपुरिया र चितवन थारूमा भने आंशिक अन्तर पाइन्छ ।[११]

## ३.२.४ चितवनको थारू लोकसाहित्य

चितवन जिल्लामा ब्राह्मण, क्षेत्री, दमै, कामी, सार्की, दरै, बोटे चेपाङ, थारू जातिको बसोबास रहेको छ । थारू जाति चितवन जिल्लाको आदिवासी जनजातिको रूपमा चिनिएको छ । यस जिल्लामा बसोबास गर्ने थारू जातिको आफ्नै लोकसाहित्य रहेको छ तर थारू लोकसाहित्यको थारू समुदायमा आफ्नै खासै लिखित इतिहास भेटिँदैन । नेपाली भाषाको लोकसाहित्य भए जस्तै चितवनमा पनि थारू लोकसाहित्य छ । चितवनको थारू लोकसाहित्यमा लोककथा, लोकगीत, गाहा, (गीत प्रश्नोत्तर) बुझ्फोली (बुझ्फेर अर्थ बताउने), गाउँखाने कथा (पेहनी), बालगीत आदि लोक विधाहरू रहेका छन् ।  थारू लोकसाहित्यमा थारू जातिको भाषा, धर्म, संस्कृति, परम्परा, कला,

१०. **राष्ट्रिय जनगणना**, राष्ट्रिय तथ्याङ्क, विभाग (२०५८, भरतपुर) ।

११. गणेशप्रसाद खराल, पूर्ववत्, **विवेक** (वर्ष ५, अंक २, २०४६,) पृ. १०९ ।

भेसभुसा, रहन-सहन, खानपिन, रीतिस्थिति, अन्धविश्वास आदिको प्रतिबिम्बन रहेका छन् । ज्यादै सरल स्वभाव, इमान्दार तथा मेहनतीपन जस्ता पहिचान भएका थारू जाति विशेष गरेर कृषिलाई कर्मक्षेत्र बनाई लोकसाहित्यका विविध विधाहरू मौखिक रूपमा भन्ने, सुन्ने र मनोरञ्जन लिने गर्दछन् यसका साथै चाडबाडको बेलामा र फुर्सदको समयमा सजिलैसँग समय बिताउनसमेत लोककथा भन्ने गर्दछन् । थारू जाति लोकसाहित्यमा मात्र नभई सांस्कृतिक पक्षमा समेत सम्पन्न छन् तर अहिले थारू भाषा, साहित्य, संस्कृति संक्रमणकालीन अवस्थामा गुज्रिरहेको छ । यसबाट थारू समाजलाई मात्र नभई सिङ्गो नेपाललाई समेत क्षति पुगिरहेको छ । यसको आवश्यक संरक्षण सम्बर्द्धन गर्न जरूरी छ । यही आवश्यकतालाई महसुस गरी आजभोलि लोकसाहित्य विकासका लागि चितवनमा विभिन्न पत्रपत्रिकाहरूमा विविध विधाहरूका रचना प्रकाशित हुन थालेका छन् ।

## ३.३ निष्कर्ष

चितवन जिल्ला विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति अँगालेका मानिसहरूको संगम थलोको रूपमा चिनिएको छ । यहाँ बसोबास गर्नेहरूमध्ये कृषिलाई कर्मक्षेत्र बनाउने थारू जाति आदिवासीको रूपमा चिनिएको छ । चितवनका कुल गा.वि.स. मध्ये ३१ वटा गा.वि.स.मा थारूहरूको बसोबास रहेको छ । नेपालीभाषा पछिको मुख्य भाषा थारू भाषा भएको हुनाले यहाँका थारू जाति आफ्नो संस्कृति र लोकसाहित्यमा समृद्ध छन् । आफ्नो भाषा, साहित्य र संस्कृतिको संरक्षण एवं सम्बर्द्धनको लागि यो जाति विभिन्न संघ-संस्था खोल्नुका साथै विभिन्न पत्र-पत्रिकाहरु प्रकाशित गर्न थालेको छ । यसबाट थारू लोकसाहित्यको जगेर्ना हुन सक्ने देखिन्छ ।

# परिच्छेद : चार

## चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण

### ४.१ चितवनमा प्रचलित थारू लोककथाको परिचय

नेपाललाई चौध अञ्चल पचहत्तर जिल्लामा विभाजन गरिएको छ, तीमध्ये चितवन जिल्ला पनि एक हो । यस जिल्लामा बसोबास गर्ने विभिन्न जातजातिमध्ये आदिकालदेखि नै थारू जाति आदिवासीको रूपमा बसोबास गर्दै आएको छ । थारू जाति संस्कृतिमा मात्र होइन सहित्यमा पनि धनी छ । थारू जातिको मौलिक लोकसाहित्यअर्न्तगत लोकगीत, लोककथा, गाहा, बुझ्ोली, पेहनी, बालकविता आदि पर्दछन् तर ती सबै मौखिक रूपमा मात्र जीवित रहेका छन् । यसको कुनै खास लिखित रूप छैन । पुराना मान्छेहरूको लोपसँगै यी लोकसाहित्यको पनि लोप हुन थालेको छ । थारू लोकसाहित्यलाई संरक्षण सम्बर्द्धन गर्न जिम्मेवार व्यक्तिको खाँचो छ । चितवन जिल्लामा प्रचलित थारू लोकसाहित्यका विविध विधामध्ये लोककथा पनि एक हो । चितवनका थारू समुदायमा एक मुखबाट अर्को मुख सर्दै, सुनिँदै र भनिँदै आएका कथा नै थारू लोककथा हुन् । विशेष गरेर साना-साना केटाकेटीहरूलाई मनोरञ्जन र शिक्षा प्रदान गर्ने उद्देश्यले कथाहरू भनिने गरिएको हो । कहिलेकाहीँ समय सजिलैसँग बिताउन खेतमा काम गरेको बेलामा पनि थारू लोककथाहरू भन्ने गरेको पाइन्छ । चितवनमा थारू समुदायको बसोबास भएबाट नै थारू लोककथा भन्ने गरेको जानकारी हुन आएको छ । थारू लोककथाको हालसम्म खासै कुनै लिखित इतिहास भेट्टाउन सकिएको छैन ।

### ४.२ चितवनमा प्रचलित थारू लोककथाका विशेषता

लोककथा लोकसाहित्यको प्रमुख विधाअन्तर्गत पर्ने एक महत्त्वपूर्ण एवं प्रिय विधा हो । मानव सभ्यताको इतिहाससँगै यसको जन्म मौखिक रूपमा भई व्यक्तिको आत्माभिव्यक्तिको सशक्त माध्यम बन्दै आएको छ । मानव संस्कृति झल्किने लोककथाका आफ्नै पाराका अनेक विशेषताहरू छन् । नेपाल विविधताले भरिएको देश हो र यहाँ बसोबास गर्दै आएका विभिन्न जातिहरूमध्ये थारू जाति पनि एक हो । यिनीहरू संस्कृतिमा मात्र होइन, साहित्यमा पनि धनी छन् । थारू लोकसाहित्यका विविध विधाहरूमध्ये थारू लोककथा पनि एक हो । थारू समाजमा आदिकालदेखि नै मौखिक रूपमा भनिँदै एवं ग्रहण गरिँदै आएको लोककथालाई थारू लोककथा भनिन्छ ।

लोक भन्नाले कुनै स्थानलाई बुझाउँदछ । स्थान, गाउँ वा सहर जे भएपनि त्यहाँ मानिसहरू बस्ने गर्दछन् । थारू जातिको बसोबास आदिकालदेखि नै तराईका उर्वरभूमि हुने भएकाले सहर, जगत, संसार भन्दा ग्रामीण क्षेत्रमा नै उनीहरूको बस्ती घना रहेको पाइन्छ । त्यसैले थारू लोककथाको पहिचान र विशेषतालाई पहिल्याउन सहरभन्दा ग्रामीण ठाउँ नै उपयुक्त हुन्छ । थारूहरूको बसोबास सहरी क्षेत्रमा भए पनि आधुनिकताको प्रभावले गाउँमा जस्तो शुद्धता सहरमा भेटिँदैन । बालबालिकालाई उपदेश स्वरूप मनोरञ्जन प्रदान गर्न, पाखापखेरा, खेतमा कामगरिरहेको अवस्थामा समय सजिलै बिताउन कथाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बालकदेखि वृद्धसम्म धनी-गरिब जोसुकैले पनि सहज रूपमा सुन्न र ग्रहण गर्न सक्छन् । समाजको इतिहास, परम्परा, भाषा, संस्कृति बोकेको हुनाले लोककथालाई समाजको सम्पत्ति मानिन्छ । थारू लोककथाले परम्परागत शैली, विपत्ति, प्रेम, विवाह, धैर्य, साहस, उत्साह जस्ता कुराहरू व्यक्त गर्दछ । यसमा श्रोता र वक्ताको बराबर आवश्यकता पर्दछ । थारू लोककथा सरल र सहज हुन्छ । थारू लोककथाका आफ्नै विशेषताहरू छन् । ती यसप्रकार रहेका छन् :

**क) उपदेशात्मकता**

मानिसको नैतिकतालाई सुदृढ बनाउने काम लोककथाले गर्छ । कसैलाई सोझै उपदेश दिन त्यति सहज नहुने भएकोले कथाको माध्यमबाट दिइने उपदेश मानसिकतामा दिगो रूपमा जीवन्त रहन्छ, त्यसैले चितौनिया थारू लोककथामा उपदेशात्मक प्रवृत्ति पाइन्छ ।

**ख) काल्पनिकता**

कल्पनाको उपज नै लोककथा हो । कल्पनामा रचिएको भए पनि त्यहाँ यथार्थता हुन्छ । कल्पनाका माध्यमबाट अलौकिक कुराहरू पनि लोककथामा प्रस्तुत भएका हुन्छन् । कल्पनाद्वारा पात्रलाई विमान बनाएर लोकमा उडाइएको हुन्छ । त्यसैले चितौनिया थारू लोककथामा काल्पनिकता पाइन्छ ।

**ग) सामूहिकता**

लोककथा एकजनाको मात्र नभई सबैको हो । यसमा मेरो नभई हाम्रोपनको भावना प्रबल रहेको हुन्छ । त्यसैले चितौनिया थारू लोककथाको विशेषतामध्ये सामूहिकता पनि एक हो ।

**घ) मनोरञ्जनात्मकता**

थारू जाति प्रायः कृषि पेसामा निर्भर हुने भएकोले थाकेको समयमा हर्षोल्लासको वातावरण सिर्जना गर्न थारू लोककथाहरू भनेर मनोरञ्जन लिने गर्छन् । त्यतिमात्र नभएर बालबालिकाहरू पनि कथा सुन्न पाउँदा खुसी हुन्छन् ।

### ङ) रोचकता

चितौनिया थारू लोककथामा रोचकता हुन्छ । किनभने वीरता-शूरता दुःख-सुख, प्रेम-घृणा, रहस्य-रोमाञ्च र अलौकिक आदि सन्दर्भहरू प्रस्तुत गरिएका हुन्छन् । धेरैजसो कथाहरू संयोगान्त नै हुन्छन् । यसको समाप्ति रोचक र हृदयस्पर्शी हुन्छ । हास्यव्यङ्ग्यको माध्यमले पनि रोचक बनेको हुन्छ । यसरी कलात्मक प्रस्तुतिको प्रयोगले चितौनिया थारू लोककथामा रोचकता आएको हुन्छ ।

### च) सरलता एवम् सहजता

थारू लोककथा सरल, सहज एवम् सरस हुन्छ । यसमा ज्यादै सरल भाषाको प्रयोग हुने भएकोले सानो बच्चाले पनि सहजै कसैले भनेका घटनात्मक कथालाई आफ्नो मस्तिष्कमा राख्न सक्छ र राखेको पनि हुन्छ । यसको भाषा मीठो र सरल हुने भएकोले सुन्ने सुनाउने सबैलाई आनन्द दिन्छ ।

### छ) मौखिक परम्परा

लोककथा लोकसाहित्यको एक विधा हो । प्रायः लोकसाहित्य मौखिक रूपमा नै हुर्केको हुन्छ त्यसैले चितौनिया थारू लोककथा पनि परापूर्व कालदेखि नै एक मुखबाट अर्को मुख, एक ठाउँबाट अर्को ठाउँ हुँदै सर्दै मौखिक रूपमा नै जीवित छ । यो मौखिक रूपमा परम्परा चल्दै आइरहेको छ ।

### ज) परिवर्तनशीलता

लोककथा एक मुखबाट अर्को मुख हुँदै सर्दै जाने भएकोले यस्तै क्रममा कथाका प्रसङ्ग घटबढ हुन गई कथामा परिवर्तन देखा पर्न जान्छ । थारू लोककथामा परिवर्तनशीलता छ ।

## ४.३ चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण

लोकसाहित्यका विभिन्न विधाहरू छन् । ती विधालाई आफ्नै किसिमबाट वर्गीकरण गर्न सकिन्छ । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा पनि एक हो । लोककथालाई पनि विभिन्न दृष्टिकोणबाट वर्गीकरण गरिएका छन् । थारू लोककथा पनि एक महत्त्वपूर्ण विधा हो । यस सम्बन्धमा हालसम्म कसैले कहीँ पनि विशेष रूपमा अध्ययन अनुसन्धान गरेको पाइँदैन, कतै-कतै केही कथाहरू प्रकाशित गरिएको पाइन्छ तर व्याख्या विश्लेषण गरेको पाइँदैन । नेपाली लोककथाका सम्बन्धमा विभिन्न विद्वान्हरूले गरेको वर्गीकरणलाई आधार मानेर थारू लोककथालाई समग्र रूपमा निम्नअनुसार वर्गीकरण गर्ने प्रयास गरिएको छ :

### क) सांस्कृतिक एवं ऐतिहासिक लोककथा

साहस, वीरता, बहादुरीका साथ विजय प्राप्त गर्ने र संस्कृति झल्किने विषयवस्तुलाई समेटिएका कथाहरू नै सांस्कृतिक एवं ऐतिहासिक लोककथा हुन् । यस प्रकृतिका थारू लोककथाहरू चितवन, मोदक काथा, गोगी हँसे प्रतिप राजाक काथा आदि हुन् ।

### ख) उपदेशात्मक र नीतिसम्बन्धी लोककथा

लोककथाको मूल उद्देश्य मनोरञ्जन दिनुको साथै गौण रूपमा अर्ती उपदेश दिनु रहेको देखिन्छ । यस किसिमका कथाका अन्त्यमा सत्य, न्याय, धर्म, उत्साह, सन्तोष आदि जस्ता गुणको विकास गर्न प्रेरित गर्दछ । असल काम गर्नेको विजय र खराब काम गर्नेको पराजय देखाउँदै पुरस्कार र दण्डका माध्यमबाट उपदेश र नीतिसम्बन्धी शिक्षा दिने उद्देश्यले यस्ता कथाहरू रचना गरिएका हुन्छन् । थारू लोककथामा पनि यस्ता प्रवृत्तिहरू पाइन्छन् । गोही रानीक काथा, गेवँरा गेउँरीयाक काथा, बानरक काथा, बिलहुलियाक काथा उपदेशात्मक र नीतिसमबन्धी लोककथाअन्तर्गत पर्छन् ।

### ग) मनोरञ्जनात्मक लोककथा

लोककथा विशेष गरी मनोरञ्जनका लागि भनिने गरिन्छ । दिल बहलाउने, काम गरिरहेको अवस्थामा मनोरञ्जनपूर्ण वातावरणमा सजिलै समय बिताउने, कौतुहलपूर्ण कथाहरूका साथै अति सरल बालविनोदमय कथा नै मनोरञ्जनका कथा हुन् । यस्ता प्रकृतिका थारू लोककथाहरू खुथुनी चरैयाक काथा, गेउँरी हसे कौघाका काथा, फेचुहा राजाक काथा आदि हुन् ।

### घ) सामाजिक लोककथा

समाजमा रहेका यथार्थ घटनाका विषयवस्तुलाई समेटिएका कथाहरू सामाजिक कथा अन्तर्गत पर्दछन् । थारू समाजमा पनि यस किसिमका कथाहरू छन् । ती हुन् -बिलहुलियाक काथा, एकतोला रानीक काथा, गोह्रमिक काथा, गोही रानीक काथा आदि ।

### ङ) पशुपक्षी र वनस्पतिसम्बन्धी लोककथा

पशुपक्षी र वनस्तपतिलाई पात्रको रूपमा प्रस्तुत गरी मान्छेका व्यवहारहरू देखाइएका कथा पशुपक्षी र वनस्पतिसम्बन्धी कथा हुन् । यस किसिमका कथाबाट प्रतीकात्मक रूपमा मानवलाई अर्ती उपदेश दिइएको हुन्छ । गिदार मित नमहा मितक काथा, गोह्रमिक काथा, भेडाक काथा आदि पशुपक्षी र वनस्पतिसम्बन्धी थारू लोककथा हुन् ।

### च) अतिरञ्जनात्मक लोककथा

कल्पनाभन्दा पनि माथि पत्याउनै नसकिने खालका विषयवस्तु उल्लेख गरिएका कथाहरू अतिरञ्जनात्मक कथा हुन् । यस किसिमका कथाहरूमा कुनै शक्तिद्वारा विभिन्न ठाउँमा तत्काल पुग्न सक्ने, विभिन्न वस्तुलाई आफ्नो इच्छा अनुसार परिर्वतन गर्न सकिने जस्ता विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । यस किसिमका प्रवृत्ति पाइने थारू कथा फूलजोखल रानीक काथा, सुनपाउँ रानीक काथा आदि हुन् ।

### छ) पौराणिक एवं धार्मिक कथा

पुराणबाट लिइएका एवं धर्म सम्बन्धी विषयवस्तु भएका कथाहरू पौराणिक एवं धार्मिक कथा हुन् । यस शोधपत्रमा पौराणिक एवं धार्मिक कथा उल्लेख नगरिए पनि थारू समाजमा यस किसिमका थारू लोककथाहरू पनि प्रचलित छन् । जितवाहनक काथा, रामायण र महाभारतका विषयवस्तुमा आधारित लोककथा पौराणिक एवं धार्मिक हुन् ।

## ४.४ थारू लोककथाको सङ्कलन र नेपाली अनुवाद

यहाँ जम्मा सोह्रवटा लोककथाहरूको सङ्कलन गरिएको छ । ती सबै लोककथाहरू थारूभाषामै सङ्कलन गरिएका छन् भने अझ बढी स्पष्टताका लागि तिनको नेपाली अनुवाद पनि गरिएको छ । साथै प्रत्येक कथाको अन्तमा कथाबाट प्राप्त हुने सन्देश पनि प्रस्तुत गरिएको छ ।

### ४.४.१ चितवन

एक सहरमा चार यार भाइ रहली । चार यार भाइ बुद्धि सिखे गेली हर्दीपुर राज, नर्कटीयापुर राज । वहवा जाइकीमाहाँ चार जना मध्ये जेठकी भयवा चित्रक छाला उडावके सिखली, मझली भयवा गुणपाल गुन सिखली, साँझिली भयवा जसपाल जस सिखली, छुटकी भयवा बुधसेन पढके वुधि सिखली :

गुन सिखे गैली हो हर्दीपुर राजी
याखी नाही नीन पेट नाही भुख
गुनवा सिखत हो राम
लेउ भइया रामक नाऊ :

चार यार भाइ यापन यापन बुधि सिखके घर यावे लगली । घर यवइ-यवइकी नीजकुज वनमा रात परली । त चारू यार भाइ वहवा बैठके एक आपसमा पुछे लगली - “कल्की से रे

बडकी दादा कथि सिखलही त तुइ ?” उअ कहली - “मुइ चित्रक छाला उडावके सिखलसु रे भाइ, चल उडाइ देवसु ।”

वसने दोसरी भयवा कहली मुइ जस जनले बणसु, तिसरी भयवा कहली मुइ गुन लगावे जनले वणसु, छुट्की भयवा कहली मोरके पढके कुनहु नाही जिततऊ । यितुरा बातचित करके चारू जन कहली अरे दादाभाइ यखनी हमरा सबजन मिलके भात निझके खाउँ हसे बेहना घर जेबहुँ । त चारू यारभाइ भात तिउना निझबाढके खैली हसे खाँ पिके चारू जन पलहा पलही जगले रहली । कहे लगली -

पहली पहर रे राति जागु रे चित्रसेन
एको नाही चिहुटीक रे चाल
दोसरी पहर जब रातिया हे जागु रे जसपाल
रामेराम हो एको नाही चिहुटीक रे चाल
तिसरी पहर रे राति जागु गुन रे पाल
एकोनाही चिहुटीयाक रे चाल
चौथी पहर हो राति जागु बुधि रे सेन
रामेराम हो चारू रे यारभाइ

त जब छुटकी भयवाक जागके पलहा यैली तखनही वनवासे भेडानन्द हाथी यावे लगली । छुटकी भयवा बुधसेन कहे लगली मोर पलहावामा कतउ भेडानन्द हाथी यवई ? बुधसेन चलोली बाण हसे उहे बाणवाके नापते नपते बुधसेन भेडानन्द हाथीक लधिना पुगली हसे हथिया मरल कहके उपर चढके खेलाए लगली, खेलैते खेलैते निनैली । बेहान भेली चार जनामा तीन जन मतुरे एक जन हैनो देखली । कहवा गेलीय कहके यते ओते खोजे लगली, हैनो पौली बुधसेन कहवा गेलीय कहवा नाही थाहो हैनो पौली, कहे लगली -

जहाँ-जहाँ चिल्ही रे कौवा-गिध मेडराई
तहाँ-तहाँ चिल्ही रे कौवा खोजी रे जाई

खोजइ-खोजइकी हदियैली । बुधसेनके छाडके तीन जना भात निझे गेली, निझबाढके खाए गेली । तीन गो पाता पारई चार गो पाता हखई, तीन माना निझई चारमाना हखई हसे तीन भाइ सोचे लगली कि हमार यारभाइ हैनो मरल बडिहे कहके । तीन यार भाइ यापन बखरा खाना खा-पिके बिछडली यारक लागि भातक पोका पानीक बखरा पकडीयाक गाछवामा बान्हके जिम्मा लगाके गेली । यघरी रहके बुधसेन यैली तीन यार भाइके हैनो देखके काने लगली तखनही पकडीया सभ कहदेली-“झिन कान झिन रोउ पोका भरी भात बडउ, तुमा भरी पानी बडउ, खा पिके यिहे

पैडावामाहे जाही यिहे धेने गेल बडउ ।" बुधसेन पोकाभरीक भात तुमाभरीक पानी कनते खैते करली खा पिके पकडीयाक देखोली पैडावा धरले जाए लगली । जाइकीमाहा कुछ दुर पुगके समझली पकडीयाके आशिष देवके बिसरोले कहके । हसे लगली आशिष देवे -

जउ जुग रे जव पाकडी लौटी घर रे आइ
जरिया रे गुहाइवो तोरे बनइवो रे सोन
जउ जुग जियबेरे पाकडी पतवा गुहाइ री
देवसु तोर मोती
जउ जुग जियबेरे पाकडी डारवा गुहाइ री
देवसु तोर हिरा

इतुरा कहके बुधसेन जाए लगली जाइ-जाइकी डौली पैडावामा काँट बिछाइदेली । वनरभुलाही पैडावामा हैनो डौल हली । डौली पैडावामाहे गेले रक्सीनिक राज हली उहियासे तीन यार भाइ काँट विछाइदेले हसइ, यिय बतवा बुधसेन हैनो बुझली हसे कहे लगली-"हेरही ता मोर दुश्मन तीन यार भाइ निकडलउ मोरके डौली पैडावामाहे जाएके डरे काँट गहदेले ।" कनते कटवाँ नणकोते करली हसे उहे पैडावामाहे गेली । कटवाँ बौरी पैडावामा गहदेली । जाइ जाइकी पैडावामा रक्सीनियाक खाइल हाडगोड रहली हसे वहवाक रहलहारह बुधसेनके उअ पैडामाहे भिन जो रक्सीनियाह खेतउ कहते कहते उहे पैडावामाहे गेली ।

वहवा रक्सीनियाक एगुठी बेटियाक नाउ सुनकेस्री रानी रहली । सुनकेस्री रानी घरवामा एसकरे रहइ हली ओकर घरवामा क्रिया परल हली उहियासे रकसा घरवाक बहरा बहरा यडनावालइ मतुरे जाइ भितर हैनो जाएके बनइ रहली । सुनकेस्री रानी बुधसेनके उहे माहे जाइकी देखके हलहली बलोली हसे कहे लगली-"कल्की से हे मुसाफिर मोर बाबा सातकोश पुर्वे सात कोश पश्चिये, सात कोश उत्तरे, सात कोश दखिने चारिवरी शिकार खोजके खाइ बडिहे कसके तुइ बचलही ? कसके तोरके हैनो देखलिहे ? तोरके देखबिहे जउँ खैबे करविहे उहियासे याउ चल घरवा भितर । तोरके देखबिहे जउँ चटमाला गट करविहे चल बचे ।"

बुधसेन सुनकेस्री रानीक शरणमा गेली । साँझ रकसा यैली हसे बेटियाके कहे लगली-"बबुइ री तुइ मनेवाके दबकोले बाणे । छिमनछामन किरवाक बासनावा लगइ बडउ । मुइ भुखे मरइ बडसु उअ मनेवाके निकणाइ दे मुइ खाउ हसे यापन पेट भरूँ ।" बेटिया कहे लगली-"बाबा रे तुइ सात कोश पूर्वे सात कोश पछिये, सात कोश उत्तरे, सात कोश दखिने चारिवरी खोजखाजके शिकार खैले मुइ कहवाक तोरके निकणाइ देवके, खेबही जौ मोरके खो न त ।" रकसा कतुरो निकणावके

कहली सुनकेस्री रानी हैनो निकणोली । रकसा बेटियाक घरवा भितर जायके क्रिया खैले गुनसे भितर हैनो जाए सकइ हली । उहियासे बुधसेन बचली ।

बुधसेन सुनकेस्री रानीक शरणमा रहते रहते दुनुजना बीच एक आपसमा माया बेसली । बुधसेन रकसाके मारके बुधि करली हसे सुनकेस्री रानी से पुछे लगली-"कल्की से सुनकेस्री रानी तोर बाबाक जिउवाक पोटरीया कहवाँ बडइ ? तोर नाही थाह हतउ जउँ यापन बाबासे पुछसिता घरीक माहा दोसरजन लिगतउ जियान हतउ ।" सुनकेस्री रानी कहली-"मोर हैनो थाह बडउ, रह मोरके बाबासे पुछे दे ।" यितुरा बातचित करके सुतली । दोसरी बेहना फेनी यहरा खोजे चारू दिशा गेली । दिनभरी सुनकेस्री रानी हसे बुधसेन फदकलदक करली, दुनुजन बीच याको माया बढले गेली साँझ रकसा यहरा खोजके यैली बेटीया यसीमन मुडुणा लेले गेली बापवाक टाङ माणे । बपवा घोपटा सुतली बेटिया लगली मुडुणावामाहे ओपरसे मारे (माणे) सुखरास लागके रकसाक निन लागे लगली तखनही बेटिया पुछे लगसिअ-"बाबा रे तुइ दिनभरी कहवा न कहवा जेसही यहरा खोजे दिनभरीमा तोर जीउवाक पोटरिया कुनहु लिगाइ देतउ जउ मुइ कसके करके ? उहियासे कह ता तोर जिउवाक पोटरीया कहवाँ बडउ ?" बपवा कहली-"बबुइ री मोरके कुनहु नाही मारे सकतउ तोर घरवामा बुधसेन बडिहे उहे मारविहे ।" रकसा थाह पौले हली । कहे लगली-"बबुइ री बथवाक खम्हवामा बडउ झोरी उहे झोरीया भितर बडउ छुरी उहे हलउ मोर जिउवाक पोटरीया ।"

यितुरा कहके निनैली । दोसरी बेहना फेनी रकसा चारू दिशा यहरा खोजे गेली साँभ हखे लगली तखनही सुनकेस्री रानी धुनी जगावे लगली हसे झोरीया यानके धुनियामा घालदेली । झोरी जरे लगली सुनकेस्री रानी गेली बुधसेनक लधिना हसे कहे लगली-"कल्की से बुधसेन झोरीया जरइ बडउ यवे मोर बाबा मरविहे, मुइ यसकरे परबसु चल तोरे साडे जेबसु । साँझ भेली यैली रकसा ठटरङ ठाइ, हैनो मरली । यि देखके बुधसेन फेनी कहली-"कल्की से सुनकेस्री रानी फेरि पुछ कहवाँ बडइ जिउवाक पोटरिया ?" सुनकेस्री रानी फेरि बपवाक टाङ माणे गेली घन लेके ठोके लगली तखनही कहली-"बाबा कतउ तुइ सत्य बात हैनो कहयी बाणे कह न यबहुलयी ।" बपवा कहली-"बबुइ री गहनी पुछइ बाणे यवे मुइ मरवसु, तुइ मोरके मारही खोजइबाणे जउ धर्मक बात कहबसु जो बबुइ सात समुद्र पार गंगामा कोल्हुक जाठी बडउ उहे जठीयामा बडउ सात गो भेम उहे हलिहे मोर जिउ । एकोगो जियतउ जौ जरी छाडदेवसु तोर शाखासन्तान खतम हतउ, उहे मारविहे मुइ किहो नाही कहबसु ।" बेहान हखली रकसा फेरि खाना खोजे गेली । सुनकेस्री रानी कहे लगली-"कल्की से बुधसेन मोर बाबाक जिउवाक पोटरियाक विषयमा सत्यबाट कहलीहे जो तुइ वहवही ।" छाटी बतवा बताइ देली । बुधसेन लहाखोरके यापन बाण लेले गेली सात समुद्र पारक गंगामा वहवाँ एक लात जाठीयाके हानली ओकरसे सात गो भेम निकडली हुनकाके फटाफट मारली, एगुठी

भेमवा बेटीयाक लघिना शरण दे, शरण दे कहइकी गेली । सुनकेस्री रानी यङना बहरइ हली उहे कुचोमाहे मारदेली । बपवा कहली-“बबुइ री तोर सोनक केस बडउ एगुठो टुटतउ जउँ जतन से धरसी ।” यितुरा कहके रकसा मरली । बुधसेन हसे सुनकेस्री रानी बियाह करली । बुधसेन कहली-“कल्की से सुनकेस्री रानी जाही घटवामा लहाए जेबही उहे घाटमा मतुरे लहैसी दोसर घाट भिन जैहे ।”

सुनकेस्री रानी गेली लहाए । लहाइ लहाइकी एगुठी केशवा टुटली ओकरके पोकरी बान्हके बहाइ देली । केशवाक पोकरीया याही सहर छाणके वाही सहर वाही सहर छाणके तीसरी सहरक राजाक घाटमा पुगली । वहवा उअ सहरक रजवाक बेटवा लहाइ हली उहे पोकरीया पौली । कथिक पोकरी हलइ कहके खोलके हेरे लगली देखली सोनक केश । कहे लगली-“हाहा रे केश त सोनक मनसे भन कसनक हबिय ? मुइ यकरहीसे बियाह करबसु ।” घरवामा जाके खटवाटी पटवाटी लेके सुतली । साँझ रजवा शिकार खेलाके यैली देखली बेटवाक वसनक हाल । लगली पुछे-“बाबु रे तइ हमार एगुठे बेटा कतउ यसनक करइ बाडे ? जथि देखले बाणे, सुनले बाणे कह ।” बेटवा बाचा वान्हके तहीहे कहली-“बाबारे मुइ घाट लहाए गेल हलसु सोनक केशक पोकरी पौलसु । केशवा त सोनक मनसावा कसनक हखबिहे । ओकरहीसे मुइ बियाह करबसु । खोजके यान दे न त मुइ न उठबसु न किहो खेबसु । रजवा कचहेरी बलोली गाउँक काचाबाचा से बुढाबुढी तक यैली । कचहेरीयामा रजवा कहे लगली-“सुनकेस्री रानीके जुन पत्ता लगोतइ ओकरके याधा राजपाट देवसु” वहवाक कुनहु हैनो यी कामक जिम्मा लेवे सकइ । एगुटा मस्वासी बुढिया कहे लगली-“मुइ जथि मङबही उहे पौबही जौ सुनकेस्री रानीके पत्ता लगाइदेबही ।” रजवा कहे लगली-“अरी विदाओ सदियो पत्ता लगोबही री ? कह तोर कथि-कथि चाहिँ बडउ उहे देबसु ।” बुढिया कहली-“हँ मुइ पत्ता लगोबसु । मोरके हुकाण काठक डोङा, मनछिपी काठक बहाना बनाके दे ।” रजवा बुढिया जथि मङलीअ तथी टेकराइ देली । फेरि बुढिया कहली-“कल्की से राजा साहेब नाजिकटक भात और मुङके दाल, अगरछगरके मासु लो इतुरा पोका बान्हके धदे मुइ जेबसु ।”

रजवा बुढियाक मङली चीजुवा तयार पार देली । मस्वासी बुढिया रजवाक आदेश लेके डोङामा चढके जाय लगली सुनकेस्री रानीक उदेश । जाइ जाइकी पुगली सुनकेस्री रानीक घाटमा । वहवा मामा भगिनाक नाता जोडके फुसलावे लगली । बुढिया कहे लगली-“अरी सुनकेस्री रानी भगिनाके पुछसीता कहवाँ बडइ ओकर जिउवाक पोटरीया ?” सुनकेस्री रानी बुढियाक बातवा मानली हसे यापन मर्दावा (बुधसेन) के पुछली-“कल्की से स्वामी तोर जिउवाक पोटरीया कहवाँ बडई ?” बुधसेन छाटी बतवा बुझली हसे कहे लगली-“तुइ मोर जिउवाक पोटरीया पुछइ बाणे जउँ मुइ पक्कै मरबसु । मुइ मरबसु जउँ मोरके जराइ दिहे हसे छउरावा एक ठौनामा पोकरी

बान्हके गाडी दिहे । मोरके तीन यार भाइ खोजइकी यतउ एक न एक दिन तोरसे भेटके पुछ्तउ तुइ देखाइ देसी ।" यितुरा बतवा कहके बुधसेन यापन जिउवाक पोटरीया ठेकनावामा छुरी खोसले हसिअ उहे हलउ कहके कह देली । एक दिन मौका पाके उहे छुरिया सुनकेस्री रानी जराइदेली हसे बुधसेन मरली । मरइकीमाहा ओकर कहलबमोजिम जराके छौरावा जम्मा पोकरी बान्हके एक ठौरा गाडदेली । बुधसेन मरइकीमाहा सुनकेस्री रानी एसकरे परली । मस्वासी बुढिया कहे लगली-"कल्की से भगिनी तुइ याबे यसकरे परलही त । चल मोर साडे ।" सुनकेस्री रानी मस्वासी बुढियाक साडे गेली । बुढिया ओकरके तीसरी राजघाट लिगली । वहवाँक रजवाक लघिना जाके सुनाइदेली कि सुनकेस्री रानी याइली बडिहे कहके । ओकरले राजसभामा लिगाके रजवाक बेटवासे बियाह करके बात करली । सुनकेस्री रानी हैनो मानली । कहे लगली-"मुइ वाह्र वर्षमा सात गो व्रत ओरावके पावनी लेले बणसु, सतवर्ती चलोइ बडसु । यी व्रत ओरतेउ मतुरे दोसर बियाह करबसु ।"

यितुरा बतवा सुनके रजवाक बेटवा कहली-"लो त सतवर्ती चलोइ बाणे ठिके बडइ । सतवर्ती ओरेतउ तहीहे बियाह करबहुँ । तखनलइ मुइ इसेबसु । न त ओसही रहबसु ।" लगली सतवर्ती चलावे यते तीन यार भाइ बुधसेनके खोजइ-खोजइकी ओकर लघिना पुगली, । पुछे लगली पुछइ भखइकीमाहा सुनकेस्री रानी छाटी घटना सुनाइदेली । मस्वासी बुढिया मारले, सुनकेस्री जरोले हसे छउरावा एक ठौरा पोकरी बान्हके गाडदेली । यी बतवा थाह पाके चित्रसेन चित्रक छालामा रनीयाके चढाके छउरावा गडली ठौरावामा गेली । वहवासे फेरि चित्रक छालामा उडियाइकी यैली हसे मस्वासी बुढियाके चित्रक छालामा बेठाके तीनु यारभाइ उडियाए लगली । बुढियाके फदकोते पुछते उडियैते गेली, जबण ओपर पुगली हसे पुछली बुढियाके-"तर किहो देखइ बणही ?" कहके बुढिया हैनो देखइ बणसु कहली तखनही उपरहिसे बुढियाके खसाके मारदेली । तबजाके जसपाल, गुणपाल, चित्रसेन तीन यार भाइ यापन-यापन बुधि लगाके बुधसेनके छउरावक लघिना जाके जियोली । हसे चार यार भाइक भेट भेली । चारू यार भाइ चित्रक छालामा चढके उडियैली हसे कहवाँ रहके कहके सल्लाह करली उडियैते ठौरा हेरते गेली । जहवाँ नीजकुज वन रहली, एगुठो हैनो घर देखली । वहवही परली, तबजाके यापन राजपाट करे लगली । वसने रसेरसे बस्ती बेसले गेली जुन चितोन हलइ । चित्रसेन एगुठा थारू भेल गुनेसे सुरूमा उहे यहवा राजपाट चलोले कहके चितोन नाउ रहे गेलइ कहके किम्वदन्ती बडई ।

## नेपाली अनुवाद

एक सहरमा चार मित्र थिए । ती चार मित्र बुद्धि सिक्न भनी हर्दीपुर र नर्कटियापुर राज्य गए । चारजना मध्ये जेठो चित्रसेन (चित्र) चित्तलको छाला उडाउन, माहिला गुणपाल ज्ञान, साँहिला जसपाल जस र कान्छा बुधसेन पढ्ने बुद्धि सिके ।

गीत

ज्ञान सिक्न गइयो ए हर्दीपुर राज्य
आँखामा छैन निद्रा पेटमा छैन भोक
ज्ञान सिक्दा ए राम
लिनु भाइ हो रामको नाम

चार यार (मित्र) आ-आफ्नो बुद्धि, ज्ञान सिकर घर फर्कन थाले । घर फर्कदा बाटामा एक घनघोर जङ्गलमा पुगे त्यही नै रात पऱ्यो । चारै मित्र त्यहीँ बसेर एक आपसमा सोधपुछ गर्न थाले -"ए ठुल्दाइ तपाईंले के सिक्नुभयो ?" भाइले भन्यो-"मैले चित्तलको छाला उडाउन सिकेँ ।" त्यस्तै अर्को भाइले भन्यो-"मैले जस सिकेर आएको छु ।" तेस्रो भाइले भन्यो-"मैले गुन लगाउन सिकेँ ।" कान्छोले भन्यो-"मैले पढ्न सिकेँ मलाई पढाइमा कसैले पनि जित्न सक्दैन ।"

यति कुराकानीपछि खाना पकाउन चारै जना मित्रहरू मिलेर पकाउन पऱ्यो भनी पकाएर खाए । बेलुका सुत्ने बेलामा पालैपालो कुर्ने र सुत्ने भनी सुते । सुरूमा जेठोभाइ चित्रसेनको कुर्ने पालो भयो र भन्न थाल्यो :

पहिलो प्रहर रे राति जागे रे चित्रसेन
एक कमिलाको पनि छैन रे चाल
दोस्रो प्रहर रे राति जागे रे जसपाल
रामेराम एक पनि कमिलाको छैन रे चाल
तेस्रो प्रहर हो राति जागे गुन रे पाल
एक कमिलाको पनि छैन रे चाल
चौथो प्रहर हो राति जागे रे बुधसेन
रामेराम रामे हो चार रे यार भाइ

जब कान्छा यार (मित्र) भाइको पालो आयो, त्यही बेला वनबाट भेडानन्द हात्ती आउन थाल्यो । उनले मनमनै भन्न थाले-"मेरो पालोमा किन भेडानन्द (ठूलो) हात्ती आउन थालेको होला?" अनि वाण चलाए । वाण लागेर हात्ती त्यहीँ ढल्यो । त्यसपछि त्यो वाण नाप्दै गए र त्यही हात्तीनिर पुगे । त्यहाँ पुगेर हात्ती मऱ्यो भनी हात्ती माथि चढेर खेल्न थाले । खेल्दा खेल्दै ऊ त्यहीँ भुसुक्क निदाएछ । भोलिपल्ट बिहान चार जनामा तीनजना मात्र एक ठाउँमा थिए । एकजना कहाँ हरायो भनी यताउता हेरे पत्तै पाएन र भन्न थाले :

जहाँ-जहाँ चिल रे काग गिद्ध उड्छन्
त्यहाँ-त्यहाँ यार (मित्र) लाई खोज्दै जाऊँ

खोज्दा खोज्दा हैरान भए । बुधसेनलाई छाडेर तीन जना मात्र, खाना बनाउन गए । खाना बनाइवरी खान गए । खानको लागि तीनवटा पात ओछ्याउँदा चारवटा पात हुने, तीन माना पकाउदाँ चार माना हुने भयो । यस्तो देखेर तीन जनाले सोचे-“हाम्रो यार मरेको छैन जिउँदै छ ।”

तीन जनाले आफ्नो भाग खाना खाएर अर्को साथीको लागि खाना पोका बाँधी पानीसहित त्यहीँको एक रूखमा बाँधेर जिम्मा लगाई गए । एकछिनपछि छुटेको मित्र आयो तर त्यहाँ कसैलाई पनि देखेन र त्यहीँ रून थाल्यो । त्यहीबेला रूखले भन्न थाल्यो-“नरोऊ पोकामा भात छ, करूवामा पानी छ, त्यो खाऊ र यही बाटो भएर तिनीहरू गएका छन्, तिमी पनि यही बाटो जाऊ, अवश्य भेट हुन्छ ।” त्यसपछि बुधसेनले त्यो भात, पानी रूँदै खाँदै गर्न थाले । खाना खाइसकेर रूखले देखाएको बाटो हुँदै जान लागे । अलि पर पुगेर उनले सम्झे-“ला ! मैले त त्यो रूखलाई आशिष दिन बिर्से । मलाई यति सहयोग गर्‍यो, केही नभनी हिँडें ।” त्यसपछि आशिष दिन थालेः-

जब युग रे जब पकडी फर्की घर रे आएमा
जरा रे कुहाइ तेरो बनाइन्छ रे सुन
जब युग बाँचिन्छ रे पकडी पात्र कुहाइ बन्छ तेरो मोती
जब युग बाँचिन्छ रे पकडी हाँगा कुहाइ बनाइदिन्छु हिरा

यति भनेर बुधसेन जान थाले । जाँदा-जाँदा दोबाटो आयो । राम्रो बाटोमा काँडा बिछ्याइएको थियो भने अर्को बाटो झारपातले भरिएको नराम्रो थियो । राम्रो बाटोबाट जाँदा त्यहाँ राक्षसनीहरूको राज्य थियो, त्यसैले तीन यारले काँडा बिछ्याई दिएका थिए । तर बुधसेनले यो कुरा बुझेन र भन्न थाले-“हरे ! मेरा दुश्मन यही तीन यार निस्के । हेर, मलाई राम्रो बाटो नजाओस् भनेर काँडा राखिदिएका !”

रूँदै काँडा फाल्दै गरे र त्यही बाटोबाट गए । काँडा चाहिँ नराम्रो बाटोमा राखे । त्यसपछि राम्रो बाटोबाट जान लागे बीच बाटोमा राक्षसनीहरूले खाएको मासुका हाडहरू फालिएको पनि भेटियो । त्यहाँ बस्नेहरूले बुधसेनलाई त्यो बाटोबाट नजाऊ, राक्षसनीहरूले खान्छ भन्दा पनि ऊ त्यही बाटोबाट गए ।

अलि अगाडि बाटामा एउटा राक्षसकी छोरी एउटा घरमा एक्लै बस्ने गर्थिन् । उनको नाम सुनकेस्री रानी रहेछ । राक्षस आफ्नी छोरीको घरभित्र नपस्ने कसम खाएको हुनाले बाहिर आँगनसम्म मात्र जाने गर्ने रहेछ । सुनकेस्री रानीले बुधसेनलाई त्यही बाटो हिँडेको देखेर छिटोछिटो बोलाई घरभित्र लुकाउन लगिन् । त्यसपछि भन्न थालिन्-“हे ! मुसाफिर मेरो बाबा सात कोश पूर्व, सात कोश पश्चिम, सात कोश उत्तर, सात कोश दक्षिण चारैतिर शिकार खोजेर खाइरहनु

हुन्छ । तपाईंचाहिँ कसरी बच्नु भयो ? कसरी तपाईंलाई देख्नुभएन ? देख्नुभयो भने खाइहाल्नु हुन्छ । बच्नको लागि भित्र हिँड्नुहोस् ।"

बुधसेन सुनकेस्री रानीको शरणमा परे । साँझ परेपछि राक्षस आयो र छोरीलाई भन्न थाल्यो-"छोरी तिमीले मान्छे लुकाएर राखेकी छौ । मैले गन्ध पाइरहेको छु, त्यसैले त्यसलाई निकाल म खान्छु र आफ्नो पेट भर्छु ।"

छोरीले भनिन्-"बुवा ! तपाईं सात कोश पूर्व, सात कोश पाश्चिम, सात कोश उत्तर, सात कोश दक्षिण चारैतिर शिकार खोजेर भ्याइसक्नु भएको छ । मैले कहाँबाट निकाल्ने, खाने भए मलाई नै खानुस् न त ।" राक्षसले जति जोड गरे पनि सुनकेस्री रानीले बुधसेनलाई निकाल्न मानिन । राक्षस घरभित्र जान नसक्ने भएकोले बुधसेन बचे ।

बुधसेन सुनकेस्री रानीको शरणमा रहँदा-बस्दा एक-आपसमा माया प्रेम बस्न गयो । बुधसेनले राक्षसलाई मार्ने उपाय निकाल्न थाले र सुनकेस्री रानीलाई सोध्न थाले-"हे रानी तिम्रो बुवाको आत्माको पोको कहाँ छ ? यदि तिमीलाई थाहा छैन भने आफ्नो बाबालाई सोधेर मलाई बताइदेऊ । कुनै समय अचानक कसैले लग्यो भने बर्बाद हुन्छ ।"

सुनकेस्री रानीले भनिन्-"मलाई थाहा छैन, म बुवालाई सोध्छु ।" यति कुराकानी गरेर सुते । भोलिपल्ट बिहान फेरि राक्षस चारै दिशा शिकार खोज्न गयो । दिनभरि सुनकेस्री रानी र बुधसेनले सँगसगै बसेर गफ गरे । तिनीहरू बीच झन् गाढा प्रेम बस्यो । साँझतिर राक्षस शिकार लिएर घर फर्क्यो । छोरीचाहिँ काठको ठूलो मुढा बोकेर बुवाको खुट्टा मालिस गर्न भनेर गइन् । बुवा घोप्टो परेर सुते र छोरीचाहिँ काठको मुढाले ड्याङ-ड्याङ हानेर मालिस गर्न थालिन् । उनको बुवालाई आनन्द लागेर आयो र निदाउन थाले । त्यहीबेला छोरीले सोध्न थालिन्-"बुवा ! तपाईं दिनभरि धेरै टाढा-टाढा शिकार खोज्न जानुहुन्छ, तपाईंको आत्माको पोको केही गरी अचानक कसैले लग्यो भने बर्बाद हुन्छ । त्यसैले मलाई भनिदिनुहोस् । म जतन गरेर राखिदिन्छु ।" राक्षसले भन्यो-"छोरी मलाई कसैले मार्न सक्दैन । तिम्रो घरमा लुकेर बस्ने बुधसेनले चाहिँ पक्कै मलाई मार्छ ।" यो कुरा राक्षसले थाहा पाइसकेको थियो । फेरि राक्षसले भन्न थाल्यो-"छोरी ! तिमीले सोधिहाल्यौ, मेरो आत्माको पोको घरको मूल खम्बाको झोलामा रहेको छुरीमा छ ।"

यति भनेर राक्षस निदायो । अर्को दिन बिहान उठेर फेरि चारै दिशा आहार खोज्न गयो । साँझ पर्न लागेपछि राक्षस आउने समयमा सुनकेस्री रानीले धुनी बालेर त्यो झोला ल्याएर आगोमा हालिदिइन् । त्यो जल्न थाल्यो र सुनकेस्री रानी बुधसेनकहाँ गएर भन्न थालिन्-"हे बुधसेन ! मेरो बुबा अब मर्नुहुन्छ म एक्लै पर्छु । त्यसैले मलाई आफैसँग लैजानू ।"

साँझ भयो, राक्षस आयो, मरेको रहेनछ । यो देखेर बुधसेन फेरि भन्न थाले-“ए सुनकेस्री रानी ! फेरि सोध न, कहाँ छ तिम्रो बुवाको आत्माको पोको ?” हुन्छ भनेर फेरि खुट्टा मालिस गर्न भनी सुनकेस्री रानी बुवाकहाँ गइन् र सोध्न थालिन्-“बुबा ! सत्य कुरा गर्नुस् न, तपाइँको आत्माको पोको कहाँ छ ?”

राक्षसले भन्यो-“छोरी तिमीले साह्रै नै गऱ्यौ म अब मर्ने पक्का छ, तिमीले मलाई मार्न खोजेकी हौ भने धर्मको कुरा भन्छु, छोरी ! सात समुद्र पारी गङ्गामा एउटा कोलको खम्बा छ, त्यसमा सातवटा भमरा छन् । त्यही नै मेरो आत्मा हो । एउटा मात्र बाँच्यो भने पनि जरो छोडेर तिम्रो शाखासन्तान खतम हुन्छ, त्यसैले मार्छ अरू म केही भन्न सक्दिन ।”

भोलिपल्ट बिहान राक्षस फेरि आहारको खोजीमा निस्क्यो, त्यसपछि सुनकेस्री रानीले बुधसेनलाई उनको बुवाले भनेको सारा कुरा बताइदिइन् । बुधसेनले नुहाइवरी सात समुद्रपारि गंगामा गई एक लात त्यहाँ भएको कोलको खम्बामा हाने र त्यसबाट सातवटा भमरा निस्के । बुधसेनले फटाफट ती सबै भमरा मार्दै गए तर एउटा भमराचाहिँ-“शरण दे, शरण दे भन्दै सुनकेस्री रानीकहाँ आइपुग्यो । त्यतिबेला सुनकेस्री रानी कुचोले आँगन बढारिरहेकी थिइन्, त्यही कुचोले हानेर भमरालाई मारिदिइन् । राक्षसले सुनकेस्री रानीलाई मर्ने बेलामा भन्यो-“छोरी ! तिम्रो सुनको कपाल छ एउटा मात्र झऱ्यो भने पनि जतन गरेर राख ।” यति भनेर राक्षस मऱ्यो ।

एकदिन सुनकेस्री रानी नदीमा नुहाउन गइन् । नुहाउँदा एउटा कपाल झऱ्यो, त्यसलाई पोको पारेर नदीमा बगाइदिइन् । त्यो पोको अर्को सहरको राजा नुहाउने नदीमा पुग्यो । त्यहाँ त्यस देशका राजाको छोराले नुहाइरहेका थिए । कपालको पोको राजकुमारले भेटाए । पोकोमा के रहेछ भनी खोलेर हेर्दा सुनको कपाल देखे । मनमनै सोच्न लागे-“अहो ! कपाल त सुनको, मान्छे झन् कस्तो होला ? म यसैसँग विवाह गर्नेछु ।”

घरमा गएर राजकुमार भात, पानी त्यागेर सिरक ओढी सुतेछन् । साँझ परेपछि राजा शिकार खेलेर आए पछि छोराको त्यो हालत देखेर सोधेछन्-“छोरा ! तिमीलाई के भयो ? तिम्रो के इच्छा पूरा गर्न पऱ्यो भन ? तर यसरी नबस ।” राजकुमारले बाचा बाँध्न लगाई बल्ल भने-“बुवा ! म नुहाउन गएको थिएँ । त्यहाँ एउटा सुनको कपालको पोको बग्दै-बग्दै आएर मेरो हातमा पऱ्यो । म त्यही सुनको कपाल भएकी केटीसँग विवाह गर्न चाहन्छु । यदि मेरो चाहना पूरा हुन्छ भने मात्र अन्न जल ग्रहण गर्छु नत्र गर्दिन ।” यो कुरा सुनेर राजाले गाउँका सारालाई बोलाई बैठक बसाले र सुनको कपाल भएकी केटीको पत्ता लगाउन आग्रह गरे, साथै पत्ता लगाउनेलाई अमूल्य उपहार दिने घोषणा पनि गरे । बैठकमा उपस्थित कसैले पनि यो कामको जिम्मा लिन मानेनन् । तर एउटी मस्वासी नामक बुढीले त्यो कामको जिम्मा लिइन् र राजासँग डुङ्गा र बहाना बनाइमागिन् र

बाटामा खाने खाना, पानी पोको पार्न लगाइन् । यो सारा तयारी राजाले गरिदिए । त्यसपछि बुढी राजाको आदेश लिएर डुङ्गामा चढी सुनकेस्री रानीकहाँ माइजू भान्जीको नाता लगाएर पुगिन् । फकाइफुल्याइ गरी बुधसेनको आत्माको पोको पत्ता लगाउन थालिन् र सुनकेस्री रानीलाई सोध्न लगाइन् । बुधसेनचाहिँ आफ्नो आत्माको पोको बारे सोधेको भएर अब आफ्नो मृत्यु निश्चित छ भन्ने ठाने । त्यसपछि उनले सुनकेस्री रानीलाई भन्न थाले-"तिमीले मेरो आत्माको पोकोको बारेमा सोधिरहेकी छौ, त्यसैले मेरो मृत्यु निश्चित छ । यदि म मरेँ भने मलाई जलाइदेऊ र खरानी एक ठाउँमा पोको पारी खाल्डो खनी गाडि देऊ । कुनै दिन मेरा तीन यार भाइ खोज्दै आउँदा तिमीसँग पनि भेटेर सोध्नेछन् । उनीहरूलाई त्यो खरानी देखाइदेऊ ।"

यति भनेर बुधसेनले आफ्नो आत्माको पोको कम्मरमा बाँधिएको छुरामा छ भनी बताइदिए । एक दिन मौका पारेर बुढीको लहैलहैमा आएर त्यो छुरा झिकेर जलाइदिइन् । त्यो सँगसँगै बुधसेनको पनि मृत्यु भयो । बुधसेनको मृत्युपश्चात् उनले भनेबमोजिम जलाएर खरानी पोको पारी खाल्डो खनेर गाडिदिइन् । त्यसपछि सुनकेस्री रानी एक्लै भइन् । यो देखेर मस्वासी बुढीले भन्न थालिन्-"ए भान्जी ! तिमी त अब एक्लै भयौ, हिँड मसँग ।"

सुनकेस्री रानी पनि बुढीसँगसँगै गइन् । बुढीले तिनलाई अर्को देशको राज्यमा लगिन् र त्यहाँका राजालाई सुनकेस्री रानी आएको कुरा खबर गरिन् । त्यसपछि सुनकेस्री रानीलाई राजसभामा लगी राजाका छोरासँग विवाह गरिदिने कुराकानी गरियो । यो कुरा रानीले पटक्कै मानिनन् र भन्न थालिन्-"म बाह्र वर्षमा सिधिने सातवटा व्रत गर्ने अठोट लिएकी छु । मेरो सातवटा व्रत समाप्त भएपछि मात्र अर्को विवाह गर्नेछु ।" यति कुरा सुनेर राजाको छोराले भने-"ल ठिक छ, त्यतिबेला सम्म म कुर्नेछु । नत्र म त्यसै बस्नेछु ।" रानी सातव्रत गर्न थालिन् ।

यता तीन यार भाइ बुधसेनलाई खोज्दै हिँडेका थिए । खोज्दै जाँदा सुनकेस्री रानीकहाँ पुगे र बुधसेनको बारेमा सोधपुछ गर्न थाले । रानीले सारा घटनाहरूको बारेमा बताइदिइन् र बुधसेनलाई मस्वासी बुढीले मारेको सुनकेस्री रानीले जलाएर खरानी पोको पारी गाडेको सबै कुरा थाहा पाएर तीन यार भाइ चित्तलको छालामा रानीलाई चढाई उडाउँदै खरानी गाडेको ठाउँ देखाउन भनी लिएर गए । त्यो ठाउँ हेरेर फेरि उड्दै बुढीकहाँ गए । त्यहाँ बुढीलाई चित्तलको छालामा बसालेर उडाउन थाले । बुढीसँग कुरा गर्दै माथि-माथि उड्दै गए । धेरै माथि पुगेर बुढीलाई सोधे-"पृथ्वीमा केही देखिएको छ ?" बुढीले देखेको छैन भन्दा माथिबाट नै तीन यारभाइले बुढीलाई खसालेर मारिदिए । त्यसपछि बुधसेनको खरानी गाडेको ठाउँमा गइ चित्रसेन, गुणपाल, जसपाल तीन यारभाइ आ-आफ्नो जुक्ति, बुद्धि र सीपको प्रयोग गरी बचाए र चार यार भाइको मिलन भयो । चारै जना चित्तलको छालामा उड्न लागे । उड्दा उड्दै कहाँ बसोबास

गर्ने भनी सल्लाह पनि गर्न थाले । सल्लाह गर्दा गर्दै एउटा घनघोर सुनसान जङ्गलको बीचमा पुगे र त्यही बसोबास गर्ने भनी झरे । त्यहाँ सानो बस्ती बसालेर आफ्नो राज्य सञ्चालन गर्न थाले र बिस्तारै बिस्तारै आवादी बढ्दै गयो जुन चितवन हुन गयो । चित्रसेन एउटा थारू राजा भएको कारणले सुरूमा उसैले राज्य चलाएको हुनाले चितवन नाम रहन गएको किम्वदन्ती रहेको छ ।

**कथासन्देश**

प्राचीन समयमा चितवन जिल्ला झाडी, वनजङ्गलले भरिएको थियो र चित्रसेन, गुणपाल, जसपाल र बुधसेन जस्ता चार यार भाइले आफूले जुक्तिबुद्धि सिकेर यहाँ बस्ती बसालेको हुनाले नै चितवन जिल्ला भएको हो । जुक्तिबुद्धिलाई सही ठाउँमा उपयोग गरेमा त्यसको परिणाम राम्रो हुन्छ साथै आफ्नो देश समाजको कल्याण हुन्छ, एकजुट भएर काम गरेमा एउटा ठोस काम गर्न सकिन्छ भन्ने सन्देश यस कथामा पाइन्छ । यो एक ऐतिहासिक विषयवस्तुमा आधारित आञ्चलिक कथा हो । यसमा साहस, बहादुरी र वीरता देखाइएको छ । त्यसैले भावको आधारमा यो वीर रसप्रधान कथा हो र शैली शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ४.४.२ मोदक काथा (रक्सीको कथा)

एक सहरमा एक जबण राज मिस्तिरी रहली । एक समलमा कली परइ हली । कली परके जुनवा विष्णु भगवान् भावी हसे विधब्रह्माके कहली-"कल्की से भावी विधब्रह्मा तोहरा पृथ्वीमा जाके पलहा पलही एकहक गो जीव पकड-पकडके यनह । जथि पौवह पशुपक्षी किरामकौडा, मनसे ले ले यैह ।" विष्णु भागवानक आदेश मानके भावी बिधब्रह्मा पलहा पलही पशुपक्षी, किरामकौडा मनसे जथि पवइ तथि पकड पकडके याने लगली । यसने एकदिन उहे बणकी राज मिस्तिरीयाक पलहा यैली  मिस्तिरीयाके कहली-"लोरे मिस्तिरीया याजु तोर पलहा बडउ चल न हमार साङे ।" मिस्तिरीया कहली-"मोर हैनो निकटार बडउ, अँ मोर सटहा दोसरी जनके कह मुइ ओकर पलहावामा जेवसु ।" हसे भावी ब्रह्मा कहली-"सदियो रे तुइ नाही जेवही ? पाछ्रा से जेबही ? मिस्तिरीया कहली-"हँ मुइ पाछ्रासे जेबसु" लो त कहके मिस्तिरीयाक सटहा ओकरे पोर्सियावाके उठाके (मारके) लिगली । मिस्तिरीया तौने समयमा रूख्वान, बसिला उठोली गेली निजकुज वनमा । वनवामा सबसे जबणी गछवा तिकाके खोले लगली । उअ गछवाके उपरहीसे खोलइ-खोलइकी तर लइ खोलली । खोल सकके उहे गछवा भित्तर बाउन्न कोठरी, बाउन्न ढोका बनोली साथसाथमा चौरासी व्यञ्जनक खाना बनोली, सबकुछ ठिकठाक पारली । भावी विधब्रह्मा यैली मिस्तिरीयाक लघिना हसे कहे लगली-"लोरे मिस्तिरीया चल यबे तोर पलहा यलउ ।" मिस्तिरीया कहली-"जायके त जेबसु एक पल्टा तोहरा मोर कला चल हेरे यसनक चीजु बनोले बणही की तोहरा एक पल्टा हेर देह हसे जथि कहबह उहे करबसु ।" गहनी बिन्तिभाउ करइकी देखके भावीब्रह्मा फेनी ओकर कला

हेरे जाएके मन लगली हसे गेली । मिस्तिरीया यागा यागा भावी ब्रह्मा पाछा-पाछा गेली उहे बाउन्न कोठरी बाउन्न ढोका भितर । भितर लिगाके छाटी देखोली हसे सबसे भितरक कोठवामा लिगाके बेठोली चौरासी व्यञ्जनक खाना यागा टेकराइ देली हसे कहली-“मोर पिसाब लगइ बडउ यघरी पिसाब करे जाइबणसु तोहरा यहवा रहीह मुइ तुरून्ते यबसु ।” इतुरा कहकाहके मिस्तिरीया बाउन्न ढोका लगोते बहरा निकणली हसे बहरासे ठेठी लगादेली हसे यपना भगली भावी विधब्रह्मा उहे भितर थुनैली । बाह्र वरष संसारमा न कुनहु जरमइ न कुनुहु मरइ जसनेक तसने हखे लगली उअ गछवा भितर भावी ब्रह्मा ठनठन सुखैली, दुबरैली । भगवान् विष्णु बाह्र वर्ष भेलइ भावी ब्रह्मा कहवा गेलइ संसारमा किहो हैनो अदली बदली हखइ बडइ कहके खोजी करे लगली । खोजी नीति बहुत करइ फेनी हैनो पाता पौली । विष्णु भगवान् भगजोगनी नाउक किराक पोनकीयामा यागी लगाके खोजके पठोली । भागजोगनी किरवा चिल्हिक-चिल्हिक करइकी यतेओते खोजे लगली नैखो पौली । यसने यापन सरसिपाहीके खोजेके पठोली मरेमरे खोजइ फेनी कुनहु हैनो पौली हसे सबहुजन विष्णु भगवान्क लघिना गेली । कहे लगली-“कल्की से भगवान् जी हमरा नैखो पाता लगावे सकलहु यबे सकबहु फेनी नाही हमराके विदा दिऊ ।” कहके भगली यापन-यापन ठौनामा भगवान् विष्णु डरोरा पिटादेली सहरक गल्ली-गल्ली जुन भावी ब्रह्माके पत्ता लगोतइ ओकरे शासन चलतइ । यी सुनके सबहुजन पृथ्वीक मनसे खोजे लगली तैयो पर कुनहु हैनो पत्ता लगावे सकली । विष्णु भगवान् छक्क परली कहवा गेलइ त ? सरसिपाहीके कहली-“कल्कीसे सरसिपाही मोर बहिनीयानीसभके बलावे जो ।” विष्णु भगवानक सात गो बहिनी हली सबसे जेठ भगवती रहली । उहे भगवती बहिनीयाके बलावके पठोली । भगवती मतुरे पता लगावे सकविहे कुनहु नाही सकतउ जाह यानह कहके एह्वोली  भगवतीके बलाके विष्णु भगवान्क लघिना लिगली । विष्णु भगवान् कहे लगली-“कल्की से री भगवती तुइ मोर सबसे जेठ बहिनी हले,  भावी ब्रह्माके तुही पाता लगावे सकबही ? सकबही जउँ तोर शासन चलतउ ।” भगवती कहली-“सदियो रे दादा ?” विष्णु भगवान् कहली-“हँ ।” भगवती कहली-“लो मुइ पाता लगोबसु बाँकी मुइ जथि-जथि मङबसु तोर तथि तथि देवे परतउ । विष्णु भगवान् कहली  -“हँ मुइ तयार बणसु ।” भगवती कोदो, मणुवा, मकाइ मङली, उअ जोतकोणले बौली, उब्जोली । कोदो, मणुवा, मकाई फुटली पकली, ओकरके काटओटके झाटपिटके शिलपत्थरमा खूब पिठा बनाके पिसली । हसे ओकरके ठिकठाकसे गदला बनोली । ओकरके उठावके बिरो चाहीँ भेलइ हसे मैनावाक गुहवा, सुगवाक गुहवा, मैनियाक गुहवा, बघवाक गुहवा, सुवरावक गुहवा, यजिगर साँपवाक गुहवा एगुठाक पाछा दोसरी कर्ते छगोक गुहवा पलहा-पलही लिगाके खुब थुरथारके मोदक बिरो बनोली । यकर पाछा कोदो, मणुवाक पिठवामा उसिनके खुब डहुलसे सौनली  हसे गदला पार्ली । गदलावा खुब जुवाके मोद चुवावे लगली, बेसोली

मौनावाक गुहवाक मोदवा ओकरके बेगरे धरली एक नम्बरमा । ओसने पलहापलही सुगवाक, मैनियाक, बघवाक, सुवरावाक, यजिगर साँपकवाक गुहवाक मोदवा बेठोली दुई, तीन, चार पाँच, छ नम्बरमा बेगरा बेगरी धरली । होटल भठ्ठी नहिया अनेक प्रकारक खाना पियाना तयार पारली तबजाके गेली विष्णु भगवान्क लघिना हसे कहली-“कल्कीसे दादा मुइ माछरी, मासु, मोद, अनेक प्रकारक खाना सभ तयार पारलसु तुइ यबे डुगडुगी पिटाइ दे बिना पैसाक भ्रष्टाचार जे खवइया फिरी खाए पवइ कहके ।” विष्णु भगवान् डुगडुगी पिटाइदेली । सब मनसे वहवा खाएके तहीया झोकहरे लगली । छ गो बहिनी भगवतीक सहसिया (नोकर) बनली । एगुठी बहिनीया कोठवामा कापी कलम लेले कुन कथि कहइ बडइ कहके लिखके तहिया लोकाके बेठली । साँझ उअ लिखली बतवा परलइ की नैखो कहके एक ठौना मिलोली त ककरो बात हैनो परइ । ओहवा यावेवाला मतवाली सभके सुरूमा मैनावाक गुहवाक मोदवा पियोइ हसे ओकर वादमा पलहापलही दुई नम्बर तीन नम्बर, चार नम्बर, पाँच नम्बर, छ नम्बर मोद पियोइ । मैनावाक गुहवाक मोदवा पिके प्यार प्यार फदकइ, सुगवाक गुहवाक मोदवा जिभिया लटपटाइ, मैनियाक गुहवाक मोदवा केउचर-मेउचर फदकइ, बघवाक नेणवाक मोदवा बाघ नहिया हुमरइ, सुवरावाक गुहवाक मोदवा सुवर नहिया वीर हखइ, यजिगरवाक गुहवाक मोदवा यजिगर नहिया नणभणाइ वहवा गुहमुत, माटी किहो हैनो जनइ तैयो पर ककरो मुहसे किहो हैनो बकैली । दोसरी दिन मोदहरियावाह गेली जबणी राज मिस्तिरीयाक लघिना कहे लगली-“कल्की से मिस्तिरीया विना पैसाक यकसेक चीजबिज खाए पवइ चल ता याजु तुहु गहनी माजा-माजा छौडी सभ फेनी बडउ । फुसला बन्लाके मिस्तिरीयाके वहवा लिगली । त वहवा चलावे लगली एक नम्बरक मोद मैनावाक गुहवाक मोदवा त प्यार प्यार फदके लगली फेनी दुई नम्बरक मोद चलोली सुगवाक गुहवाक मोदवा त जिभिया लटपटाए लगली यकरसे हैनो भेली चलोली तीन नम्बरक मोद मैनियाक गुहवाक मोदवा त केउचर मेउचर फदके लगली यकरहुसे हैनो भेलइ कहके बघवाक गुहवाक मोदवा चलादेली तब जाके बाघ नहिया हुमरे लगली-“तोहरा कथि करले वणह जे ? जे करले वणसु मुइ करले बणसु मोद गेली भितर बात यैली बाहर । जो न मुइ भावी ब्रह्माके थुनले बणसु यसनक थुनान थुनले बणसु की हुनका फेनी से यावे नाही सकतउ । बाह्र वरष भेलउ देखइ बणह कुनहु मरइकी जरमइकी ?“ इतुरा बतवा सुनके भगवती यापन बहिनीयाके उअ मिस्तिरीयाके भितर बलावके लगोली । भितर बलाके डहुलसे पुछे लगली मोदवा थपते फदकोते करे लगली बहिनीयाह झन कुनहु चुमचाट देइ उअ झन छाटी बात खोलली कि-वनवामा जबणी गछवा भितर बाउन्न कोठरीमा बडउ कहके । यी रात यसने बितली । बेहान भेली भगवती उहे मिस्तिरीयाके बलावके पठोली । बलाके यनली हसे उअ ठौरावा देखावे लिजाएके कहली । मिस्तिरीया यागायागा हिनका सात बहिनी पाछा-पाछा गेली हसे पुगली उअ ठौरावामा

गछवा देखाइदेली । भगवती उअ गछवाक पतवा चिन्हके तहीया टुरली हसे घर यैली । भगवती गेली विष्णु भगवान्क लघिना कहली-“कल्की से दादा भावी ब्रह्माके मिस्तिरीया बडिहे निजकुज वनक सबसे जबणी गछवा भितर थुनले चल चिन्हके तहिया उअ गछवाक पतवा यनले बणसु यिहे हलउ ।” भगवती हुनका यागा लागल पाछा लागल विष्णु भगवान् गेली । वहवा पुगइकी माहा भुतलोली गछवा चिन्हे हैनो सकली हसे बिजुली बलावके कहली जुन विजुली सात रात सात दिन बरले रहो, भगवती वर्षा वर्षोली सात दिन सात रात । भगवान् जी बिजुली बलोली वर्षापानी चिल्हिक-चिल्हिक चिल्हकइ हसे भगवती उअ गछवा खोजइ हली खोजइ-खोजइकी अन्तिममा जबणमाहे ठनकली गर्जली तखनही जबण इजोर यैली हसे देखली गछवाके तुरून्ते ठनकलीक सडसडही टाडी धेने मारली गछवा दुई फारा भेली । हेरइकी माहा भावी ब्रह्मा सुखाइली डडरेठ भेल हलही । घरवामा यानके खुब खियोली हसे पहिनक नहिया हट्टा कट्टा भेली । विष्णु भगवान् हुनकाके कहली-“तोहरा यसनक देखार रूपसे गेले गुनेसे तोहार दु:ख सङ्कट भोगे परलउ यबे बयार बनके जैह, किरामकौणा बनके जैह ।” कहके ओसने वरदान देली, तखनीसे कली परली भावी ब्रह्मा अदृश्य रूपमा यावे लगली । यगती भावी ब्रह्मा मनसेक रूपमा घुमइ रहली यखनी बयार किरा मकौणाक रूपमा बुलते बाणी ।

## नेपाली अनुवाद

एकादेशमा कलामा निपुण एक महान राज मिस्त्री थियो । काठको काममा उसले ख्याति कमाएको थियो । एक समयमा पृथ्वीमा कलीयुगको प्रभाव पर्दै थियो । चारैतिर अभाव र हाहाकार मच्चिदै गइरहेको थियो । यस्तो अवस्थामा भगवान् विष्णुले भावी ब्रह्मालाई पृथ्वीमा गई पालैपालो एक-एक वटा जीवको प्राण हरेर ल्याउन आदेश दिए । भगवान् विष्णुको आदेशानुसार भावी ब्रह्माले पृथ्वीमा गई मान्छे, जनावर, पक्षी, कीटपतङ्ग जे भेट्थ्यो त्यसको प्राण हरेर लान थाले । यस्तै क्रममा ख्याति प्राप्त राज मिस्त्रीको पालो आयो । ब्रह्मा उनीकहाँ गएर भने-“हिँड, आज तिम्रो पालो आएको छ ।”

मिस्त्रीले भन्यो-“आज मेरो अर्के काम छ, फुर्सद छैन, म अर्को दिन जान्छु, मेरो सट्टा अर्कोलाई लैजाऊ ।” ब्रह्माले भने-“तिमी साँच्चै आज जान्नौ ?” मिस्त्रीले भन्यो-“हो म आज जान्न पछि जान्छु ।”

मिस्त्रीको यस्तो कुरा सुनेर ब्रह्माले छिमेकीको एक जनालाई लिएर गए । त्यसै बेला मिस्त्री काठको काममा प्रयोग हुने औजारहरू बोकी एक घनघोर जङ्गलमा गयो । त्यहाँ एउटा सबभन्दा ठूलो रूख छान्यो र आफूले लिएर गएका औजारहरूबाट त्यो रूखभित्र बाउन्न कोठा, बाउन्न ढोका बनायो । साथमा चौरासी व्यञ्जनका खाना तयार पारेर राख्यो । केही समयपछि फेरि भावी ब्रह्मा

मिस्त्रीकहाँ आएर भन्न थाले-"अस्ति तिमीले फुर्सद छैन पछिबाट जान्छु भनेका थियौ, त्यसैले छाडिदिएँ तर आज तिम्रो जानेबेला आयो त्यसैले अब हिँड ।" मिस्त्रीले फेरि भन्यो-"ल हुन्छ । म अब जान्छु तर जानुभन्दा अगाडि एकपटक मैले बनाएको एउटा कलात्मक चीजमा दृष्टि दिनुहोस् अनि जाउँला ।" भावी ब्रह्मालाई पनि उसको कलाकारिता हेर्न मन लाग्यो र उसको पछि लागे । मिस्त्रीले भावी ब्रह्मालाई बाउन्न कोठा बाउन्न ढोका बनाएको रूखभित्र लिएर गयो र त्यहाँ बसालेर चौरासी व्यञ्जन अगाडि टक्रयाइदियो । त्यसपछि मलाई पिसाब लागेको छ पाँचमिनेट गएर आउँछु भनी आफू बाहिर निस्केर ताल्चा लगाई थुनिदियो ।

बाह्र वर्षसम्म संसारमा न कुनै जन्मने न कुनै मर्ने भयो । संसारमा जनसंख्या घटबढ हुने क्रम रोकियो, कुनै पनि परिवर्तन नहुने भयो । उता भावी ब्रह्मा दुब्लाएर हाडछाला मात्र भए, यस्तो अवस्थामा भगवान् विष्णु बडो चिन्तित बन्न पुगे । अनि भावी ब्रह्माको खोजीनिती गर्न थाले तर कतै पनि भेटेनन्, पत्तै पाएनन् । त्यसपछि जुनकिरी नामक किराको कम्मर पछाडि आगो बालेर खोज्न पठाए र पनि सुँइको सम्म पाइएन । त्यसै गरी राज्यका कैयौं सिपाहीहरूलाई खोज्न पठाए उनीहरूले पनि भेटेनन् । त्यसपछि गाउँ सहर, बजार, ठाउँ ठाउँमा हल्ला फिँजाए-"जस्ले भावी ब्रह्मालाई पत्ता लगाउन सक्छ यो संसारमा उसैको शासन चल्छ ।" यो कुरा सुनेर सारा पृथ्वीवासीले खोजी गरे तर कसैले पत्ता पाएनन् । विष्णु छक्क परे र आफ्ना बहिनीहरूलाई बोलाएर ल्याउन आज्ञा दिए । उनको आज्ञानुसार सात दिदी बहिनीहरूलाई बोलाएर ल्याइयो । त्यसपछि भगवान् विष्णुले सारा समस्या बताई निष्कर्षमा जेठी बहिनी भगवतीलाई कामको जिम्मेवारी दिए । त्यसपछि भगवतीले आफ्नो दाजु भगवान् विष्णुसँग, कोदो, मकै, आदिको बीउ मागिन् र त्यसलाई बारीमा खनजोत गरी उब्जाइन् अनि सुकाएर पिठो पारी जाँड बनाइन् । जाँड बनिसकेपछि त्यसमा औषधी मिसाइ रक्सी बनाउन पर्ने भएकोले भगवतीले पाँचथरिको औषधी बनाइन् । एउटा मैनाको दिसा, अर्को सुगाको दिसा, तेस्रो बाघको दिसा, चौथो सुँगुरको, पाँचौ अजिङ्गर सर्पको दिसाको औषधी बनाइ छुट्टा छुट्टै भाडाँमा राखी जाँड बनाइन् र त्यसबाट रक्सी पारिन् । त्यसपछि त्यसलाई एक, दुई, तीन, चार, पाँच गरी नम्बर लगाइन् र एउटा भट्टीजस्तै सानो पसल बनाइन् । अनेक प्रकारका खानाहरू राखी दाजु भगवान् विष्णुकहाँ गएर भनिन्-"दाजु मैले माछा, मासु, जाँड रक्सीका साथै अनेक प्रकारका खानाहरू तयार गरी एउटा सानो पसल जस्तै बनाएकी छु हजुरले सारा पृथ्वीवासीलाई खबर गरिदिनु जसलाई जे मन पर्छ, त्यसलाई त्यो खान स्वतन्त्र छ, एक पैसा पनि पर्दैन ।"

भगवान् विष्णुले यो हल्ला चारैतिर फिँजाइ दिए । भगवतीका छ बहिनी नोकर्नी बने । छ बहिनीमध्ये एउटी चाहिँ कपी कलम लिएर कोठामा बसिन् । त्यहाँ आउनेहरू जेजे बोल्छन, त्यो कापीमा टिप्ने भनेर ।

त्यसपछि त्यहाँ अनेक थरिका मान्छेहरू आउन थाले र जसलाई जे मन पर्छ त्यही विना पैसा स्वतन्त्र रूपमा खान थाले । विशेष गरी त्यहाँ मतवालीको भीड हुन थाल्यो र खाएको सुरमा विभिन्न किसिमका कुराहरू निस्के तर भावी ब्रह्माको विषयमा कसैको मुखबाट कुनै सुइँको पाइएन । अर्को दिन सारा मतवालीहरू रक्सीको स्वाद पाएर राजमिस्त्रीकहाँ पुगे र भने-"ए ! मिस्त्री विना पैसाको अनेक थरी चीजबिज खान पाउने ठाउँ छ । आज तपाइँ पनि हामीसँग हिँड्नुस् । त्यहाँ सुन्दरी केटीहरू पनि छन् ।" भनी फकाइफुल्याइ लिएर गए । त्यहाँ पुगेपछि एक नम्बरमा मैनाको दिसाबाट बनाइएको औषधी हालेर पारेको रक्सी खुवाइयो । त्यो खाएर प्यारो बोली बोल्न थाल्यो । त्यसपछि दुई नम्बरको सुगाको दिसाको रक्सी खायो त्यो खाएर जिब्रो लटपाटयो, तीन नम्बरको रक्सी बाघको दिसाको खायो त्यो खाएर बाघजस्तै गर्जन थाल्यो र भन्न लाग्यो-"जीवनमा तिमीहरूले के गरेका छौ र ? जे गर्नु मैले गरेको छु । भावी ब्रह्मालाई यस्तोसँग थुनेर राखेको छु जो बाहिर निस्कन सकेको छैन । आज बाह्र वर्ष भैसक्यो संसारमा न कोही मरेको छ न कोही जन्मेको छ ।"

यो सुन्नेबित्तिकै भगवतीले मिस्त्रीलाई कोठाभित्र लगी रक्सी थप्दै कुरा धुत्न लागिन् । रक्सी खाएको तालमा मिस्त्रीले सारा कुरा ओकले । घनघोर जङ्गलको बीचमा एउटा ठूलो रूखभित्र बाउन्न कोठा बाउन्न ढोकाभित्र भावी ब्रह्मालाई थुनेर राखेको कुरा पनि बतायो, त्यो रात यत्तिकै बित्यो । भोलिपल्ट बिहान भगवतीले मिस्त्रीलाई बोलाउन पठाइन् र त्यो मिस्त्री आयो । भगवतीले मिस्त्रीलाई त्यो ठाउँमा सुटुक्क लैजान आग्रह गरिन् र मिस्त्रीले भगवतीका सात दिदीबहिनीलाई साथमा लिएर जङ्गलमा गई त्यो रूख देखाइ दियो । भगवतीले त्यो रूख चिन्नको लागि एउटा पात टिपिन् र सातबहिनीसमेत घर फर्किन् ।

तत्पश्चात् भगवतीले भगवान् विष्णुकहाँ गएर सारा वृतान्त बताइन् र भगवान् विष्णुलाई लिएर जङ्गलमा गइन् तर उनले त्यो रूख चिन्न सकिनन् र ठाउँ पत्ता लगाउन सकिनन् । फेरि आफ्नो शक्तिद्वारा सात रात सात दिन पानी वर्षाइन् । बिजुली चम्काउँदै त्यो रूख खोज्न थालिन् । अचानक बेस्सरी गड्याङगुडुङ् गर्दै बिजुली चम्क्यो त्यो बिजुलीको चमकले त्यो रूख पत्ता लगाउन सफल भइन् र त्यही समयमा बन्चरोले रूखको बीचमा हानेर दुई फ्याक्ल्याटा पारी भावी ब्रह्मालाई निकालिन् । भावी ब्रह्मा दुब्लाएर हाड र छालामात्र भएको भेटियो, त्यसैले घर ल्याएर पोसिलो खाना खुवाइ हट्टकट्टा बनाइयो र भगवान् विष्णुले अबदेखि अदृश्य रूपमा

पृथ्वीवासीलाई ल्याउने वरदान दिए । सामान्य रूपमा देखिने गरी हिँड्दा सबैले देख्ने, चिन्ने भएकोले दुःख पाइने भएकोले यसैबेलादेखि पृथ्वीवासीको मृत्यु हावाको रूपमा आउन थाल्यो । यो प्रक्रिया हालसम्म निरन्तर रूपमा चल्दै आएको छ ।

**कथासन्देश**

सत्ययुगमा मृत्यु देखिने गरी हिँड्ने भएकोले दुःख पाएको प्रसङ्ग छ । कुनै पनि काम गर्दा बडो बुद्धिमानीपूर्वक गर्नुपर्ने हुन्छ । सोच विचार नगरी अन्धाधुन्ध तरीकाले काम गर्दा दुःख पाइने कुरा यस कथाबाट स्पष्ट हुन्छ । साथै मादक पदार्थ सेवनद्वारा आन्तरिक कुराहरू पनि बुझ्न सकिने रहेछ । प्रकृतिको नियमलाई कसैले पनि तोड्ने कोसिस गर्नु हुँदैन भन्ने सन्देश यस कथामा रहेको छ । जन्म र मृत्यु प्रकृतिको नियम हो । यसलाई कसैले पनि तोड्न सक्दैन । प्रकृतिको नियम विपरीत कुनै पनि काम गर्न खोजेमा पनि सफल हुन सकिँदैन भन्ने सन्देश पनि यहाँ रहेको छ । विषयका आधारमा यो कथा सांस्कृतिक विषयवस्तुमा आधारित अतिरञ्जनात्मक कथा हो । यस कथामा भावी ब्रह्मालाई थुनेर राखेको प्रसङ्ग छ । जन्ममृत्यु प्रकृतिको नियम हो, त्यसलाई तोड्न खोज्दा प्राकृतिक नियममा धक्का लाग्न सक्ने सङ्केत गरिएको छ । घटनाधिक्यले गर्दा कथालाई घटनाप्रधान पनि भन्न सकिन्छ ।

## ४.४.३ एकतोला रानीक काथा (एकतोला रानीको कथा)

एक सहरमा, धुरधनी राजा रहली । रजवाक एगुठा बेटा रहली उअ बेटवाक भर्खे बियाह कर देलेरहली । यापन राजपाट बेटवा पुतहीयाके सपदेली हसे हुनकही राजारानी भेली । दुलहीया ( रनीया) एक दिन घरखर्चक लागि धान पसरली । धानवा पसारके रनीया भितर बैठके झोरखावा से हेरइ रहली । तौने समयमा एगुठा बचाइली गेउरी यैली उअ गेउँरीया लगली धनवा खाए, धनवा खाइ-खाइकी यापन छोकनीयानीके फेनी यहरावे लगली । धानवा खाइ-खाइकी गेउँरीया वहवही मरली । गेवरावा यसकरे परली हसे गेवँरावक जियान भेली सबदिन बचरूवाके यहरावके स्याहार सुसार करके ओकर एलसी लगइ उहियासे गेवरावा दोसर जनी यनली । सौतिनी महतारी एक दिन दुई दिन डहुलसे दायामाया करइ पाछा-पाछासे कल्पावे लगली । यी सब देखके रनीयाक हैनो डहुल लगली मनवामा गुनान लगली हसे खटवाटी पटवाटी लेके सुतली । साँझ रजवा शिकार खेलाके यैली हसे रनीयाक हालत देखके पुछली-“कल्की से रानी साहेब तोर कथि भेलउ ? जे देखले बाणे, जे सुनले बाणे कह ।” रनीया कहली-“पहिन तुइ बाचा बान्ह विना बाचा बान्हले न पानी पियबसु न अन्न खेबसु ।” रजवा कहली-“एक वाच दु वाच ब्रह्म बाच खरपात सऱ्याए मोर बाचा न सऱ्याए शिलपत्थर टगे मोर बाचा नटगे लो मुइ बाचा बन्हलसु कह यवे ।” रनीया कहली-“घरी सन्जोगमा

मोर धियापुता हतउ, मुइ मरबसु जउ तुइ दोसर जनी भिन यनिहे ।" यसने दिन खैते पियते बितले गेली, गरभयसरा भेली हसे एक मास दुई मास करते दश मास पुगली । जरमली एगुठा बेटा । लहुलुह विरूवाक लुहुलुह पात बेटवा बढले गेली ।

यसने एकदिन दिनदासा विगडली रनीया मरली । रजवा यसकरे परली इचिका दिन डहुलसे छोकनीयाके हेरेठोरे लगली बहुत दिनसम्म उहो करे हैनो सकइ हसे प्रजा सभ फेनी विन रानीक राज्य हैनो सुहावन लगइ रानी यानके दबाव करे लगली । रजवाक मनवामा फेनी बियाह करके मन लगली हसे दोसरे बियाह करली । दोसरी रनिया व्यवहारसे सौतिनियाक बेटवाके खुब माया करइकी देखोइ । रजवा सबदिन शिकार जाइ साँझ यन्हार हखले पर घर यवइ यते बेटवा बढले गेली, पढाइ करे लगली, जवान भेली । सौतेनी महतरीया बपवासे ढिला यवइ सबदिन यसने करइ बेटवा ख्याल करे लगली दाओ कहवा जेसिअ बाबा यसिय फेनी दाओ हैनो यैलही रह यवे चिउवा लागे परलउ कहके चिउवा लगली । उअ दिनवा पढे हैनो गेली महतरियासे यागा-यागा जाके लजिकेक पिपरावाक गछवामा चढली । यघरी रहके महतरीया यैली उहे पिपरावक गछवाक लघिना पिपरावके चारीवरी तीन पल्टा घुमके दुनु हाथ जोडके कहे लगली-"कल्की से दुधाशङ्खर पिपर एके याडमा मोरके इनरासन पुगादे, नाही सकवे पुगावे मुइ नाही मनबसु ।" डार धरली फनफन-फनफन उडियाइकी पिपर इनरासन पुगली । इनरासनमा ओकर एगुठा बेटा रहली उहे बेटवाक बियाह हली

इनरासनमा पुगके महतरीया इनरासनक बेटवाक बियाहक तयारीमा जुटली यते मृत्युभुवनक बेटवा गछवामा रहले हली हसे गछवासे उअ नभली । इनरासनक बेटवा उतुरक हैनो देगसार हली मृत्यु भुवनक बेटवा वहवही यतेओते घुमइ हली वहवाक मनसावाह ओकरके देखके तीन छक परली । कहे लगली-"हा हा रे कसनक यसनक देगसार छवण जेन दुलहावा देगसार त यीअ देगसार यकरहीके दुलहा बनावे परलऊ ।" कहके चप्प धेने धरके श्रृङ्गारक कोठामा लिगली । वहवा कछावे लगली महतरीया देखली हसे चिन्हइकी नहिया लगलइ मनेमने कहे लगली-"यिअ मोर सौतेनी बेटवाक मुठान देखइ बणही तैयोपर कुनहु हखो यगर यिअ मोर सौतेनी बेटवा हबिअ जउ मुइ चिन्हबे करबही ।" कहके कनवाक जरीयामा करीया टिका लगाइदेली । धुमधामसे बियाह भेली मछरीक पुछीमा यागी लगोली भेलइ बर्ना बियाह । राति दुलहा दुलही एगुठे कोठामा सुते गेली तौने समयमा दुलहीया दुलहावाके पुछली-"तुइ कथि खेबही कह मुइ यान देवसु ।" दुलहावा कहली-"मोरके किहो नाही लड्डु, पेडा, मिठाइ मतुरे यान ।" दुलहीया भफाइकी मिठाइ यानके दुलहावाके देसिय हसे दुलहावा पानी लेवके पठोसिय दुलहीया पानी लेवे जेसिय हसे उहे बखत दुलहावा धर्तीमाताके पुकरसिअ हसे धर्तीमाता प्रकट हसिय उअ खाना धर्तीमाताके जिम्मा लगाइ देसिअ हसे कहसिअ-"कल्की से धर्तीमाता मुइ याजु यिअ तोरके जिम्मा लगोइ बणसु कुनहु दिनमा मोर चाहिँ

हतउ जउँ मडबसु तुइ मोरके जसनक माल वसने दिहे ।" दुलहिया पानी लेले यैली हसे दुलहियाके कहली-"घरीक माहा कुनहु दिन मुइ कहवाहु जेबसु हसे बहुत दिनक वादमा कुनहु तोरके लेवे यतउ जउ तुइ ओकरसे पुछिहे कि विहावा करली रतीया मुइ कथि खियोलसु ? कहके ।" लो कहली हसे ओकर घर जायके समय यैली । महतरीयासे यागा पिपरावाक गछवामा चढली । एघरी रहके महतरीया यैली पिपरावके कहे लगली-"कल्की से दुधाशङ्खर पिपर एके याडमा मोरके मृतुभुवनमा नाही पुगावे सकबे मुइ नाही मानबसु डार धरली उडियाइकी पिपर मृत्युभुवनमा पुगली ।"

वहवा बेटवा यागा-यागा जाके कोठवामा सुतली । बेटवा इनरासनका चिन्हा छाटी मेटोले हली टङणीयाक जुतवा निकणावके बिसारोले हली, महतरीया बेटवा घरवामा बणीअ की हैनो कहके हेरे गेली, बेटवाके सुतल देखली मनवामा सन्तोष भेली कि यिअ इनरासन हैनो गेल हलिअ कहके हसे हेरओरके भगइकखुनी देखली जुतवा उअ टङणीया झापके बिसरोले हसिअ हसे उहे जुतवाक कारण चिन्हसीअ । बेहना बेटवाके खोरावके तहीया पानी धिकोली हसे बेटवाके बलाके खोरावके तहीया तयार भेली सुरूमा मुणीया खोरोइ हली तखनही एगुठा बेलक काट मुणीयामा खोसदेली । उअ कटवा मुणीयामा खोसतेकेनमान सुगा भेली । सुगवाके मारके तहीया हसुवा निकणोली सुगवा तखनही भर्र धेने उडियैली । उडियाइ-उडियाइकी सुगवा एकतोला रानीक वागवानमा पेसली ।

एकतोला रानी सबदिन यपनके फुलासे जोखइ रहली । ओकर बिचारमा हली एगुठा बात कि जब सम्म फूलवासे जोखते जोखते तौल घटबढ नाही हतइ तबसम्म बियाह नाही करवही कहके । जब सुगवा ओकर वागवानमा पेसली ओकर वागवानक फूला मलिन भेली । उअ देखली हसे यापन चेरीलवणीके कहली-"जाहत री चेरीलवणी बागबगिचा हेरे कतउ याजु मलिन बडइ ? कुन यहवा याइल बडइ ?" चेरीलवणी हेरे गेली नैखो किहो देखली । एकतोला रानी यपनही हेरे गेली । हेरे जाइकीमाहा छाटी चराचुरूङ्गी भगली एगुठे सुगवा मतुरे हली । सुगवा यपनही उडियाके एकतोला रानीक कान्हवामा परलीअ उअ सुगवा एकतोला रानीक खुब डहुल लगलइ हसे पालके तहीया यपने साङे लिगली । एकदिन ओकर सुगवाके खोरावके मन लगलइ हसे खोरावे लगलीअ । खोरोइकी माहा पहिना मुणीया खोरोइ हली बेलवाक काँटवा पौली उअ काँटवा हिकदेली । उअ काँटवा हिकतेकेनमान सुगवा मनसे भेली । एकतोला रानी ओकरहीसे बियाह करके फैसला करली । यापन बाबा दाओके कहली-"मोर तौल यखनी यकरके भेटले पर तरओपर भेलउ उहियासे मुइ यकरहीसे बियाह करबसु मोर बियाह यकरहीसे कर दे ।" सिधरीक पुछीमा यागी लगोली भेली वर्ना बियाह । बेटी दमाद सङही रहे लगली ।

इचिका दिन बितली ओकर ससुरारीमा हैनो रहके मन लगली । यापन दुलहीयासे साँझ सल्लाह करली-"कतेक दिन ससुरारीमा रहके, यबे यापन घर चल, यापन बाबा दाओसे बिदा माङ

लज्जिटावन एक दमाद ससुरारीमा रहतइ ? बरू दैजही उड्ना खटोला मङसी ।" बेहान भेली विदा मङली । हसे उड्ना खटोला, भालतरवार मङली सनेस पहुरा कसली चला गेली । उअ यापन घर कसके जेबिय ओहवा ओकर वैरी रहइ उहियासे सुरूमा इनरासनक जनियावक लघिना जायके विचार करली हसे वहवही गेली । इनरासनमा ओकरके लेवके तहीया एकसेक मरदाना यवइ हली । उअ जुन-जुन यवइ छाटी जनके एगुठे प्रश्न पुछइ रहली-"की बियाह करली रतीया कथि खियोलसु कहके ?" बाँकी कुनहु हैनो सही उत्तर देवे सकइ हली सबजनाके जेलमा थुनले गेली । जब यपने खसकी मरदावा गेलीय त ओकरके फेनी यिहे प्रश्न पुछली तब जाके यिअ धर्तीमाताके पुकरली हसे कहली-"हे धर्तीमाता फाट तुइ मोर खाना पियाना दे निकणाइ, तोरके मुइ जसने जिम्मा लगोले हलसु ओसने निकणाउ ।" धर्तीमाता फटली, भफाइकी मिठाइ निकणाइ देली हसे उहे देखाके कहली ?-"हेर तुइ मोरके बियाह करली रतिया यिहे न खियोलही ?" बल्ल जनियावा खुशी भेली ओकरके लेले उड्न खटोलमा चढली, जेलमा पर्ली सब राजा महाराजाके छाडदेली, चलायैली पृथ्वीमा ।

पृथ्वीमा यवइकी माहा उहे गाँउक एगुठी छौडीया भ्फाडा फिरे याइली हलही उहे छौडीया देखसिअ तीन पल्टा गणमुणिया खेलैली, तीन कपटा माटी कपटली दगुरइकी रजवाक लघिना पुगली । राजसभामा जाके रजवासे कहे लगली-"कल्की से राजासाहेब बकस पौतही चरन एक बोलतही ।" रजवा कहली-"कह कथि कहे याइली बाणे ? तोरके बकस देबसु ।" उअ छौडीया कहे लगली-"कल्की से राजासाहेब उड्ना खटोलमा एगुठा छवण दुई गो नारी गहनी देगसार याइल बडइ चल ता हेरे ।"-"रजवा हेरे गेली हसे चिन्हसिय यपने बेटा । बेटवाके कहसिअ-"बबुवा रे तुइ कहवा गेल हले ? मुइ तोर खोजी गहनी करलसु हैनो पौलसु हार मानके बैठल हलसु याइल बाणे जउ चल घर यबे तुइ राजकाज सम्हरिहे ।" बेटवा कहली-"बाबा रे दाओ बडिहे जवण डाइनी उअ मोरके मारे खोजइ हलिहे बाकी मोर भगिया बरियार भेलउ त जियलसु । जबसम्म उअ घरवामा हविहे तबसम्म मुइ घर नाही जेबसु ।" सुरूवातीसे ओराटी सम्मक कहानी छाटी सुनाइ देली । रजवाक मनवामा पश्चताप भेली-"हैत यिय जनियावा मोर बेटवाके मारे खोजइ ना, मोर पहिनक जनियावा हलिअ कहले त भ्फिन दोसर बियाह करिहे कहके, व्यर्थे दोसर बियाह करलसु, मैघा महतारी दालभात तरकारी कबहे सौतिनिक छोकना पर माया हतइ ? लोरे बबुवा ओकरके मुइ घरसे बाहर करदेवसु ।" कहके घरवामा गेली ओकरके भ्फोटमुण काटके बेल बान्हके घरसे खेददेली हसे बेटा पुतहु भितरोली राजपाट जिम्मा लगोली हुनकही राजारानी भेली ।

## नेपाली अनुवाद

एकादेशमा एक महा धनी राजा थिए । ती राजाको एक जवान छोरा थियो । त्यसैले केही समय पश्चात् उसको विवाह पनि गरिदिए र राज्यको सम्पूर्ण कार्यभार छोराबुहारीलाई सुम्पेर आफू अवकाश लिए । त्यसपछि छोराबुहारी नै राजारानी भई राज्य सञ्चालन गर्न थाले । यस्तै क्रममा एक दिन उनीहरूले आँगनमा धान सुकाइरहेका थिए । त्यहाँ एकजोडी भँगेरा र भँगेरी बचेरासहित धान खान आए । भँगेरीले आफू खाँदा-खाँदै बचेरालाई पनि खुवाउन थाली तर अचानक उसको मृत्यु भयो र भँगेरा एक्लै पऱ्यो । बचेरालाई स्याहारसुसार गर्न गाह्रो हुने भएर अर्को भँगेरी ल्यायो । सुरूमा भँगेरी राम्रोसँग स्याहार गरे पनि पछि टोकस्न थाली । यो दृश्य रानीले हेरिरहेकी थिइन् । त्यसैले रानीको मनमा चोट पुग्न गई चिन्तित हुन पुगिन् । त्यसपछि कोठामा गएर रुन थालिन् । साँझ राजा शिकारबाट फर्केर आए र रानी रुनुको कारण सोधे । रानीले राजालाई भनिन्- "पहिले बाचा गर्नुस् । मैले जे भन्छु त्यो मान्छु भनेर ।"

राजाले पनि वाचा गरे । त्यसपछि रानीले भँगेराको सारा कहानी बताइन् साथै केही गरी आफू चाँडै मरेमा अर्को विवाह नगर्नू भनेर पनि भनिन् । राजाले पनि अर्को विवाह नगर्ने आश्वासन दिए । यसरी नै दिनहरू बित्दै गए । केही समयपश्चात् रानी गर्भवती भइन् । एक महिना, दुई महिना गर्दै दस महिना बित्यो र रानीको कोखबाट एक राजकुमारको जन्म भयो । त्यहाँ हर्षोल्लासको वातावरण सिर्जना भयो र रमाइलोसँग दिनहरू बिताउन थाले । एक दिन दिनदशा बिग्रेर रानीको देहान्त भयो । राजकुमारको स्याहारसुसार गर्नका लागि राजा एक्लै परे । केही समय त उनले स्याहार गरे तर पछि उनलाई गाह्रो भएर अर्की रानी विवाह गरेर ल्याए । सुरूसुरूमा राम्रो व्यवहार, मायाममता दिए पनि केहीसमयपछि सौतेनी व्यवहार देखाउन थालिन् । राजा सधैँ शिकार खेल्न जाने भएर घरतिर त्यति ध्यान दिन सकेनन् । राजकुमार बिस्तारै हुर्कदै, बढ्दै जान थाल्यो र स्कुल जाने उमेरको भयो अनि पढ्न जान थाल्यो । स्कुलबाट घर फर्कदा सौतेनी आमालाई उनले भेट्दैनथ्यो । सधैँ बाहिर जाने गर्थिन् र बेलुका अबेला घर आउँथिन् । बुवा (राजा) शिकारबाट फर्केर घर पुग्दा सम्म पनि उनी आइपुगेकी हुन्थिनन् । यो देखेर राजकुमारलाई मन परेन र एक दिन चियो गर्न थाल्यो । स्कुल नगई घरभन्दा अलि पर पीपलको बोटमाथि चढेर सौतेनी आमाको क्रियाकलापमाथि दृष्टिपात गरे । केही बेरपछि सौतेनी आमा पनि राजकुमार चढेको पीपलको बोटमुनि आई तीनपटक घुमेर दुई हात जोडी भन्न थालिन्-"हे शिवशङ्खर पीपल भगवान् तुरून्त पाताल पुऱ्याइदिनुहोस् अन्यथा राम्रो हुने छैन ।" त्यसपछि उनले पीपलको एउटा हाँगा समातिन् र बोट फरर उड्दै पाताल पुग्यो ।

पातालमा पनि उनको एउटा छोरा रहेछ, त्यहाँ उसको विवाह हुन लागेको रहेछ त्यसैले उनी गएकी रहिछिन् । त्यसपछि उनी छोराको विवाहको तयारीमा लागिन् र त्यही मौका छोपी राजकुमार पीपलको बोटबाट झरेर यताउता घुम्न थाले । ऊ पातालवासीको तुलनामा असाध्यै सुन्दर देखिने भएकोले उनीहरूले उसलाई च्याप्प समातेर शृङ्गार कोठामा लगी शृङ्गार गर्न थाले । यसै अवस्थामा सौतेनी आमा त्यहाँ आइपुगिन्, झ्वाट्ट हेर्दा सुरूमा चिनेजस्तो लागे पनि शृङ्गारले गर्दा पातालवासी र पृथ्वीवासी छोरा छुट्याउन अप्ठ्यारो भयो र जोसुकै होस् भनी छाडिदिइन् । अझ पनि उनको शङ्का हटिसकेको थिएन, त्यसैले आफू स्पष्ट हुन दुलहाको कानपछाडि कालो टीका लगाई चिनो बनाइन् ।

त्यसपछि बडो धुमधामसँग विवाह सम्पन्न भयो । राति दुलहा दुलहीलाई एउटै कोठामा सुत्नको लागि राखियो त्यहीबेला दुलहीले दुलहालाई सोधिन्-"के खानुहुन्छ ? म ल्याइ दिन्छु ।" दुलहाले भने-"मलाई लड्डु, पेडा, मिठाइ ल्याएर खुवाऊ ।" त्यसपछि दुलहीले तात्तातो लड्डु, पेडा, मिठाइ प्लेटमा ल्याई दुलहाको अगाडि टक्र्याइन् र पानी लिन भनी बाहिर गइन् । त्यसैबेला दुलहाले धर्तीमातालाई पुकार्छन् र धर्तीमाता पनि प्रकट हुन्छिन् र आफ्नो अगाडि रहेको तात्तातो मिठाइको प्लेट धर्तीमातालाई जिम्मा लगाउँदै भन्छन्-"हे धर्तीमाता आज मैले यो मिठाइ जसरी तात्तातो जिम्मा लगाइरहेछु त्यसरी नै कुनै दिन मलाई आवश्यक परेको बेलामा तात्तातो मिठाइ फिर्ता दिनुपर्छ ।" त्यसपछि धर्तीमाता विलीन हुन्छिन् र पानी लिएर दुहली कोठामा आइपुग्छिन् । त्यतिबेलासम्म तात्तातो मिठाइको प्लेट नदेखेर सोध्छिन्-"मिठाइहरू कहाँ गए त ?" दुलहाले जवाफ दिन्छन्-"मैले खाइसकेँ ।" फेरि दुलहाले भन्छन्-"ए दुलही ! यदि कुनै कारणवश म केही समय टाढा भएँ भने त्यस्तो अवस्थामा कोही तिमीलाई म तिम्रो श्रीमान् हुँ, हिँड मसँग भन्यो भने तिमीले भन्नु कि विवाहको पहिलो रातमा मैले दुलहालाई के खुवाएँ ?" भनेर । यदि यस प्रश्नको जवाफ कसैले दिन्छ भने बल्ल उससँग जानू ।" दुलहीले हुन्छ भनिन् । त्यसपछि राजकुमारको घर जाने समय हुन्छ र सौतेनी आमाभन्दा अगाडि ऊ पीपलको रूखमा गएर लुकेर चढ्यो । एकछिन पछि उसकी सौतेनी आमा आइन् र पीपलको बोटलाई भनिन्-"हे पीपल भगवान् ! तुरून्त मलाई मृत्युभुवनमा पुऱ्याइदिनुहोस् अन्यथा राम्रो हुनेछैन ।" त्यसपछि उनले पीपलको एउटा हाँगा समातिन् र पीपलको बोट फर्रर उड्दै मृत्युभुवनमा पुग्यो । त्यहाँ पुगेपछि राजकुमार सौतेनी आमाभन्दा अगाडि नै छिटोछिटो कोठामा गई कपडा ओढेर सुते । सुत्नुभन्दा अगाडि पातालमा बस्दा उनले शरीरका सारा चिन्ह मेटायो तर खुट्टाको जुत्ता भने निकाल्न बिर्स्यो । एकछिनपछि सौतेनी आमा छोरा कोठामा छ कि छैन भनी हेर्न गइन् । त्यहाँ छोरालाई मस्तसँग सुतेको देखिन् र

पातालमा यो गएको होइन रहेछ भनी सन्तुष्ट पनि भइन् । कोठाबाट फर्केर जान लाग्दा उनको आँखा खुट्टाको जुत्तामा पर्छ र चिन्छिन् । यो रात यतिकै छाडिदिन्छिन् ।

भोलिपल्ट बिहान पानी तताइन् र छोरालाई बोलाएर नुहाउन थालिन् त्यसैबेला छोराको टाउकोमा एउटा बेलको काँडा घुसारीदिइन् । त्यो काँडा घुसार्नेबित्तिकै ऊ सुगा बन्यो । अब सुगालाई काट्न पर्‍यो भनी चक्कु निकालेर यसो हात उचालेकी मात्र के थिइन्, त्यही बेला सुगारूपी राजकुमार भुर्र उडेर गयो । उड्दा-उड्दै एउटा सुन्दर बगैंचामा पुग्यो । त्यो बगैँचा- "एकतोला" नामक रानीको रहेछ ।

एकतोला रानी सधैं आफ्नो बगैँचाको फूलसँग आफूलाई जोख्ने गर्थिन् । जब सुगा त्यो बगैंचामा प्रवेश गर्‍यो तब त्यहाँका सारा फक्रिएका फूलहरू ओइलिन पुगे । यस्तो देखेर रानीलाई अचम्म लाग्यो । कहिल्यै पनि त्यस्तो नहुने, अहिले कहाँ के भयो ? भनी आफ्ना सुसारेहरूलाई बगैँचामा चारैतिर हेर्न अह्राइन् । बगैँचामा भएका सारा चराचुरूङ्गी उडेर भागे तर त्यो सुगा भागेन र पनि कसैले त्यसलाई देखेन । बगैँचाको चमक (सौन्दर्य) अझ पनि नआएको देखेर रानी आफैँ हेर्न गइन् सुगाचाहिँ विस्तारै आफैँ रानीको नजिक आयो । रानीलाई त्यो सुगा असाध्यै मन पर्‍यो र आफूसँगै घर लगिन् । एकदिन नुहाउन पर्‍यो भनी नुहाइदिइन् । नुहाउँदा सुगाको टाउकोमा काँडा भेटिन् र झिकिदिइन् । त्यो काँडा झिक्ने बित्तिकै सुगा त एक भर्खरको लक्का जवान, सुन्दर युवकको रूपमा उभियो । यस्तो देखेर रानीले उसैसँग विवाह गर्ने, निर्णय गरिन् र विवाह पनि बडो धुमधामका साथ सम्पन्न भयो । विवाह भएको केही समयपश्चात् उसलाई ससुरालीमा सधैँभरि बस्न मन लागेन । त्यसैले साँझ परेपछि उसले आफ्नी श्रीमतीसँग सल्लाह गर्‍यो र भन्यो-"अब म ससुरालीमा बस्न चाहन्न, म पनि अर्को देशको राजकुमार हुँ । त्यसैले अब आफ्नो घर फर्कनु पर्छ र तिमीले पनि यो कुरा आफ्नो बा-आमासँग गर्नु र दाइजोको नाममा एउटा उड्ने घोडाबाहेक अरू केही पनि नमाग्नू ।"

यो सुनेर भोलिपल्ट बिहान रानीले आफ्नो बुबाआमासँग यही कुरा गरिन् र उनका बाआमा पनि मञ्जुर भए । त्यसपछि श्रीमान् श्रीमती त्यहाँबाट उड्ने घोडामा चढेर आफ्नो घरतिर प्रस्थान गरे । घरमा राजकुमारको शत्रु सौतेनी आमा बस्ने भएकीले सर्वप्रथम पातालवासी श्रीमतीलाई भेट्न जान पर्‍यो भनी उतै गयो । त्यहाँ उसकी श्रीमतीलाई कैयौ राजामहराजाहरू-"म तिम्रो श्रीमान् हुँ " भनेर लिन आउँदा रहेछन् तर उनले भने सबैलाई एउटै प्रश्न गर्ने गर्थिन् कि-"विहे भएको रातमा के खान दिएँ ?" भनेर । कसैले पनि यसको जवाफ दिन सकेको थिएन र त्यस्ता ढाँट्ने, छल्ने राजामहाराजाहरूलाई थुनेर राख्ने गर्दथिन् । यस्तै क्रममा राजकुमार पनि त्यहाँ पुग्यो । उसलाई पनि यही प्रश्न गरिन्-"मैले बिहे भएको रातमा के खान दिएकी थिएँ ?" राजकुमार उनको

आफ्नो श्रीमान् भएको नाताले सबै कुरा थाहा थियो, त्यसैले धर्तीमातालाई पुकार गरेर भन्यो-“हे धर्तीमाता मैले तपाईंलाई तात्तातो मिठाइको प्लेट जस्तो राख्न दिएको थिएँ त्यस्तै फिर्ता गरिदिनुस् ।” यो सुनेर धर्तीमाता प्रकट भइन् र तात्तातो मिठाइ भएको प्लेट निकालेर राजकुमारलाई दिइन् । राजकुमारले तात्तातो मिठाइको प्लेट देखाउँदै भन्यो-“हेर ! तिमीले मलाई पहिलो रातमा यही खुवाएकी होइन ?”

यो देखेर उनले भनिन्-“हो मैले यही नै खुवाएकी थिएँ ।” त्यसपछि बिछोडिएका श्रीमान् श्रीमतीबीच मिलन हुन्छ र उनलाई पनि उड्ने घोडामा चढाई साथमा पृथ्वीलोकमा लिएर आयो । एक सुन्दर युवक जस्का दायाँ र बायाँ दुईतिर सुन्दर युवतीहरू बसेका र उड्ने घोडामा उड्दै राज्यतिर आइरहेको दृश्य त्यहाँको एउटी केटीले खेततिर गएको बेला देखिन् । यो देखेर लडीबुडी गर्दै दौडेर राजाकहाँ पुगेर आफूले देखेको सारा कुराहरू बताइन् । राजा त्यो कुरा सुनेर बाहिर निस्केर हेरे सुरूमा नचिने पनि राम्रोसँग हेर्दा ती सुन्दर युवक आफ्नै छोरो रहेको स्पष्ट हुन्छ । त्यसपछि छोरालाई दरबारभित्र हिँड्न भन्छन् तर राजकुमार मान्दैन । राजदरबारमा नजाने कारण सोध्दा उसले आफ्नी सौतेनी आमाको सारा कर्तुतको बारेमा भनिदियो । सौतेनी आमा बोक्सी भएको र आफूलाई मार्न खोज्नुका साथै उनी त्यहाँ रहुन्जेल दरबार नपस्ने कुरासमेत राजासामु भन्यो । त्यसपछि राजाले आफ्नी पहिली पत्नीको कुरा सम्झे र रानीले भनेको कुरा नमानी अर्को विवाह गरेकोमा पछुतो माने अनि त्यस रानीलाई घरबाट बेइज्जत गरेर निकालिदिए र छोरा बुहारी भित्र्याई राज्य उनीहरूलाई सुम्पेर आफूले राज्यकार्यबाट अवकाश लिए । त्यस दिनदेखि छोराबुहारी राजारानी भई आनन्दले जीवन बिताउन थाले ।

**कथासन्देश**

यो सामाजिक विषयवस्तुमा आधारित सन्देशप्रधान कथा हो । यसले कुनै पनि व्यक्तिले सोचविचारका साथ निर्णय लिनुपर्ने सन्देश प्रवाह गरेको छ । विवेक नपुऱ्याइकन काम गर्ने राजाले आफ्नै सन्तानबाट टाढिनु परेको प्रसङ्ग देखाएर कथाले सामाजिक मूल्य, मान्यताका रक्षक स्वयम् अनिर्णयको बन्दी बन्दा समाजमा अप्ठ्यारो आउने सङ्केत यसले गरेको छ । कथा संयोगान्तमा टुङ्गिएर आदर्श शिक्षा समेत प्रवाह गरेकाले यो आदर्शवादी कथा पनि हो ।

## ४.४.४ गोह्नमीक काथा (गुर्मीको कथा)

एगुठा गाउँ रहली । उहे गाउँवामा छेरचह्नुवा बुढबुढी रहली । छेरचह्नुवा बुढवा बुढियाक छोकना छोकनी एगुठो हैनो हली । एकदिन बुढवा तिउना खोजे गेली तिउना खोजे जाइकीमाहा पैडावामा एगुठा गोह्नमीक झाङ देखली झाङवामा दुई गो मतुरे गोह्नमी हली । एगुठी गोह्नमीया खुब माजा दोसरी गोह्नमीयाक एगुठी कलहरवा इचिका मिचिका पचकल नहीया हली । उअ दुनु

गोह्मीयाके बुढिया तिउना निझके तहीया टेकरोले हली तखनही बुढियाक मनवा कहली -"यीअ गोह्मीयाके जेन तिउना खेबही पकाके खाए परलिहे ।" कहके घैलावामा भणोली । उअ गोह्मीया सबदिन राति-राति निकणके घर यङना बहरइ सोहरइ हसे भाततिउना निझनाझके ठिकठाक पारके फेनी घैलावामा जाके रहइ । सबदिन यसने हखइ एकदिन बुढवा बुढिया चिउवा लगली चिउवा लगइकीमाहा देखली दुगो बाठीन देगसार-देगसार नङ्हटे । बुढिया बोर्सी भरके ओकरहीमा ग्रोह्मीयाक चोखलावा घालदेली । दुनु छौडिया यसने घर याङन बहारसोहारके भाततिउना निझसकके बेहान हखे-हखे जुनवा गोह्मीयाक चोखलावा भित्तर जायके तहीया खोजइ हली हैनो पौली हसे कोनहरवामा दबकली । छेरचह्नुवा बुढवा बुढिया लुगा यानके पेहरके देली हसे यापन बेटी बनाके यपने साङे रहोली ।

यसने दिन बितले गेली एकदिन धान पसरली हसे चरइचुरूङी खेदके तहिया बहरासे डोरिहा टाङ देले हली दुनु छौडीया भितर झोरखावासे धानवा ओगरइ रहली । तौने समयमा रजवाक बेटवा शिकार खोलाए निकणल हली । हसे रजवाक बेटवाक घोडवा छुटली गेली उहे धनवामा । झोरखावासे दुनु छौडीया घोडवाके खेदे लगली हा-हा कहके घोडवा हैनो भगइ रजवाक बेटवा घोडवा खोजे यवइ हली । घोडवाके झोरखावासे खेदइकीमाहा हैनो भगइ कहके छुटकी बहिनीया बहरा निकणके घोडवा खेदे लगली । घोडवा खेदके हलहली भितरैली तौने समयमा रजवाक बेटवा उअ छौडीयाके देखली । घरवामा जाके खटवाटी पटवाटी लेके सुतली हसे रजवा कहे लगली- "बबुवारे कतउ तुइ खटवाटी पटवाटी लेके सुतल बाणे ? जे देखले बाणे जे सुनले बाणे कह ।" बेटवा कहे लगली-"पहिन बाचा बान्ह तब जाके कहबसु हसे भातपानी खेबसु नत न अन्न खेबसु न पानी पियबसु ।" रजवा बाचा बन्हली-"एक बाच दुई बाच ब्रह्मबाच खरपात सऱ्याए मोर बाचा न सऱ्याए, शिलपत्थर टगे मोर बाच न टगे लोरे बबुवा यिअ मोर बाचा भेलउ कह ।" बेटवा कहली- "बाबा रे छेरचरह्नुवा बुढवाक घरवामा बडउ छौडी उअ छौडीयासे मुइ बियाह करबसु ओकरसे मुइ बियाह करे पउबसु जौ भात पानी खेबसु नत सब तेजबसु ।" रजवा कचहेरी बेठावके तहिया सर सिपाहीके गाउँमा बलावके लगोली । सर सिपाही कचहेरीक डुगडुगी पिटोली । झरेझुसीहरे मरे मर्दनिया खोके खोकैता टेङरा मुणी झारके रजवाक घरवामा कचहेरी बडउ जुन नाही यैबह खालखुशी बुसीसे भरेतउ ओकर बालबाचा राजघरवंशी टगेतउ चलह कचहेरी ।"

गाउँक सबजन कचहेरी गेली कचहेरीयामा सबजन यैली छेरचह्नुवा बुढवा हैनो यैली । रजवा कहली-"अरे सरसिपाही याकोजन छुटतइ किहो नाही हतउ बाँकी छेरचह्नुवावा बुढवा नाही छुटके चाहि याइली बडियकी हैनो ?" हैनो याइली हली फेनी सरसिपाही पठोली । वहवा जाके बुढवाके जसके फेनी रजवा बलोले बडिहे चल कहके यनली । बुढवा हैनो यावके मानइ हली कतउकी

ओकर थाह हली की पक्का मोर घरवाक छौडीयाक विषयमा कचहेरी बडइ कहके । तैयो पर गहनी कर लगोले गुनसे गेली कचहेरी । कचहेरीयामा रजवा कहली-“अरे तोर घरवामा सुनसही छौडी बडइ सदियो रे ।” बुढवा कहली-“नाही त ।” फेनी रजवा कहली-“झिन फटहाउ तोर घरवामा छौडी बडउ उहे एगुठी छौडीयाके मोर बेटवा रूचले बडिहे जसके फेनी देवे परतउ, उहियासे तोरके कचहेरी बलोले ।” बुढवा कथि करो रजवाक बतवा मानली छौडीयाह दिदेरियासे बहिनीया देगसार हली । रजवाक बेटवा बहिनीयाके रूचले हसिय । ओकरहीसे बियाह करेसइ । राजाक पुतहु एक त यसही देगसार ओकरमा गहनागुरिया पेहरले झन देगसार देखार भेली । एक दिन दुई दिन बितले गेली हसे गरभयसरा भेली । एक मास दुई मास करते दश मास बितली छोकनी जरमली स्याहार सुसार करके  तहिया दिदेरिया इचिका दिनक लागि बहिनीयाक घरवामा रहेयैली ।

एकदिन पानी भरे दुनु बहिनिया इनार गेली । बहिनीयाक झनकमनक गहनावा एघरी पेहरके मङली गहनावा पेहरके बहिनीयाके कहली-“इनारावामा बौनी हेरू ता कुन्चा देगसार ?” इनरावामा बौनी हेरइकी माहा विन गहनाक भेले फेनी बहिनीया देगसार देखार भेली । दिदेरियाक खिस लगली हसे बहिनियाके देली इनरावामा धकिली । यपना बहिनीयाक ठौनावामा रजवाक पुतहु बनली । छोकनीया काने लगइ उअ फुसलावे हैनो सकइ सबदिन ओसने छोकनिया गहनी कनइ । खसकी महतरीया मरल हली ओकर आत्मा देखइ हली । छोकनीया गहनी कनइ कहके राति-राति यावे लगली छोकनीयाके दूध पियावे । दूध पियावे यवइकी खुनी कुकुरह गहनी भुकइ हली तखनही कहे लगसिअ :

झीन भुकु झीन भुकु साठी कुकुरीया
मोर पुता रोवइ बडिहे मुइ देउ दूध

भुकइकी कुकुर चुपलैली । ओसरावामा पुगली ढोकवाक लघिना जाके कहे लगली ।

खोल हु रे खोलहु बजडा केवरीया
मोर पुता रोवइ बडिहे मुइ देउ दूध

लागल केवारी यपने मने खोलैली । खोकवामा पेसली चारीवरी यन्हार हसइ फेनी तखनही कहसिअ :

बरहु री बरहु चारू कोनके दीर्पा
मोर पुता रोवइ बडिहे मुइ देउ दूध

चारीवरी दिउवा बरैली इजोर भेलइ तवजाके यापन छोकनी कोरवामा लेके दूध पियोली । चूपलैली छोकनी हसे मालिस करओरके टिकफोण देली छोकनिया निनैली सुताउताके जाइ बडिअ । फेनी कहे लगली :

बुतहु री बुतहु चारूकोनके दीर्पा
मोर पुता सुतल बडिहे मुइ जाउ घर

चरिवरिक दिउवा बुतैली हसे ओसरावामा जाके कहली :

लगहु री लगहु बजडा केवरीया
मोर पुता सुतल बडिहे मुइ जाउ घर

केवारिक ढोका छाटी लगली बहरा निकडली कुकुरानिके कहे लगली :

भुकहु री भुकहु साठी कुकुरीया
मोर पुता सुतल बडिहे मुइ जाउ घर

कुकुर लगली भुके हसे उअ फेरि इनरावामा जेसिअ । सबदिन यसने बेहान हखइ मजासे छोकनीया खेलाए लगलीय । रजवाका बेटवाक मनवामा छनक परली कतउ हिन्दिनवा बबुवा मजासे खेलेसिय, रह याजु राति चिउवा लागे परलिहे कहके चिउवा लगली । रात परली फेनी यावे लगलीअ जब छोकनीयाके दूधवा पिया उवाके बहराइ हलिअ तखनही मर्दावा चप्प धेने बहिया धरसिय मुहवा हेरइकी माहा यपने खसकी जनियावा । घरवामा रहके कहसिय तोर कथि भेलउ ? कहवा जाइ बाणे ? जनियावा यापन दिदेरियाक कर्तुत छाटी कहदेसिअ हसे ओकरके झोटमुट काटके बेल बान्हके घरसे बाहर निकणइ देसिय तखनिसे हिनकही राजारानी भेली ।

## नेपाली अनुवाद

एक सहरको एउटा सानो गाउँमा बाख्रा चह्राउने एक जोडी बुढाबुढी बस्दथे । तिनीहरू गरिब थिए । उनीहरूको कुनै सन्तान पनि थिएनन् । एकदिन तरकारी खोज्न भनी बुढा घरबाट निस्के । बाटामा उनले एउटा गुर्मीको (गोह्रमी) बोट देखे र त्यसमा दुईवटा मात्र गुर्मी फलेको रहेछ । एउटा गुर्मी असाध्यै राम्रो थियो भने अर्कोको एक छेउमा अलिकति कुचिएको रहेछ । ती दुई गुर्मी लिएर बुढा घर आए । बुढी खुशी हुँदै तरकारी बनाउन काट्न सुरू गरिन् । त्यसबेला उनको मनमा विचार आयो-“यसलाई तरकारी बनाएर खानुको सट्टा गभाउनु पर्ला र पाकेपछि खानुपर्ला ।” त्यसपछि बुढीले घैंटामा गभाएर राखिन् । तर ती दुई गुर्मी रातिराति सधैं घैंटाबाट बाहिर निस्केर सुन्दर युवतीको रूपधारण गरी घर आँगन सफा गर्ने, खाना तयारपार्ने र बिहान भएपछि फेरि घैंटाभित्र गएर बस्ने गर्न थाले । सधैं बुढाबुढी बिहान उठ्दा सबै तयार भएको देखेर अचम्म परी एक दिन रातभरि नसुतिकन चियो गरेर बसे । जब मध्य रात भयो ती दुई युवतीहरू निस्केर काम गर्न थाले, यो देखेर बुढी छिटोछिटो पानी तताएर गुर्मीको बोक्रालाई त्यही पानीमा हालिदिइन् । बिहान हुन थालेपछि तिनीहरू फेरि घैंटाभित्रको बोक्रामा जान थाले तर बोक्रा भेटेनन्,

उज्यालो हुन लागेको बेला कहाँ जाने भनी आत्तिएर अँध्यारो कुनामा गई लुकेर बसे । बुढीले नयाँ कपडा ल्याएर लगाउन दिइन् र आफ्ना छोरी बनाएर राखे ।

यसरी दिन बित्दै जाने क्रममा एकदिन बुढाबुढीले आँगनमा धान सुकाउन लागे र ती दुवैलाई कुर्न भने । कुर्नको लागि घरको सानो झ्यालबाट बाहिरसम्म डोरी टाँगिदिए र भित्रैबाट चराचुरूङ्गी डोरी हल्लाएर धपाउनु बाहिर ननिस्कनु भनेर अर्को काममा गए । बुढाबुढीले भनेबमोजिम ती दुई युवतीहरू धान कुरिरहेका थिए, त्यसैबेला राजाका छोराको घोडा आएर धान खान थाल्यो । तिनीहरू झ्यालबाट डोरी हल्लाएर धपाए तर घोडा भागेन । त्यसैले बहिनीचाहिँ बाहिर निस्केर घोडा धपाई छिटोछिटो भित्र गइन् । त्यसैबेला राजाका छोरा घोडा खोज्दै आएका थिए र त्यस युवतीलाई देखे । त्यसपछि राजकुमार घर गएर भातपानी त्यागी सिरक ओढी सुते । यो देखेर राजाले सोधे-“बाबु ! तिमीलाई के भयो ? भन ?” राजकुमारले भने-“पहिले बाचा गर्नुस्, मैले जे भन्छु त्यो पुरा गरिदिन्छु भनेर ।” राजाले बाचा गरे र राजकुमारले भने-“बुढाबुढीको घरमा एकदम राम्री सुन्दरी केटी छ, त्यससँग मेरो विवाह गराइदिनुस् अनि बल्ल भातपानी खान्छु ।” यो सुनेर राजाले छोराको खुसीको लागि गाउँभरिका मान्छेलाई छलफल गर्न बोलाए । राजाले बोलाएको खबर सुनेपछि सारा गाउँलेहरू जम्मा भए तर ती बुढाबुढी आएनन् । राजाले फेरि ती बुढालाई बोलाउन पठाए । आउन मन नलाग्दा नलाग्दै बूढा त्यहाँ उपस्थित भए । त्यसपछि राजाले ती बुढालाई भने-“ए बुढा बा ! तपाईंको घरमा अति राम्री केटी छ रे हो ? मेरो छोराले त्यसलाई मन पराएको छ । त्यसैले जसरी भए पनि दिनु पर्‍यो ।”

सुरूमा बुढाले अनकनाएको जस्तो गरे पनि राजाको अगाडि केही लागेन र विवाह गरिदिए । दुई युवतीमध्ये बहिनी अलि बढी नै राम्री भएकीले राजाको छोराले उनलाई मन पराएका रहेछन् । दिदीचाहिँ बहिनीभन्दा कमै राम्री भएकीले भित्रभित्रै बहिनीको डाढ गर्ने गर्थिन् । यसरी दिन बित्दै गयो र बहिनी गभर्वती भइन् । एक मास, दुई मास गर्दै दश मास पुग्दा सुत्केरी भइन् । सुत्केरी स्याहार्न भनी दिदीचाहिँ केही समयको लागि बहिनीसँग आइन् । दिन राम्रोसँग बित्दै गइरहेको थियो । एकदिन दिदीबहिनी पानी भर्न भनी इनार गए । त्यहाँ दिदीले बहिनीले लगाएको गहना एकछिन मागेर लगाइन् र बहिनीलाई भनिन्-“ए बैनी ! नजिकै आऊ त इनारको पानीमा ऐना हेरौं । तिमी राम्री देखिन्छौ कि म ?” दुवै दिदीबहिनी इनार नजिकै गई ऐना हेरेर रूप दाँज्न थाले । तर विना गहनामा पनि दिदीभन्दा बहिनी नै राम्री देखिएकी थिइन् । दिदीलाई रिस उठ्यो र बहिनीलाई इनारमा धकेलिदिइन् । आफू बहिनीको स्थान लिन पुगिन् । बच्चाको स्याहार पनि उनैले गर्नुपर्ने भयो । जब बच्चा रून्थ्यो तब फकाउन खोज्थी तर फकाउन सक्दिनथी । त्यसैले त्यो बच्चा दिनरात रुन थाल्यो । आफ्नै आमाको कोखबाट वन्चित हुन पुगेको बालक अरूको काखमा

रमाउन सकेन । बच्चाको बेहाल देखेर स्वर्गवासी आमाको आत्माले सहन नसकी राति राति बच्चालाई दुध खुवाउन आउन थालिन् । दूध खुवाउन आउने बेलामा बाटामा कुकुरहरू भुक्ने गर्दथे र त्यसबेला उनले भन्ने गर्थिन् -

नभुक नभुक ए साठी कुकुरहरू
मेरो बच्चा रोइरहेछ म दिन्छु दुध

यो सुनेर कुकुरहरू भुक्न छोड्दथे । त्यसैगरी जब घरको बरण्डामा ढोकानिर पुग्थिन् त्यतिबेला फेरि भन्ने गर्थिन् -

खुल न खुल ए कडा ढोका
मेरो बच्चा रोइरहेछ म दिँऊ दुध

यो सुनेर ढोका आपसे आप खुल्थ्यो र भित्र गई कोठाको अँध्यारोमा फेरि भन्ने गर्थिन् -

बल न बल ए चारै कुनाका बत्ती
मेरो बच्चा रोइरहेछ म दिन्छु दुध

यतिबेला चारै कुनाका बत्तीहरू झलमल्ल भएर बल्ने गर्थ्ये र उनले आफ्नो बच्चालाई पेटभरी दुध खुवाउने, मालिस गरी टिकासिका लगाई सुताएर जाने गर्थिन् । जाने बेलामा भन्ने गर्थिन् -

निभ हे निभ चारै कुनाका बत्ती
मेरो बच्चा सुतिरहेछ म जान्छु घर

यति भन्नेबित्तिकै चारै कुनाका बत्तीहरू निभ्थे र बाहिर निस्केर ढोकानिर उभिएर भन्थिन् -

बन्द होऊ बन्द होऊ ए कडा ढोका
मेरो बच्चा सुतिरहेछ म जान्छु घर

ढोका बन्द हुन्थ्यो । त्यसपछि बाटामा पुगेर भन्ने गर्थिन् -

भुक हे भुक साठी कुकुर
मेरो बच्चा सुतिरहेछ म जान्छु घर

अनि कुकुरहरू भुक्न सुरू गर्थे । यसरी सधै आउने र दुध खुवाएर जाने गर्न थालिन् । त्यो बच्चा पनि रुन छोड्यो र आरामले सुत्न, बस्न थाल्यो । यो देखेर राजकुमारलाई अचम्म लाग्यो - "मर्ने गरी रूने बच्चा आजभोलि आनन्दले बस्न थालेछ । के भयो ?" राजकुमार एकदिन चियो गर्न रातभरि नसुतिकन बसे । जब रात पर्न थाल्यो तब फेरि सधैँझैँ बच्चालाई दुध खुवाउन आमा आइन् र दुध खुवाएर मालिस गरी सुताएर जान लाग्दा राजकुमारले उनलाई च्याप्प समाते ।

अनि उनको अनुहार उज्यालोमा हेर्छन् त आफ्नै श्रीमतीलाई देख्छन् । त्यसपछि घरमै बस्न भन्छन् तर उनीले मान्दिनन् । घरमा बस्न नखोज्नुको कारण श्रीमान्ले सोध्दा जवाफमा उनले

आफ्नी दिदीको सारा कर्तुतहरूको बारेमा बताइदिन्छिन् । दिदी डाढे स्वभावकी भएकीले बहिनीको खुसीमा रमाउन नसकेकी र बहिनीलाई झुक्याएर इनारमा खसालिदिएकी जस्ता कुराहरू पनि बताइन् । यसरी यथार्थ कुरा थाहा पाएर राजकुमारले दिदीलाई मुडुलो पारी बेलको गम लगाएर राज्यबाट निकालिदिए । त्यसबेलादेखि यिनीहरू नै राजारानी भई राज्य चलाउन थाले ।

**कथासन्देश**

यस कथामा शत्रु भन्ने कुरा आफ्नै नजिकका दिदीबहिनी पनि हुँदा रहेछन्, त्यसैले एकदम सजग भई होसियारीका साथ हिँड्नुपर्ने हुन्छ साथै कसैमाथि पनि आँखा चिम्लेर विश्वास गर्नुहुन्न भन्ने सन्देश पाइन्छ । त्यसै गरी इमान्दारीताका साथ काम गरेमा मानसम्मान सधैँभरि पाइन्छ र बदमासी गरेमा नराम्रो सजाय भोग्नुपर्छ भन्ने सन्देश पनि यस कथामा पाइन्छ । यो एक सामाजिक तथा घटनाप्रधान कथा हो ।

## ४.४.५ सुनपाउ रानीक काथा (सिन्दुरे पैताला भएकी रानीको कथा)

एक सहरमा एक धुरधनी राजा रहली हसे महथा रहली । उहे रजवाक एक बेटी रहली हसे महथाक एक बेटी रहली । दुनु जन सङ लगोली सङही खाइ पियइ, खेलाइ, सुतइ रहली । वसने कर्तेकर्ते दुनु छौडियाह बाठिनी भेली । एक दिन रजवा हसे महथा छौडीयानी लागि दुलहा खोजे गेली । जाइकी माहा पैडावामा विपरीत दिशासे दोसरी देशक राजा यापन बेटवाक तहिया छौडी खोजे यवइ रहली, बीच पैडामा बातचित करली हुनका पुछली-“तोहरा कहवा जाइबणह ?” हिनका कहली -“बबुइ जानी बबुवा खोजे जाइ बाणी ।” हिनका पुछली-“तोहरा कहवा जाइ बणह तउ ?” हुनका कहली-“बबुवा जानी बबुइ खोजे जाइबाणी ।” ली बात मिललउ त तोहरा दुलही खोजइ हमरा दुलहा लो न त बात गेठियाउँ कहके महथाक बेटियासे बात गेठोली । घर यैली घरवामा छाटी जन थाह पौलइ महथाक बेटियाक बियाहक बात गेठियलइ कहके । रनीयाक मनवामा हैनो डौल लगली ओकर मन हलइ यापन बेटियाके बियाह करदेवके बात गेलइ महथाक बेटियाक ।

रनीयाक मनवामा बहुत बात खेलाए लगलइ हसे खेलैते-खेलैते ओकर मनवामा पाप यैली । महथाक बेटियाके मारके यापन बेटियाक बियाह करावे खोजलीय । तब जाके रनिया यापन बेटियाके पुछके लगोली की-“बबुइ री तोहरा सङहीक सङघातीया ओकर जिउवाक पोटरिया कहवा बडइ ? पुछसीता ।” बेटिया लो कहके पुछे गेलिय-“कल्की से सखी तोर बियाह हखइ बडउ तोर जिउवाक पोटरियाक सेवासुसार कुन करतई ? मोरके कह कहवा बडउ मुही हेरीदेवसु ।” महथाक बेटिया कहली-“कल्की से सखी मोर जिउवाक पोटरिया बाथवाक खाम्हवामा बन्हाइली बढनीयामा बडउ ।” यी बतवा रनियाके सुनाइ देली-“दाओ री ओकर जिउवाक पोटरीया खाम्हवाक बन्हाइल बढनीयामा

बडउ कहइ बडिहे ।" रनिया उहे बढनिया यानके जराइ देली । बढनिया जरोल पर फेनी महथाक बेटियाक किहो हैनो भेलइ हसे फेनी पुछके लगोली । फेनी जाके पुछली-"कल्की से हे सखी तोर जिउवाक पोटरिया नाही त बढनियामा डहुलसे कह न कहवा बडइ ?" महथाक बेटिया कहलीअ-"हे सखी मोर जिउवाक पोटरिया चरवामा खोसैली छुरीयामा बडउ ।" यीअ बतवा फेनी रनियाके सुनाइ देली हसे रनिया फेनी छुरिया जराइदेली ओकर किहो हैनो भेलइ । बियाहक दिन एक दिन दुई दिन करते झमर-झमर यवइ रहली । रनिया फेनी बेटियाके डहुलसे पुछके लगोलिअ । फेनी पुछे गेलिय-"कल्की से हे सखी तुइ कतउ मोरके फटहोइ बाडे सच-सच कह न तोर जिउवाक पोटरिया कहवा बडउ ?" महथाक बेटिया कहलीअ-"लो याजु मुइ तोरके सच-सच कहबसु तुइ गहनी पुछइ बाडे मोर मृत्यु पक्कै हतउ । तुइ मोरके मारके बुधि करले बडही कह देबसु । उअ पोखरीयामा बडिहे रहुवा रतार माछरी ओकर पेटवामा बडउ गिरमलक हारी उहे हरियामा बडउ मोर जिउवाक पोटरिया । हेर सखी मोर किहो हतउ जउ तुइ उअ गिरमलक हरिया दिनभरि पेहरसी राति सुतके जुनवा खटियावक खुटवामा धरदेसि । इतुराक तहिया तुइ बाचा बान्ह ।" बाचा बन्हली हसे जाके फेनी रनियाके सुनाइदेली हसे रनिया रजवाके कहली-"राजा साहेब पोखरीयामा बडइ रहुवा रतार माछरी उअ मछरीयाके मारके लगाउ ता ।" यकर विषयमा रजवाक किहो हैनो थाह हली । उहियासे रजवा कचहेरीक लागि सरसिपाहिके ढोल-नगरा बजावके लगोली झरे झसहरे मरे मुसहरे काचाबाचा छाटी जनके रजवा कचहेरी बलोले बडिअ जुन नाही यबह ओकरके खलखुसा भुसा भराके राजवंशसे बाहर निकडाइ देतउ । गाउँक लोगलडिका छाटीजन कचहेरी यलइ हसे रजवा कहलीय-"पोखरीयामा रहुवा रतार माछरी बडउ बरियारी-बरियारी मनसावह निकणह ता उअ मछरीयाके मारे ।" बरियार-बरियार मनसे निकणली पोखरीया ओदहे लगली । जसने-जसने पोखरिया सुखाइ ओसने-ओसने महथाक बेटिया कमजोर हखले जाइ उअ जनइ हलिअ की यबे ओकर मरेके जुन यवइ बडइ कहके । तौने समयमा यापन दाओके कहे लगलीय-"दाओ री मुइ यबे मरबसु । मुइ मरबही जौ मोरके झिन जरोइह मोरके यीय राज्यक दखिन दिशामा मन्दिर बनाके चारिवरी फलफूलक गाछ वृक्ष लगाइ दिह, गाई, भैसी बान्ही दिह, गाइया भैसीयाके ढुकावके गोठ बनाइ दिह, एगुठा कोठा बनाके उअ कोठवामा एगुठा खाट हसे खटवामा सेज सजाके मोरके सुताइ दिह ।" यसने कहते-कहते पोखरीयाक रहुवा रतार मछरीयाके सबहुजन मारदेली । मछरीया मारओरके फणियोली । फणियोइकीमाहा मछरीयाक पेटवामा गिरमलक हारी निकडली उअ हरिया रनियाक हथवामा परली । ओते महथाक बेटिया फेनी मरली । जसने उअ कहले हलिअ ओसने दखिन दिशामा मन्दिर बनाइदेली चारीवरी फलफूलक गाछवृक्ष, गोठ, गाई छाटी वहवा गहदेली । यते बियाहक दिन फेनी झमर-झमर पुगले गेली, महथाक घरवामा कनहन रौहन हलइ महथाक

जनियावक गुनान लगली बरियात यतइ जउ कसके करके ?" रजवा महथाके सम्झावे लगलीय- "अरे महथा झिन गुनान कर, झीन दुःख मान, झिन बहुत कान तोहार बेटिया हैनो बणिय त मोर बेटिया बडिहे मोर बेटिया फेनी तोहरे बेटी बराबर जन्ती यतइ जउ मोर बेटियाके दुलही बनाके पठाइ देबहु ।" रनिया भितर-भितर गगसल हली । बियाहक दिन पुगली बरियात यैली रनियाक बेटिया दुलही भेलिअ दुलहावाक साङे बेठाइ देलइ मछरीक पुछीमा यागी लागल हो गेल वर्ना बियाह

बियाह भेली हसे दोसरी राज्यमा राजपाट करे लगलीय । दोसरी राज्यक राजा रानी हिनकही भेली । रजवा सबदिन शिकार खेलाए जाइ । शिकार खेलाए जाएके जुनवा सबदिन रनीया कहइ- "पूर्व जैहे, पछिय जैहे, उतरे जैहे दखिने झिन जैहे ।"एक दिन शिकार खेलैते-खेलैते रजवाक पियास लगली यसनक पियास लगलइ की खपे हैनो सकके पानीक खोजी करे लगलीय वहवा एगुठा बकुला यैली, बकुलावा उडियाए लगलीय, ओकरे पाछा-पाछा रजवा दगुरे लगलीअ, बकुलावा दखिन दिशावरी गेलीअ । रजवा मने-मने सोचलिअ-"मोरके रनिया दखिने दिशा छाडके छाटी दिशा जैहे कहसिअ कथि बडइ यी दिशामा याजु यैवे करलही जाऊँ ।" कहके गेली । जाइकीमाहा वहवा एगुठा मन्दिर ओकर चारिवरी बगैंचा गाइ, भैंसी ढुर्ढुर्-ढुर्ढुर् यङना सुनसान कुनहु हैनो देखली । रजवा यते ओते हाक पारे लगलीअ, कतहुसे हैनो उतारा यैली हसे मन्दिरवाक एगुठी कोठवामा एगुठा जनी सुतल देखलीय । ओकरहीके हाक पारलीय उअ हैनो उठलिअ मरल लाश कबहे उठतइ ? यसने सबदिन रजवा वहवा यावे लगलीय दिनभरि वहवा रहइ साँझ लइ घर जाइ । यसने कर्ते-कर्ते उअ छौडीयाक लाशवा गरभ यसरा भेली । एक महिना दुई महिना कर्ते दश मास पुगली हसे बेटा छोकनी भेली । छोकनीया काने लगलीय तखनही रजवा वहवा याइली हसिअ त छोकनियाके देखसीय । रजवा छोकनीयाके लगलीअ खेलावे । यसने सबदिन रजवा छोकनीयाके खेलावे यवइ । वहवा यवइ-यवइकी छोकनीयाक पर रजवाक माया बढलइ । छोकनीया फेनी मजासे खेलाइ ।

यसने कर्ते-कर्ते लुहुलुह विरूवाक लुहुलुह पात छोकनिया छैकर-छैकर बढले जाए लगलीअ हसे बढलिअ छोकनिया फदकाह भेलीअ । एकदिन रजवा छोकनियाके पुछके लगोलीअ-"अरे बबुवा यापन दाओके पुछसी ता कतउ हमरा फदकोसहु हैनो फदकसिअ ?" छोकनिया लो कहलीअ । साँझ भेली साँझ-साँझ रनिया गिरमलवाक हरिया खटियावक खुटवामा धरके सुतइ रहली ओते उअ लाश जियइ रहली, वसने यिअ रतिया फेनी उअ जियलीअ हसे बेटवा पुछे लगलीअ-"दाओ री सबदिन एगुठा मुसाफिर यहवा यसिहे, दिनभरी यहवा रहसिहे, साँझ भेल पर यापन घर जेसिहे, उहे बडिहे मोरके पुछके कहले तुइ दिन हुनका फदकोसइ कतउ हैनो फदकसही ?" महतरीया कहली-"बबुवा रे कहदेसी न तोर जनियावा घेन्टियामा पेहरसिहे गिरमलक हारी, उहे हरियामा बडउ मोर दाओक जिउवा । दिनभरी पेहरसिहे मोर दाओ लाश बनसिहे राति सुतके जुनवा खटियावाक खुटवामा धरके

सुतसिहे हसे मोर दाओ उठसिहे, उहे मोर दाओके यसनक करले बडिहे ।" वेहान भेली रजवा वहवा फेनी याके छोकनीयाके पुछलीअ-"बबुवा रे पुछलही ?" छोकनीया कहलीअ-"हँ ।" कथि कहलीहे त? छोकनिया साँझ ओकर दाओ जथि कहले हलिय उहे वतवा कहदेली । रजवा दोसरी दिनवा उअ छोकनियाके यापन साङे घर लिगली हसे यापन जनियावके गिरमलक हरिया छोकनियाके देवके कहलीअ । रनिया हैनो देइ हलिअ रजवा खिसियैली छोकनियाक मन केहके तुइ टुरदेइ बणही ? उअ मङइ बाणिहे देबही कथि हतइ तउ ? देही । इतुरा कहके हरिया छोकनियाके दियोली ।

छोकनियाक हाथवामा उअ हरिया पर्तेकेनमान ओते ओकर दाओ उठली हसे छोकनिया गिरमलक हरिया लेले गगसले घर गेली । रजवा छोकनियाक महतरियाक लघिना गेलिअ भेट भेलइ हसे ओकर जीनगीमा जथि भेल हलइ उअ छाटी दु:ख घट्ना रजवाके कहदेली । रजवा कहली-"मोर सदियो जनी तुही हलही चल मोर साङे ।" उअ कहलीय-"कल्की से राजा साहेब जब तोर घरवाक रनिया वहवा रहबिय मुइ नाही जेबही ।" रजवा घरवामा जाके रनियाके झोटमुण काटके बेल बान्हके खेददेली हसे उहे छोकनियाक महतरियासे बियाह करली । उअ जहवाँ-जहवाँ ड्यागा धरयी वहवा-वहवा सिनुरक खोजा बनले गेली । उहियासे यकर नाउ सुनपाउ रानी रहली यिहे हलिअ सदियो सुनपाउ रानी कहके चिन्हली । तखनीसे हिनकही राजारानी भेली हसे राजकाज चलावे लगली ।

## नेपाली अनुवाद

एकादेशमा एक महा धनी राजा थिए । ती राजाको कैयौ मन्त्रीहरू थिए । ती मध्ये एक मन्त्री राजाका एकदमै नजिकमा थियो । राजा र मन्त्रीको एकै उमेरका एक एक वटा छोरी थिए । तिनीहरू सँगसँगै हुर्कन बढ्न लागे र एकदिन जवान पनि भए । त्यसपछि राजा र मन्त्री आ-आफ्नो छोरीका लागि ज्वाइँ खोज्न जान पर्‍यो भनी सल्लाह गरे । एकदिन उनीहरू ज्वाइँ खोज्न भनी बिहानै घरबाट निस्के । जाँदा जाँदा बाटामा अर्को देशका राजासँग जम्काभेट भयो र एक आपसमा सन्चो बिसन्चोका कुराकानी भयो । यिनीहरूले त्यस राजालाई सोधे-"तपाइँहरू कहाँ हिँड्नु भएको हो ?" ती राजाले भने-"म छोरा अनुसारको बुहारी खोज्न हिँडेको हुँ । अनि तपाइँचाहिँ कता हिँड्नु भएको हो त ?" यिनीहरूले भने-"हामी छोरी अनुसारको ज्वाइँ खोज्न हिँडेका हौं ?"

त्यसपछि ती दुई बीच एक आपसमा खोज्न गएको कुरा भेटियो र मन्त्रीकी छोरीसँग विवाहको कुरा छिनियो । त्यसपछि उनीहरू आ-आफ्नो घर फर्के । घर आएर राजाले आफ्नी रानीलाई मन्त्रीकी छोरीसँग विवाहको कुरा छिनेर आएको सुनाए । रानीलाई यो कुराले त्यति खुसी बनाएन किनकि उनलाई आफ्नी छोरीको विवाह गर्नुपरेको थियो । त्यसैले उनी कसरी हुन्छ मन्त्रीकी छोरीलाई मारेर त्यो स्थानमा आफ्नी छोरीलाई दुलही बनाइ विवाह गराउने विचार गरिन् । त्यसपछि

उनले आफ्नी छोरीलाई मन्त्रीकी छोरीसँग उनको आत्माको पोकोको बारेमा विभिन्न प्रश्न गरी सोध्न सिकाइन् । जस्तै :- तिम्रो आत्माको पोको कहाँ छ ? तिम्रो विवाहपश्चात् कस्ले स्याहार गर्छ ? त्यसैले मलाई भन म स्याहार गर्छु आदि । तिनै प्रश्नहरू मन्त्रीकी छोरीलाई गएर सोधिन् र जवाफमा उनले आत्माको पोको घरको मूल खम्बामा बाँधिएको कुचोमा छ भनेर बताइन् । यो कुरा तुरून्त रानीलाई आएर सुनाइन्, रानीले कुचो ल्याएर जलाइदिइन् । तर कुनै असर भएन । रानीले फेरि सोध्न भनिन् । सोध्दाखेरि उनले घरको छानामा रहेको चक्कुमा आत्माको पोको रहेको कुरा बताइन् । रानीले यो कुरा थाहा पाएर चक्कु ल्याएर जलाइदिइन्, अहिले पनि कुनै असर देखिएन । मन्त्रीकी छोरीले प्रत्येक पटक सोध्दा ढाँट्दै गइन् तर अन्त्यमा केही सीप नलागेर उनले सत्य कुरा बताउन करै लाग्यो र आफ्नो आत्माको पोको पोखरीमा भएको ठूलो माछाको पेटभित्र रहेको हिराको हारमा रहेको बताइदिइन् । साथमा उनले आफू मर्ने निश्चित छ भन्ने कुरा पनि बुझिन् । त्यसैले राजाकी छोरीलाई आफू मरेमा त्यो हार उनलाई दिउँसो लगाउने र राति सुत्ने खटियाको खुट्टामा झुण्डाएर सुत्नु भन्ने कुरा पनि बाचा गराइन् ।

रानीले पोखरीको माछा मार्न राजालाई अनुरोध गरिन् र राजाले गाउँका दुई चार जना बलिया-बलिया मान्छेहरूलाई बोलाई माछा मार्न लगाए । पोखरीको पानी फाल्दै जाँदा जसरी पानी सुक्दै गयो त्यसरी मन्त्रीकी छोरी पनि छट्पटाउँदै मर्न थालिन् र त्यसैबेला उनले आमासँग भनेकी थिइन्-“आमा अब म मर्ने निश्चित छ, त्यसैले म मरेँ भने मलाई नजलाउनू र राज्यको दक्षिण दिशामा मन्दिर बनाई चारैतिर फलफूलका बोटबिरूवाहरू रोपिदिनु अनि छेउमा एउटा गोठ बनाएर गाईभैंसी बाँधिदिनु, एउटा कोठा बनाएर ओछ्यान लगाई मेरो लाशलाई सुताएर छाडिदिनु ।” अन्त्यमा माछा पनि मऱ्यो र मन्त्रीकी छोरी पनि मरिन् । त्यसपछि उनले भनेबमोजिम दक्षिण दिशामा मन्दिर बनाई चारैतिर फलफूलका बिरूवा रोपिदिए, गोठ बनाई गाइभैंसी बाँधिदिए, एउटा कोठा बनाई ओछ्यान लगाएर लाशलाई सुताइदिए ।

यता विवाहको दिन नजिकिँदै थियो । मन्त्रीको घरमा रुवावासी चलिरहेको थियो, अब कसलाई दुलही बनाएर पठाउने भन्ने चिन्ता पनि भइरहेको थियो । यस्तो अवस्थामा राजा मन्त्रीकहाँ गई सम्झाउन थाले र आफ्नी छोरीलाई दुलही बनाउने कुरा भने । मन्त्री पनि यस कुरामा सहमत भए । यो कुरा थाहा पाएर रानी भित्रभित्रै असाध्यै खुसी भइन् । विवाहको दिन पनि आइपुग्यो र राजाकी छोरीको विवाह सु-सम्पन भयो । नयाँ दुलहा दुलही अर्को सहरका राजारानी भए ।

अब यिनीहरूको कथातिर लागौं -

राजा सधैं शिकार खेल्न जाने गर्दथे । त्यसै बेला रानीले सधैं भन्ने गर्थिन-"पूर्व जाऊ, पश्चिम जाऊ, उत्तर जाऊ तर दक्षिण दिशा नजाऊ ।" त्यसैले राजा दक्षिण दिशामा जाँदैनथे । एकदिन शिकार खेल्न गएको बेला राजालाई बेस्सरी तिर्खा लागेछ यताउति हेरे कतै पनि पानी देखेनन् । त्यही बेला त्यहाँ एउटा बकुल्लो आई उड्न थाल्यो र राजा त्यही बकुल्लोको पछाडि-पछाडि जान थाले । जाँदा-जाँदा बकुल्लो दक्षिण दिशातिर गयो, राजाले झ्वाट्ट रानीको कुरा सम्झे- "दक्षिण दिशा नजानु !" आखिर दक्षिण दिशामा के रहेछ त ? आइहालेँ आज हेर्न जान पऱ्यो भनी अगाडि बढे । त्यहाँ उनले एउटा मन्दिर जस्को चारैतिर फलफूलका बोटबिरूवाहरू गोठमा गाईभैंसी, सफासुग्घर शान्त रमणीय वातावरण जहाँ न कुनै मान्छे नै देखे । यो देखेर उनलाई बडो रमाइलो लागेर सधैँ आएर बस्ने विचार गरे । बोलाउँदा पनि कतै कसैले जबाफ नदिने र यताउति हेरे, मन्दिरको एक कोठामा सुन्दर युवती सुतिरहेको देखे । उनलाई बोलाउँदा बोलिनन् किनकि त्यो एउटा लाश थियो । तर राजालाई त्यो लाश जस्तो लागेन र सधैं त्यहाँ आई आनन्द लिन थाले र ती युवतीको शरीरसँग खेल्न थाले । समय बित्दै जाँदा ती युवती गर्भवती भइन् । एकमास दुई मास गर्दै दश मास बित्यो र उनको कोखबाट एक छोराको जन्म भयो । त्यो बच्चा रून थाल्यो सधैं झैं राजा त्यो दिन पनि गएका थिए र बच्चाको रुवाइ सुनेर आमाचाहिँलाई उठाउन थाले तर उनी उठिनन् । त्यसैले राजा सधैं बिहान आई दिनभरि त्यो बच्चा खेलाउने गर्थे । साँझ परेपछि घर फर्कन्थे । यसै गरी दिन बित्न थाल्यो र त्यो बच्चा पनि यत्तिकै हुर्कंदै, बढ्दै जान थाल्यो र बोल्न सक्ने भएपछि एकदिन राजाले सोधे-"बाबु ! तिम्री आमा किन मसँग बोल्दिन ? सोध त ।" बच्चाले हुन्छ भन्यो । राति-राति ती युवती उठ्ने गर्थिन् र घरआँगन सफा गरी खाना बनाइ खाने अनि बच्चालाई पनि स्याहार गर्ने, गर्थिन् किनकि दिउँसो रानीले हिराको हार घाँटीमा झुण्ड्याउने गर्थिन् त्यतिबेला युवती लाश हुन्थिन् र राति निकाल्दा उनको आत्मा जीवित भएर ब्युझिने गर्थिन् । त्यही बेला छोराले आमालाई राजाले भनेको प्रश्न गऱ्यो, "आमा ! एउटा मान्छे सधैं यहाँ आउँछ, उसले तपाईंलाई बोलाउँदा किन बोल्नुहुन्न ?"

युवतीले भनिन्-"बाबु ! त्यस मान्छेलाई भनिदेऊ कि तपाईंकी श्रीमतीले लगाएको हिराको हारमा मेरो आमाको आत्मा छ उनले दिउँसो घाँटीमा लगाउँदा मेरो आमा लाश बन्ने र राति सुत्ने बेलामा खटियाको खुट्टामा राख्दा त्यो आत्मा यो शरीरमा प्रवेश भई जीवित हुन्छ ।" यो रात यतिकै बित्छ । भोलिपल्ट बिहान राजा हतारिएर प्रश्नको उत्तर पाउने आशाले त्यहाँ आइपुगे र बच्चालाई सोधे-"बाबु ! तिमीले आफ्नी आमालाई सोध्यौ त ? के भनिन् ?"

बालकले आफ्नी आमाले भनेको कुरा सबै बताइदियो । सबै कुरा थाहा पाएपछि राजाले त्यो बालकलाई साथमा राज्यमा लिएर गए । रानीको कुनै सन्तान जन्मेको थिएन । बालकले रानीको

घाँटीको हार देखेर माग्यो तर रानीले दिन मानिनन् । रानीले हार नदिँदा राजाले बेस्सरी गाली गरी खोसेर त्यो हार बालकको हातमा राखिदिए । त्यो हार बालकको हातमा पर्ने बित्तिकै उता युवती जीवित भइन् । राजाले बालकलाई घोडामा चढाई लिएर गए, त्यहाँ युवतीसँग उनको भेट भयो र उनले आफ्ना जीवनका सारा घटनाहरू राजालाई सुनाइदिइन् । राजाले आफ्नो असली श्रीमती चिने र राज्यमा फर्कन अनुरोध गरे । तर घरमा भएकी रानी राज्यमा रहुन्जेल नजाने कुरा उनले गरिन् । त्यसैले राजाले त्यस बदमास रानीलाई बेइज्जत गरेर राज्यबाट निकालिदिए र यस रानीलाई साथमा लिएर गए । वास्तवमा यिनी नै असली सुनपाउ रानी थिइन् । त्यसैले यिनी जहाँ जहाँ खुट्टा राख्थिन् त्यहाँ सिन्दुर छापिन्थ्यो, त्यसबेलादेखि यिनीहरू नै राजारानी भए ।

**कथासन्देश**

कुनै पनि काम ढाँटेर, छलेर गर्नुहुँदैन किनकि यसको परिणाम नराम्रो हुन्छ । सत्य कुरा लुकाएर लुक्दैन यस कथामा रानीले मन्त्रीकी छोरीलाई मारेर आफ्नी छोरीको विवाह छलेर गरेको हुनाले परिणाम नराम्रो हुन पुग्यो यथार्थ कुरा सबै सामु प्रस्तुत भएको कुरा स्पष्ट झल्किएको छ । त्यसैले कसैको डाह गर्नु हुँदैन र कसैलाई पनि छल्नु हुँदैन भन्ने सन्देश यस कथाले दिन खोजेको छ । यो नारीप्रधान अतिरञ्जनात्मक कथा हो ।

## ४.४.६ फूलजोखल रानीक काथा (फूलसंग तौलने रानीको कथा)

एक सहरमा एक राजा, एक महथा रहली । महथा हसे रजवाक एकहक गो बेटा रहली । हुनका दुनु जन यार लगोली । दुनु यार भाइ सङही खाइ, पियइ, खेलाइ, बदमासी कर्ते हुर्के बढे लगली । दुनु यार भाइ गाउँवामा जाके बदमासी करइ यिअ व्यवहार उहे गाउँवाक एगुठी बुढियाक हैनो खुश परइ हली । एकदिन ओसने बदमासी करलइ बुढिया गहनी गरियावे लगली । हसे घरवामा रवजा दुनु जनके कहली-“बबुवाह रे तोहरा यबे यहवा झिन रह दोसरे ठौरा जाह, वहवही पढिह, लिखिह, डहुलसे रहीह ।” सल्लाह करके दुनु यार भाइके बाहर पठाइदेली । दुनु यार भाइ जाए लगली जैते-जैते नीजकुज वनमा पुगली हसे रजवाक बेटवाक भुख लगलइ । महथाक वेटवा यापन यारक भुख मेटावके तहीया वनवामा एसकरे छाडके खाना लेवे घर यैली । वनवामा रजवाक बेटवा ओकरके इस्याइ-इस्याइकी हदियैली हसे यपनही खानाक खोजीमा गेली । खाना खोजइ-खोजइकी दोसरे सहरमा पुगली उअ सहरमा एगुठा गहनी सुनर फूलवारीमा पुगली वहवा यनोन किसिमक फूला सभ फुलाइली रहली । सुझइ बुझइकी माहा उअ फूलवारी उहे सहरक राजाक हली जहवा रजावक बेटिया घुमइ फिरइ हसे यापन मन भुलोइ रहली । राजकुमार सुनर फूला देखके लोभैली हसे वहवही गेलीअ । वहवा जाइकीमाहा सुगा बनलिअ कतउकी वहवा मन्तरक प्रभाव रहली । राजकुमारी फुलवारीयाक सुनर फूलाक बीचमा गेली हसे फूला जोखे लगलीअ, तखनही फूलोरीयाक

छाटी फुला लाल भेली, लाल फुला देखके फुलवा टुरे लगलीअ । फुलवा टुरइ-टुरइकी कतुरो टुरइ फूलोरियाक फूला हैनो ओराइ तखनही राजकुमारीक मनवामा शङ्का लगलइ-“पक्का यहवा किहो बडइ ।” पुछे लगलीअ-“कुन यहवा बाणे कह, निकड ।” उहे सुगवा निकडली सुगवा राजकुमारीक मन परली हसे यापन कोठवामा लिगली । वहवा सबदिन जादु मन्तरसे राति-राति मनसे बनोइ दिन-दिन सुगा । राति मनसे बनाके यपने साङे सुतोइ । यसने कर्ते-कर्ते दिन बितले गेली राजकुमारीक गरभयसरा भेली । हसे बपवा महतरीया दङ्ग परली, कसके यकर यसनक भेलइ ? कुनहु छवणक साङे हैनो बुलइकी देखसहु, कहके एकदिन चिउवा लगली । राति सुगवाके मनसे बनाके जब फद्के लगलीअ  रनीया सुनली । उअ रतिया यसने छाडदेली ।

रात बितली बेहान भेली महतरीया पुछली -“बबुइ री तुइ राति ककरसे फदकइ हलही कह न तोर यसनक गरभयसरा भेलउ हमार इज्जतक सवाल बडउ ।” बेटिया कहलीअ-“नाही त ककरहुसे फदकइ उहे सुगवासे फदकइ हलसु ।” महतरीया फेनी पुछली-“बबुइ री डहुलसे कह काकर पाप वोकले वाणे ? तोर काकर पर मन बडउ ओकरहीसे बरू बियाह करदेवी ।” बेटिया कहली-“दाओ री मुइ यिहे सुगवा से बियाह करबसु, यिअ सुगवा दोसर सरहक राजाक बेटा हलिहे, घुमइ-घुमइकी हमार फुलोरीयामा यलिहे सुगा भेलिहे हसे मुइ यापन साङे धरलसु ।” बेटियाक मन बुझके ओकर बियाह सुगवाक साङे करदेली । तखनहीसे सुगवा मनसेक रूपमा दिनरात रहे लगली।

यसने एक मास दुई मास कर्ते दश मास बितली हसे बेटा छोकनी भेली । बेटा जरमल गुने से घरपरिवारक छाटी जन खुशी भेली । हासी खुशीसे दिन बितले जाय लगली । एकदिन राजकुमार यापन दुलहीयासे सल्लाह करे लगलीअ-“यबे यापन असली घर जाहु, मुइ फेनी दोसरी सहरक एगुठा राजाक बेटा हलसु मोर बाबा दाओ बुढाइल हतउ यापन राजकाज सम्हारे परलउ, ससुरारीमा सबदिन रहके नाही डहुल हतउ ।” राजकुमारी कहलीय-“लो बेहना मुइ बाबा दाओसे बात करबसु।” मर्दावा फेनी कहसिय-“तोर बतवा मानके तोर बाबादाओ विदाइमा बहुत सर-सम्पत्ति देवे लगतउ झिन किहो लेसी एगुठे मतुरे उड्ना घोडा मङसी ।” जनियावा कहलीअ-“लो बेहान हखेदेही।” बेहान भेली हसे लगलीअ यापन बाबा दाओके कहे-“दाओ री, बाबा रे, मुइ यवे यापन घर जेबसु बबुवाक बाबा फेनी ससुरारीमा यबे बहुत दिन हैनो रहइ बडिहे । उअ फेनी दोसरी सहरक राजाक बेटा हलिहे मोरके परिवारकसाथ विदाइ देह । अँ दैजही किहो झिन दिहे एगुठा उड्ना घोडवा मतुरे दिहे ।” बपवा महतरीया यापन बेटियाक बतवा मानली हसे उड्ना घोडा दैजही देली । यापन घर जायके तयार भेली हसे मरद जनी छोकनी उड्नाघोडामा बेठली अकाशमा सयर कर्ते जाइबाडी ।

जैते-जैते पैडावामा छोकनीयानी भुख लगली यखनीसम्म हुनकर दुगो बेटा भेल हली । छोकनीयानिके खियावके तहिया सेहो बिसाएके तहिया उड्ना घोडवाके शङ्खपिपर भेली ठौनावामा

झारली । सङही इचिका खाना लेले गेल हसइ उहे खानावा लेले खाए गेली शङखपिपरावाक छहरीयामा । खानावा खैली पियली हसे यघरी बिसाइ हली । छोकनियाह खेलाए लगली । शितरमा बपवाक निन लगली हसे जनियावाक जाङ्घवामा सुतली । जनियावा मर्दावाक मुणिया हेरदेइ हलीअ, तौने समयमा पूर्वेसे वहवाक लदियामा जबण डोङा यलइ उअ डोङवामा यनोन किसिमक खेलौना, खाना सभ रहली । छोकनियाह उअ देखलइ हसे यापन महतरीयासे किन मङली तखनही महतरीया कहे लगली-“बबुवा रे तोहार बाबा बडिहे मोर जङ्घवामा सुतल कसके जायके तोहरही जाह ।” हसे छोकनियाह गेली किने, हैनो देली । हुनका कहे लगली-“जाह यापन दाओके पठाइदेह तहिहे देवी ।” छोकनियाह फेनी यापन दाओक लघिना जाके कहलइ-“दाओ री हमराके हैनो देइ बडिहे तोरहीके बलोइ बडउ तहीहे देवे खोजइ चल यान दे ।” छोकनीक मन केहके टुरदेवके कहके महतरीया गेली किने । जखनी टङवा डोङवामा चढोलीअ तखनही डोङवा चलली । डोङवा सरसराइली एकेघरी जबण तनाउ पुगली ओकरे साङे-साङे उड्ना घोडा फेनी उडियैले गेली ।

यते छोकनियाह चिला-चिलाके कनइ हली, कनइ-कनइकी हुनकर घेण्टी सुखाइली हली । शङ्खपिपरक पात पतिङ्गर सब झरलइ तही हे बपवा जगली । पुछे लगली -“बबुवाह रे तोहरा कतउ कनइ ? तोहार दाओ कहवा त ?” तखनही दुनु छोकनीयाह कह देली । छाटी घट्ना-“एगुठा डोङा यलउ ओकरामा यनोन किसिमक खाना, खेलौना हलउ उहे किने जाइकी माहा डोङा चललउ । हमार दाओ ओकरहीमा कहवा पुगलीहे कहवा नाही उहियासे हमरा कनइ बाणी । ओकरे साङे उड्ना घोडा फेनी गेलिहे ।” बपवा सदियो यतेओते हेरे लगलीय चारीवरी सुनसान देखलिअ हसे दुनु छोकनीयानके लेले लदियाक वाही पार जाए खोजली । चारीवरी हेरलिअ डोङासभ किहो हैनो देखके झकसी बटियाके बेह्न बिनली हसे ओकरहीमा चढके लदियामा खेवते वाही पार जाय लगली । यधबिचवामा एगुठा मुस यैली मुसवाके देखके दुनु छोकनीयाह बपवासे धर मङली । बपवा धरके हैनो मानइ हली, लगलइ दुनु छोकनीयाह काने हसे बपवाक मनवामा फेनी हैनो डहुल लगलइ । एक त जनियावा हैनो ओकरमा दुनु छोकनीया कनइ-कनइकी मरजेतइ मोर कथि हतइ कहके मुसवा धरदेली । छोकनियाह मुसवा खेलावे लगली, खेलैते-खेलैते मुसवा बेह्नवाक डोरिहावा काटदेली बपवा थाहो हैनो पौलिअ । लदिया कटके इचिका याको हलइ यतही तीनजन तीन तीर छुटियैली । छुटकी बेटवाके उहे लदियाक जबणी रहुवा रतार मछरीया खैली, बणकी बेटवा लदियाक जबणी पथरावामा उछरली हसे बपवा एसकरे ढबढबाइकी वाही पार पुगलिअ । तब जके छोकनिया सभके खोजे लगलीअ । हैनो पौली हसे यापन जनियावाके खोजे गेली ।

बडकी बेटवा शिलपत्थरमा सुतल बेहोस हली, बनवाक बघिनिया भर्खे बियाइली ओकर छोकनीया मरल हली । ओकरहीके यापन छोकनी बनाके पाले लिगली । यापन दूधवा पिया-पियाके

छोकनीयाके बढावे लगली । दिन बितले गेली  बघिनियाक दुधवा फेनी ओराए लगली उहियासे उअ छोकनियाके ठिक ठौरामा पुगावे परलइ कहके वहवही लजिके गउँवाक बुढबुढी सबदिन छेरीभेणी चह्रावे यवइ हुनकहीके जिम्मा लगावे खोजली । सुरूक दिनवा बुढवा बुढियाक लजिके बघिनिया गेलिअ बुढवा बुढिया डेराके इचिका तनाउ चह्रावे लिगइ हली । बघिनिया छोकनियाके बुधि सिखोली-"बबुवा रे मुइ उअ बुढवा बुढियाक लजिके पुगाइदेवसु हुनका बडउ छेरीभेणी चह्रोइ वहवा जाके बघवा कपटलिहे कहके चिलैसी । मोर बघवा यावके समय हखइ बडउ बघवा यबिहे जउ तोरके खेबिहे । छोकनिया बघिनियाक बतवा मानली हसे बघिनिया जसने कहले हलिअ ओसने छोकनिया चिलैली । बुढवा बुढिया चिलैली सुनके दगुरल वहवा यैली, छोकनियाके देखली । पुछे लगली-"कहवा बाघ ?" छोकनिया कहली-"यहवा हलिहे ओतकरे भगलिहे ।" बुढवा बुढिया यतेओते हेरलइ हैनो देखलइ हसे छोकनिया एसकरे सोगटावनएक देखके फेनी पुछे लगली-"बबुवा रे तुइ काकर बेटा हले ? कहवा से याइली ? कह ।" छोकनिया हैनो बतावे सकली हसे बुढवा बुढिया ओकरके टुवर जोगलइ । बुढवा बुढियाक छोकनी हैनो भेले गुनेसे ओकरहीके यापन छोकनी बनाके पाले लगलइ ।

यते उहे गउँवाक मनसावाह रपतियामा माछरी मारे गेल हलइ एगुठा जबण रतार माछरी मारलइ, उअ मछरियाके छाटीजन बाटके लेवके तहिया चिरफार करलइ, मछरीयाक पोटियामा छुटुकी भएवा बेहोस भेल रहली । सबहुजन काकर छोकनी हलिअ कहके हल्ला करे लगलइ । एक कान दो कान मैदान भेलइ । यिअ बतवा बुढवाबुढिया हसे जबणी छोकनीयाक कनवामा फेनी परलइ । हुनकहु हेरे गेलइ जबणी छोकनिया चिन्हली यापन भाइके हसे कहे लगली "यिअ मोर भाइ हलिहे, यकरके मुइ यपने साङे लिजबसु ।" कहके बुढवा बुढियाक घरवामा लिगली हसे सु:ख दुखका साथमा सङही रहे लगली ।

ओते दुनु छोकनीयाक महतरीया दोसरे सहरमा पुगल हली वहवा उहे सहरक रजवा ओकरे साङे बियाह करे खोजइ हली  यिअ कहदेली "मुइ सात गो व्रत बाह्र वर्षमा ओरोबसु तही हे बियाह करबसु ।" रजवा फेनी ओकर बतवा मानली सतवर्ती चलोइ हली ओकराके गउँवाक मनसावाह पलहा पलही ओगरे जाए परइ । यसने एक दिन बुढवा बुढियाक पलहा यैली । हुनकर पलहावामा दुनु छोकनीयाह जाय खोजली बुढवा बुढिया हैनो जाय देइ हली । दुनु छोकनीयाह कहे लगली "अइ बाबा बिदाओ तोहरा हमराके कथि खतुरे पालइ ? तोहार कामवा हमरा नाही सघाइदेबहु कुन सघोतइ ? हमराही जैबी तोहरा घरवामा रह ।" कहके दुनु छोकनीया राति ओगरे जायके निधो करली । साँझ भेली दुनु छोकनीया गेली हसे सङही एगुठे बिछोनवामा सुतली । निन हैनो परइ हली उहियासे ददेरवा यापन भाइके काथा सुना देवे लगलीअ । दुनु छोकनीयाक बाबा फेनी यापन

दुलहीयाके खोजइ खोजइकी वहवही पुगल हसिअ हसे उड्ना घोडवा फेनी वहवही हली । जबणी छोकनीया लगली यपने जीनगीमा घटली घटनावाके काथा नहिया कहे । सुरूसे यखनीतकक छाटी दुःख विपत्ति कहले गेलीअ । महथाक बेटवा रजवाक बेटवा यापन सहर छाडके दोसर सहर जाइ हसइ, रजवाक बेटवाक भुख लगसइ, महथाक बेटवा यसकरे छाडके खाना लेवे जेसिअ, इसियाइ-इसियाइकी रजवाक बेटवा यपनही खाना खोजे जेसिअ, हसे दोसरी सहरक फूलोरीयामा पेससिअ, सुगा हसिअ, छाटी घटनावा कहते जाइकी माहा सतवर्ती चलोली रनीयाक साङे कथवा मिलले गेली । रनिया दुनु छोकनीयाके यपने साङे भितर सुतावे लिगलीअ फेनी कथवा यागा बढोले गेली । सतवर्ती रानीक नाउ रहली फूलजोखा रानी । फूलजोखा रानीक साङे उड्ना घोडामा रजवाक बेटवा हसे दुगो छोकनी लेले उडियाइकी यापन राज्यमा जाइकी खुनी विसाएके तहिया शङ्खपिपरक गाछक तर शितरीमा नहारी खैले हसे वहवा बाप महतारी छोकनीक विछोड भेलीसम्म पुगइकीमाहा रनीया काने लगली तखनही बडकी छोकनीया कहे लगली-"नाही रे काथा कहुँ कनइ बडउ ।" सतवर्ती रानी यपनाके सम्हारके फेनी कथवा कहके लगोसिय हसे फेनी कथवा यागा बढोले गेली । कथवा ओराइकी माहा बाप महतारी यापन छोकनी चिन्हली हसे कहे लगली । -"तोहरा मोर छोकनी हलह ।" बपवा फेनी मुइ तोहार बाप हलसु कहलीअ हसे परिवार एक भेली यापन राजपाट चलावे लगली ।

## नेपाली अनुवाद

एकादेशमा एउटा राजा थिए । राजाको एउटा छोरो थियो साथै एक मन्त्रीको छोरा पनि राजाका छोरा सँगसँगै जन्मेको थियो । ती राजकुमार र मन्त्रीको छोरा सँगसँगै हुर्कन बढ्न थाले । ती दुबैले मीत पनि लगाए । ती दुवै मीत सँगसँगै बदमासी गर्न थाले । विस्तारै विस्तारै उनीहरूको बदमासी बढ्दै गयो । यो देखेर छरछिमेकमा सबै दिक्क भैसकेका थिए । एक दिन राजा र मन्त्रीले सल्लाह गरी ती दुवैलाई घरबाट टाढा पठाउने विचारले घरबाट पठाइदिए । त्यसपछि दुवै मीत घरबाट निस्के । जाने क्रममा एक घनघोर सुनसान एकान्त जङ्गलमा पुगे । जङ्गलमा राजकुमारलाई बेस्सरी भोक लाग्यो र हिँड्न सक्ने सामर्थ्य पनि भएन, त्यसैले त्यहीं बसे । राजकुमारको यस्तो अवस्था मीतले देख्न नसकेर खानेकुराको व्यवस्था गर्न घर फर्के ।

खाना लिन गएको मीतलाई राजकुमार घनघोर जङ्गलमा कुर्दा-कुर्दा थकित भए तैपनि मीत आएन । त्यसपछि राजकुमार आफैँ खानेकुराको खोजीमा हिँडे । हिँड्दा-हिँड्दा अर्को सहरको एउटा सुन्दर ठूलो फुलबारीमा पुगेछन् । त्यो फुलबारीमा अनेक प्रकारका फूलहरू फुलेको देखेर उसको भोक हरायो र त्यो फुलबारीमा पस्यो । त्यो फूलबारीमा पस्ने बित्तिकै राजकुमार सुगा बन्न पुगेछ । बुझ्दै जाँदा त्यो फूलबारी अर्को सहरको राजकुमारी घुम्ने, मन भुलाउने ठाउँ रहेछ । जुन

राजकुमारीको नाम-“फूलजोखल” (फूल जोख्ने) रानी रहेछ । त्यो फूलबारीमा पस्ने बित्तिकै सुगा बन्नुको पछाडि तन्त्रमन्त्रको प्रभाव रहेछ ।

रानी सुन्दर फूलबारीमा गएर सधैँ आफूलाई जोख्ने गर्थिन् । त्यो दिन पनि आफूलाई फूलसँग जोख्न जाँदा सबै फूलहरू रातो भएको देखिन् । फूलहरू रातो भएको देखेर रानी राता फूलहरू टिप्न थालिन् तर जति टिप्दा पनि फूल सकिएन । यस्तो हुनुको पछाडि पक्कै पनि फूलबारीमा कोही आएको छ भन्ने उनलाई आशङ्का भयो र भनिन्-“यहाँ को छ ? किन आएको ? कृपया मेरो सामुन्ने आऊ ।”

यो सुनेर सुगारूपी राजकुमार बाहिर निस्के र रानीको अगाडि गए । राजकुमारीलाई सुगा मन परेर आफूसँगै लगिन् र आफ्नो कोठामा राखिन् । त्यसपछि रानी सधैँ त्यही सुगासँग दिन बिताउन थालिन् र राति-राति मान्छे बनाई आफैसँग सुताउन थालिन् । समय बित्दै जाँदा रानी गर्भवती भइन् । छोरी कुनै केटाहरूसँग कतै पनि गएको नदेख्ने बाबुआमाले छोरी कसरी गर्भवती भइन् भन्ने कुरामा चिन्तित हुन पुगे । एकदिन आमाचाहिँ चियो गर्न थालिन् । जब रात पऱ्यो तब सुगालाई मान्छेमा परिणत गरेर कुरा गर्न थालिन् । भित्र कोही पसेको देखिनन् तर कोहीसँग कुरा गरेको सुनेर त्यो रात त्यसै छाडिदिइन् । भोलिपल्ट बिहान आमाले छोरीलाई सोधिन्-“छोरी तिमी राति कोसँग कुरा गरिरहेकी थियौ ? र तिम्रो पेटमा कसको बच्चा छ ? इज्जतको सवाल छ भन । यदि कसैलाई मन पराएकी छौ भने भन, हामी त्यसैसँग विवाह गराइदिन्छौँ ।”

यो सुनेर राजकुमारीले सबै कुरा बताइन् । सुगासँग कुरा गरेको, रात बिताएको त्यसैले सुगासँग नै विवाह गर्ने इच्छा प्रकट गरिन् । आमा बुवाले पनि उनको कुरा मानेर सुगासँग विवाह गरिदिए । पछि त्यो सुगा मान्छे भयो र कहिल्यै सुगा बनेन । यसरी एक मास, दुई मास बित्दै जाँदा दस मास पुग्यो, रानीको कोखबाट छोरा जन्म्यो । त्यो छोरा हुर्कदै बढ्दै गयो् । केही वर्ष पछि अर्को छोरा पनि जन्म्यो, यसरी दिनहरू बित्दै जान थाल्यो । राजकुमारले पछि आफ्नो आमा बुवा र राज्य सबै याद गर्न थाले र अब कति ससुरालीमा बस्ने आफ्नै देश फर्किनु पऱ्यो, बुबाआमा पनि बुढा भइसके होलान् राज्यको कार्यभार सम्हाल्न पनि पऱ्यो भनी रानीसँग गएर सल्लाह गरे र भने -“हेर रानी म पनि अर्को देशको राजकुमार हुँ । मेरो पनि आफ्नो राज्य सम्हाल्नु छ । मेरो बुबाआमा बुढाबुढी भैसके होलान् त्यसैले अब आफ्नै घर फर्कनु पर्छ । धेरै दिन ससुरालीमा बसेर काम पनि छैन । बरू दाइजोको नाममा उड्ने घोडा मात्र माग अरू केही नमाग ।”

यति कुराले रानी पनि सहमत भइन् र उनले बिहान आफ्ना बुबाआमासँग त्यही कुराहरू भनिन् र दाइजोको नाममा उड्ने घोडा मागिन् । रानीका बुबाआमाले पनि माने साथै दाइजोको

नाममा त्यही उड्ने घोडा र बाटामा खानको लागि केही खानेकुरा पोको पारिदिए । उड्ने घोडामा राजकुमार स-परिवार चढेर उड्दै-उड्दै आफ्नो घर फर्कन लागे । जाँदाजाँदा बच्चाहरूलाई भोक लागेछ र आमासँग खाना मागेछन् । बच्चाहरूलाई खाना खुवाउन पऱ्यो भनी कुनै एउटा नदीको किनारमा भएको चौतारामा उड्ने घोडा झारे । त्यो चौतारामा बसेर खाजासाजा खाए र एकछिन विश्राम गर्न थाले । विश्राम गर्दा राजकुमार रानीको जङ्घामा (काखमा) सुते र रानीले यसो कपाल मसारमुसुर पारिदिइन् राजकुमारलाई मस्त निद्राले छोएछ र निदाएछन् । पूर्वबाट त्यसै बेला नदीमा एउटा घगडान डुङ्गा आइपुग्यो । त्यो डुङ्गामा अनेकौं किसिमका खेलौना खानेकुराहरू रहेछन् । त्यो देखेर बच्चाहरू लोभिए र आमासँग किनिमागे । आमा भने राजकुमारको निद्रा खुल्छ कि भन्ने डरले बच्चाहरूलाई पैसा दिएर पठाइन् तर त्यो डुङ्गाको मान्छेले बच्चाहरूलाई नदिई आमालाई नै पठाउन भने । बच्चाहरूले आमालाई जान भने । बच्चाको जिदीको अगाडि केही सीप नलागेर रानी आफैँ गइन् । जाँदा खेरि डुङ्गामा एउटा खुट्टा राखेकी मात्र के थिइन्, डुङ्गा त हुइँकेर हिँड्यो, रानी पनि डुङ्गासँगसँगै बग्दै गइन् ।

यो देखेर दुईटा बच्चाहरू ग्वाँ-ग्वाँ रुन थाले । चौताराको पीपलको बोट पनि सुकेर गयो अनि बल्ल राजकुमार ब्यूँझे । ब्युँझिदा दुई छोराहरू घाँटी सुकाई-सुकाई रोएको देखे । यो देखेर सोधे-“ए बाबु हो ! किन रोएको ?” त्यसपछि छोराहरूले सबै घटना सुनाइदिए । राजकुमारले चारैतिर नजर डुलाए । चारैतिर सुनसान देखेर दुईटा बच्चालाई फकाउन थाले । उड्ने घोडा पनि सँगसँगै गएको रहेछ किनकि त्यो रानीको दाइजो थियो । अब नदी पार गर्न अप्ठ्यारो पऱ्यो । के गर्ने ? भनी चारैतिर हेरे । वरपरका खरपात बटुलेर डुङ्गा जस्तो साधन बुने र त्यसैमा दुईछोरासहित आफू पनि चढेर नदी तर्न लागे । नदीको बीचमा पुगेपछि एउटा मुसो आयो, त्यो मुसो देखेर छोराहरूले समात्न भने । बुबाले समात्न नमान्दा छोराहरू बेस्सरी रून थाले । छोराहरूको यस्तो हालत देखेर बुवालाई माया लाग्यो र त्यस मुसालाई समातेर छोराहरूलाई दिए । छोराहरू त्यो मुसासँग खेल्न थालेछन् र थाहै नपाई मुसाले खरपातको डुङ्गालाई बुनेको धागो काटिदिएछ । नदीको किनारमा पुग्नै लागेको बेला तीन जना तीन तिर छुट्टिएछन् । कान्छो छोरालाई चाहिँ नदीको ठूलो माछाले खाएछ, ठूलो छोरा नदीको ठूलो ढुङ्गामा ठोकिन पुगेछ र राजकुमारचाहिँ पौडी खेलेर किनारमा पुगेछन् । किनारमा पुगेर छोराहरूलाई खोजे तर फेला पारेनन् । छोराहरू फेला नपरेपछि श्रीमतीको खोजीमा हिँडे ।

ठूलो छोरा जो ढुङ्गामा ठोक्किएर अचेत अवस्थामा थियो, त्यसलाई त्यही जङ्गलकी बघिनीले आफ्नो छोरा बनाउँछु भनी लगिन् । त्यस बघिनीको बच्चा मरेकोले उसैलाई दूध खुवाएर पाल्न थालिन् । अलि ठूलो भएपछि बघिनीको दूध पनि सकिन लाग्यो के खुवाउने ? त्यसैले सही ठाउँमा

पुऱ्याउनु पऱ्यो भनी सोचिन् । नजिकैको गाउँबाट एउटा बुढाबुढी सधैँ बाख्रा चह्राउन आउँदा रहेछन् । तिनीहरूलाई नै जिम्मा लगाउन पऱ्यो भनी बुढाबुढीको नजिकै गइन् तर बुढाबुढी बघिनीलाई देखेर तर्सेर भागे । त्यसैले बघिनीले बच्चालाई भनिन्-"हेर बाबु ! म त्यो बुढाबुढी नजिकै लगेर तिमीलाई राख्छु अनि तिमी बेस्सरी कराएर रोऊ । मेरो बाघ श्रीमान् आउने बेला भएको छ । आयो भने तिमीलाई खान्छ ।"

यो कुरा सुनेर केटोले कुरा मान्यो र नजिकै गएर बेस्सरी करायो-"बाघले खान आयो" भनेर । यो सुनी बुढाबुढी केटो नजिकै गएर सोधे-"खोइ त बाघ ?" केटोले जवाफ दिए-"यहीँ आएर गयो ?" यसपछि बुढाबुढीले उनलाई सोधे-"तिम्रो बाबा आमा को हो ? कहाँबाट आयौ ?" केटोले आफ्नो कोही नभएको बतायो । बुढाबुढीका कुनै सन्तान नभएको कारणले केटोलाई आफ्नो सन्तान बनाएर राख्न थाले । अब जाऊ कान्छो छोरातिर ।

कान्छो छोरालाई ठूलो माछाले खाएको थियो । त्यही बेला माछा मार्ने माझी आएर त्यस माछालाई माऱ्यो । माछालाई घरमा लगी चिरफार गर्न थाल्यो । चिरफार गर्दा माछाको आन्द्राबाट त्यो बालक निस्क्यो । यो देखेर सबै दङ्ग परे । कसको छोरा हो ? भनेर चारैतिर हल्ला फैलियो तर, आफ्नो भन्ने कोही भएन । त्यो बेला बुढा पनि त्यहीँ गएका रहेछन्, र कसैले पनि आफ्नो छोरा नभनेको देखेर आफैसँग छोरा बनाएर राख्छु भनी ल्याए । ल्याउँदा दाजुचाहिँले आफ्नो भाइलाई चिने । त्यसपछि दुवै दाजुभाइलाई बुढाले पाल्न थाले ।

उता रानी भने नदीमा बग्दाबग्दै अर्को सहरमा पुगिछन् । त्यहाँ त्यो सहरका राजाले रानीसँग विवाह गर्न खोजेका रहेछन् । तर रानीले आफ्नो श्रीमान् हुँदाहुँदै कसरी अर्को विवाह गर्ने ? भनी मनमा सोची बाह्रवर्षमा सकिने सातवटा व्रत चलाइन् । बाह्र वर्षसम्म व्रत नसिधिन्जेल अर्को विवाह नगर्ने भनी राजासमक्ष सर्त राखिन्, त्यसपछि रानीले व्रत चलाइन् । व्रत चलाउँदा राति-राति गाउँका सारा मान्छे पालैपालो कुर्न जानु पर्ने रहेछ । दुई छोरा पाल्ने बुढो पनि त्यही ठाउँमा बस्ने रहेछन् । कुर्ने पालो अब त्यही बुढोको आयो । बुढो मान्छे राति-राति कुर्न कहाँ जानुहुन्छ ? हामी दुई दाजुभाइलाई छोरा बनाएर राख्नु भएको छ भने हाम्रो पनि कर्तव्य छ, त्यसैले हामी दाजुभाइ कुर्न जान्छौं भनी ती दुई केटाहरू बुढोको पालोमा कुर्न गए । कुर्न जाँदा दुई दाजुभाइसँगै एउटै ओछ्यानमा सुते । ती दुवैलाई निद्रा परिरहेको थिएन । उनीहरूका बुबा पनि रानीलाई खोज्दै खोज्दै त्यहीँ पुगेका थिए ।

निद्रा नपरेकोले दाजुचाहिँले भाइलाई कथा सुनाउन थाले कथा उनीहरूको आफ्नै जीवनमा घटेका घटनाहरूको बारेमा थियो । सुरूदेखि अहिलेसम्मका सारा घटनालाई स-विस्तार भन्न लागे । मन्त्रीका छोरा र राजाका छोरा आफ्नो सहर छाडेर अर्को सहर जान लागेको बेला राजाका

छोरालाई भोक लाग्नु, मन्त्रीका छोराले घनघोर जङ्गलमा मीतलाई छाडेर खानेकुरा लिन जानु, यता राजाका छोरा खाना कुर्दाकुर्दा बिहान हुनु तर मीत नआउनु र आफै खानाको खोजीमा हिँड्नु, फूलजोख्ने रानीसँग विवाह गर्नु, नदीमा बग्नु र तीन छोरा बुबा तीन तिर छुट्टिनु, सारा घटना भन्दै जाँदा व्रत बस्ने रानीका जीवनसँग मिल्दै गएकोले अन्त्यमा तिनीहरू दुईभाइ आफ्नो छोरा रहेको कुरा रानीले बुझ्किन् । ती सबै कथा रानीले पनि सुनिरहेकी थिइन् र आफ्नी रानीको खोजीमा हिँडेका राजकुमारले पनि सुनिरहेका थिए । अन्त्यमा सबैले एक अर्कालाई चिने र स-परिवार भेट भयो अनि खुशीका साथ राजपाट सम्हाल्दै जीवन बिताउन थाले ।

**कथासन्देश**

यस संसारमा माया जस्तो ठूलो कुरा अरू केही पनि छैन । यस कथामा बाबुआमा र छोराहरू प्रतिकुल परिस्थितिले बिछोडिन पुगे पनि मायाले गर्दा एक आपसमा खोजीनिती गरे र अन्त्यमा उनीहरूबीच मिलन भयो । अर्को कुरा थारू समाजमा तन्त्रमन्त्रको प्रभाव रहँदै आएको पाइन्छ भन्ने कुरालाई पनि यहाँ देखाइएको छ । साथै सास छउन्जेल आस कहिल्यै छोड्नुहुँदैन भन्ने सन्देश यस कथामा पाइन्छ ।

बाबु, आमा, छोरालाई समयले बिछोड बनाए पनि एक न एक दिन अवश्य भेट होला भन्ने आसले एकले अर्कोलाई खोज्दै गए नभन्दै अन्त्यमा उनीहरूबीच भेट भएर छोड्यो । यो क्षीण कथानकमा आधारित अतिरञ्जनात्मक कथा हो । कथामा तन्त्रमन्त्रको प्रभाव देखाइएकाले रूढीवादीताको छाप पनि देखिन्छ ।

## ४.४.७ गोगी राजा हँसे प्रतीप राजाक काथा (गोगी र प्रतीप राजाको कथा)

एक सहरक राजाक नाउ रहली गोगी राजा । रजवाक छ गो बेटा रहली हसे छ गो पुतहु रहली । हिनका सुखसे दिन बितोइ हली । एकदिन हिनकर घरवामा विपत्ति प्रकट हखली । रजवाके कहे लगलीअ-“कल्की से राजा जी मुइ तोर घरवामा बणसु विपत्ति परे याइली, कथि मङबे माङ ? गोगी राजा कहली-“कल्की से विपत्ति मुइ बेटवा पुतहियानसे सल्लाह करबसु तही हे कहबसु ।” विपत्ति कहली-“लो त तुइ सल्लाह करसी तहीहे मोरके कहिहे यखनी मुइ जाइ बणसु इन्दिने फेनी यबसु ।” कहके विपत्ति भगली । गोगी राजा छाटी बेटा पुतहुसे सल्लाह लेलीअ कथि करके ? जे विपत्ति यवइ बडिहे कथि मङवे कहइ बडिहे मुइ कथि माङके डहुलसे सल्लाह देह ?” बेटवा पुतहियासभ कुनहु घोडा, कुनहु हाथी, कुनहु सोनचानी, कुनहु हिरामोती, कुनहु खाना माङके कहलइ, छुट्की पुतहियाके मतुरे यबे पुछके बाँकी हली । विपत्ति फेनी यैली रजवाके पुछे लगली-

“कल्की से राजा साहेब सल्लाह करलह कथि सल्लाह करलह त ?” गोगी राजा कहली-“सल्लाह त करलसु बाँकी छुटकी पुतहियाके पुछके परले बडउ मोरके पुछे दे ।” विपत्ति फेनी एक दिनक समय देली । साँझ परली छुटकी पुतहियासे सल्लाह मङली-“विपत्ति हमार घरवामा यवइ बडिअ कथि मङले डौल हतइ ?” हसे छुटकी पुतहिया छाटी छाडके एगुठा चिराग मतुरे माङके सल्लाह देलिअ । बुढवा (रजवा) फेनी सबहु बेटा पुतहुसे सल्लाह करली-“छुटकी पुतहीया चिराग माङके कहइ बडिहे कथि करबे त ?” छाटी जन ओकर सल्लाहावामा सहमत भेली हसे फेनी विपत्ति यैली, पुछे लगली -“सल्लाह करलही कथि माङके सल्लाह भेलउ ।” रजवा कहली-“कल्की से विपत्ति हमराके तुइ चिराग दे ।” विपत्ति कहली-“हैत कल्की से राजा साहेब मोरके तुइ गाह्रमा पारले मुइ उहे चिराग लेवके तहिया याइली हलसु उहे मङइ ल उहे चाहिँ बडइ जउँ मुइ चिराग छाडदेबही ।” इतुरा कहतेकेन मान विपत्ति हुनकर घरक सर-सम्पत्ति लिगली एगुठा चिराग मतुरे छाडदेली । घरवामा विपत परलइ यबे कथि खाएके कथि पियके गोगीराजा छुटकी पुतहीयासे फेनी सल्लाह माङे लगली” लो बहुरिया तोहरे कहलसे एगुठा चिराग मतुरे माङलही घर कसके चलावके यबे ? घर चलावके जिम्मा तोहरे भेलवह ।” तखनीसे छुटकी पुतहिया घरमुखियाइनी भेली । छुटकी पुतहिया एगुठा घर बनाइ मङली, छाटीजन मिलके घर बनोली हसे फेनी छाटीजन दिनभरिमा साँझ किहो न किहो एगुठा चीज घरवामा लेले यावके कहली । ओसने करे लगली, छाटीजन दिनभरी यतेओते जाइ साँझ घर यावके जुनवा एगुठा न एगुठा चीजु लेले यवइ हसे निझबाढके एगुठे डिबरीयामा जथि हतइ तथि खाइ । सबदिन बेहान हखइ सबहुजन यापन-यापन काममा जाइ घर यावके जुनवा पैडावामा कुनहु बेङ, कुनहु मरल बिलारी, कुनहु मरल कुकुर, कुनहु साँप जथि पवइ तथि लेले यवइ हसे साँझ एगुठे चिरागमा बाटचिटके सङही खाइ जुन जथि खैले फेनी देखे पवइ । यसने करइकी विपत्तिमा दिन बितइ हली । गोगीराजा कबहु हैनो किहो पवइ, झमर-झमर बुढाइली जाइ हसे सबहुजनक नजरमा हेलवा नहिया हखइ । एकदिन पैडावामा मरल साँप देखली उहे सपवाँ उठाके घरवामा यानके छन्हियामा घुघाइदेली । एगुठी बकुलावा उडियाइ-उडियाइकी वहवा यैली हसे उहे सपवाँके खौह धेने खौकके ले-ले उडियैली । उडियाइ-उडियाइकी दोसरी सहरक राजा प्रतीपक सिवानामा पुगली । ऊ सिवानाभितरक लदियामा प्रतीप राजाक बेटिया नौलाखा हारी निकणाके तिरवामा धरके खोरइ हली । बकुलावा यापन लेले गेली मरली सपवाके वहवा छाडके मेडरा-मेडराके खौह धेने नौलाखा हरिया खौकले लेले उडियैली हसे फेनी गोगीराजाक छुटकी पुतहीयाक घरवामा पुगली । यङनावामा छुटकी पुतहीया तिउना चिरइ हली । ओकरे यागा नौलाखा हारी खसादेली हसे उअ उपरक पार हेरली बकुलावाके देखली हसे बकुलावा भगलीअ । नौलाखा हारी पवइकीमाहा यिअ त खुशी भेली हसे जतनसे धरली । ओते प्रतीप राजाक बेटिया खोर लाहा सकके

लुगा फेरे लगली, नौलाखा हारीया हैनो देखली, हैनो पौली । घरवामा जाके खटवाटी पटवाटी लेके सुतली । प्रतीप राजा शिकार खेलाके घर यैली, घरवामा बेटियाके देखली खटवाटी पटवाटी लेके सुतल हसे बेटियाके पुछे लगली-“बबुइ री तुइ हमार एगुठे मतुरे बेटी तोर कथि भेलउ ? जे देखले बाणे खो, जे सुनले बाणे कह ।” बेटिया कहली-“बाबा रे पहिन बाचा बान्ह विना बाचा बान्हले मुइ न अन्न खेबसु न पानी पियबसु ।” बपवा बाचा बान्हली-“एक बाच, दुई बाच, ब्रह्म बाच, खरपात सऱ्याए मोर बाचा न सऱ्याए शिलपत्थर टगे मोर बाचा न टगे लो मोर बाचा भेलउ कह यबे ।” बेटिया कहे लगली-“बाबा रे मुइ लदियामा लहाए गेल हलसु नौलाखा हारी वहवा भुलेलउ कहवा गेलउ कहवा नाही हैनो पौलसु ।” बपवा कहली-“बबुइ री भिन गुनान कर मुइ तोर नौलाखा हारी खोजबसु पौबही नानु उठ यबे अन्न, पानी खो ।”

प्रतीप राजा नौलाखा हारी पत्ता लगावके तहिया कचहेरी बेठावके सरसिपाहीके ढोलक, डुगी बजाके डरोरा पिटोली भरे भसहरे मरे मुसिहरे यिअ गाउँक काचाबाचा सबजनके रजवा कचहेरी बलोले बडिअ नाही यैबह ओकरके खलखुसा भुसा भरोवियह, राजवंशसे बाहर हखे परतउ ।” सबजन डरे कचहेरी गेली रजवा कहली-“मोर बेटियाक नौलाखा हारी भुलाइली बडउ कुनहु पौले हबह जौ देह, थाह पौले हबह जउ कह ओकरके मुइ याधा राजपाट देबही ।” सबहुजन मुइ हैनो देखले, मोर हैनो थाह, मुइ खोजे नाही सकबही कहे लगलइ मस्वासी बुढिया मुइ खोजके पाता देबसु कहली । रजवा उहे बुढियाके जिम्मा देली हसे बुढिया गेली नौलाखा हारीक खोजीमा । जाइ-जाइकी गोगी राजाक पुतहियाक लघिना पुगली वहवा थाह पौली की नौलाखा हारीया उहे धरले बडिअ कहके माङे लगलीअ । उअ कहलीअ-“जब मोर घरसे राजाक घरसम्म कपरकोट माहे घेरेतइ तहिहे नौलाखा हारी देबही ।” जो यी समाद पुगाइदेही । मस्वासी बुढिया छुछले हाथे समाद लेले फिर्ता भेली प्रतीप राजाक लघिना । वहवा कहलीय-“बकुलावा उअ हरिया गोगीराजाक पुतहीयाक यागा खसाइदेलिहे हसे उहे धरलिहे मङइ हलसु हैनो देलिहे, जब यी राज्यसे ओकर घरतक कपरकोट माहे घेरेतउ तहीहे देवसु कहलीहे ।”

रजवाक घरवामा मोतियाक दुःख नाही, तुरन्ते कपरकोट घेरके लगोली । तब जाके गोगी राजाक छुटकी पुतहिया भितरी पैडावामाहे प्रतीप राजाक दरबारमा पुगली वहवा एगुठा दुगुठा सवाल जवाफ भेलइ रजवा कहली-“नौलाखा हारी यान ।” यिअ कहलीअ-“पहिन तुइ मोरके याधा राजपाट यान ।” प्रतीप राजा कहलीअ-“कुन दिशा रूचबही कह देबसु” याधा राजपाट । यिअ फेनी कहलीअ-“मोरके उत्तर दिशा दे ।” प्रतीप राजा उहो मनली हसे सोनक जुता, सोनक मोजा बनाइ मङली तब जाके नौलाखा हारी देली । प्रतीप राजा ओकर माङ पुरा कर देली हसे उअ सोनक जुत्ता मोजा पेहरके घर गेली । उत्तरे दिशामा छाटी परिवारके लेले गेली हसे वहवही रहे लगली ।

एकदिन लजिके गाउँवामा जबण नाच रहली । वहवा बहुत सहरक राजासभ नाच हेरे यैली । यकर फेनी नाच हेरके मन लगली सोनक जुत्ता मोजा पेहरके गेली । रातभरि नाच हेरे लगली हेरइ-हेरइकी बेहान हखे लगली घर जाय परलइ कहके हद्फद्-हद्फद् जुतवा पेहरे लगली यन्हारमा हैनो देखार एगुठी टाङवामा सोनवाक जुतवा दोसरी टाङवामा दोसरी सहरक रजवाक चामक जुत्ता पेहरके घर यैली । बेहना इजोर भेलइ त देखली एगुठी टङवामा चामक जुत्ता । दोसरी सहरक रजवा एगुठी टङणीयाक सोनवाक जुतवा पौली । ओकर मनवामा उअ मनसावाके हेरके मन लगली - "जुत्ता त सोनक मनसे कसनक हबिअ ।" हसे यापन घर जाके कचहेरी बेठोली-"जुन यिअ सोनवाक जुतवाक मनसावाके मोरसे भेट करोतइ ओकरके याधा राजपाट देबही" कहके कहली । छवण हबिअ बेटियासे छौडी हबिअ बेटवासे बियाह करदेवे खोजली । मस्वासी बुढिया मुइ खोजबसु यकर लागि हुकाण काठक डोङा, मनछिपी काठक बहाना देवे परतउ कहलीय । रजवा ओसने तयार करदेली । मस्वासी बुढिया डोङामा चढके सरसराइली गेली गोगीराजाक घाटमा पुगली । वहवा छुटकी पुतहिया लहाइ हली ओकरहीके चिन्हके चप्प धेने धरके डोङवामा चढोली । छुटकी पुतहिया सोचलीअ-"मोर यतेक जनावर डङोहिया हखते-हखते यिअ मोरके धरके लिगइ ? रह बलावे परलिहे" कहके मनेमने पुकरली । सब गाइभैंसी वनवा छपले याके डोङवाके घेरली मस्वासी बुढियाके डेरावे लगली, डोङा टुक्रा-टुक्रा भेली, तैयोपर कसके-कसके करके ओकरके लेले एगुठी टुक्रावामा भेले फेनी दोसरी सहरक रजवाक लघिना पुगाके जिम्मा लगोली । रजवा यापन बेटवासे ओकर बियाह करावे खोजली । यीअ कहली-"मुइ सतवर्ती चलोइ बणसु बाह्र वरष लगतउ ओरावके तब जाके बियाह करबसु ।" रजवा ओकर बतवा मानके सतवर्ती करके छाडदेली । हसे उअ वनवामा जाके सतवर्ती चलावे लगली । सतवर्ती ओराए लगइ हली ओते छगो भाइ मिलके ओकरे खोजीमा लागल हलइ खोजइ खोजइकी हदियैली । हसे सुराकी पौली कि वनवाक एगुठी मन्दिरवामा सतवर्ती चलोइ सतीवर्ती रानी बडइ कहके, हुनका वहवही गेली । जाइकीमाहा हुनकाके देखके कहे लगली-"हे मुसाफिर याउ खाना खाए ।" सबजन वहवा गेली हुनका छगो भाइ पलहा पलही सतवर्ती के पुछे लगलइ-"तुइ कुन हले ? कहवासे याइली ?" यसने पुछते जाइकीमाहा सतवर्ती उत्तारा देते गेलीअ हसे एकदोसरीके चिन्हली हसे लेले घर यैली । घरवामा सबहुजन जम्मा भेली हसे खुशीसे राजपाट चलावे लगली ।

## नेपाली अनुवाद

एक सहरमा गोगी नाम गरेको व्यक्तिले राज्य गर्दथे । राजाका छ छोरा र छ बुहारीहरू थिए । उनीहरूको जीवन बडो आनन्दले बितिरहेको थियो । एक दिन उनीहरूको घरमा विपत्ति आइलाग्यो र राजालाई भन्न थाल्यो-"हे राजासाहेब ! म तपाईंको घरमा विपत्ति पार्न आएको हुँ,

त्यसैले एउटा चीज माग्नुहोस् त्यो दिन्छु ।" गोगी राजाले भने-"हे विपत्ति ! अहिले एक्लैले निर्णय दिन सक्दिन मेरा छ ओटा छोराबुहारीहरू छन्, उनीहरूसँग सल्लाह गरेर बल्ल भन्छु ।"

"ल हुन्छ, म भोलि आउँछु" भनेर विपत्ति गयो । त्यसपछि राजाले सबै छोरा बुहारीलाई बोलाई सल्लाह मागे-"विपत्ति हाम्रो घरमा पर्न थालेको छ, एउटा चीज के माग्छौ माग भनेको छ, त्यसैले के माग्ने हो ? भन ।" कान्छी बुहारी बाहेक सबै उपस्थित भएका थिए र आ-आफ्ना विचार प्रकट गरी सल्लाह दिन थाले । कसैले हात्ती, कसैले घोडा, कसैले सुन, चाँदी, हिरामोती, कसैले खानेकुरा भने तर निर्णयमा पुग्न सकेनन् । भोलिपल्ट विपत्ति फेरि आएर सोध्यो-"के माग्ने निर्णय भयो त ?" राजाले भने-"हेर विपत्ति ! मैले सबजनासँग सल्लाह लिँए तर कान्छी बुहारीसँग सल्लाह लिएको छैन आज सल्लाह लिन्छु ।" विपत्ति फेरि एकदिनको समय दिएर गयो र बेलुका बुहारीसँग गएर राजाले भने-"बुहारी ! विपत्ति हाम्रो घरमा आउन थालेको छ । सबै जनासँग सल्लाह लिएँ, तिमीसँग मात्र सल्लाह लिन बाँकी छ के माग्ने हो ?" बुहारीले भनिन्-"केही पनि नमाग्नुस् एउटा चीज मात्र माग्नुस्, त्यो हो चिराग ।"

राजाले कान्छी बुहारीको कुरा सुनेर फेरि परिवारका सबै सदस्यहरूलाई बोलाई कान्छी बुहारीको सल्लाह उपर छलफल गरे । अन्त्यमा सबै जना त्यही कुरामा सहमत भए । त्यसपछि फेरि विपत्ति आयो र सोध्यो-"हे राजा साहेब ! सल्लाह भयो ? के माग्ने निर्णय भयो त ?" राजाले भने, "हे विपत्ति ! हाम्रो सल्लाह भयो । हामीलाई चिराग देऊ ।" विपत्तिले भन्यो-"हे राजा साहेब ! म त्यही चिराग लिन भनेर आएको थिएँ, त्यही माग्नुभयो, ल ठीकै छ ! त्यही चाँहिन्छ भने त्यही दिन्छु ।" यति भनि सकेपछि राजाको घरमा एउटा चिरागबाहेक अरू सबै विपत्तिसँगै गयो । घरका सारा सर-सम्पत्ति, वस्तुभाउ केही पनि रहेनन्, बडो सङ्कट पर्‍यो, खानलाउन केही भएन । तत्पश्चात् राजाले कान्छी बुहारीलाई भने-"हेर बुहारी ! तिमीले नै चिराग माग्ने सल्लाह दियौ, हामी सबैले तिमीले भनेको कुरा मान्यौँ । अब घर कसरी चलाउनु पर्छ, त्यो जिम्मा तिमीलाई सुम्पन्छु, के गर्नु पर्छ भन, हामी त्यही नै गर्छौं ।" कान्छी बुहारीले त्यो दिनदेखि घर चलाउन सुरू गरिन् र एउटा सानो झुपडी सुत्न बस्नको लागि बनाउन भनिन् अनि सबैलाई दिनभरि जहाँ गए पनि बेलुका घर फर्कने बेलामा एउटा न एउटा चीज लिएर आउने अनुरोध गरिन् ।

यसरी कान्छी बुहारीले भनेबमोजिम सानो झुपडी (घर) बनाइयो र दिनभरिमा जसले जे भेट्यो त्यो बेलुका घर लिएर आउने अनि त्यसैलाई पकाएर एउटै चिरागमा अर्थात् एउटै बत्तीमुनी जसले जे खाए पनि देखिने, कसैलाई धेरै कसैलाई थोरै नगरिकन बराबर बाँडेर खाने गर्न थाले । यसरी नै सङ्कटमा उनीहरूको दिन बित्न थाल्यो । दिनभरिमा सबैजनाले बेलुकासम्म केही न केही

लिएरै आउँथे । कसैले सडेको भ्यागुतो, कसैले मरेको कुकुर, गिद्ध जे भेटे त्यही टिपेर घर ल्याउने गर्थे । तर राजा बुढा भैसकेकाले कहिल्यै केही ल्याउन सक्दैनथे । जस्को कारणले गर्दा बुढालाई सबैले हेला गर्न थालेका थिए । विचरा बुढोलाई बैराग लागेर खानेकुराको खोजीमा हिँडे । खोज्दै जाँदा उनले एउटा मरेको सर्प भेटे र त्यही सर्पलाई बोकेर घर ल्याए अनि घरको छानामाथि राखिदिए । यसरी नै दिनहरू बित्दै थियो ।

एकदिन एउटा बकुल्लो उड्दै-उड्दै उनीहरूको घर आइपुग्यो र छानामाथि राखेको सर्पलाई चुच्चाले टपक्क टिपेर उड्दै-उड्दै अर्को राज्यको सिमानामा पुग्यो । त्यहाँको नदीमा प्रतीप राजाकी छोरी नौलाखा हार निकालेर नदीको छेउमा राखेर नुहाइरहेकी थिइन् । बकुल्लाले चुच्चामा च्यापेर ल्याएको सर्पलाई त्यही खसालेर प्रतीप राजाकी छोरीको नौलाखा हार टपक्क टिपेर उड्दै-उड्दै फेरि गोगी राजाकी कान्छी बुहारीको घरमा आइपुग्यो । त्यस समयमा गोगी राजाकी कान्छी बुहारी आँगनमा बसेर तरकारी काटिरहेकी थिइन् । उनकै अगाडि बकुल्लोले नौलाखा हार खसालिदियो । उनी अचम्ममा परिन्-"ओहो ! कहाँबाट यस्तो अमूल्य नौलाखा हार आइलाग्यो ? " यसो आकाशमाथि नजर दिँदा बकुल्लोलाई देखिन् । नौलाखा हार भेट्दा उनी खुशीका साथ बडो जतनसँग भित्र लगेर राखिन् ।

उता प्रतीप राजाकी छोरी नुहाइधुवाइ सकेर कपडा लगाउन थालिन् । कपडा लगाउँदा नौलाखा हार पनि लगाउन खोज्छिन् तर भेट्दिनन् । अनि घर आएर भातपानी त्यागेर सिरक ओढेर सुतिन् । राजा प्रतीप शिकार खेलेर घर आए, घर आउँदा छोरीले खानापिन त्यागेर सिरक ओढेर सुतेको देखे । यस्तो अवस्थामा राजा चुप लागेर बस्न सकेनन् र सोधे-"नानी ! तिमी हाम्रो एउटा मात्र छोरी किन यस्तो गरेकी ?, जे देखेकीछौ, जे सुनेकीछौ त्यो भन" छोरीले भनिन्-"बाबा ! पहिले हजुरले बाचा गर्नुस् विना वाचा म न केही खान्छु न पिउँछु न उठ्छु ।" राजाले भने-"ल छोरी ! मेरो बाचा भो तिमीले जे भन्छ्यौ त्यो म पूरा गर्छु ।"

छोरीले भनिन्-"बाबा म नदीमा नुहाउन गएकी थिएँ । नदीको किनारमा आफ्नो कपडा र नौलाखा हार राखेर नुहाइरहेकी थिएँ । नुहाइसकेपछि कपडा फेर्न जाँदा नौलाखा हार भेटिन । कहाँ हरायो पत्तै पाइन । त्यसैले मलाई त्यही नौलाखा हार चाहिन्छ, खोजेर ल्याइदिनहोस् ।" राजाले भने -"छोरी ! सुर्ता नगर म जसरी भए पनि खोजेर ल्याउँछु ।"

यति भनेर राजाले ढोलक र तबला बजाएर बैठक बस्न गाउँभरि सन्देश फैलाए । यदि गाउँका कुनै घरबाट कुनै पनि सदस्य छुट्यो भने गाउँबाट निकाला गरिन्छ । यस्तो सन्देश सबैले थाहा पाएपछि बुढादेखि बच्चासम्म सबैजना बैठकमा आए । बैठकमा राजाले-"छोरीको नौलाखा हार हराएकोले जसले भेटेको छ, जसले देखेको छ, जसले थाहा पाएको छ उसले मेरो सामु आएर

इमान्दारीताकासाथ देओस् । त्यसलाई म आधा राज्य दिन्छु ।” भन्ने कुरा राखे । बैठकमा आउने सबैले मलाई थाहा छैन, देखेको छैन, भेटेको छैन भने । अनि राजाले फेरि भने यदि कसैले खोजेर ल्याउन सक्छ भने त्यसलाई पनि अमूल्य पुरस्कार दिन्छु ।” त्यस बैठकमा एक मस्वासी नामक बूढी पनि थिइन् । तिनले नै नौलाखा हार म खोजेर ल्याउन सक्छु भनेर भनिन् । राजाले उनलाई नै यो काम सुम्पिदिए । त्यसपछि ती बूढी नौलाखा हारको खोजीमा गइन् । जाँदा-जाँदा उनी गोगी राजाको कान्छी बुहारीको घरमा पुगिन् र नौलाखा हार उनैले राखेको कुरा पनि पत्ता लगाइन् अनि बुढीले नौलाखा हार मागिन् तर उनले दिइनन् र एउटा सर्त राखिन्-“मेरो घरबाट राजा प्रतीपको घरसम्म कपडाले घेरेर बाटो बनाइदियो भने बल्ल म यो हार दिन्छु नत्र दिन्न, जाउ यो सन्देश राजासमक्ष पुऱ्याइदेऊ !”

यति सुनेपछि ती बुढी यो सन्देश राजाकहाँ पुऱ्याइन् । राजा प्रतीपले उनको सर्त स्वीकार गरी त्यही नै गरे जे गोगी राजाकी कान्छी बुहारीले भनेकी थिइन् । त्यसपछि उनी त्यही बाटो भएर नौलाखा हार बोकी राजा प्रतीपको दरबारमा उपस्थित भइन् । त्यहाँ उनको पूरा स्वागत सत्कार गरियो । अनि के इनाम लिने हो सोधियो । गोगी राजाकी कान्छी बुहारीले आधा राज्य मागिन् । प्रतीप राजाले पनि पूर्व पश्चिम, उत्तर, दक्षिण कुन दिशाको राज्य लिने हो, त्यो दिन तयार छु भने । यिनले उत्तर दिशा रोजिन् । त्यो उत्तर दिशाको राज्य राजा प्रतीपले उनलाई हस्तान्तरण गरे । उनले पनि नौलाखा हार फिर्ता गरिदिइन् र फेरि एक जोर सुनको जुत्ता र मोजा मागिन् । त्यो पनि प्रतीप राजाले दिए । त्यही जुत्ता मोजा लगाएर उनी फर्किन् । त्यसपछि उत्तर दिशामा राजपाट चलाउँदै स-परिवार आनन्दले बस्न थाले ।

एक दिन नजिकैको गाउँमा ठूलो नाचगान समारोह अयोजना गरिएको रहेछ । त्यहाँ विभिन्न देशका राजा महाराजाहरूको पनि उपस्थिति थियो । त्यस अवसरमा गोगी राजाकी कान्छी बुहारीलाई पनि जान मन लाग्यो र राति सुनको जुत्ता र मोजा लगाई त्यो नाच हेर्न गइन् । नाच हेर्दा-हेर्दा रात बित्न थाल्यो, बिहान हुने-हुने बेलामा हत न पत्त छिटो-छिटो जुत्ता लगाएर घर फर्किन् । घर फर्किंदा उज्यालो भयो, त्यो उज्यालोमा उनको नजर खुट्टातिर पर्दा त एउटा खुट्टामा सुनको जुत्ता अर्को खुट्टामा छालाको जुत्ता रहेछ । हतारमा अर्को देशका राजाको छालाको जुत्ता लगाएको उनले पत्तै पाइनछन् । उता त्यो जुत्ता अर्को देशको राजाले भेट्टाएछन् । ती राजाले सुनको जुत्ता देखेर दङ्ग परे अनि सोच्न थाले-“यो जुत्ता कसको होला ?” जुत्ता त सुनको मान्छे कस्तो होला यो जुत्ता लगाएको मान्छे केटी भए बुहारी र केटा भए ज्वाइँ बनाउँछु ।” त्यसपछि गाउँका सारा मानिसलाई भेला गराई त्यो सुनको जुत्ता कस्को हो ? जसले पत्ता लगाउन सक्छ त्यसलाई अमूल्य इनाम दिने निर्णय गरेको कुरा भने । त्यस भेलाबाट मस्वासी नामक

बुढीले यो काम म पत्ता लगाउँछु त्यसको लागि विशेष प्रकारको काठको डुङ्गा र बहाना बनाइदिन अनुरोध गरिन् । ती बुढीले भनेबमोजिम राजाले व्यवस्था गरिदिए । त्यसपछि ती बुढी सुनको जुत्ताको मालिकको खोजीमा हिँडिन् । खोज्दा खोज्दै पत्ता लगाइन् त्यो जुत्ता गोगी राजाकी कान्छी बुहारीको रहेछ । उनी नदीमा नुहाइरहेकी थिइन् । त्यहीबेला बुढीले च्याप्प समातेर डुङ्गामा चढाइन् तर गोगीराजाकी कान्छी बुहारी पनि चलाख थिइन् । त्यसैले उनले सोचिन्-"मेरो पक्षमा यी वनजङ्गलका पशुपक्षीहरू प्रशस्त छन् । बुढीले मलाई समातेर लाने ? पख् म ती सारा जीवजनावरलाई बोलाउँछु ।" भनी मनमनै तिनीहरूलाई पुकारिन् । त्यही समयमा गाईभैंसीहरू आएर बाटो रोके, डुङ्गा टुक्रा-टुक्रा भयो, टुक्रा-टुक्रा हुँदा पनि बुढी अनेक जुक्तिबुद्धि लगाई सानो एक टुक्रामा मात्र भएपनि त्यहाँबाट उनलाई लिएर भाग्न सफल भइन् ।

तत्पश्चात् बुढीले उनलाई राजासमक्ष पेस गरिन् । राजाले उनलाई आफ्नो छोरासँग विवाह गरिदिने प्रस्ताव राखे । उनी एक विवाहिता नारी भएकीले त्यस समस्याबाट बच्न उनले बाह्र वर्ष सम्ममा सकिने सातवटा व्रत लिएकी छु त्यो व्रत सिध्याएर बल्ल तपाईंको छोरासँग विवाह गर्छु भनेर व्रत सुरू गरिन् । उता गोगी राजाका छ भाइ छोराहरू कान्छी बुहारीको खोजीमा हिँडिरहेका थिए । खोज्दा-खोज्दा उनीहरूले सुने कि परको मन्दिरमा एउटा सात व्रत लिएकी एउटी दयालु रानी छ रे त्यहाँ जो गए पनि तिनीहरूलाई उनले खूब दया गर्छिन अरे । यो कुरा थाहा पाए पछि छ भाइ त्यहाँ गए । त्यहाँ पुग्दा ती रानीले उनीहरूलाई खूब स्वागत सत्कार गरिन् र भनिन्- "हे मुसाफिर ! खाना खान आउनुस् ।" तिनीहरू त्यहाँ गए । जाँदा खेरि ती रानीलाई सोध्न लागे- "तिमी को हौ ? कहाँबाट आयौ ?" उनीहरूले रानीलाई चिन्न सकेनन् तर रानीले चिनिसकेकी थिइन् । उनीहरूले सोधेको प्रश्नको उत्तर दिदै गइन् र अन्तमा आफ्नो सारा परिचय दिइन् र ती छ जनासँगको सम्बन्ध पनि बताइन् । यसरी स-परिवार भेट भयो र फेरि आनन्दका साथ दिन बिताउन थाले ।

## कथासन्देश

जुक्ति बुद्धिले काम गऱ्यो भने जो कोही पनि सुखी जीवन बिताउन सक्छ । सुखमा मात्तिने दुःखमा आत्तिने कहिल्यै पनि गर्नुहुँदैन । यस कथामा गोगी राजाकी कान्छी बुहारी चलाख एवम् बुद्धिमानी थिइन् र सङ्कटको बेलामा पनि नआत्तिकन विचार पुऱ्याई काम गरेकी हुनाले गुमेको राज्यसुख फेरि प्राप्त भएको प्रसङ्ग प्रस्तुत गरिएको छ । यस कथाले जस्तोसुकै विपत्तिमा पनि धैर्यताका साथ विचार पुऱ्याई काम गरेमा जीवन अवश्य सुखमय बन्छ भन्ने सन्देश दिएको छ । यो कथा ऐतिहासिक तथा सामाजिक अन्तर्गत पर्दछ ।

## ४.३.८ गेउरी हँसे कौघाक काथा (भँगेरी र कौवाको कथा)

एक सहरक वनवामा एगुठी गछवामा गेउरी लागल हली । गेउरीया याणा पारले हली, एगुठी कौघावा सबदिन एकहक गो खादेइहली । गेउरीया उअ यणवा बचावके बुधि करे लगलीअ कौघावाके कहलीअ-"अरे कौघावा तुइ यान्हर काचे याणा कबहे खेतइ पकाके पो खेसइ, सवाद फेनी हसइ, जाही न माटीक मलिया बनोही ओकरहीमा पकाके खैसी ।" यितुरा बतवा सुनके कौघावाक फेनी यणवा पकाके खाएके मन लगलइ । गेली मटियाक लघिना हसे कहे लगलीअ :

मटिलो मटिलो दे मटिलो

मलिया बनौले खा गेउरीके अण्डा

मटिया कहे लगलीअ-"अरे ससुरक यान्हर कौघा, हैनो देखइ मुइ चिटकल ? कसके उचिटबही जे ? जाही न हरिनक सिङ यनही मोरके कोणही हसे मलिया बनाके याणा पकाके खाही ।" कौघावा हरिनावाक लघिना गेली हसे कहे लगलीः-

हरिनो हरिनो दे सिङिलो, माट कोणैलो

मलिया बनैलो खा गेउरी के अण्डा

हरिनवा कहलीअ-"अरे कौघावा ! तुइ यान्हर हैनो देखइ मुइ जिउते कसके यपनही सिङवा देवे सकबसु कुकुर यनही मोरके धरोही, मारही हसे सिङवा लेसी ।" कौघावा गेली कुकुरक लघिना कहे लगलीः-

कुतिलो कुतिलो हरिण धरिलो

दे सिङियो, माट कोणैलो

मलिया बनौले, खा गेउरीके अण्डा

कुकुरा कहली-"अरे कौघावा तुइ यान्हर हैनो देखइ बाणे मुइ डङरेठ कसके सकबही हरिन धरे । मोरके गाईक दूध खियाउ मुइ थुल्हेबही, बरियार हबही तब न हरिन धरे सकबसु ।" कौघावा गइयाका लघिना गेली हसे कहे लगलीः-

गइलो गइलो दे दूधिलो, खा कुतिलो

हरिण धरिलो, दे सिङिलो, माट कोणिलो

मलिया बनैलो, खा गेउरीका अण्डा

गइया कहे लगलीअ-"अरे कौघावा ! तुइ यान्हर हैनो देखइ मुइ डङरेठ ? घाँस काटके यान मोरके खियाउ तब न दूध देबसु हसे दूधवा कुकुराके खियोसी, कुकुरा हरिन धरबीय हरिनावक सिङवा लेके मटिया कोणसी मलिया बनोसी हसे याणा पकाके खैसी ।" कौघावा घँसवाक लघिना जाके कहे लगलीअः-

घँसिलो घँसिलो दे घँसिलो, खा गइलो, दे दुधिलो
खा कुतिलो, हरिण धरिलो, दे सिङिलो, माट कोणिलो
मलिया बनैलो, खा गेउरीके अण्डा

घँसवा कहलीअ-“अरे ससुरक यान्हर कौघा ! हैनो देखइ मुइ चिटकल कसके यपनही कटेबही ? यरिया यान मोरके काटके लिगही, गइयाके खियोही, दूध लेही, कुकुराके खियोसी, हरिण धरबिअ, हरिनावाक सिङवा लेसी, मटिया कोणसी, मलिया बनाके याणा पकाके खैसी ।

कौघावा यरियावाक लघिना जाके कहे लगलीअः-
हँसिलो हँसिलो काट घँसिलो, खा गइलो, दे दूधिलो
खा कुतिलो, हरिण धरिलो, दे सिङिलो, माट कोणिलो
मलिया बनौलो, खा गेउरीके अण्डा

यरियावा कहे लगलीअ-“अरे ससुरक यान्हर कौघा ! हैनो देखइ मुइ भोथर ? कसके घाँस कटबही ? मोरके कमीयावाक लघिना लिगो, पिटाउ, मुइ चोख हबही, तब न घाँस कटबही हसे घँसवा गइयाके खियोसी दूध लेसी, कुकुराके खियाके हरिण धरोसी, सिङवा लेले जैसी माटी कोणे, मलिया बनाके याणा पकाके खैसी ।” कौघावा गेलीअ कमियावाक लघिना हसे कहे लगलीअः-

कमिलो कमिलो हसुवा पिटिलो, काट घँसिलो, खा गइलो
दे दूधिलो, खा कुतिलो, हरिण धरिलो, दे सिङिलो
माट कोणिलो, मलिया बनैलो, खा गेउरीके अण्डा

कमियावा हसुवा यङरावामा खुब धिकोलिअ हसे कौघावाके पुछलीअ अरे कौघावा लाल लेबही की करिया ? कौघावा कहलीअ-“करिया मुही बणसु लाल बनाइ दे लाल लेबसु ।” कमियावा फेनी पुछलीअ-“कहवा बोकबही त ?” कौघावा कहलीअ-“ठोरवामा टाङवामा बोकले खसतउ केजनु घेण्टीयामा बोकबसु ।” कमियावा हसुवावाके यङरावामा खूब धिकाके लाल बनाके देलिअ घेण्टीयामा बान्ही । कौघावा मारे धिकले वहवही छटपटाके मरली हसे गेउरीयाक यणवा बचलइ ।

## नेपाली अनुवाद

एक जङ्गलको एउटा रूखमा एउटी भँगेरी गुँड बनाएर बसेकी थिई । भँगेरीले फुल पारेकी थिई र त्यही जङ्गलमा एउटा काग पनि बस्थ्यो । त्यो कागले भँगेरीको अण्डा प्रत्येक दिन एक-एक ओटा सधैं खान पल्केको थियो । भँगेरीले यसबाट बच्ने उपाय रचीन् र कागलाई भनीन्-“हेर काग ! तिमी सधैं मेरो गुँडमा आउँछौ, काचो अण्डा खान्छौ, के मीठो होला र ? पकाएर खाए पो मीठो हुन्छ, एकचोटि पकाएर खाऊ, जाऊ माटाको भाँडा बनाऊ अनि त्यसैमा पकाएर खाऊ ।”

यो कुरा सुनेर कागलाई पनि एकपटक पकाएर खान मन लाग्यो र माटोनिर गएर भन्यो-“हे माटो ! मलाई अलिकति माटो चाहिएको छ त्यसैले अलिकति माटो देऊ, त्यसबाट मैलै भाँडो बनाउँछु र त्यही भाँडोमा भँगेरीको अण्डा पकाएर आफ्नो पेट भर्छु ।” माटोले भन्यो-“ए ! काग तिमी अन्धो जस्तो कुरा गर्छौ । म आफैँ उछिटिएर तिमी भएको ठाउँमा कसरी आउँछु र ? बरू हरिणको सिङ लिएर आउ मलाई खन, माटो निकाल र भाँडो बनाऊ अनि अण्डा पकाएर खाऊ ।” यति सुनेर काग हरिणकहाँ गएर सिङ माग्यो, हरिणले भन्यो आफ्नो सिङ आफैँ कसरी दिने ? त्यसैले बलियो कुकुर ल्याऊ मलाई मार सिङ निकाल्न भन्यो । त्यसपछि काग कुकुरकहाँ गएर हरिण मार्न आग्रह गर्छ । कुकुर आफू बलियो नभएकोले दुधभात खुवाइ आफूलाई बलियो बनाउन भन्छ । अनि काग गाईकहाँ दूध माग्न जान्छ, गाईले आफू दुब्लो भएर धेरै दुध दिन नसक्ने बताउँछ र घाँस ल्याएर खुवाउने कुरा गरेको सुनेर काग घाँस कहाँ जान्छ र घाँस माग्छ । घाँसले आफूलाई हँसियाले काटेर लैजाउ भन्दा हँसिया माग्न काग लोहार (कामी) कहाँ जान्छ । लोहारले कागलाई कालो कि रातो हँसिया लिने भनेर सोध्दा कागले आफू कालो भएकोले के कालो हँसिया लिने रातो नै दिनुस् भनेर माग्छ । लोहारले हँसियालाई बलिरहेको कोइलामा बेस्सरी तताई रातो बनाएर कहाँ बोक्ने ? भनेर सोध्दा कागले अन्त बोक्ने कतै पनि ठाउँ नदेखेर घाँटीमा झुण्ड्याइदिन भन्यो । त्यो तत्तातो रातो हसिया घाँटीमा झुण्ड्याउँदा काग त्यहीँ छटपटिएर आफ्नो प्राण त्याग्यो । यसरी भँगेरीले आफ्नो जुक्तिद्वारा अण्डा बचाउने काम गरी ।

**कथा सन्देश**

काग जति बाठो भए पनि बुद्धि पुऱ्याउन नसकेकोले मृत्युलाई अँगाल्न पुगेको छ र भँगेरी त्यति बाठो नभए पनि बुद्धिले काम लिएकी हुनाले आफू र आफ्ना अण्डा बचाउन सफल भएकी छ । सरल, सरस एवम् मनोरञ्जनात्मक सानो कथा भए पनि जुक्तिबुद्धिले काम गर्नुपर्छ भन्ने सन्देश यहाँ पाइन्छ । कुनै पनि व्यक्तिले अरूको कुभलोका निम्ति काम गर्ने प्रयत्न गर्छ भने त्यो प्रयत्नको प्रतिफल आफैँले भोग्नु पर्छ भन्ने सन्देश यसले दिएको छ । यो कथा सन्देशप्रधान पनि छ ।

## ४.४.९ बिलहुलियाक काथा (विरूवाको कथा)

एक गाउँ हली उअ गाउँवामा टुवर दादाबहिनी रहली । हिनका गरिब रहली थोर्कामोर्का खेत हली यसने तसने दिन गुजारा हखइ हली । यसने सङही हुनका बढले जाइ हली ददेरवा-बहिनीया जवान भेली । ददेरवा उहे खेतवामा हर जोतके बालीनाली लगावे लगलिअ हसे यापन जिम्मेवारी पूरा करके तहिया बहिनीयाक बियाहक लागि दोसरे गाउँक एगुठा छवणसे बात गेठोली । पहिन भोज खाके, बात गेठियाके एक दुई वरष रहके तहिहे बियाह करके चलन हली । यसने एक दिन दुई दिन करते दिन बितले जाइ हली । ददेरवा बियाह करलिअ सुरूमा त लौठा भौजेरी नन्दीयाके

खुब माया करइकी ठिके नाटक करइ भितर-भितर खिसी मरइ हली कि कखनी यकरसे छुटकारा पाउँ कहके ननदियाक भोज खाके किहो वरष छाडले हसइ । यसने दिन वितल जाइकी माहा पावनी तिहार यावे लगलइ, पुगलइ जितिया पावनी । गाउँवाक सबहु छौडीयाह लौठा- लौठा माजा माजा यनोन किसिमक लुगाफाटा पेहरले यकर एगुठो हैनो डौल लुगाफाटा हली । ददरेवा बहिनीयाके सोगटावनयक देखके भौजेरियाके यगुठी सरिया देवके कहलिअ ।

भौजेरिया कहलिअ-"पहिन बाचा बान्ह मुइ यापन सरिया जसने देवसु ओसने फिर्ता करे परतउ किहो दाग लगतउ जउ मुइ नाही मानबसु । तोरके मुइ जथि कहबसु उहे करे परतउ ।" ददेरवा बाचा बान्हली-"एक बाच दुई बाच ब्रह्मबाच खरपात सऱ्याए मोर बाचा न सऱ्याए शिलपत्थर टगे मोर बाचा न टगे यीअ मोर बाचा भेलउ तोर सरियामा इचिको दाग लगतउ जउ तुइ जथि कहबही उहे करबसु ।" भौजेरिया बाचा बन्हाके तहिहे यापन एगुठी लालकी रङवाक सरिया देली । सरिया देइकीखुनी कहलीअ-"जब तोहरा लहाए जेबह लदियामा मोर सरिया उपर दश गो तर दश गो बीच-बीच धरसी नाही दाग लागे चहतउ ।" नन्दीया लो कहके सङ्घातियावानी साङे लहाए गेली । यापन सङ्घातियावानी सरिया जसने भौजेरिया कहले हलिअ ओसने उपर दश गो तर दश गो बीच-बीच भौजेरियाक सरिया धरके लहाइ हलिअ तौने समयमा यरमरका एगुठा चिल्ही यलिअ । बीच धरल सारी खौह धेने खौकके दाग लगाइ देली । भौजेरिया डाइनी हली चिल्हीक रूप धरके वहवा याइली हसिअ यिअ बतवा ककरो हैनो थाह हसइ । यबे सरियामा दाग लगलइ यिअ गहनी डेरेलिअ ।-"यबे मोरके भौजी मारविहे भिन दाग लगादिहे कहले हलिअ दाग लगलइ कसके करके यबे ।" कहके गुनान मथान कर्ते घर गेलीअ । घरवामा छाटी बतवा कहदेली । भौजेरिया खिसियैली-"मुइ कहइ त हलसु भिन दाग लगाइदिहे, ली दाग लगोवे करलही ।" भौजेरिया ददेरवाके कहली-"तुइ बाचा बान्हके दियोलही यबे जसनक माल ओसने बनाइ दे ।" उअ सरियाक दागवा धवइ फेनी हैनो धवाइ बडउ । ददेरवा यापन जनिवासे उअ सरिया कसके रङावके उपाय कह मङली । भौजेरिया बहिनीयाक घेण्टिया काटके ओकरे रकतावासे रङाइ मङली । ददेरवा परली फसादमा बहिनीयाक पर फेनी माया लगइ नाही मानले जनियावा खिसियाइ यको न बको भेली ।

दोसरी बेहना ददेरवा हर जोते गेली । दिन भौजेरिया नन्दीयाके नहारी धरके पठोली । बहिनीया ददेरवाके नहारी धरे गेली, जाइकीमाहा ददेरवा एरियामा बेठली । यापन बहिनीयाके कहली-"बबुइ री तोर मुणियामा गहनी बडउ ढिलो फरल याउ यघरी हेरी देबसु ।" बहिनीयाक मनवामा शङका लाग सकल हली, दादाभौजी मोरके मारके बुधि करले बडइ कहके । बहिनीया गेली मुणी हेरावे, कबहु हैनो मुणी हेरेवाला ददाएर मुणीया हेरे लगली । गफ कर्ते मुणिया हेर्ते करइ हली

ओसने कर्ते-कर्ते बहिनीयाक निन लगली, निनैली । तखनही ददेरवा छुरी निकडाके बहिनीयाक घेन्टिया काटदेली, ओकर रकतावामाहे सरिया रडोली, जिउवा बिलहुलियाक झाडवाक तर नणकाइ देली । बिलहुलियाक तर नणकोइकीमाहा उअ बाँस भेली, बसवा सिलसिलौवा, गहनी माजा, देगसार देखार हली । एकदिन याही बँसुवारी वाही बँसुवारी बाँस खोजते-खोजते एगुठी डोमवा वहवही पुगली । उअ बसवा देखके डोमवा लोभे मरली । गेली बँसवा काटेके तहिया लजिके । बँसवा डोमवाके देखके कहे लगलीअः-

बणकी दादा काटी री देलिहे बिलहुलियाक री तर

जामी री गेलसु बाँसवाक कोठी

"अरे डोमवा ! उपर कटिहे तर कटिहे बीच झीन कटिहे ।" ओकर जिउवा बाँसवाक बीच रहली । डोमवा ओसने करली तर कटली उपर कटली बीच हैनो कटली । बीचक बाँसवा बँसुरी बनोली बँसुरिया यपनही-यपनही बाजे लगली :

बणकी दादा काटी री देलिहे बिलहुलियाक री तर

जामी री गेलसु बाँसवाक कोठी, परी री गेलसु डोमवाक री हाथे

यसने डोमवा बँसुरीया लेले गाउँ-गाउँ बुले लगली । बँसुरीयासे यसने धुन निकडइ छौडीयाक ददेरवा भौजेरिया फेनी सुनलइ, हुनका डोमवाके गरियावे लगलइ-"छि यी डोमवा बिसरल दुःख सम्झावे यवइ, भाग रे यहवासे ।" डोमवा ओहवासे भगली, याही गाउँ वाही गाउँ जाए लगली । गौचरनावामा उहे छौडीयासे भोजवा खैली छवडावा गाईगोरू चह्रावे गेल हलिअ, उअ सुनलीय बसुरीयाक बजवा हसे यापन जनियावाक गरवा चिन्हलीअ । घर गेली घरवामा जाके खटवाटी पटवाटी लेले सुतलीअ । ओकर यसनक चाल देखके बपवा पुछली-"बबुवा रे कथि भेलउ जे देखले बाणे जे सुनले बाणे कह ।" बेटवा कहली-"बिना बाचा बान्हले न अन्न खेबसु न पानी पियबसु ।" बपवा कहली-"ल मुइ बाचा बान्हलसु एक बाच दुई बाच ब्रह्मबाच खरपात सऱ्याए मोर बाचा न सऱ्याए शिलपत्थर टगे मोर बाचा न टगे लो कह रे बबुवा ।" तब जाके बेटवा कहलीअ-"उअ डोमवा बडिहे बँसुरी लेले, उअ बँसुरीया मोर चाहीँ बडउ दे किनी ।" बपवा जाके बँसुरीया किनके यान देलीअ तहिहे उठके भात पानी खेलीअ पियलीअ । बेटवा बँसुरीया एघरी हैनो छाडइ, सुतइ फेनी सङही, उठइ फेनी सङही लेले । बँसुरीयासे राति-राति सबदिन उअ छौडीया निकणके घरयाङन बहरइ, भाततिउना निझके बेहान हखके जुनवा बँसुरीया भितर जाइ । यसने सबदिन हखइकीमाहा बपवा महतरीया बेटवाके पुछे लगली-"बबुवा रे कुन बडइ यसनक करइ ? घरयाङन सफा करके भात तिउना निझके ठिक पार देइ ?" बेटवा कहली-"मोर हैनो थाह ।" दोसरी राति महतरीया चिउवा लगलीअ घौरा फेनी करलीअ । चिउवा लगइकीमाहा राति

बसुरीयासे छौडीया निकडके जखनी काम करे लगलीअ तखनही बँसुरीया घौरावामा गहके जराइदेली । बेहान हखके जुनवा कामवा ओराके बँसुरीया भितर जाय लगलीअ बँसुरीया हैनो, हसे खोकवाक यन्हरी कोनहरवामा दबकली । बुढीया पुछे लगलीअ-“तुइ कथि हखे ? कुने हलही ? कह ।” छौणीया छाटी बताइ देली-“मुइ तोरे पुतहु हलसु मोर दादा मोरके काटके मारलिहे । बाँस भेलसु, डोमवाक हाथवामा पर्लसु, बँसुरी भेलसु, यखनी तोहरे घरवामा बडसु ।” बुढीया लुगाफाटा पेहरके देली यन्हरी कोनहरवामा नङ्घटे हलिअ, लुगवा पेहरके निकडली हसे बियाह करदेली हासीखुशी जीनगी बितावे लगली ।

## नेपाली अनुवाद

एक गाउँमा टुहुरा दाजुबहिनी थिए । यिनीहरू गरिब थिए । गरिब भए पनि एक आपसमा यिनीहरूको खुब प्रेम थियो । थोरै मात्र जमीन भएकोले त्यसैमा काम गरेर बालीनाली उत्पादन गरेर जसोतसो आफ्नो गुजारा गर्दै आएका थिए । दिन बित्दै जाँदा दुवै जना जवान भए । दाजु चाहिँले बहिनीको विवाह गरिदिने निर्णय गरे र अर्को गाउँमा योग्य वर खोजी विहेको कुराकानी छिनोफानो गरे । चौधरी समुदायमा विहेको छिनोफानो गरी केही वर्षपछि मात्र विहे गर्ने चलन भएकोले केही वर्षको लागि भोज (टीका लगाइ) खाएर छोडियो ।

दिन बित्दै गयो । दाजु चाहिँले पनि अव आफ्नो परिवार बनाउन पर्‍यो भनी विहे गरे । सुरूमा भाउजूले नन्दलाई खुब माया गरे जस्तो गरिन् । बाहिरी रूपमा माया गरे पनि भित्रभित्र रिसले मुर्मुरिन्थिन् । यसरी दुःखसुख गरेर दिन बित्दै जाँदा चाडबाड आउन लाग्यो । यसै क्रममा जितिया पावनी पनि आयो । गाउँका सम्पूर्ण चेलीबेटी एवम् महिलाहरू नाना थरीका नयाँ-नयाँ कपडाहरू लगाउन थाले तर ती टुहुरीको फाटेको थोत्रा कपडा बाहेक केही थिएन । दाजुले आफ्नी श्रीमतीलाई भनेर उनको एउटा साडी बहिनीलाई दिन भने भाउजूचाहिँले दाजुलाई बाचा गराइन्-“म साडी दिन्छु तर जस्ताको तस्तै फिर्ता गर्नुपर्छ, साडीमा कही कतै अलिकति केही दाग देखियो भने या च्यातियो भने मैले जे भन्छु, तपाईंले त्यही मान्नु पर्छ ।” दाजुले बहिनीको लागि त्यो पनि गरे र बल्लतल्ल भाउजूले एउटा साडी दिइन् र साडी दिने बेलामा उनले भनिन्-“हेर्नुस् नानी मैले यो साडी जस्तो दिएकी छु त्यस्तै फिर्ता गर्नुपर्छ । साथीसङ्गिनीसँग नुहाउन जाँदा उनीहरूको साडी दसवटा तल दसवटा माथि र बीचमा मेरो साडी राखेर नुहाउनू ।”

यति कुरा सुनेपछि टुहुरी केटी डराइ-डराइ भाउजूको साडी लिएर सथीसङ्गीसँग रमाउँदै खोलामा नुहाउन गइन् र भाउजूले जसरी राख्न भनेकी थिइन्, त्यसरी नै त्यो साडी राखेर नुहाउन थालिन् । मस्त नुहाइरहेको अवस्थामा अचानक एउटा चिल आयो र त्यो बीचमा राखेको साडी झम्टेर हिलोमा लतपताइ दियो । यो देखेर टुहुरी बडो चिन्तित भइन्, अब के गर्ने ? भाउजूले त

कुनै दाग नलगाउनु भनेकी थिइन् । साडीमा दाग लाग्यो, यो अब भाउजूले के सजाय दिने हुन् भनी साह्रै डराइन् । वास्तवमा भाउजू बोक्सी थिइन् । चिलको रूपमा आफैँले आएर साडीमा दाग लगाई दिएकी थिइन्, बिचरी टुहुरीले के गरून् साडीलाई जति धुँदा पनि दाग गएन र डराई-डराई भाउजूलाई फिर्ता गर्न गइन् । भाउजू असाध्यै रिसाइन् र दाजुलाई त्यो जस्ताको तस्तै बनाएर दिनुस् भनेर भनिन् । बिचरा दाजु कसरी जस्ताको तस्तै बनाउने जति गर्दा पनि दाग नजाने भएपछि श्रीमतीसँग नै त्यो साडी रङ्गाएर ल्याउने तरिका सिकाइ मागे । श्रीमतीले उपाय बताइन् कि-"आफ्नो बहिनीको रगतले यो साडी रङ्गाउनु भयो भने बल्ल जस्ताको तस्तै बन्छ अन्यथा कुनै उपाय छैन ।" विचरा दाजुलाई फसाद पऱ्यो । सानैदेखि हुर्काउँदै आएकी एक्ली टुहुरी मायालाग्दी बहिनीलाई आफ्नै हातले कसरी मार्ने फेरि श्रीमतीको अगाडि केही भन्न नसक्ने नतमस्तक भएर त्यो कुरा मान्नै पर्ने, अब के गर्ने भनी बडो चिन्तित भए ।

अर्को दिन बिहान दाजु हलो लिएर खेत जोत्न गए र दिउँसो भाउजूले टुहुरीलाई खाजा पुऱ्याउन पठाइन् । खाजा पुऱ्याउन गएको निहुँमा दाजुले जुम्रा हेरिदिन्छु भनी बैनीलाई आफू नजिक बोलाए । जुम्रा हेर्दा बैनी निदाइछे, त्यही मौकामा चक्कु निकालेर बैनीको घाँटी रेटेर मारिदिए र त्यो लाशलाई नजिकैको झार मुनि फालिदिए अनि रगतले आफ्नी श्रीमतीको साडी रङ्गाइदिए । केही दिन पश्चात् त्यहाँ एकदम राम्रो बाँस उम्रेछ । एकदिन डोम (पोडे) बाँसको खोजीमा हिँड्दै जाँदा त्यही बाँसघारी पुगेछ र त्यो बाँसलाई देखेर उसले काट्न खोज्यो । काट्न खोज्दा त्यो बाँसले आफ्नो अगाडि कोही आएको देखेर करूण स्वरमा गीत गाउन थालेछ कि-"मेरो ठूलो दाजुले मलाई काटेर झारमुनि फाल्यो र म बाँस भएर उम्रेँ । हे डोम ! मलाई माथि काट तल काट बीचमा नकाट ।" त्यो डोमले त्यसरी नै गरे किनकि बाँसको बीचमा त्यो टुहुरीको आत्मा बसेको थियो । बाँसलाई घरमा ल्याएर डोमले बाँसुरी बनाए र त्यो बाँसुरी बज्न थाल्यो । आफ्नै सुरमा धुन र गीत निस्कन लाग्यो त्यो मान्छेले बाँसुरी लिएर गाउँ-गाउँ चहार्न लाग्यो । त्यो बाँसुरीबाट एउटै गीत निस्कन्थ्यो-"मेरो ठूलो दाजुले मलाई एक झारमुनि काटेर फालिदियो, म बाँस भएर उम्रेँ र यस डोमको हातमा परे ।" यो गीत दाजुभाउजूले पनि सुने, उनीहरूले डोमलाई गाली गर्दै भने-"यो डोम बिर्सेको दुःख सम्झाउन आएछ, भाग यहाँबाट"

त्यसपछि बाँसुरी लिएर फेरि अरू गाउँहरू चहार्न लाग्यो । एकदिन अचानक यो धुन टुहुरीसँग विहे गर्ने केटोले गाईगोरू चह्राइरहेको वेलामा सुनेछ । आफ्नी श्रीमतीको आवाज चिनेछ । त्यसपछि घर गएर अन्न पानी नखाई सुतेछ । यस्तो अवस्था देखेर बाबुले यसको कारण सोध्दा उसले त्यो बाँसुरी किनिदिन अनुरोध गऱ्यो । बाबुले त्यो बाँसुरी किनेर ल्याइदिए । त्यो बाँसुरी केटोले एकछिन नछोडी सुत्दा बस्दा, हिँड्दा जतिबेला पनि साथमा लिएर हिँड्न थाल्यो । तर राति-

राति बाँसुरीबाट सधैँ त्यो केटी निस्केर घर आँगन बढार्ने, खाना पकाउने र बिहान हुने बेलामा बाँसुरी भित्र बस्न थालिन् । यो प्रक्रिया सधैँ यस्तो भएको देखेर केटाका बा-आमा दङ्ग पर्न थाले । एकदिन चियो गरेछ र आँगनमा घौरा (आगो) बालेछ । ती केटी सधैँ झैं बाँसुरीबाट निस्केर घरआँगन सफा गर्न थालिन् । खाना बनाउन थालिन् त्यही बेला बुढीले बाँसुरी घौरामा हालेर जलाइदिइन् । त्यो केटी काम भ्याएर बाँसुरी भित्र जान खोज्दा बाँसुरी नै भेटिनन् र त्यहीबेला अँध्यारो कुनामा लुकिन् । बुढीले उनलाई च्याप्प समातेर सोधिन्-"तिमी को हौ ? भन ।" भन्दा केटीले जवाफमा भनिन्-"म तपाईंकी बुहारी हुँ, मलाई मेरो दादाले काट्नु भयो, म बाँस भएर उम्रेँ र डोमले मलाई काटेर बाँसुरी बनायो । अहिले यो घरमा आइपुगेँ भन्दै सारा आफ्नो जीवन वृतान्त बताइदिइन् । त्यसपछि बुढीले त्यो केटीलाई लत्ताकपडा दिइन् र त्यो लुगा लगाएर केटी बाहिर निस्किन् अनि आफ्नो छोरासँग विवाह गरिदिइन् । त्यस दिनदेखि सुखका साथ जीवन बिताउन थाले ।

**कथासन्देश**

यो एक पारिवारिक सामाजिक कथा हो । आफ्नो परिवारको दाजुभाउजूले बहिनीलाई मारेको निष्ठुरीपना देखाइएको छ । दुष्ट भाउजू र जोइटिङ्गे दाजुको कारणले बहिनीले कष्ट एवम् पीडा भोग्नु परेको छ । शत्रु आफ्नै नजिकको मान्छे पनि हुन्छ त्यसैले हरबखत सजग भएर व्यवहार गर्नुपर्छ भन्ने सन्देश यस कथामा पाइन्छ ।

## ४.४.१० बानरक काथा (बाँदरको कथा)

एगुठा गाउँमा एक बुढबुढी हली । बुढबाबुढीयाक पाँचगो ब्याटा दुगो बेटी हली । छाटी छोकनियाह रसे-रसे बढ्ते जाइ हली । जेठकी बेटीया सयान भेल हसीअ । एक दिन जेठकी बेटीया झाडा फिरे खेत गेली वहवा सारो धान लगोले, कमोलो हैनो उहियासे वन नहिया झाडी पातीसे झुटझुटरार हली । उहे भसेणावामा गोह्रमी फरल हलइ, याको गोह्रमयिा पाकल हली । उअ छौडीया झाडा फिरे जाइकीमाहा गोह्रमी देखली हसे चुपेचापे घर गेली । घरवामा जाके यापन सङ्घातियावानीके कहली-"अजि सङवा चल गोह्रमी टुरे, गहनी पाकल-पाकल बडउ । गाउँवाक छौडीयाह बटियाके गेली खेतवामा ढकिया लेले गोह्रमी टुरे । सबहुजन एकहक ढकिया गोह्रमी टुरलइ, गोह्रमी टुरावे लिगली छौडीया एकोगो हैनो सङरोले हली । छाटीजन यबे घर जाँउ कहली । हसे घर यावे लगली पैडावामा एगुठा बानर निकडली उअ बनरा कहे लगली-"मोरके गोह्रमीया देवे की मोर साङे यैबे ?" छाटी छौडीयाह कहे लगली-"अरे बनरा तोर साङे कुन जेतउ जे ? ले बरू गोह्रमीया कहके ढकियावाक गोह्रमीया वहवही कुरीयाइ देली । एगुठी छौडीयाक हैनो एकोगो गोह्रमी हली । उअ कहली-"मोर लघिना एगुठो हैनो गोह्रमी बडउ मुइ तोर साङे

रहबसु ।” सङ्घातियावाह कहली-“अजि सङवा तुइ एगुठो हैनो गोह्मी यनइ बडही त कहवाक देबही ? तुइ भ्फिन बनराक साङे रह, चल घर ।” छौडीया कहली-“नाही जी सङवा मुइ गोह्मी हैनो देवे सकइ बडही त मुइ यकरेसाङे रहबसु, जाह तोहरा घर ।” सङ्घातियावाह घर गेली । घर जाइकीमाहा बपवा महतरीया हुनुकाके पुछली-“हमार बेटीया कहवा त ?” छौडीयाह कहली -“पैडावामा बानर भेटली बनरा कहे लगलिहे मोर गोह्मीया यान की मोर साङे यैवे ? हमरा ढकिया भरल गोह्मी टुरले हली, गोह्मीया देलहु उअ हैनो गोह्मी टुरले यपनही बनराक साङे रहलिहे ।”

बनरा उअ छौडीयाके यापन साङे लिगली । बनराक यापन बनावल घर हैनो उहियासे वनमा लिगली, लिगइकीमाहा छ मास बरष दिन पुगली ओकर एगुठा बानर बेटा जरमली । तबजाके छौडीया यापन लेहरा सम्भ्फे लगली । बनरा मर्दावाके कहे लगलीय-“मोर तोर साङे याइली बरष दिन पुगलउ एको पल्टा हैनो लेहरा गेल चल न एक पल्टा मोर लेहरा बाबा दाओक गहनी याद यवइ बडउ ।” बनरा जनियावाक बतवा मानली हसे दुनु जन लेहरा यावे लगली जनियावा यागायागा बनरा मर्दावा पाछापाछा । जैते-जैते पैडावामा एगुठा बगैचा हली । उअ बगिचवा बनरा देखली हसे जनियावाके कहे लगली-“तुइ जो मुइ यिहे बगिचवामा रहबसु, तोर साङे जेबसु जऊँ मोरके कुकुरा कटबिहे जोतुइ ।” जनियावा-“नाही चल ।” कहली मर्दावा हैनो मानली हसे बगिचवामा गेली जनियावा कहली-“लो हैनो जाइ बडही जउ मुइ घर जाके यापन बहिनीयाके तोरके लेवके पठाइदेवसु ओकर कान्हवामा चढके यैसी ।” यितुरा कहके गेली । उहे गाउँवामा एगुठा गाङीलौवा छौडी हली उअ देखली घरवामा बुढीयाक लघिना जाके कहली-“अरी बुढीया तोर बेटीया बानर बेटा लेले यवइ बडिहे ।” बुढीया खिसियैली-“अरी गाङीलौवा कतउ तुइ यसनक विन बातक बात कहइ री ? मोर बेटी वरष दिन भेलउ भुलाइली कहवा यविय ।” गाङीलौवा फेनी कहली-“अरी बुढीया पहिन तुइ बहरा निकडही ता तोर बेटीया याइली बडिय की हैनो थाह पौबही ।” बुढीया बहरा निकडके हेरे लगली सदियो यापन जेठकी बेटीयाके देखली हसे बिछोना पानी देके फदके पुछे लगलीअ-“अरी बबुइ कहवा गेल हलही यतेक दिन ? कसनक बडउ तोर हालखबर ? बेटीया गोह्मी टुरे गेली बतवासे बनरासे बियाह करली बतवा छाटी कहदेलीय बनवामा रहइ वनक फलफूल खाइ हालखबर डहुले कहली । बुढीया पुछली-“कहवा त तोर दुलहावा ?” बेटीया कहली-“पैडावाक बगिचवामा बडिहे कुकुरा काटके डरे हैनो यलिहे बबुइके लेवे जाएके पठाइ देहिता ।” बुढीया छुटकी बेटीयाके बनरा दमादावाके लेवके पठोलीय । सरहेजिया गेली भटेरवाके लेवे वहवा जाके हाँक पारे लगलीअ-“अरे भाटु याउयाउ” बानर भटेर ओकर बतवा हैनो बुझ्फली हसे निकडबे हैनो करलीय । सरहेजीया यते हेरइ ओते हेरइ हैनो देखलिय हसे घर गेली । घरवामा जाके-“हैनो पैलसु” कहली । दिदेरिया पुछली-“कसके हाक पारलही जे ?” बहिनीया कहली-“अरे भाटु याउयाउ

कहलसु ।" दिदेरिया कहली-"कहवा यसनक बात बुझबिहे ? जाही न कह देही भाटु भाटु रे दोनोरोती लौका बाजे गोजोरोती ।" बहिनीया जाके कहे लगली-"भाटु भाटु रे दोनोरोती लौका बाजे गोजोरोती" यितुरा सुन्तेकेनमान बनरा बहरा निकडके सरहेजीयाक कन्हैयामा चढली हसे घर गेली । घरवामा विछोना पानी देली, खुब यादर सुभाउ करली, मोद, माछरी, मासु खियोली हसे सुतोली ओते बुढीया बनरा नातियावाके खेलावे लगली खुब माया करइ हसे कहेलगली-"गहनी हुसीयार चलाख बेटा ।" बनरा छोकनीया खेलोते गफ कर्ते करे लगली । बेटीयाके कहली-"वनमा कहवा रहतइ इचिक दिन यहवही रहीह, तहिहे जैह ।" इचिका दिन लेहरावामा रहे लगली रहते रहते ददेरवा, बहिनीया, भएवा बापवा, महतरीया सब जन सल्लाह करे लगली-"हमार बेटीया, बहिनीयाके कहवा बानरक साङे वनमा पठोतइ बरू बनराके मारदेहु हसे यकर दोसर दुलहा खोजके बियाह कर देबहुँ ।" छाटीजन सलमत भेली एक दिन बनराके खूब मोद मासु, भात खियोली बनराके मता-माताके पाँचु भाइ मिलके गणहा खेनले हसइ उहे गणहावामा पुजके गहदेसइ ? दोसरी बेहना बहिनीया लगसिअ काने :

वने वने रहसो वनफूल खैसो
वनहीमा कैलो यहार रे दादा
बनरा पुर्खा काहे मारीदिहले रे दादा
भावी कथि लिखले लिलार

-"अरे दादा केहके मोर मर्दावाके मार देलह ? कसनो हखिय फेनी मोर पुरूष हलिहे, सङही वनवामा वनफूल बटियाके खियोते हलिहे, दुःख सुख करके जियते हलसु । लो मारके त मारबे करलह मुइ बाकी दोसर बियाह नाही करबसु । मोर बेटवाके उहे हलिहे पालइ यबे मोर छोकनिया हसे मोरके तोहराही डहुलसे पाले परतउ ।"

ददेरवा ओकरके डहुलसे पाले लगलइ एक दिन दुई दिन कर्तेकर्ते समय बितले गेली । बनरा बेटवा फेनी सयान हखले गेली । सयान हखइकीमाहा कतेक मामाक घरमा रहके यापन दाओके ममेरवानिसे थोर्कामोर्का जागा माङके कहलिअ, गेली महतरीया ददेरवानी लघिना वहवा जाके कहलिअ-"दादा रे तोहार भगिना कतेक मामा घरमा रहके ? मुहु सयान भेलसु, यपनही खेतीपाती करहु कहके बडिहे इचिका जागा माङके पठोले ।" ददेरवाह कहली-"अरी बबुइ बानर कसके खेती करबिय लो नाही मानबिय जउ गहिरावाक खेतवा देही ।" जहवा झूटबुट भरलपुरल हलई उहे खेतवा देखाइ देली । घर गेली बेटवा पुछली-"मङलही री दाओ ?" महतरीया कहली "हँ उहे झुटिहनवा देलउ ।" बनरा फेनी यापन महतरीयाके कोदारी माङके पठोली । महतरीया फेनी कोदारी माङे गेली ममेरवाह कहली-"कसके बानर भगिना खेत खेनविय ।" कहके भोथरी कोदरिया देके

पठोलइ । घरवामा जाइकीमाहा बेटवा पुछली-"यनलही री दाओ कोदारी ।" महतरीया कहली-"हँ, ले यिहे हलउ ।" बनरा कोदरीया महतरीयासे यापन पुछियामा बान्ह मङली अ, ओकर दाओ पुछियामा बान्हदेलीअ । भगवान्क खेल न हलइ बनरा भगवान् हली एके रातिमा झुटिहनवा कोण काणके खेत बनाके माटी भुर्भुरवा बनोली । एकदिन ममेरवाह-"जाहुँ ता बनरा भगिनाक खेत हेरे कथिकथि करइ बणसी ?" कहके हेरे गेली । हेरे जाइकीमाहा त देखली उसुनुक झुटिहन खेत कोणकाणके भुर्भुरौवा बनोले । ममेरवाह भगिनेरवाक बखान करली ।

बनरा यापन दाओके धुसुरा, कोहण, खिरा, तिउना तरकारीक यिबा जतुरा पौले उतुरा माङके पठोली । महतरीया कहली-"अरे बबुवा धानक बिया माङे छाडी कतउ तिउनाताउनक बिया माङके पठोइ बाडे ?" बनरा बेटवा कहली "अरी दाओ हमरा बानर जाति धान खेबहु किहा ? यिहे सभ त खाएके ।" महतरीया गेली बिया माङे कहे लगली-"अरे दादाह तोहार भगिना बाडिहे तिउनाताउनक बिया माङके पठोले ।" ददेरवाह कहली-"धान बोवे छाडी कतउ री तिउनाताउनक बिया ?" बहिनीया कहली-"हैनो मानइ बाडिहे त कथि करके ?" ददेरवाह बिया देके पठोली । तब जाके बनरा बिया सभ बरीयामा बौली । याकोजन धान बौली बनरा तिउनातरकारी । जब धान फुटली पकली यकर बरियामा तिउनाताउन फरे लगली । याकोजन धान भितरोइ हिनकर बारीमा तिउना फरल हली ।

एक दिन ममेरवाह देशविदेश घुमे जायके सल्लाह करइ हली बनरा उहे सल्लाहावा सुनली यकरो हुनके साङे देशविदेश घुमे जायके मन लगली यापन दाओके कहली-"अरी दाओ मामा हुनका बडउ देशविदेश घुमे जाइ, मुहु जेबसु जो कह दे ।" महतरीया गेली ददेरवानी लघिना कहे लगली -"अरे दादाह तोहरा देशविदेश घुमे जाइ बडह ? तोहार भगिना फेनी तोहार साङे जाए खोजइ बडिहे लिजह सङही ।" ममेरवाह कहली-"कहवा हतइ बानर जाति भागिना जाइ-जाइकी कुकुर भेटेतइ पैडावामा काटे छुटतउ त, नाही लिजबी ।" घरवामा जाके बेटवाके कहली-"अरे बबुवा हैनो बडउ लिजइ झिन जो कुकुरह कटतउ ।" बनरा हैनो मानली ओते ममेरवाह सपरओपरके निकडली यते बनरा फेनी सपरके गेली ममेरवानी साङे । महतरीया फेनी कह देली-"अरे दादाह चाहे मरिय चाहे जिइय हैनो मनइ बडिहे लिजह ।" ददेरवाह कहली-"लो हैनो मनइ बडिय त जेबसी बनरा भगिना हमार साङे । बाकी कुकुराह छुटतऊ जऊँ हमरा नाही बचावे सकबी ।" तब जाके जाय लगली, जाइ-जाइकी निजकुज वन पुगली वहवा न चरियावासे चेत न मनियावासे भेट वहवही साँझ भेली । साँझ हखइकीमाहा यबे बास खोजे परलइ कहके यतेओते हेरे लगली, वहवा लजिके देखली एगुठा सोनक घर । उअ घरवा एगुठा डङ्गिनीक घर रहली । हिनका पाँचभाइ रहली बनरा पाछा लोकाइली हैनो देखार हली, उअ डङ्गिनीयाक पाँच गो बेटी रहली । ओकर छुटकी

बेटीया इनरासनक परी हली यकरसे कथि तहचुक भेल हसइ उहियासे यकर बाबादाओ डङ्गिनीक कोखीमा यवतार हतउ कहके सराप देले हली । पाँच भाइ गेली उहे सोनवाक घरवामा बास माङे, डङ्गिनीया हिनकाके देखतेकेनमान मनमने यापन बेटीयानी लागि बखरा लगोली जेठकी बेटीयाकलागि जेठकी भयवा, माझिलीक लागि मझिलहरा यसने बखरा लगोली हसे हुनका यापन घरवामा बास देली । बनराके डङ्गिनीया हैनो देखली । बनरा फुलोरियामा गेली पाँच भाइ डाङ्गिनीयाक घरवा भितर सुतेगेली । डङ्गिनीया यापन बेटियानके एकहक जनक साडे सुतके पठाइदेली । पाँच भाइ दुलही पौली हसे वहवही रमैली ।

बेहान भेली, डङ्गिनीयाक बेटीयाह दिनभरी शिकार खेलाए जाइ, साँझ घर यवइ हसे डहुल-डहुल खियोइ पियोइ । यसने कर्तेकर्ते एक दुई हप्ता पाछा डङ्गिनीया कहे लगली-"अरी बबुइह यापन-यापन दुलहावाके सधिह ता कतहर थुल्हाइली बडइ ?" साँझ भेली यैली खा पिके सुतली जखनी मर्दावाह निनैली तखनही सुइ धेने गोडवाक तर सधली । बेहान भेली कहे लगली-"अरी दाओ सधली इचिहिची मोटेलउ ।" महतरीया कहली-"लो सबदिन सधिह खूब मोटेतइ हसे एकदिन खेबहु ।" कहके सल्लाह करेलगली । हुनकर सल्लाहावा बनरा सुनइ हली । दिन जब छाटीजन शिकार जाइ तखनही बनरा ममेरवानीसे भेटके कहली-"अजी मामा हेरवियौ ता यापन-यापन टङवा कसनक-कसनक बडइ । पाँच गो भाइमा चार जनक जनियावाह डङ्गिनीयाक सदियो बेटी रहली । छुटकी बेटीया मासु माछरी हैनो खवाह हली । दिन पाँच भाइ कहे लगली-"अरे दादाभाइ बनरा भगिना बडिहे हमराके यापन यापन टाङवा हेरके कहले हेरू ता ?" जम्मा जन यापन-यापन टङवा हेरली छुटकी बेटवाक जनियावा हैनो डाइनी हली उहियासे उअ यापन मर्दावाके हैनो सधले हसिअ ओकर टङवा चिकट चाकट हसइ । चार भाइक जनियावाह सबदिन सधइ उहियासे हुनकर टङवा खिद खिदरार हली । हुनका डेरैली कथि करके यबे बनरा भगिना कहले बडिहे हेरके यकर उतारा उहे देबिहे कहके गेली बनराक लघिना । बनराके पुछली-"कतउ यसनक भेलइ ?" बनरा भगिना कहली-"अजी मामाह रौरेसभ यबे मोटेलियौ, रौरे सभके हुनका खाए खोजइ बाडक ।" ममेरवाह पुछली-"कहिया खाए खोजइ बडइ ?" बनरा कहली-"सुक, शनिचर यावे बुध मङर बुढवा मङरावाक दिनवा हिनका खाए खोजइ बाणक ।" बनरा हुनकाके चानक देइ हली, जब साँझ हखइ ममेरवाह बिसरोइ निनवा झोकहरइ । यसने कर्ते-कर्ते पुगली बुढवा मङर बनरा कहली-"मामा याजु राति रौरे सभके खैबे करीह ?" ममेरवाह कहली-"अजी भगिना कसके करके त ? बनरा कहली-"हेरी मामा याजु राति सुतके जुनवा यापन-यापन जनिवाक लुगवाफटवा रौरे सभ पेहरबियौ, यापन लुगवा जनियावानके पेहरके देबियौ हसे सुतबियौ ।" साँझ भेली सुतके जुनवा जसने बनरा कहले

हलिय ओसने लुगवा साटके सुतली । सुतइकीमाहा निन झोकहरली निनैली, बनराक निन हैनो लगइ रातभरी छटपटी हखली । डङ्किनीया बुढीया लगली कहे :

-"टाइस टुइस छुरी पिजाउ काटु दम्दाक घेघ"

बनरा कहली-"जगले बाडो"

बुढीया कहली-"आइस माइ कैसे याजु दम्दा हुनका हैनो निनाइ दिनभरिक हरियाइली सुतके चाहि ।"

एकपहर रात वितली फेनी बुढीया कहली-"टाइस टुइस छुरी पिजाउ काटु दम्दाक घेघ" बनरा फेनी कहली-"जगले बाडो" बुढीया कहली-"आइस माइ कैसे हैनो सुतई ?" यसने दुई पहर तीन पहर रात वितली जब चौथी पहर भेली बुढीया फेनी कहे लगली-"टाइस टुइस छुरी पिजाउ काटु दम्दाक घेघ" बनरा चुपचाप रहदेली । बुढीया सोचली-"यबे हिनका निनेलऊ ।" गेली खोके खोक लगली मुहवा उभकते घेण्टिया कटते करे लगली, छुटकी दम्दावके हैनो कटली । काटओटके सुतेगेली ओते बनरा छाटी चाल देखइ हली हसे हलहली ममेरवानीके उठोली कहे लगली-"अजी मामा जाऊँ भागुँ रौरे सभके खाइ यबे, हेरिउता जम्मा बेटीयानीके कटले ।" हेरइकीमाहा पजरावामा जनियावानी घेण्टीया कटाइली । घरवामा जतुरा सोनासर्फी छाटी हेरओरके खोज खाजके लेके भगली । बेहान भेली छुटकी बेटीया कहे लगलीअ-"अरी दाओ मोर भुख लगइ बडउ । बुढीया कहली-"जाही न जतेक खेबही भटेरवानी मासु खोकवामा बडउ ।" उअ गेली छाटी खोकवामा घुमली, छाटी खोकवामा दिदेरीयाबहिनीयाक मुणीया सभ देखली । गेली महतरीयाक लघिना कहे लगली-"दिदी मुण नाहि खाउ भाटु मुण खाउ ।" बुढीया कहली-"जाही न री खोकवामा जतेक फेनी बडउ ।"

फेनी बेटीया कहली-"दिदी मुण नाही खाऊँ भाटु मुण खाऊँ" कतउ यसनक कहयी बडीय कहके बुढीया गेली हेरे । जाइकीमाहा देखली छाटी यपने बेटीयाक मुणीया हसे कहे लगली-"हेरही ता मुइ हुनकाके मारे खोजइ मोरे बेटीयाह मरल गहनी चलाख ।" कहके बहरा निकणके हेरे लगलीय त हुनका दगुरइकी भगइ हली बुढीया लगली बेदगावे । डङ्किनीया उपर उडियाइकी बेदगोइ हिनका तर दगुरइकी माहा इ पाँच भाइ सोनासर्फी बोकले हली बनराक बखरा फुटल मानरी हली । उहे मनरीयामा डङ्किनीया बुढीयाक जिउवाक पोटरिया हली । दगुरइ-दगुरइकी बनरा मनरीया बजावे लगली-"मामा हुनकर सोनासर्फी मोर फुटली मनरीया तीन धाम" कहते बजोते करइकीमाहा डङ्किनीया बुढीयाक जीउवा थर्कली हसेघब धेने तर परके मरली । तब जाके हिनका बचली हसे घर गेली । घर जाइकीमाहा बानर भगिनाक बखान करे लगली गहनी चतुर बेटा, बेटवा त यसनक बपवा झन कसनक हलिय ? व्यर्थे मारदेली बनरा दम्दावाके कहके पछुतैली ।

## नेपाली अनुवाद

एकादेशमा एक बुढाबुढी बस्दथे । तिनीहरूका पाँच छोरा र दुई छोरी थिए । जेठी छोरी ठूली नै भैसकेकी थिइन् । एक दिन खेतमा जाँदा उनले गुर्मीको बोट ढपक्क ढाकेको देखिन् । अनि घरमा आइन् र आफ्ना साथी सङ्गीहरूलाई गुर्मी टिप्न जाँऊ भनिन् त्यसपछि सबै साथीहरू मिलेर गुर्मी टिप्न भनी डालो बोकेर गएछन् र सबै जनाले डालाभरी गुर्मी टिपेर फर्किन थाले तर जस्ले टिप्न जाऊँ भनेकी थिइन् उनले भने टिप्दै खाँदै गरेकी हुनाले एउटा पनि जम्मा गरेकी थिइनन् घर फर्किन लाग्दा बाटामा एउटा बाँदरले बाटो रोकेर भन्यो-“मलाई तिमीहरूले गुर्मी दिन्छौ कि मसँग आउँछौ ?” केटीहरूले भने-“तिमी बाँदरसँग को जान्छ र ? बरू सबै गुर्मी लैजाऊ ।” यति भनी सबैले आ-आफ्नो डालाभरिको गुर्मी दिए तर एउटी केटीसँग गुर्मी नभएको कारणले बाँदरसँग बसिन् र साथीहरूलाई घर जान भनिन् । साथमा आमाबुबालाई पनि आफू बाँदरसँग बसेको कुरा खबर गरिदिन अनुरोध पनि गरिन् । साथीहरूले नबस भन्दा पनि उनले मानिनन् । त्यसैले सबै साथीहरू उनलाई छाडेर गए र घरमा गएर बुढाबुढीलाई सारा वृतान्त सुनाइदिए ।

बाँदरको आफ्नो घर ठिक ठेगानमा नभएको कारणले केटीलाई आफूसँग वनमा लग्यो । त्यहाँ वनका फलफुल खाने र वनमै घुम्ने गर्न थाल्यो । यसरी एक दिन दुई दिन भन्दै समय बित्न थाल्यो । वर्ष दिनभित्रमा उनीहरूको सन्तान पनि जन्म्यो, सन्तान बाँदर नै थियो वर्ष दिनको समय बित्दा त्यो केटीलाई माइतीको र बुबाआमाको खुब सम्झना आयो । अनि बाँदरलाई माइत जान पर्‍यो भनी सल्लाह गरिन् र जोइपोइ माइती हिँडे । अगाडि-अगाडि श्रीमती पछाडि-पछाडि श्रीमान् हिँड्न थाल्यो । जाँदा-जाँदा बाटामा माइत नजिकै एउटा बगैँचा रहेछ र बाँदरले आफू ससुराली नगई यही बगैँचामा बस्ने इच्छा प्रकट गर्‍यो तर श्रीमतीले मानिनन् र सँगै जान अनुरोध गरिन् । जति गरे पनि बाँदरले मानेन र श्रीमतीले श्रीमान्लाई लिन बहिनी पठाउँछु काँधमा बसेर आउनु भनी त्यही बगैँचामा छोडी आफ्नो बालक बाँदरलाई लिएर हिँडी । बाँदर बच्चा लिएर आएको त्यही गाउँकी एउटी कुरौटे केटीले देखिन् र बुढीलाई गएर तिम्री छोरी बाँदर बच्चा बोकेर आउँदैछिन् भनी सुनाइदिइन् तर बुढीले पत्याइनन् । बुढीले नपत्याएको देखेर कुरौटे केटीले बाहिर निस्केर हेर्न भनिन् । बाहिर निस्केर हेर्दा साँच्चिकै त्यही बुढीकी छोरी बाँदर बच्चा लिएर आएकी रहिछन् । त्यसपछि बुढीले ओछ्यान लगाएर पानी दिइन् र आफूले सकेको स्वागत सत्कार गरिन् । तत्पश्चात् हालखबरको बारेमा भलाकुसारी गर्न थाले । अनि छोरीचाहिँले गुर्मी टिप्न गए देखिबाट सुरू गरी बाँदरसँग विवाह गरेको समय बिताएको सारा वृतान्त बताइन् । वनमा फलफुल खाएर पेट भर्ने जस्ता कुराहरू पनि सुनाइन् र ज्वाइँ चाहिँ बाटामा कुकुरले टोक्छ कि भन्ने डरले सिधैँ घरमा नआई बगैँचामा बसेकोले लिन बहिनी पठाउनु पर्‍यो भनी बहिनीलाई पठाउन लगाइन् ।

बहिनी भिनाजु लिन बगैंचामा गइन् र-“भिनाजु-भिनाजु भनेर बोलाइन् तर बाँदरले कुरा नबुझेर झन् लुकेर बस्यो । सालीले भिनाजु नभेटेर रितै फर्किन पऱ्यो । रित्तै घर फर्केको देखेर दिदीले सोधिन्-“खै त भिनाजु ? बहिनीले भनिन्-“मैले भिनाजु भेटिन, त्यसैले रित्तै आएँ ।” दिदीले सोधिन्-“कसरी बोलायौँ ?” बहिनीले-“भिनाजु-भिनाजु भनी बोलाए ।” दिदी-“त्यसरी बोलाएर हुँदैन । भिनाजु-भिनाजु दुईटा रोटी, लौका बज्छ गोजोरोती भन अवश्य निस्कनु हुन्छ ।”

बहिनी फेरि गइन् र दिदीले सिकाए झैँ बोलाउन लागिन् नभन्दै भिनाजु फुत्त निस्के । त्यसपछि सालीको काँधमा बसी ससुराली पुगे । ससुरालीमा जेठान, साली, सासूससुराले आफ्नो संस्कृति अनुसार बडो आदर सत्कार गरे । बुढीचाहिँ बाँदर नाति खेलाउन यताउता लागिन् । अनि आफ्नो नाति बाँदर भए पनि बडो चलाख, होसियार, बुद्धिमान् भएको महसुस गरी छोरीलाई वनमा बस्न नपठाई केही दिन माइतमा राख्ने निर्णय गरिन् । केही समय छोरी, ज्वाइँ, नाति घरमा बस्न थाले । त्यही समयमा दाजु, बहिनी, बुबा, आमा घरमा सबै सदस्यले आफ्नो चेलीलाई अब वन नपठाई बाँदर ज्वाइँलाई मार्ने सल्लाह गरे । त्यही सल्लाह बमोजिम एकदिन बाँदर ज्वाइँलाई रक्सी, मासु भात, टन्न खुवाई बेस्सरी मताएर पाँच दाजुहरूले मारिदिए र खाल्डो खनी त्यसैमा गाडिदिए । अर्को दिन बिहान बहिनीले थाहा पाइन् र बेसरी रून थालिन् अनि भन्न थालिन् :

वन वन रह्यो वनफूल खायौ  
वनैमा गऱ्यौ आहार हे दाजु  
बाँदर पुरूष मेरो किन माऱ्यो हे दाजु  
भावीले के लेखेछ निधारमा

हे दाजु हो ! किन मेरो श्रीमान्लाई मारिदिनुभयो ? जेजस्तो भए पनि त्यो मेरो श्रीमान् थियो । सुखदुःख गरेर हामी राम्रैसँग आफ्नो जीवन बिताइरहेका थियौ । अबदेखि तपाईंहरूले नै म र मेरो छोरालाई पाल्नु पर्छ नत्र हामी अलपत्र पर्नेछौँ । दाजुहरू बहिनीको कुरा सुनेर राम्रोसँग बच्चालाई पालनपोषण गर्न थाले । बाँदर भान्जाले आफ्नी आमालाई मामाघर सधैँ बस्न हुँदैन भनी मामासँग अलिकति जग्गा माग्न पठायो । आमाले दाजुसँग छोराले भनेअनुसार अलिकति जग्गा माग्न गइन् । दाजुसँग भनिन्-“दाजु ! तपाईंको भान्जा मामाघरमा आश्रय लिएर कति बस्नु अब आफ्नै सुर गर्न पऱ्यो भनिरहेछ । आफ्नो हातपाखुराका मेहनतले जीविका चलाउने इच्छा व्यक्त गरेको छ, त्यसैले अलिकति जग्गा माग्न मलाई यहाँ पठाएको छ ।”

यो सुनेर दाजुहरूले उनलाई घाँसपात, झारहरू भरिएको खेत देखाइ दिए । त्यसपछि आमाले बाँदर छोरालाई त्यो खेत देखाइ दिइन् । त्यस्तो घाँसपात र झारहरूले भरिएको खेत खन्न

आमासँग कोदालो माग्न पठायो, आमा पनि कोदालो माग्न गइन् । मामाहरू अचम्म पर्दै भने-"बाँदर भान्जाले कसरी त्यो घाँसपात र झारपातले भरिएको खेत खन्न सक्छ ?"

आमाले बाँदर छोराको लागि एउटा कोदालो मागेर ल्याएर दिइन् र बाँदर छोराले आफ्नो पुच्छरमा त्यो कोदालो बाँध्न भन्यो । भगवान्को लीला न हो, त्यो बाँदर पनि एक भगवान् नै थियो । एकै रातमा घाँसपात झारहरू खनेर त्यस खेतको माटो बुर्बुराउँदो बनाइदियो । मामाहरू चाहिँ बाँदर भान्जाको खेती हेर्न जान पऱ्यो भनी खेत हेर्न गए । खेत पुग्दा अचम्ममा परे खेत यति राम्रो बनाएको देखेर बाँदर भान्जाको खुब प्रशंसा गरे । यति जाँगरिलो, मेहनती, स्वावलम्वि भान्जा पाएर भित्रभित्रै खुसी पनि भए । यसपछि बाँदर छोराले आफ्नी आमालाई विभिन्न किसिमका तरकारीका बीउहरू माग्न पठायो । आमाचाहिँ फेरि दाजुहरूसँग तरकारीका बीउहरू माग्न गइन् । दाजुहरूले भने -"किन बहिनी धानको बीउ रोप्न छोडेर तरकारीका बीउ मागेकी ?" बहिनीले आफ्नो छोराले मागेको कुरा बताइन् । त्यसपछि मामाहरू बाँदर भान्जाको लागि फर्सी, कुभिण्डो, लौका, काँक्रो जस्ता विभिन्न किसिमका तरकारीका बीउहरू जम्मा गरेर पठाइदिए । त्यसपछि बाँदर भान्जाले ती सबै बीउहरू बारीमा रोपे, गाउँका सारा मानिसले आफ्नो बारीमा धान रोपे भने उनीहरूले तरकारीहरू रोपे । केही समयपछि बाली भित्र्याउने बेला भयो । अरूले धान भित्र्याउन लागे भने यिनीहरूको बारीमा तरकारीहरू फल्न लाग्यो ।

एकदिन पाँच मामा देशविदेश घुम्न जाने सल्लाह गर्न लागे । यो कुरा भान्जाले थाहा पायो र ऊ पनि मामाहरूसँग देशविदेश घुम्न जाने इच्छा प्रकट गऱ्यो र आमासँग मामाहरूले साथमा लैजान भनिदिन अनुरोध गऱ्यो । आमाले आफ्ना दाजुहरूलाई गएर भनिन् तर मामाहरूले बाँदर भान्जालाई साथमा लाने कुरा अस्वीकार गरे । आमाले यही कुरा छोरालाई भनिन् र उनको जिद्दीको अगाडि केही लागेन । आखीरमा मामाहरूले बाँदर भान्जालाई साथमा लान कर लागिहाल्यो । जाँदाजाँदा एक घनघोर सुनसान जङ्गलमा पुगे । त्यहाँ कुनै प्राणीहरूसँग पनि भेटघाट गर्ने सम्भावना थिएन र त्यहीँ नै साँझ पऱ्यो । अब बास बस्ने ठाउँ खोज्न पऱ्यो भनी यताउता ठाउँ हेरे नजिकै एउटा सुनको महल देखे, जुन घर एउटा राक्षसनीको रहेछ र उनको पाँचवटा छोरी रहेछन् । यिनीहरू पनि पाँच जना थिए, पाँच छोरीका लागि पाँच ज्वाइँ बनाउने उद्देश्यले राक्षसनीले बास बस्न दिइन् । बाँदरलाई भने राक्षसनी बुढीले देखिनन् । किनकि बाँदर त्यहीको फुलबारीमा गएको थियो ।

बेलुका बडो मानसम्मानका साथ राक्षसनी बुढीले ती पाँच दाजुभाइलाई खानपिनमा माछा, मासु, दुध, दही खुवाइन् र पाँच छोरीसँग एक एक दाजुभाइलाई भाग लगाई सुत्न पठाइन् । यसरी नै सधैं मीठा-मीठा खानेकुरा खान दिएर ती पाँच दाजुभाइलाई लोभ्याएर त्यहीँ राख्न थालिन् । ती

पाँच दाजुभाइ पनि देशविदेश घुम्न गएको कुरा बिर्से अनि मोटाउन थाले । मोटाउन थालेको देखेर राक्षसनी बुढीले आफ्ना छोरीहरूलाई जाँच्न भनिन् । ती पाँच छोरीहरू आ-आफ्ना भागमा परेका पाँच दाजुभाइमध्ये चार दाजुभाइलाई पैतालामा घोचेर जाँच्न थाले । कान्छो भाइको भागमा परेको राक्षसनीको कान्छी छोरी भने आकाशबाट के गल्ती गरेर श्रापले राक्षसनीको कोखमा जन्म लिएकी थिइन् । उनी भक्तिनी भएकी कारणले आफ्नो भागमा परेको भाइको खुट्टामा खोपिनन् । यो कुरा बाँदर भान्जाले थाहा पाएर मामाहरूलाई भोलिपल्ट बिहान आ-आफ्ना खुट्टा हेर्न भन्यो । मामाहरू बिहान भान्जाले भनेबमोजिम आ-आफ्ना खुट्टा हेरे चार भाइका खुट्टाका पैतालामा केही चीजले रोपेको प्वालैप्वाल परेको छिद्रजस्तो देखे तर कान्छो भाइकोमा देखेनन् । यस्को रहस्य के रहेछ त भनेर पत्ता लगाउन फेरि बाँदर भान्जाकहाँ गए । बाँदर भान्जालाई सबै कुरा थाहा थियो किनकि उसले राक्षसनीहरूले सल्लाह गरेको कुराहरू सबै सुन्ने गर्थ्यो । राति-राति सधैँ उनीहरूको खुट्टामा गोभेर (खोपेर) हेर्ने गर्थे कतिको मोटाए भनेर । केही दिनपछि तिनीहरू मोटाए पनि । यही थाहा पाएर नै बाँदर भान्जाले आ-आफ्ना खुट्टा हेर्न भनेका थिए ।

मामाहरू बाँदर भान्जाकहाँ पैतालामा छिद्रैछिद्रा परेको रहस्य बुझ्न आउँदा बाँदर भान्जाले भनेछन्-“ए ! मामाहरू हो !तपाईँहरू अब मोटाउनु भयो । तपाईँहरूका साथमा सुत्ने बस्ने श्रीमती बनेका केटीहरू बोक्सी हुन् । उनीहरूले तपाईँहरूलाई मोटाएर खाने योजना बनाएका छन् । ती छिद्रा तपाईँहरू कति मोटाउनु भयो भनेर जाँचेका हुन् । अब आउने मङ्गलबार यिनीहरूले मारेर खान्छन् ।” यस्तो कुरा सुनेर मामाहरू डराए र यस सङ्कटबाट बच्ने उपाय समेत मागे । दिन बित्दै जाँदा मंगलबार पनि आइपुग्यो बाँदर भान्जाले मामाहरूलाई बच्ने उपाय सिकाउन थाल्यो-“हेर्नुहोस् मामा हो ! तपाईँहरू आज उनीहरूको कपडा लगाउनु, तपाईँहरूले लगाउने कपडा उनीहरूलाई लगाउन दिनुहोस् ।” रात पर्‍यो बाँदर भान्जाले भने जस्तै मामाहरूले गरेँ । बेलुका आ-आफ्ना कोठामा सुत्न गए, निद्रा बेस्सरी लागेकोले मस्त निदाए । तर बाँदर भान्जालाई भने निद्रा परेन । रातभरि छटपटी भयो । जब रात बढ्दै गयो मध्यरातमा राक्षसनी, बुढी कोठा कोठामा हेर्न थालिन् । निदाए छन् कि छैनन् भनी जाँच्न थालिन् र भन्न थालिन् -

“टाइस टुइस छुरीमा धार लगाऊँ
काटुँ ज्वाइँको गर्दन
बाँदर भान्जाले भने-“जागेकै छु ।”

बुढीले भनिन्-“ओहो ! आज । किन ज्वाइँहरू नसुतेको ?” एकछिन पछि फेरि बुढीले त्यसैगरी भन्न थालिन् तर बाँदरले फेरि भन्यो-“जागेकै छु ।” यसैगरी एक प्रहर, दुई प्रहर बित्दै चार प्रहर बित्यो प्रत्येक प्रहरमा बुढी जाँच्न आइन्, प्रत्येक प्रहरमा बाँदरले ननिदाएको सङ्केत गर्‍यो

अन्त्यमा बुढी फेरि गइन्, त्यसै भनिन्, त्यति बेलाचाहिँ बाँदर चुपचाप बस्यो । बुढीले ज्वाइँहरू निदाएछन् भन्ठानेर तरवार (चक्कु) लिएर कोठा-कोठामा पालैपालो गइ सिरक हटाउँदै घाटी काट्न थालिन् र सुत्न गइन् तर कान्छोलाई काटिनन् । यो सबै दृश्य बाँदरले चुपचाप हेरिरहेको थियो । त्यसपछि सबै मामाहरूलाई बाँदरले उठाए र भन्न थाले-"मामा हो जाऊँ-"भागौँ यही मौका हो भाग्ने नत्र तपाईँहरूलाई खान आउँछ अब ।"

मामाहरू आफ्नो छेउमा हेर्छन् त घाँटी काटिएकी श्रीमती देख्छन् । यस्तो देखेर सबै मामाहरू राक्षसनीको घरमा सुन चाँदी खोजेर पोको पारी लिएर भागे । बिहान भएपछि बुढीले सबै छोरीहरूलाई काटी सकेको कुरा थाहा थिएन । कान्छी छोरी उठेर आमासँग भनिन् आमा भोक लागिरहेछ केही खानेकुरा दिनुहोस् । बुढीले भनिन्-"कोठामा जाऊ र भिनाजुहरूका मासु कति खान्छौ खाऊ ।" भनेर पठाइन् । उनी कोठामा जान्छिन् त मात्र आफ्ना दिदीहरूका काटिएका टाउकोहरू देखिन् र भन्न थालिन्-"दिदीको टाउको होइन म भिनाजुको टाउको खान्छु ।" आमाले-" यिनले किन यसो भनेकी हो ? भनेर कोठामा गएर हेर्दा त सबै आफ्ना छोरीहरूका लाश देखिन् । ज्वाइँको ठाउँमा आफ्ना छोरीको लाश देखेर अचम्ममा परी बाहिर निस्केर हेर्दा त उनीहरू भागिरहेका थिए । त्यसपछि उनीहरूकै पछाडि पछाडि लखेट्न दौडिन् । पाँच भाइ असर्फी सुन बोकेका थिए भने बाँदरचाहिँ फुटेको मादल बोकेर बजाउँदै दौडिरहेको थियो । मादलभित्र त्यो बुढीको आत्मा भएकोले जब बाँदरले बेस्सरी मादल बजाए, त्यो राक्षस्नी बुढीको आत्मा थरर थर्केर भुईमा खस्यो र बुढी छटपटिएर त्यही नै मरिन् । यसपछि बल्ल मामाहरू बचेँ र बाँदर भान्जालाई साथमा लगेको फाइदा हुन गएको कुरा बुझे । त्यसपछि भान्जाको बखान गर्दै छोरा त यति होसियार बुबा झन् कस्तो थियो होला भन्दै बाँदर ज्वाइँलाई मारेकोमा पश्चत्ताप गर्न थाले ।

## कथासन्देश

यस संसारमा जन्मने जति पनि प्राणीहरू छन्, तिनीहरू सबैलाई बाँच्न पाउने अधिकार छ । त्यसैले कसैले पनि कुनै प्राणीलाई बिनासित्तिमा मार्नुहुँदैन । सबैको हृदयमा ईश्वर बसेको हुन्छ । कसैको चित्त दुखाउनु हुँदैन । कसैलाई हेला गर्नुहुँदैन । हिलोमा फुलेको फूल पनि महत्त्वपूर्ण हुन्छ । जसरी यस कथामा बाँदरलाई मामाहरूले वास्ता गरेका थिएनन् तर अन्त्यमा त्यही बाँदर भान्जाले मामाहरूको ज्यान बचायो । सही ठाउँमा बुद्धिको प्रयोग गर्न सकेमा कठिन परिस्थितिमा पनि बच्न र बचाउन सकिन्छ भन्ने सन्देश यस कथामा पाइन्छ । यो एक घटनाप्रधान अतिरञ्जनात्मक लोककथा हो ।

## ४.४.११ भेडाक काथा (भेडाको कथा)

एगुठा गाउँ हली, उहे गाउँवामा एगुठा बुढबुढी रहली । बुढवा बुढीयाक एकोगो हैनो छोकना पोटना हली । हुनका एगुठा भेडा पोसले हली हसे हुनकर पोर्सियावाक तीन चारगो छोकनी हली, उहियासे छाडलबाढल खियावे पियावके तहिया कुकुर पोसले हली । भेडवा बहठा हली बरीयामा हराही करे जाइ बुढवा बुढीया खोजखाजके यानके बान्हइ । सबदिन यसने करइ कबहु दोसरी जनक बरीयामा पटे जाइ, कबहु दोसरी बगालक भेणी सतावे जाइ, बुढीयाक गहनी खिस लगली, एकदिन बान्हके भेडवाके डाङ धेने धुसे जाय लगली । भेडवा कहली-“अरी विदाओ मोरके झिन धुसपिट मुइ देशविदेश कमाए जेबसु, घरवामा रहले खुभे कल्पोइ बडसु ।” बुढीया कहली-“लो तौ जो गहनी बाणे कल्पोइ ।” भेडवा गेली देश विदेश कमाए । जाइकीमाहा एगुठा राकसक देशमा पुगली । वहवा एगुठी घरवामा एगुठा राकस बुढबुढी रहली, उहे घरवामा भेडवा पुगल हली । उअ बुढवाबुढीयाक घरवामा दुई जन मतुरे भेले गुनेसे हुनकर बहुत पैसा धनसम्पत्ती रहली । दिन शिकार खोजे गेल हसइ तखनही भेडवा रकसाक घरवाक कोने खोके ढुँढली । वहवा बहुत पैसा सम्पत्ति देखली । यीअ देखके पैसावा यापन देहियाक रौवामा सटली । साटओटके निकडइ हली, तखनही रक्सिनीया बुढीया पुगली, थाह पौली कि घरवामा किहो याइली बडइ कहके । लगली बुढीया कहे-“छिमनछामन-छिमनछामन किरवाक बासनावा लगइ बडउ भजबे त भाज न त खैबे कैबसु” बुढवा कहे लगलिय-“अरी बुढीया सात कोश पुर्वे, सात कोश पश्चिय, सात कोश उत्तरे सात, कोश दखिनेक शिकार खाइ सकले कहवाक किरवाक बासनावा यतइ ।” बुढीया कहली-“भले हमार घरवामा किहो न किहो बडउ छिमनछामन-छिमनछामन किरवाक बासनावा लगइ बडउ ।” यितुरा बतवा भेडवा सुनली हसे डेरैली यबे रकसा राक्सिनीयाके डेरावे परतउ कहके रक्सिनीया बुढीया भितर जाय लगली तखनही भेडवा कहली :

भेड भेडरङ एके सिङे टारे टुरे
दोसरे सिङे पर्वत फोरू
पादक चोक्टा पिह्रा फोरू

रक्सिनीया सुनली हसे डेरैली कहे लगली-“बाबा-बाबा री मोर बुते नाही हतउ ।” लगली बुढवाके बलावे-“अरे बुढवा याउ ।” रकसा यैली कहे लगली-“फरहुके ता हमार घरवामा किहो पेसल बडइ ।” कहवाहु नाही जाए परतइ शिकार खोजे यकरहीके खेबहु कहके लगली बुढवा कहे -“छिमनछामन-छिमनछामन किरवाक बासनावा लगइ बडउ भजबे त भाज न त खैबे कैबसु ।” भेडवा फेनी बुढवाके डेरावे परलउ कहके लगली डेरावे :

-“भेड भेडरङ एके सिङे टारे टुरे

दोसरे सिङे पर्वत फोरू । पादक चोक्टा पिह्रा फोरू ।"

बुढवा डेरैली बुढवा कहे लगली-"बाबा-बाबा री मोर बुते नाही हतउ जो चौतरियावा बबुवाके बलावे ।" बुढवा घरवामा रहली बुढीया गेली बलावे-"अरे चौतरियावा बबुवा चल ता हमार घरवामा कथि याइल बडउ ।" चौतरियावा रकसा यापन वरिपरिक पोर्सियावाहनीके बटियाके लिगली वहवा जाके ओसने कहली-"छिमनछामन-छिमनछामन किरवाक बासनावा लगइ बडउ भजबे त भाज न त खैबे कैबसु ।" भेडवा ओकरके डेरावके तहिया फेनी कहसिअ :

भेड भेडरङ एके सिङे टारे टुरे

दोसरे सिङे पर्वत फोरू, पादक चोक्टा पिह्रा फोरू

चौतरियावा रकसा डेरैली कहे लगली-"बाबा बाबा री मोर बुते नाही हतउ जो जिम्दरवाके बलावे ।" गेली जिम्दरवाके बलावे-"अरे महतौवा बबुवा चल ता हमार घरवामा कथि बडउ ।" महतौवा फेनी यापन पोर्सियावानीके बटियोली हसे ले ले गेली बुढीयाक घरवामा कथि बडइ बिनान खैले नाही छाडके कहके लिगली हसे कहे लगली-"छिमनछामन-छिमनछामन किरवाक बासनावा लगइ बडउ भजबे त भाज न त खैबे कैबसु ।" भेडवा जिम्दरवाके डेरावे लगली

भेड भेडरङ एके सिङे टारे टुरे

दोसरे सिङे पर्वत फोरू, पादक चोक्टा पिह्रा फोरू

जिम्दरवा फेनी डेरैली-"बाबा बाबा री मोर बुते नाही हतउ ।" यबे जम्माजन यापन-यापन घर जाहुँ घरवामा जथिजथि हाथहथियार हसुवा, खुर्पा, टाङी, कोदारी, भाला, तरवार, डण्डा लेले याऊँ, घरवा घेँरू, हसे मारूँ, कहली । वहवा जम्मा भेली राकसरक्सीनी सबजन गेली यापन-यापन घर । उहे समयमा मौका पाके भेडवा भित्ता चैकाके भजली । यघरी रहके जम्मा राकसरक्सीनि हाथहथियार लेले यैली घरवाक चारीवरी घेरली हसे केवरिया रसेरसे खोलली, भितर पेसली हेरे लगली हेरइकीमाहा किहो हैनो देखली । भेडवा भाज सकल हसीय रकसा राक्सीनीया फोकैली ।

ओते भेडवा घर पुगली, पुगइकीमाहा बुढीया देखली हसे लगली भेडवाके गरियावे-"ऊ बहठावा भेडवा कहवा हलिय मरल बहठल कै दिन रहके याइल बडिहे विनान धुसले नाही छाडबसु कहके बान्हली । हसे डण्डा यानके धुसे गेली भेडवा तौने समयमा कहली-"अरी विदाओ धुसबे जौ धुस बाकी तर एगुठा दरी पार तहिहे धुसीहे, याको ठौनावामा भिन धुसिहे बेकडावा मतुरे धुसिहे ।" बुढीया खिसिया मसकके दरी यानके पारली हसे डण्डा धेने लगली बेकडावामा धुसे । एक पल्टा धुसलीय त खन्भनोत धेने दरीयामा पैसा भरली, फेनी धुसली फेनी भरली यसने तीन चार पल्टा भाटली हसे हैनो भरली छाडदेली । बुढीया उअ पैसावा नापे खोजली गेली पोर्सिनियाक घरवामा माना कुरूवा माडे । माना कुरूवा यानके नपली नापओपके धरली । कुरूवावा काठक हली उअ

भितर इचिका फरकल हसइ ओकरहीमा एगुठी पैसावा चिटकल हसइ । बुढीया जेसिय कुरूवावा पुगावे जाइकीमाहा कुरूवावाक गोसिनिया पैसावा चिटकल देखसिय हसे लगसिय पुछे-"कथि नापके लिगले हाले ?" बुढीया फटहोइ हसिय कखनहु धान कहलही, कखनहु चाउर, कखनहु मकाइ कहलही पोर्सिनिया देसिय कही-"हैनो री तुइ पैसा नापे लिगले हाले तब न कुरूवामा बडउ चिटकल ।" बुढीयाक सदिया बात कहहिके मन पर्सइ लगसिय कहे-"उहे बहठावा भेडवा कमाए गेल हलिहे । कहवासे पैसा कमाके यनले हलिहे उहे नापे लिजले हलसु ।" पोर्सिनिया कहली-"हेरहिता हिनकर एगुठे भेडा यतेक पैसा कमाके यनले हमार घरवामा यतेक कुकुर बडइ एगुठो हैनो कमाइ रह कुकुरानिके कमाएके पठावे पर्लिहे ।" कहके कुकुरसभके धुसधासके जाह तोहरहु कमाए कहके खेद देली ।

कुकुराह धाङ बन्हले गेली कमाए जाइ-जाइकी एगुठी गाँउवाक लजिकेक जमरावामा पुगली वहवा एगुठा मरल गोरू नणकोले हसई उअ देखके कुकुरक जाति खाएके मन लगलइ । कमाए गेल कहके बिसरोलइ । लगली मरली गोरूवाक मसुवा खाए । खाओके एघाढिढाके घर यैली । घरवामा गोसिनिया देखली हसे कहली-"लि कुकुराह यलइ त कमाके" बुढीयाके बलोली-"अरी बुढीया हमार कुकुराह यलउ त कथि करके यबे ?" बुढीया कहली-"अरी पहिन बन्हही हसे तर दरी पारही टाङवामा झिन धुससी बेकडावामा मतुरे डण्डावा धेने धुससी ।" बुढीया जसने-जसने कहलिय ओसने-ओसने कुकुराक गोसिनिया करली । कुकुराक देहियासे कहवाक पैसा झरतइ दोत-दोत धुसाइ खाके कुकुराह कुनहु ढकचे लगली, कुनहु कुकुराह हगे लगली गोसिनिया लगली कुकुरा सभके गरियावे कहवा लइ पैसा कमाके यन्तइ मासु खाओके यघाढिढाके याइली बेइमान कुकुर भागह कथि काम लगबह यबे तोहरा ? यितुरा कहके बान्हल कुकुर छाडदेली हसे छाटी कुकुराह भगली ।

## नेपाली अनुवाद

एक गाउँमा एक जोडी निसन्तान बुढाबुढी बस्दथे । उनीहरूको कुनै सन्तान नभएको कारणले एउटा भेडा ल्याएर पालेका थिए । त्यस भेडालाई नै उनीहरूले आफ्नो सन्तान बनाएका थिए । नजिकै छिमेकीको घरमा चाहिँ तीन-चारवटा बच्चाहरू थिए । ती बच्चाहरू खाना खाँदा केही खाना बच्ने गर्दथ्यो । त्यो खाना खेर नजाओस् भनेर दुईतीनवटा कुकुर पालेको थियो । ती बचेका खाना सबै कुकुरलाई खुवाउने गर्थे ।

यता बुढाबुढीको सन्तानरूपी भेडाले घरी-घरी छिमेकीको बारीमा गएर बदमासी गर्ने गर्दथ्यो । यो देखेर सारा छिमेकीहरू हैरान भैसकेका थिए । भेडाको बदमासी दिनप्रतिदिन बढ्दै जान थाल्यो । यस्तो देखेर बुढीले एकदिन एउटा खम्बामा बाँधेर एउटा लठ्ठीले पिट्न भनी हात उठाएकी मात्र के थिइन् भेडाले भन्यो-"ए बुढी आमै ! मलाई नपिट्नुस् यदि म यति बदमास भएको

छु भने म देश विदेश घुम्न जान्छु र पैसा कमाएर ल्याउँछु । आज मलाई छाडिदिनुहोस् ।" यो सुनेर बुढीले भनिन्-"ल ठीक छ आजभोलि निकै नै सताइरहेछौ कहिले छिमेकीको भेडीहरूका बथानमा गएर भेडीहरूलाई सताउँछौ, कहिले कसैको बारीमा पसेर बाली नाश गरिरहेछौ । निकै नै दुःख दिइरहेछौ, त्यसैले तिम्रो त्यही इच्छा छ भने जाऊ विदेश पैसा कमाएर लिएर आऊ ।" यसपछि भेडा बुढीको आज्ञा पाएर विदेश पैसा कमाउन भनी हिँड्यो । जाँदा-जाँदा ऊ एउटा राक्षसको देशमा पुग्यो । त्यहाँ एक राक्षस बुढा र बुढी मात्र बस्ने एउटा घरमा पुग्यो । तिनीहरूको कुनै सन्तान थिएन तर उनीहरूले प्रशस्त धन सम्पत्ति जोडेका थिए । भेडाले घरभित्र पसेर कुनाकाप्चा सबै हेऱ्यो त्यहाँ उसले प्रशस्त पैसा, सुन, चाँदी भेट्टायो भेडाले एक-एक गरी आफ्नो शरीरभरि रौँहरूका बीचमा बडो चतुरतापूर्वक राख्ने मौका पाए । किनकि त्यस बेला ती राक्षस बुढाबुढी शिकार गर्न बाहिर गएका थिए ।

त्यसै समयमा मौका छोपी भेडाले सारा खजाना बोकेर हिँड्न मात्र थालेको थियो त्यहीबेला राक्षसनी बुढी शिकारबाट फर्केर घर पुगिन् । घरमा पुग्दा उनले बास्नाबाट घरमा कोही आएको चाल पाइन् र भन्न थालिन्-"कता-कता किराको बास्ना आइरहेछ भाग्ने भए भागिहाल नत्र तँलाई खाइहाल्छु ।" त्यसैबेला राक्षस बुढो त्यहाँ पुगे र भन्न थाले-"ए बुढी सात कोश पूर्व, सात कोश पश्चिम, सात कोश उत्तर, सात कोश दक्षिणमा रहेको सारा प्राणी शिकार गरेर सकियो, कहाँको किरा यहाँ आउँछ ?" तर बुढीले मानिनन् र घरभित्र पस्न थालिन् । यो कुरा थाहा पाएर भेडालाई डर लाग्यो र सोच्न थाल्यो अब राक्षस बुढा बुढीलाई कसरी तर्साउने ? बुढाबुढीलाई तर्साउनको लागि भेडाले भन्यो -

भेड भेडरङ एक सिङले भाँचभुँच गरूँ
अर्को सिङले पर्वत फोरूँ
पादको एक छेउले पिर्का फोरूँ

यो आवाज राक्षसनी बुढीले सुनिन् र डराइन् अनि भन्न थालिन्-"बाबा बाबा हो ! मबाट केही हुन सक्दैन बुढोलाई बोलाउन पऱ्यो ।" त्यसपछि बुढालाई बोलाइन् र भित्र जान थाले । भेडाले फेरि त्यही कुरा दोहोऱ्यायो बुढा पनि डराए । त्यसपछि गाउँको गन्यमान्य व्यक्तिलाई बोलाउन पऱ्यो भनी गाउँको चौतरियालाई लिएर आयो ! चौतरीयालाई पनि त्यसैगरी तर्सायो । यसैगरी क्रमशः गाउँका ठूलाबडालाई पालैपालो बोलाएर ल्यायो । सबलाई भेडाले त्यसैगरी तर्सायो । त्यहाँ सारा गाउँका राक्षसहरू जम्मा भए । कसैले घरभित्र जान आँट गरेन र सबैले आ-आफ्ना घरमा भएका हातहतियार बोकी आउने र एकैचोटि भित्र पस्ने भनी निर्णय गरी सबै जना हातहतियार लिन आ-

आफ्ना घर गए । त्यहाँ सुनसान भयो । त्यही मौका पारी भेडोले भित्ता फोरी पछाडिबाट निस्केर भाग्यो ।

एकछिन पछि सबै राक्षसहरू हातहतियार लिएर आए अनि घरभित्र पसेर हेर्न थाले । घरभित्र केही थिएन, उता भेडा भने आफ्नो घर पुगिसकेको थियो । घरमा भेडो फर्केर आएको देखेर बुढीले फेरि डण्डा (लठ्ठी) निकालेर यतिका दिनसम्म कहाँ हराएको थिइस् भनी गाली गर्दै पिट्न खोजिन् तर भेडोले पिट्नुभन्दा अगाडि एउटा कपडा ओछ्याउन भन्यो र त्यही कपडा माथि आफूलाई पिट्न अह्रायो । बुढी भेडाले भने जस्तै तल कपडा ओछ्याइन् र त्यस माथि भेडालाई बाँधेर पिट्न थालिन् । बुढीले एक डण्डा हान्दा पैसाहरू झ्वाम्म गरी झरे, फेरि हान्दा त्यसै गरी झरे । तीनचारचोटि हान्दा यसरी नै पैसाहरू झरे । त्यो पैसा नाप्नको लागि त्यही कुकुर पालेको छिमेकीको घरमा माना माग्न गइन् । माना ल्याएर पैसा नापिन् र माना पुऱ्याइ दिइन् । माना काठको भएकोले अलिकति चर्केको रहेछ । त्यही चर्केको ठाउँमा एक दुई ओटा पैसा टासिएको रहेछ । यो देखेर छिमेकी आइमाईले अनुमान गरिन् कि यो बुढीले पक्कै पनि पैसा नाप्न यो माना लगेकी रहिछ । त्यस आइमाईले बुढीलाई सोधीन्-"यो माना पैसा नाप्न लगेको हो ?" तर बुढीले ढाँटिन्-"अँह मैले पैसा नाप्न लगेकी होइन । धान नाप्न लगेकी हुँ भनेर भनिन् । तर त्यस आइमाईले पत्याइनन्, बुढीले घरी मकै, घरी चामल नाप्न लगेकी भनेर ढाँट्न थालिन् तर त्यो कुरा आइमाईले पत्याइनन् । आखिर अन्त्यमा बुढीले सत्य कुरा भन्न कर लाग्यो र भेडाले कमाएर ल्याएको पैसा नाप्न माना लगेको कुरा बताएपछि त्यो आइमाईको मनमा चस्का पस्छ । आफ्नो घरमा यति धेरै कुकुर खाने मात्र, कमाउने कोही छैन । बुढीको एउटा भेडाले त्यत्रो पैसा कमाएर ल्याएको देखेर कुकुरहरूलाई पनि कमाउन पठाउन पऱ्यो भनी पिटेर घरबाट लखेटिन् ।

कुकुरहरू कमाउन भनी घरबाट निस्के । जाँदा-जाँदा बाटामा एउटा गाउँको नजिकैको चौरमा मरेको गोरू फालिएको देखे । ती कुकुरहरूले त्यसलाई देखेपछि कमाउन हिँडेको कुरा बिर्से । कुकुरको जात न हो, मरेको गोरू खान मन लाग्यो र खान थाले । कुकुरहरू गोरूको मासु टन्न खाई अघाएर घर फर्के । घर फर्केपछि कुकुर मालिक्नी बुढी कहाँ गएर सोधिन्-"ए बुढी आमै ! मेरा कुकुरहरू कमाएर आए । अब पैसा झार्न के गर्ने ?" त्यसपछि बुढीले भनिन्-"भुँईमा एउटा कपडा ओछ्याउनु अनि त्यसमा कुकुर उभ्याएर एउटा लठ्ठीले ढाडमा हिर्काउनु ।" बुढीले भनेजस्तै कुकुरहरूलाई पिट्दा कुकुरको शरीरबाट एउटा सिक्का पनि झरेन । त्यसको सट्टा कुकुरले खाएर आएको मासु नै वाक्न थाले । कुनै-कुनै कुकुरले त दिसा पनि गरे यस्तो दृश्यबाट कुकुर मालिक्नीलाई असाध्यै रिस उठ्यो र उनले ती कुकुरहरूलाई लखेटिदिइन् ।

**कथा सन्देश**

यस कथामा जनावरलाई मानवीकरण गरी पात्रको रूपमा उभ्याइएको छ । यो एक मनोरञ्जन दिने खालको सरल एवम् सरस कथा हो । मान्छेले जनावर विचार पुऱ्याएर पाल्दा राम्रो हुन्छ । कुनै जनावरले फाइदा दिन्छ भने कुनै जनावरले दिँदैन । यस कथामा भेडाले सम्पत्ति थुपारिदिएको छ भने कुकुरले मरेको गोरूको मासु खाएर छादेर घर फोहोर पारेको छ । त्यसैले केबाट फाइदा हुन्छ, त्यही गर्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ । यो पशुकथा हो, यसमा व्यङ्ग्य पनि पाइन्छ ।

## ४.३.१२ गेवँरा गेउँरीयाक काथा (भँगेरा र भँगेरीको कथा)

एगुठा गाउँ रहली उहे गउँवामा एगुठा बुढबुढी रहली । हुनकर सयान भेल एगुठा बेटा एगुठा बेटी रहली । सयान बेटा भेलेपर जाकर वाप महतारीक फेनी बियाहक चिन्ता हसइ कसनक पुतहु बनावके ? कहवा खोजे जायके ? कहके उअ बुढवाबुढीयाक फेनी ओसने गुनान भेली । मर्दावाजनियावा सल्लाह करे लगली-"कहवा जैवे छौडी खोजे बेकारमा घरहीमा छवड छौडी बडउ दुनु दादाबहिनीके बियाह करदेहु, देखबही यतेओते खोजे जाए परइ । दुनुजन बुढवा बुढीया सल्लाह करके लगली बियाहक सामा करे, बेटवा बेटीयाके हैनो थाह देली । हुनकर घरवामा एकजोडी गेउरी लागल हली हुनका छाटी बतवा सल्लाहावा सुनइ रहली हसे बेटवा बेटीयाक यागा कहे लगली- "भाइबहिनी कसनक बियाह ? भाइबहिनी कसनक बियाह ?" सबदिन यसने कहइ ददेरवा थाह पौली जे हमार भाइबहिनीक बियाह बाबा दाओ करदेइ कहके । बहिनीया हैनो बुझली बपवा महतरीया सामा करइ, मोद चुवोइ, धान पसरइ गेवँरागेउँरीया वसनक कहइ कथि हखइ बडइ कहके बाबादाओसे पुछइ हैनो कहइ । गेली ददेरवाके पुछे-"दादा रे कथि गेवँरावा गेउँरीया कहसइ ? भाइबहिनी कसनक बियाह ? ददेरवा कहदेली-"अरी तोर मोर बडउ बाबादाओ बियाह करदेइ उहिये बतवा कहसिहे ।" बहिनीया कहसिय-"कबहे दादाबहिनी बियाह करतइ ? हमार एगुठे बापमहतारीक कोखिसे जन्म लेले भाइबहिनीक सम्बन्ध एक जन्मक सम्बन्ध । दादा रे दाओबाबाके बियाहक सामा करेदेही बाकी मुइ यिअ बियाह नाही करबसु ।

दिन बितले गेली, झमर-झमर बियाहक दिन पुगले यैली । इन्दिने बियाह याजुक दिनवा, बेहना सङघतियासभक साथमा लिजली लहावे खोरावे । उअ लदियामा डोङा फेनी रहली । लदियामा सङ्घातियासभ हसे महतरीया लहाए लगली । सबहुजन लहाए खोरे लगली । उअ छाडीया लहाए छाडी डोङवामा एघरी झिरीहिरी खेलाए जाइबडसु कहके चढे गेली हसे डोङवामा चढके यते ओते चलावे लगली । दिनभरी चलोइ जम्मा सङ्घातियावाह महतरीया खोर सकके बलावे लगली । उअ छौडीया डोङवासे हैनो नभइ चलोते बडिअ महतरीया लगली कहे :

फिरहु री फिरहु दुर्बाइनी बेटी री

यबे रे नाही हतउ बियौहुवा

लगना तर धिरमाता

बेटीया कहली :

कैसे के फिरबो, दाओ री,

तुइ री लगवे सासुइ हमारे

लगना तर धिर माता

बेटीया हैनो फिरलही । महतरीया घर जेसिय हसे बपवाके पठाइ देसिअ । बपवा याके लगसिय कहे:

फिरहु री फिरहु दुर्बाइनी बेटी री

यबे रे नाही हतउ बियौहुवा, लगना तर धिरमाता

बेटीया लगसिय कहे :

कैसे के फिरबो बाबा रे,

तुइ रे लगवे सासुरा हमारे

लगना तर धिर माता ।

अरेबाबा कसके फिरके तुइ त मोर ससुर हखबे हसे बपवा गेली घर बेटवाके देसिय पठाइ । यसिय ददेरवा लगसिय कहे :

फिरहु री फिरहु दुर्बाइनी बहिनी री

यबे रे नाही हतउ बियौहुवा, लगना तर धिर माता

फिर री बबुइ नाही हतउ बियाह । हसे लगसिय छौडीया कहे :

कैसे के फिरबो दादा रे,

तुइ रे यावे लगवे सैया हमारे

लगना तर धिर माता

तखनही नाग नागिनी उअ छौडीयाके घेरले हसइ हसे फेनी कहे लगसिय :

उपर लाग घेरल तर नागिनी घेरल

यबे मुइ कैसे जैबो घर

यितुरा कहके टुभुक धेने पानीयामा डुबसिअ हसे ओकरके रहुरा रतार मछरिया खेसिय । एगुठा मलाह माछरी मारइकी उहे लदियामा यैली हसे यापन जलवामा पारली । मलहा जबण माछरी मारलही कहके गगसले घर लिजली । घरवामा लिजाके चिरली, फडियोली पेटवामा देखली उहे छौडीयाके, ओकर इचिहिची सास बडले हली । दावापानी करके होसमा यनली । होसमा

यवइकी माहा मलहा पुछली-"कहवाक हलही ?कसके यसनक भेलइ ?" कहके पुछली छौडीया छाटी कहदेली-"ददेरवासे बियाह करदेइ हलउ, लदियामा लहाय यनले हलउ हसे मुइ रपतियामा भिरिहिरी खेलाइ-खेलाइकी डुबलसु मछरिया खेलिहे तुइ बचोलही कसनो बाडे यबे तुही मोरके बियाह कर । जेन यपने ददेरवासे बियाह करबसु त तोरहिसे बियाह करबसु ।" छौडीयाक बतवा मानके मलहा बियाह करली । एक दुई वर्ष वितली एगुठा छोकनी भेली हसे मलहाक ससुरारी जायके मन लगली कहली यापन दुलहीयाके-"तोरसे बियाह करल एक दुई वरष भेलउ कसनक बडउ तोर लेहरा चल न देखावे ।" चल न कहके एक दिन लेहरा यावे लगली गाउँवाक लजिके पुगली उहे गाउँवाक एकदुई जन हुनकाके देखली । ओकर बपवा महतरियाक लघिना जाके कहदेली-"तोर बेटीया याइली बडीहे एगुठा छोकनी फेनी बडउ ।" बुढीया कहली-"कैसे री तोहरा मोर बेटीया कहवा भुलाइली बडीय कहवा नाहि विरसल दुःख सम्भावे याइली मरल ।" दोसरी देखली मनसावाह फेनी कहे लगली-"अरी बुढीया बहरा निकडही न भितर पदकके हतइ ।" बहरा निकडली सदियो देखली बेटीयाके सणफणाइली भितर जाके विछोना पानी देली हसे फदके लगली-"कहवा गेल हले ? हमरा त यास मारले हली तोर साडे याइली बडीअ कुन हलिय तौ ?" बेटीया कहली-"मोर दुलहा हलिहे । तोहराही त भाइबहिनीक बियाह करदेइ कबहे भाइबहिनीक बियाह हतइ उहियासे त मुइ यसनक करलसु ।" जम्माजन भेट भेली हासीखुसी जीनगी जिय लगली । यिहे कारणसे भाइबहिनीक बियाह हैनो हखइ ।

## नेपाली अनुवाद

एउटा गाउँमा एक जोडी बुढाबुढी बस्दथे । ती बुढाबुढीका एक जवान छोरा र एक जवान छोरी थिए । छोराछोरीको उमेर पुगेपछि हरेक बाबुआमालाई विहेको चिन्ताले सताउँन थाल्यो । यसै गरी ती बुढाबुढीलाई पनि छोराको लागि बुहारी र छोरीको लागि ज्वाइँ कहाँ खोज्ने ? कस्तो खोज्ने ? भनी चिन्ताले सताइरहेको थियो । एकदिन बुढा र बुढीले सल्लाह गरेछन् । अब छोराको लागि बुहारी र छोरीको लागि ज्वाइँ खोज्न किन दुःख गर्ने हाम्रै छोराछोरी अर्थात् दाजुबहिनीको विवाह गरिदिऊँ । त्यसपछि बुढाबुढी विहेको तयारीमा जुटेछन् । धान सुकाउन थाले, रक्सी बनाउन थाले सारा तयारी गर्न थाले । ती बुढाबुढीको घरमा एक जोडी भँगेरा र भँगेरी पनि गुँड बनाएर बसेका रहेछन् । बुढाबुढीले छोराछोरीलाई थाहा नदिई विवाहको तयारीमा जुटेको हुनाले भँगेरा र भँगेरीले दाजुबैनीको अगाडि-"कहिले दाजु बहिनीको पनि विवाह हुन्छ ?" भन्ने गर्न थाल्यो । यो कुरा सुन्दा दाजु चाहिँले छिटो बुझेछ तर बहिनी भने सजिलैसँग बुझ्न सकिनन् । अनि आमाबुवालाई सोधिन् तर आमा बुवाले भने केही पनि पत्तो दिँदैनथे । त्यसपछि बहिनीचाहिँले साह्रै

भएन भनी दाजुलाई सोधिन्-“दाइ ! आमाबुबा केको तयारीमा जुटेको हो? भँगेरा भँगेरीले के भन्न खोजेको हो ? मैले केही बुझिन भन्नुहोस् न ।”

दाजुले भने-“हेर बैनी ! हाम्रो बा-आमाले तिम्रो र मेरो विहे गरिदिने रे त्यसैको तयारी गरिरहनु भएको छ । भँगेरा र भँगेरीले त्यही कुरा थाहा पाएर हामीलाई जानकारी दिइरहेका छन् ।” यति सुनेर बहिनीले भनिन्-“हेर्नुस् दाइ ! बा-आमा हाम्रो विहेको तयारीमा जुट्नु भएको छ ठिकै छ गर्न दिनुस् विवाहको तयारी तर म यो विवाह गर्दिन । कहीँ दाजुबैहिनीको पनि विवाह हुन्छ ? हो म यो विहे गर्दै गर्दिन ।” दिन बित्दै गयो विवाह गर्ने दिन पनि आयो । विवाहको अघिल्लो दिन छोरीका सारा साथीहरूलाई बोलाई नजिकैको नदीमा नुहाउन लान पर्‍यो भनी सबैलाई बोलाएर आमाचाहिँले नदीमा लगिन् । नदीमा एउटा डुङ्गा पनि रहेछ । सबै जनाले नुहाउन तयारी गरे तर छोरीचाहिँ एकछिन रमाइलो गर्छु भनी डुङ्गामा चढी पानीमा खेल्न गइन् । सारा साथीहरू नुहाइसके तर उनी डुङ्गामै दिनभरि यताउता डुलिरहिन्, खेलिरहिन्, डुङ्गाबाट ओर्लिने छाँटकाट नै छैन । त्यसपछि आमाले बोलाइन्-“छोरी ! साँझ हुन लागिसक्यो आऊ अब नुहाऊ अनि घर जाऔँ ।”

छोरीले भनिन्-“आमा ! म अब फर्केर आउँदिन, यदि म फर्केर आएँ भने मेरो विवाह दाजुसँग गरिदिनु हुन्छ र तपाईँ मेरो सासू बन्नु हुन्छ । त्यसैले म फर्किन्न ।” आमाले फर्काउन नसकेर घर गइन् र बुबा आए । बुबाले पनि आऊ छोरी ! अब तिम्रो विवाह हुँदैन फर्की आऊ भनी अनुरोध गरे । बुबाको कुरा पनि उनी मानिनन् र भनि-“हेर्नुस् बुबा ! म फर्किएँ भने तपाईँ मेरो ससुरा पर्नु हुन्छ म फर्किन्न ।”

त्यसपछि दाजु आउँछन् र फर्किन आग्रह गर्छन्, सम्झाउँछन्-“हेर बैनी ! हाम्रो विहे हुँदैन फर्की आऊ ।” बैनीले भन्छिन्-“हेर्नुस् दाजु ! म फर्किएर आएँ भने तपाईँ मेरो श्रीमान् पर्नुहुन्छ म कसरी फर्कूँ ।” त्यहीबेला नागनागिनीले दुईतिरबाट घेर्छन् र बैनीले फेरि भन्छिन्-“दुईतिरबाट नागनागिनीले घेरेको छ अब झन् कसरी फर्किन्छु ।” यति भन्न नभ्याउँदै नदीको बीच पानीमा डुङ्गा डुब्छ, उनलाई ठूलो माछाले खान्छ । माछा मार्ने मान्छे जाल लिएर त्यहाँ माछा मार्न भनी आए र जाल विछ्याए । जालमा ठूलो माछा पर्‍यो । ठूलो माछा पर्‍यो भनी खुशी हुँदै माछा लिई घर आए । घरमा माछालाई चिरफार गरी हेर्दा त माछाको पेटभित्र तिनै केटीलाई भेटे । छामेर हेर्दा अलि सास चलिरहेको देखे र औषधि गरेर होसमा ल्याए । त्यसपछि सोधपुछ गर्न थाले -“तिमी को हौ ? कहाँकी हौ ? कसरी माछाको पेटमा पुग्यौ ?” भन्दा केटीले सारा वृतान्त बताइन् र त्यही माछा मार्नेसँग विहे गर्ने अठोट लिई विहे गरिन् ।

विहे गरेको एक दुई वर्ष बित्यो यिनीहरूको एक सन्तान पनि भयो । लोग्ने चाहिँलाई ससुराली जान मन लागेछ र आफ्नी श्रीमतीलाई भनेछन्-“ए बुढी ! मेरो ससुराली कस्तो

छ, कहाँ छ ? केही पत्तो छैन । मलाई ससुराली जान मन लागेको छ जाऊँ न ।" श्रीमतीले श्रीमान्को कुरामा सहमति जनाउँदै तयार भई आफ्नो बच्चा बोकी श्रीमान् श्रीमती हिँडे । जाँदा-जाँदा गाउँ नजिकै आइपुगे र गाउँका मान्छेहरूले यो देखेर बुढीको घरमा गई खबर पनि गरे । तर बुढीले हराएकी छोरी पनि कही आउँछे भनी पत्याइनन् । घरमै पुगेपछि बाहिर निस्केर हेर भन्दा बुढी बाहिर आइन् । नभन्दै छोरीले काखमा बच्चा च्यापेर आएको देखिन् । छोरीसँग आउने केटा मान्छे को हो ? भनी सोध्दा तपाइँको ज्वाइँ भनी छोरीले चिनाइन् । त्यसपछि बुढीले बडो आदर सम्मान गर्न थालिन् । छोरीले भनिन्-"तपाइँहरूले दाजुबैनीको विवाह गरिदिन लागेको भएर मैले यसो गरेँ । अब यस्तो पहिले पनि भएको थिएन भविष्यमा पनि हुनेछैन र भविष्यमा नहोस् भनेर नै मैले यस्तो गरेँ ।" यसपछि सबै परिवार हाँसीखुशी आफ्नो जीवन बिताउन थाले ।

## कथा सन्देश

विवाह भन्ने कुरा एउटै बाबुआमाका कोखबाट जन्म लिएका दाजुबहिनीसँग गर्ने गराउने बारेमा सोच्नु पनि पाप हो । यदि यस्तो हुने हो भने संस्कृतिमा ठूलो धक्का पुग्न गई नीतिनियममा उथलपुथल हुन जान्छ, साथै मान्छे र पशुमा कुनै फरक हुँदैन र समाज कलङ्कित हुन जान्छ । त्यसैले यस्तो कहिल्यै गर्नुहुँदैन भन्ने सन्देश यस कथाले दिन खोजेको छ । यो एक सामाजिक कथा हो ।

## ४.४.१३ गोही रानीक काथा (गोही रानीको कथा)

एगुठा गाउँ रहली । उहे गाउँवाक एगुठी घरवामा तीन भाइ हसे हुनकर जनी फेनी हली । पावनीक ओर उजियाइली हली, पुगली खिँचरा पावनी । खिँचरामा सबको घरमा चिचर उसिने लगली हसे चिचरावाक साङे खाएके तहिया कुनहु माछरी मारे गेली, कुनहु मासु किनके यनली । तीन ददेरभाइक कजाएके हैनो जाङर हली, खिँचरा पावनी सबहुजन कुनहु मासु, कुनहु माछरी तिउना यनइ हिनकर घरवामा न मासु न माछरी । तीनु जनियावाह लगली यापन-यापन मर्दावानी के खुब गरियावे । गहनी गरियोइ कहके साँझ खुनी छुटुकी भयवा माछरी मारे जायके सुरैली । साँझखुनी कहवा माछरी पवेतइ खेतवामा एगुठा सोनगोही पौली । लगली सोचे- "कहवा माछरी मारे जेतइ यिहे सोनगोहीया लिजाए पर्लिहे । यकरहीके काटके निझबाढके खेबहु । खिँचरा मनैबे करेतइ ।" कहके उहे लेले घर यैली । घरवामा यानके बान्हली बेहना खाएके कहके । गोहीयाक एगुठा छोकनी घरवामा रहली । उअ एगुठा धनीक मनसेक जनी हसिअ । गोही बनके बुले याइली हसिअ उहे समयमा धरके यनले हसइ । गोहीया फन्दामा फसली, रातभर उअ गोहीयाके भुखले टेकली । बेहान भेलइ जेठकी जनियावा निकडली ओकरके देखके लगली गोहीया कहे-"अरी दुलहिया छोउ मोरके रातभरी भुखले टेकलह मोर छोकनीया हबिहे भुखे मरइ जाए दे ।" जनियावा

कहली-"हाँ तोरहीके छाडतउ यघरी रहके तोरके काटओटके निभ्फबाढके खिँचरा मानेतउ कहवा छाडबी ?" कहके भजली फेनी एघरी रहके मझ्फलहरी यलीअ हसे ओकरके देखके गोहीया वकरसे छोइ मङली उअ फेनी हैनो माललीय । यघरी रहके छुटकी जनियावा यैली ओकर एगुठा छोकनी हली गोहीया लगसिय कहे-"अरी दुलहिया मोरके छोइ दे, मोर एगुठा छोकनी बडउ कनइ हबिहे, रातभरी मोरके यहवा भुखले टेकलह, तोर फेनी छोकनी बडउ मोर दुःख समझ्फ, तोरके तोर छोकनियासे दोसरे ठौरामा गहदेले जौ तोर कसनक लगतउ ? ओसने त मोर हालत बडउ छोइ दे । बरू तोरके तोर घरवाक मन्सावाह खुभे पिटे लगतउ, गजन करे लगतउ जौ मोर घर यैहे मुइ धनी बडसु तोरके मुइ जतेक दिन रहबही पालबसु ।" यितुरा बतवा सुनइकीमाहा छुटकहरीक मनवामा हैनो डौल लगली इचिका यिअ सुध खलक हली । गोहीयाक पर माया लगइ हली, सुरूमा यिहो छोवके हैनो मानइ हली पाछासे गोहीया गहनी कहइ-कहके छाड देली । गोहीया यापन घर गेली । घर जाइकी खुनी छुटकहरीहके यापन घर जायके पौडावा कहके गेली । जनियावाह छाटी जन उठ सकल पर मर्दानावाह उठे लगली । मर्दानाक जाति सोइठ ढिला उठली हसे तिउना बनावके तहिया गोहीयाक लघिना गेली । वहवा जाइकीमाहा गोहीया हैनो देखली । खोजे लगली हसे कहे लगली जनियावानिके-"लोरी गोहीया कहवा गेलिअ ? तोहरा छोइदेलह कीहा ? जनियावा कहली मुइ त हैनो छोइदेले बडसु, मोरसे छोइमङइ हलिहे । केजनी मझ्फलिहरी छोइदेलिहे किहा ।" मझ्फिलहरीक लघिना गेली ओकरके पुछली पुछइकिमाहा उहो हैनो छौवले कहली । उअ छुटकहरीके देखाइ देली छुटकहरीके पुछे लगली ओकर जिउवा कच्ची हली चुपचाप, रहली । एघरी रहके कह देली-"मुही छोइदेलसु गहनी सोगटावनयक छोइ मङलीहे मुइ छोइ देलसु कथि करके ?" सबहुजन ओकरके धुसेपिटे लगली, गरियावे लगली, कतउ गोहीयाके छोइदेलही ? कहके । गहनी उदवास करे लगली सहे सकले बाहर गोहीयाक घर भजली । जाइ-जाइकी पैडावामा भैसी चह्वोइ हली हुनकाके पुछली-"अरे तोहरा काकर भेसोणिया हलह ?" हुनका कहली-"हमरा गोही रानीक भेसोणिया हली । फेनी यिय पुछलिय-"अरे कतहर तनाउ बडइ गोही रानीक घर ?" हुनका कहली-"वहवा बडउ यौनिया गाईगोरू चह्वोइ हुनकहीके पुछही न ?" गेली यौनियावाक लघिना हसे पुछली यौनियावाह छेरचह्वोइयावाके देखोली छेरचह्ववाके पुछली हुनका इनारावामा पानी भरे याइली पानिहार्नीके देखोली हसे वहवासे पनिहार्नीन लघिना गेली त पनिहार्नीह यापन साङे लिजली गोही रानीक दरबारमा ।

गोही रानी छतवासे देखली छुटकहरीके हसे मनेमने कहली-"देखहिता यिय मोरके छोइदेले कहके यकरके धुसलइ, पिटलइ, उदवास कर्लइ, यखनी मोर शरणमा यवइ बडिअ त मुहु यकरके हेरे पर्लइ ।" छुटकहरी वहवा पुगली, हसे गोही रानी कहली-"अरी दुलहीया यलही री ?" उअ कहली - "हँ । तुही त मोरके गारी सुनोले कहवा जायके तोर लघिना यलसु ।" गोहीया कहली-"लो गरियावे

देही जसने तोर छोकना पोटना ओसने मोर । ल इचिका दिन यहवा रहसी हुनकर खिसिया बुतेतइ तही हे जैसी ।" वहवही रहे लगली एक दुई महिना बितली सबदिन यादरसुभाउ करली, मासु, माछरी, दुध, दही सबदिन खियोली । कहे लगली-"यबे यापन घर जेबसु कतेक तोर घरमा रहके हुनकर खिसिया बुताइल हतइ जनमनि ।" गोही रानी कहली-"लो दुलहिया जाइ बडही त जो फेनी धुसे पिटे लगतउ जौ फेनी यैसी ।" कहके एक बाकस लुगा, एक बाकस गहना, एक बाकस पैसा देके पठोली । घर गेली वहवा पुगइकीमाहा घरवाक मन्सावानी इचिहिचि खिसिया बणले हली हसे ओकरके देखतेकेन मान कहे लगली-"ऊ गोहीया फौलहरी कहवा गेल मरल हलिअ भर्खे यखनी यलिहे ।" छुटकहरी सरासर खोकवामा गेली । साँझ भेली जेठकी हसे मझिली जनियावा ओकरके तीनगो बाकस लेले याइली देखले हलइ, हुनकर मनवा कहली-"पक्का यिय गोहीयाक घर त गेल हलिय कथि कथि पठाइ देले बडिहे त ?" खोकवामा छुटकहरी बाकसावा खोलके हेरे लगलीअ दुनु जनियावाह लोकाके हेरइ हली । पलहा-पलही बाकसावा हेरइकीमाहा बाकसभरी लुगा, गहना, पैसा देखके हुनकर फेनी गोहीयाक घर जायके मन लगली । दोसरी बेहना छुटकहरिके पुछे लगली-"अरी गोहीयाक घर हमरा जेबहु चिन्हबिय री ?" छुटकहरी कहली-"हँ, जाह न ।" पैडावा देखाइ मङली यिय फेनी पैडावा देखाइ देलीय । दोसरी बेहना दुनु जनियावाह गोही रानीक घर गेली । गोही रानी दुनु जनियावाके देखके मनेमने कहली-"देखही ता पापी जनियावाह लोभ लागके त याइली बडइ लो यावे देही ।" पुगली वहवा हुनकाके डौलसे यादर भाउ करली हसे घर यावके समय भेली हुनकाके फेनी तीन तीन गो बाकस देके पठोली । हुनका गगसल घर यैली घरवामा याके दुनु जन खोकवामा झ्याल ढोका लगाके हेरे लगली एगुठी बकसावामा बिरोरी, एगुठी बाकसावामा मधु निकडली खाली विषालु चीज सभ निकडके बिन्हे लगली, हुनका यापन पाप करली बतवासभ समझली हसे पछुतैली ।

## नेपाली अनुवाद

एकादेशमा एउटा सानो गाउँको एक परिवारमा तीन दाजुभाइ बस्दथे । उनीहरूका आ-आफ्ना श्रीमती, छोराछोरी पनि थिए । दिन बित्दै जाँदा चाडबाडको बेला भयो माघे सङ्क्रान्ति थारू जातिको एक महत्त्वपूर्ण चाड हो । यस बेला गाउँघरका साराले माछा, मासु खाने गर्छन् । यसैले माघे सङ्क्रान्तिको बेला भएको हुनाले गाउँका सबैले माछा मारेर ल्याए । सबैको घरमा माछा र मासु पाक्न थाल्यो, मिठा-मिठा विभिन्न प्रकारका खानेकुराहरूको मगमग बास्ना आउन थाल्यो तर तीन दाजुभाइ भएको घरमा कुनै चहलपहल नै थिएन किनकि ती तीन दाजुभाइ काम गर्न साह्रै अल्छी थिए, आरामले घरमा बसेका थिए । यस्तो देखेर तीन भाइका श्रीमतीहरूले आ-आफ्ना श्रीमान्हरूलाई गाली गर्न थाले । आफ्नी श्रीमतीको गाली कति सुन्नु भनेर कान्छो भाइ

चाहिँ बेलुकातिर माछा मार्न भनी माछा खोज्न खोलातिर लाग्यो । साँझ पर्न लागेको बेला कहाँ माछा पाउनु ? बल्लबल्ल उसले एउटा सानो गोही भेट्टायो र त्यसैलाई काटेर खाउँला भनी घर ल्यायो, घर ल्याएर बाँधेर छोपेर सुरक्षित गरी राख्यो ।

वास्तवमा त्यो गोही एउटा धनी परिवारकी एक महिला रहिछिन् । उनको एउटा बच्चा पनि रहेछ । उनी भेष बदलेर घुम्न हिंडेकी रहिछिन् । तर उनी फन्दामा परिन् । रातभर थुनेर राख्दा खानेकुराहरू पनि खुवाएनन् । रातभरि भोकले तडपिएर बित्यो । त्यसपछि बिहान भयो । सुरूमा जेठी भाउजू उठिन्, उनलाई देखेर गोहीले भनिन्-“हेर दुलही ! मलाई खोली देऊ र जान देऊ । एक त मेरो घरमा बच्चा छ, रोइराखेको होला, अर्को मलाई तिमीहरूले रातभर भोकै राख्यौ, मेरो बच्चालाई भोक लागेको होला मलाई जान देऊ ।” जेठीले भनिन्-“तँलाई किन छाड्ने ? एकछिन पख्, तँलाई काटेर पकाई खिँचरा (माघी) मान्नु छ । कहाँ छोड्नु ?” भनी त्यहाँबाट भागिन् । एकछिन पछि माइली उठिन्, उनीसँग पनि आफूलाई छाड्न अनुरोध गरिन् तर माइलीले पनि मानिनन् । त्यसैगरी एकछिन पछि कान्छी आइन् । उनीसँग पनि आफ्नो सारा पीडा व्यथा पोखेर छाड्न अनुरोध गरिन् । कान्छीको पनि सानो बच्चा भएकोले उनको मर्म अलिअलि बुझेको अनुभव पाइन् र फकाउन थालिन्-“हेर कान्छी मलाई छोडेबापत यदि तिम्रो घरपरिवारमा नराम्रो भएमा, तिमीलाई हेला र घृणा गरेमा मेरो घरमा आऊ । म एक धनाढ्य परिवारकी हुँ, म तिमीलाई तिम्रो इच्छा एवम् चाहना अनुसार जति दिन बस्न मन लाग्छ त्यति दिनसम्म आरामले पाल्न सक्छु ।”

यति सुनेपछि कान्छीको मन पग्ल्यो र सुरूमा छाड्न मन नगरे पनि गोहीको करले छाडिदिइन् । घर जानेबेलामा गोहीले कान्छीलाई घरको ठेगाना, बाटो सारा बताएर गइन् । त्यस घरमा तीनवटै आइमाइहरू उठिसकेका र लोग्नेहरूचाहिँ आलस्यले गर्दा ढिला उठे । जेठो भाइले गोही नदेखेर आफ्नी श्रीमतीलाई सोधे-“गोही कता गयो ?” श्रीमतीले जवाफ दिइन्-“तिनले मलाई छाडी दे भनेर भनेकी थिइन् तर मैले वास्ता नगरी हिँडें, माइलीले खोलीदिइन् कि !” भनी जवाफ दिइन् । माइलीलाई सोध्दा उनले पनि आफूले नखोलेको कान्छीले होला भनी जवाफ दिइन् । त्यसपछि अन्त्यमा कान्छीलाई सोध्दा कान्छी एकछिन चुपचाप बसिन् र आफूले खोलेर घर जान दिएको कुरा बताइन् ।

कान्छीले गोहीलाई खोलेको हुनाले मासु खान नपाउने भयो भनी साराले कान्छीलाई गाली गर्न थाले, सताउन थाले, पीडा दिन थाले, कुट्न थाले । यस्तो क्रियाकलापबाट कान्छीको चित्त दुख्यो र आफ्ना बच्चालाई काखी च्यापी त्यही गोही रानीको घरको बाटोतिर लागिन् । जाँदाजाँदा बाटोमा उनले भैंसी चह्राइरहेको गोठालाहरू भेटिन् र तिनीहरूलाई सोधिन्-“तिमीहरू कसका गोठाला हौ ?” गोठालाहरूले जवाफ दिए-“हामी गोही रानीको गोठाला हौं ।” त्यसपछि कान्छीले

फेरि सोधिन्-"कति टाढा छ त गोही रानीको घर ?" गोठालाहरूले जवाफ दिए-"ऊ त्यहीनिर छ । त्यहाँ गोइगोरू चह्राइरहेका गोठालाहरूलाई गएर सोध ।" यति सुनेर उनी अगाडि बढिन् र गोठालाहरूलाई सोधिन् । उनीहरूले अलि पर बाख्रा चह्राउनेहरूलाई देखाइदिए । बाख्रा चह्राउनेहरूलाई सोध्दा उनीहरूले अलि नजिकैको इनारमा पानी भरिरहेकाहरूलाई देखाइदिए । तिनीहरूका नजिकै गएर सोध्दा उनीहरूले सँगै लिएर गए । गोही रानीको घर पुग्दा उनलाई देखेर मनमनै गोही रानीले सोचिन्-"ल हेर ! यिनले मलाई सहयोग गरेकी थिइन् त्यसैले घरका परिवारले कुटपिट गरेर पीडा दियो अनि सहन नसकी मेरो शरणमा आइन् । आऊन यिनलाई अहिले दुःख परेको छ, अब मैले सहयोग गर्नै पर्‍यो ।" त्यसपछि गोही रानीले सोधिन्-"ए दुलही ! आयौ ?" कान्छीले भनिन्-"अँ, आएँ नि! तिमीले त हो नि मलाई गाली सुनायौ, तिम्रै कारणले पिटाइ पनि खाएँ सहन नसकी आएँ ।" गोही रानीले भनिन्-"ल ठिक छ गाली गर्न देऊ जस्तो तिम्रो आफ्नो सन्तानको माया छ त्यस्तै मेरो पनि छ । केही दिन यहीँ बस र उनीहरूको रिस शान्त भएपछि जानू ।"

तत्पश्चात् कान्छी त्यहीँ बस्न थालिन् । त्यहाँ बस्दा करिब एकदुई महिना पनि बित्यो । त्यहाँ बसुन्जेल बडो मानसम्मानका साथ बसिन् । सधैं मासु, माछा, दुधदही खाएर बसिन् । अब कति दिन बस्नु भनी गोहीले रानीसँग घर जाने कुरा गरिन् । गोही रानीले पनि ल ठिकै छ उनीहरूको रिस पनि मर्‍यो होला फेरि कुट्न पिट्न थाल्यो भने फेरि आउनु भनी एकबाकस नयाँनयाँ कपडा, एक बाकस गरगहना र एक बाकसमा पैसा गरी जम्मा तीन बाकस सामान दिएर पठाइन् । कान्छी  तीन बाकस सामान लिएर घर गएको जेठी र माइलीले याद गरेका थिए । घरका मान्छेका मनमा अलिअलि रिस बाँकी नै थियो । उनलाई देखेर सबैले अलिअलि कर्के नजरले हेर्दै गुनगुनाउँदै थिए तर वास्ता नै नगरी सरासर भित्र गइन् । यता जेठी र माइली तीन बाकस सामान लिएर आएको देखेर पक्कै यो गोही रानीको घर गएर आएकी हुन् भनी अड्कल गरेका थिए । साँझ जब कान्छीले आफ्नो कोठाभित्र तीन बाकसमा के-के रहेछ भनी पालैपालो खोलेर हेरिन, त्यसभित्र गहना, पैसा, नयाँनयाँ कपडा भेटिन् । यो सबै माइली र जेठीले लुकेर हेरिरहेका थिए । यो देखेर ती दुईजना पनि गोही रानीको घर गए । त्यहाँ गोही रानीले देख्ने बित्तिकै चिनिन् र मनमनै दुई पापिनीहरू आए भनिन् । तर पनि राम्रोसँग आदर सम्मान गरिन्, घर आउने बेलामा उनीहरूलाई पनि तीन-तीन बाकस सामान दिएर पठाइन् । उनीहरू रमाउँदै छिटो-छिटो घर आएर बाकस खोलेर हेरे । रमाई-रमाई बाकस खोलेर हेर्दा त उनीहरूका बाकसमा बारूलो, सर्प, बिच्छी, माहुरी जस्ता विषालु जीवहरू निस्केर टोक्न थाले । त्यसपछि आफूले गरेको पाप सम्झेर पछुताउन थाले ।

## कथा सन्देश

मान्छेमा विभिन्न किसिमका गुणहरू हुन्छन् । तीमध्ये दुःख पीडामा परेकालाई आवश्यक परेको बेलामा सहयोग गर्नु पनि एक हो । असहाय, बुढाबुढी, गरीब, पीडितलाई सहयोग गर्नुपर्छ र सेवा गर्नुपर्छ, सेवा गरे मेवा पाइन्छ । यस कथामा कान्छीले विपत्मा परेकी गोहीलाई सहयोग गरी सेवा गरेकी हुनाले उनले सुन, चाँदी, हिरामोती पाइन् । जेठी र माइलीले गोहीलाई सहयोग नगरेकोले उनीहरूले बिच्छी, सर्प, बारूलो जस्ता विषालु जीवको टोकाइ खान पऱ्यो । त्यसैले लोभले लाभ लाभले विलाप गराउँछ, लोभ गर्नुहुँदैन, सत्यकर्म गर्नुपर्छ भन्ने सन्देश यस कथामा पाइन्छ । यो सामाजिक कथा अन्तर्गत पर्दछ ।

## ४.४.१४ खुथुनी चरैयाक काथा (कन्ने चराको कथा)

एगुठी गाउँमा एगुठा बुढबुढी रहली । बुढवाबुढीयाक एकोगो हैनो छोकना पोटना हली । हुनकर घरवामा कबहु हैनो पहुना पहुनी यैले गुनेसे बुढवाबुढीया कबहु विलुखाइ रहली । बुढीया बहुत चिङना चिङनी पालले रहली हुनकर घरवामा न पहुना पहुनी यवइ न मासु खाइ रहली । बुढीया किटर हली, ओतेक चिङना चिङनी पालके फेनी कबहु हैनो मासु खियोइ । बुढवाक मासु, खाएके मन लगली हसे । बुढीयाके कहली-"अरी बुढीया हमार छोकना पोटना हैनो, पहुना पहुनी फेनी हैनो, खुथुनी चरैया पालु । उहे हमार छोकनी हबिहे ओकरहीके मासु भात खियोबहु, हमार पहुनी फेनी ओकरहिके बनोबहु हौ ।" बुढीयाक मनवा फेनी किर्पइ रहली बुढवाक बतवा ओकर डौल लगली । हसे पुछली-"अरे बुढवा खुथुनी चरैया कहवा बडिय जे ? यानु न तौ ।" बुढवा कहली-"उहे वहवाक सिमरावाक गछवामा धोधर बडउ वहवही वडिहे, ओकर बडउ मासु भात खाएके मन मुइ याजु गेल हलसु, एगुठी चिङनावा काटके निफ्त हसे लिगाइदेसी, खाए चहबिहे, यखनी भर्खे याणा बडिहे ।" बुढीया चिङनावा काटओटके निफ्तबाढके लेले गेली सिमरावाक गछवाक लघिना हसे कहे लगली-"खुथुनी चरैया मासु भात खैबे ? खुथुनी चरैया कहली-"खुथुनत खुथुनत" बुढीया मासुवा भतवा धोधरावामा धरओरके घर गेली । ओते पहिनही बुढवा धोधरावा भितर जाके लोकाइ हली, जब बुढीया मसुवा भतवा धरके गेलीअ तब बुढवा मसुवा भतवा मजासे खैली बुढीयाक लघिना जाके कहे लगली-"अरी बुढिया मुइ छिपवा लेवे जाइ बडसु हौ ।" कहके छिपवा यनली ।

इचिका दिन रहके फेनी बुढीयाके कहली-"अरी बुढीया खुथुनी चरैया हुन्दिनिवासे यखनी इचिका बाढल बडिहे फेनी मासु भात खाए खोजइ बडिहे काट एगुठी चिङनावा ।" बुढीया फेनी एगुठी चिङनावा काटली निफ्तबाढके लेले गेली हसे फेनी पुछली-"खुथुनी चरैया मासु भात खैबे ?" खुथुनी चरैया कहली-"खुथुनत खुथुनत ।" वहवा धरके बुढीया घर गेली, बुढवा फेनी खापिके छिपवा

घर यनली । इचिका दिन रहके फेनी बुढवा कहली-"अरी बुढीया खुथुनी चरैया पखियाइली बडिहे मासु भात खाए खोजइ बडिहे एगुठी चिङनावा काट ।" बुढीया फेनी चिङनावा काटके निझबाढके धरे गेली पुछली-"खुथुनी चरैया मासुभात खैबे ?" उअ कहली-"खुथुनुत खुथुनुत ।" वहवाँ धरके बुढीया घर गेली बुढवा फेनी खैली यसने कर्ते-कर्ते बाढली हसे बुढीया कहे लगली-"अरे बुढवा कखनी जैबे तौ खुथुनी चरैयाके लेवे ?" बुढवा कहली-"चल न त ।" कहके गेली जाइ जाइकी बुढवाक मनवा कहली-"कसके तके करेके ? खुथुनी चरैया वहवा हैनो, मुही खुथुनी चरैया बनइ रहही, यबे छाटी सत्यबात कहे पर्लउ फटहाके नाही हतउ ।" कहके बुढीयाके कहे लगली-"अरी बुढीया खुथुनी चरैया वहवा हैनो बडिहे । तुइ यतेक चिङना चिङनी पालके कबहु हैनो मासु भात खियोइ उहियासे मासुभात खाएके तहिया तोरके मुइ फटहाइ देलसु, मुही खुथुनी चरैया बनके धोधरावामा जाके रहइ । जखनी तुइ मासुभात लेले जाके खुथुनी चरैया मासुभात खैबे ? पुछइ रहही तखनी मुही कहइ रहलसु "खुथुनुत खुथुनत ।" हैनो बडउ खुथुनी चरैया चल फिर घर ।" बुढीया बुढवाक मनक बात बुझली एकमन खिस फेनी लगली पछासे माया फेनी लगली हसे बुढवा बुढीया मिलली घर यैली समय-समयमा मासु भात खाए लगली ।

## नेपाली अनुवाद

एउटा गाउँमा बुढा र बुढी बस्दथे । ती बुढा र बुढीका कुनै सन्तान थिएनन्, न त कुनै इष्टमित्र नै थिए । उनीहरूका आफन्तजन इष्टमित्र कोही नभएको कारणले घरमा कहिल्यै पनि पाहुनाहरू आउँदैनथे । कहिलेकाहीँ बुढा र बुढी चित्त पनि दुखाउने गर्दथे । यसरी नै उनीहरूका दिन बित्दै थिए ।

घरमा बुढीले प्रशस्त कुखुरा पालेकी थिइन् । प्रशस्त कुखुरा भएपनि बुढीले त्यो कुखुरा काटेर मासुको नाममा एक चोक्टा भए पनि बुढालाई काटेर कहिल्यै पनि खुवाउँदैनथिन् । बुढोलाई असाध्यै मासु खान मन लाग्थ्यो । अब मासु खाने कुनै उपाय लगाउन पर्‍यो भनी बुढीलाई भने-"हेर बुढी ! हाम्रो कुनै सन्तान पनि छैन, कुनै इष्टमित्र आफन्तजन पनि छैन । त्यसैले हाम्रो घरमा कुनै पाहुना पनि आउँदैन मलाई असाध्यै नराम्रो लाग्छ । मन पनि खिन्न भएर आउँछ । त्यसैले मन सन्तोषको लागि-"खुथुनी" (कन्ने चरा) चरालाई ल्याएर पालौँ । त्यसैलाई आफ्नो सन्तान मानौँ र बेलाबेलामा मासुभात खुवाऔँ । हाम्रो पाहुना त्यही हुनेछ ।"

बुढी पनि भित्रभित्रै तडपिइरहेकी थिइन् । त्यसैले बुढीलाई बुढाको कुरा मन पर्‍यो र बुढालाई सोधिन्-"ए बुढा ! त्यो चरा कहाँ छ त ? ल्याउनुस् न त ।" बुढाले भने-"त्यही नजिकैको सिमलको ठूलो रूखभित्रको खोक्रोमा बस्छ । त्यसलाई मासुभात खान मन लागेको छ । आज म त्यहाँ गएको त भर्खर अण्डाभित्र बढ्दै रहेछ । आज एउटा कुखुरा काटेर मासु बनाई मासुभात लगेर

खुवाऊ ।" त्यसपछि बुढीले हुन्छ भनेर एउटा कुखुरा काटिन् र मासुभात पकाएर एउटा थालमा पस्की, त्यही सिमलको बोट निर गइन् र सोधिन्-"ए कन्ने चरा ! मासु भात खान्छस् ?" चराले भन्यो-"अँअँ खान्छु" बुढीले मासुभात त्यो रूखको टोड्कोमा राखेर गइन् । यता बुढो पहिले नै रूखभित्र लुकेर बसेका थिए र त्यो मासुभात ठाँटका साथ खाएर अघाए अनि थाल बोकी घर ल्याए ।

यसरी केही दिन बिराइ बुढालाई फेरि मासुभात खान मन लागेछ र फेरि बुढीलाई भनेछन् -"ए बुढी ! अस्ति भन्दा आज चरा अलिकति बढेछ, उसलाई फेरी मासु भात खान मन लागेछ फेरि एउटा कुखुरा काट र मासुभात लगिदेऊ ।" बुढीले फेरि एउटा कुखुरा काटी पकाएर मासुभात लगिदिइन् । पहिले जस्तै बुढीले सोधिन्-"ए कन्ने चरा ! मासुभात खान्छस् ?" चराले-"अँ अँ खान्छु" भन्यो । बुढीले मासुभात राखेर घर गइन् । बुढा अरामले खाएर थाल बोकी घर गए । यसरी अलि-अलि दिन बिराएर बुढाले बुढीलाई पहिले भन्दा अहिले बढेको छ र उसलाई मासुभात खान मन लागेको छ भन्दै एउटा-एउटा कुखुरा काटेर पकाउन लगाउँदै नजानिदो पाराले मासुभात खान थाले ।

केही समय पश्चात् बुढीलाई पनि अत्यास लागेछ र बुढोलाई भनिन्-"ए बुढा ! त्यो चरालाई कहिले घर ल्याउने त ? अब ठूलो भैसक्यो होला जाऔँ लिन ।" त्यसपछि बुढोलाई फसाद पऱ्यो । लौ माऱ्यो त्यो चरा त्यहाँ छँदै छैन, मलाई मासुभात खान मन लागेर एउटा बहाना बनाएको मात्र थिएँ । अब बुढीलाई झुठो होइन सत्य कुरा भन्न पऱ्यो भनी सारा वृत्तान्त भनिदिए । त्यो कन्ने चरा म आफै हुँ । हेर बुढी ! तिमीले प्रशस्त कुखुरा पालेर पनि कहिले मासुभात नखुवाउने भएर मैले यो नाटक गरेँ । यदि मबाट गल्ती भएको छ भने पनि माफ गरिदेऊ ।

यो कुरा सुनेर बुढीलाई भित्रभित्र रिस पनि उठ्यो र माया पनि लाग्यो अनि अन्त्यमा दुवै बुढाबुढी समझदारीमा आए र एक आपसमा मिले र बेलाबेलामा मासुभात खाएर खुशीसाथ बस्न थाले ।

### कथा सन्देश

यो कथा एक मनोरञ्जन प्रदान गर्ने काल्पनिक कथा हो । बालबालिकाहरूलाई रमाइलोको लागि भनिने गरिन्छ । जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै यस कथामा बुढालाई मासु असाध्यै खान मन लागेर घरमा पालिएका कुखुराको मासु खाने उपाय गरिएको छ । भित्रदेखि चाहना, इच्छा जागेर आएको छ भने त्यो अवश्य पुरा हुन्छ । त्यसैले कुनै पनि काम गर्न भित्रैदेखि उत्साह भरिएर आउनु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

## ४.४.१५ गिदार हँसे नमहा मितक काथा (स्याल र खरायो मितको कथा)

एक लगर सहरमा एक वस्ती रहली । उअ वस्तीक एगुठा मनसे सबदिन वनक पैडामाहे दही बेचे जाइरहली । वनवाक पैडावामा एगुटा गिदार हसे एगुठा नमहा लागल हली । दुनु गिदरा

हसे नमहावा मीत हली । एक दिन मनसावा सबदिन जसने दही बेचे जाइ रहली । गिदरा हसे नमहावाक दही खाएके मन लगली । नमहावा गिदराके कहे लगली-"अरे गिदरा तुइमुइ सङ्घातिया हले यहीरवा बडिहे दही बेचे जाइ मुइ ओकर यागा नङ्णोत-नङ्णोत बुलबसु उअ दहिया भुईयाँमा धरके मोरके बेदगावे यविहे मुइ भगबसु तुई हलहली दहिया दबकोसी हौ ? तुइमुइ मिलके पाछसे दहिया खेबहु ।"

गिदरा कहली-"लो तुइ जो मुइ दहिया दबकोबसु ।" नमहावा गेली यहिरवाक यागा लगली नङ्णोत-नङ्णोत बुले यहिरवाक खिस लगली हसे दहिया धरके लगली नमहावाके बेदगावे । नमहावा बेपत्ता भगली । यते गिदरा हलहली दहिया दबकोली ।

यहिरवा नमहावाके हैनो भेटली हसे फेनी दहिया धरली ठौरावामा दहियाके लेवे यैली । यवइकी माहा दहिया हैनो पौली । एघरी रहके गिदरा नमहावा भेट भेली । नमहावा कहे लगली-"अरे गिदार मित जाँउ लहाए, लहा खोरके मतुरे दहिया खेबहु ।"

गिदरा नमहावाक बतवा मानली हसे दुनुजन लदियामा लहाए गेली । नमहावा कहली-"अरे गिदरा पानीया भितर जुन जबण जुग डुबल रहे सकतई उहे बहुते दहीया खाएके । तुइ जबण दम रहे सकबही की मुइ ल डुबु ता ।"

गिदरा मनमने सोचली-"अरे नमहावा तुइ मोरसे होडबाजी लगोइ बाडे नमहा पानी भितर जबण दम रहे हैनो सकसउ, मुही जबण दम रहबसु हसे मुही बहुते दहिया खेबसु ।" दुनुजन पानीयामा डुबली नमहावा हलहली निकडली, गिदरा जबण दम पानीयामा डुबले रहलीय । गिदरा निकडे-निकडे नमहावा दहिया खापिके दहियाक भडियावामा हगके झापदेली हसे यपना भगली । गिदरा जबड दम रहके पानीयासे निकडली नमहावाके हैनो देखली । हसे गेली दहियाक लघिना, दहियाक भडियावा उभके हेरली त ओकरमा दहीयाक सटहा गुह देखली । गिदरा खिसियैली हसे लगली नमहावाके खोजे । खोजइ-खोजइकी देखली एगुठी गछवाक तर नमहावाके बैठल । नमहावाके देखके गिदरा खिसियैली । गिदराके लगली नमहावा कहे-"अरे गिदरा कतउ खिसियाइ बाडे ? तुइ हैनो देखइ? मुइ महादेवक झाला ओगरइ बडसु, महादेव यिअ ककरहुके नाही बजावे देवके कहले बडिहे तुइ यहवा झिन याउ, तुइ यहवा यबही हसे बजोही लगबही त महादेव मोरके खिसियबिहे ।"

गिदरा हैनो मानली कहे लगली-"नाही मानबसु रे नमहावा यीअ बजवा मुइ बजोवे करबसु ।"

नमहावा कहली-"अरे सदियो यबही, यबही जौ मोरके यहवाँसे भागे दे तहीहे यैहे ।" यितुरा कहके नमहावा ओहवासे भगली ।

तबजाके गिदरा वहवा गेली । गिदराक थाहो नैखो हसइकी उअ मधुक छाता हलइ कहके । लगली गिदरा महादेवक बाजा कहके दुनु हाथे बजावे । मधु खिभियैली लगली गिदराक देहिया याटी जहवा भेले वहवही बिन्हे हसे गिदराक देहिया बिन्हलक मारे फुलली । फेनी गिदरा खिसियैली, लगली नमहावाके खोजे । खोजइ-खोजइकी फेनी नमहावाके पौली । नमहावा एगुठा झालामकुरा लागल सरियाइली खटिया नहिया इनारमा बैठल रहली । नमहावाके देखके गिदरा खिसियाइली जिगल नमहावाक लघिना जाइ हली नमहावा फेनी कहली-" हाँ-हाँ गिदरमीत झीन याउ यहवा मुइ बडसु महादेवक खटिया ओगरइ । यीअ खटियावामा ककरहुके हैनो सुते बैठके कहले बडिय ।"
गिदरा हैनो मानली कहे लगली-"मुइ नाही मानबसु खटियावामा बेठवे करबसु, सुतबे करबसु ।"
नमहावा कहली-"अरे नाही मानवही रे ?"
गिदरा कहली-"नाही"

नमहावा कहली-"लो नाही मानबही जौ मोरके यहवाँसे भागे दे हसे तुइ ओतहिसे दगुरइकी याके यहवा बेठसी, सुतसी जसने करबही करसी ।" यितुरा कहके नमहावा भगली । गिदरा फेनी नमहावाक चलाकी हैनो बुझली । गिदरा ओतहिसे दगुरके याके बैठे खोजली त घमधेने इनरावामा परली । गिदराक परली यापत यबे कसके इनरावासे निकडाके । उहे समयमा एगुठा जनी पानी भरे यैली । गिदरा उहे जनियावाके कहली-"अरी मोरके इनरावासे निकडाउ ता मुइ तोरके गणथैयाक नाच देखोबसु ।" उहे जनियावा गिदराके निकडोली । फेनी गिदरा कहली-"अरी गहनी मोर जाड लगइ बडउ एघरी तोर चदरीया होरके दे ता ।"

जनियावा यापन चदरिया ओकरके होरके देली । गिदरा एघरी चदरीया होरके ओकरहीमा हग देली हसे वहवासे भगली । हसे जनियावाके कहली-"अरी चदरिया डहुलसे उभारके हेरहीता ओकरहीमा बडउ गणथैयाक नाच ।" उअ जनियावा चदरिया उभारके हेरइकीमाहा गुह देखली । यिय देखके जनियावा खिसियैली ? गिदरा भगली फेनी नमहावाके खोजे बकी कबहु हैनो नमहावाके भेटे सकली ।

## नेपाली अनुवाद

एकादेशमा एउटा बस्तीको एक जना मान्छे सधैँ जङ्गलको बाटो हुँदै दही बेच्न जान्थ्यो । त्यो जङ्गलको बाटोमा एउटा स्याल र एउटा खरायो बस्दथे । उनीहरूले सधैँ त्यो मान्छेलाई दही बेच्न गएको देख्ने गर्दथे । एकदिन स्याल र खरायोलाई दही खान मन लागेछ । सधैँ झैँ त्यो मान्छे दही ल्याइरहेको बेला स्याललाई खरायोले भनेछ-"ए ! स्याल तिमी र म साथी हौँ, मीत हौँ आज दही बेच्ने मान्छेले यही बाटो भएर दही ल्याइरहेको छ । म उसको अगाडि लङ्गडोको हिँडाइ हिँड्छु,

यो देखेर ऊ रिसाउँछ र मलाई लखेट्न आउँछ, म त्यो बेला भाग्छु तिमी चाहिँ छिटोछिटो दही लुकाउनु पछि सँगै बसेर बाँडीचुडी खाउँला ।"

स्यालले भन्यो-"ल हुन्छ, तिमी जाऊ म दही लुकाउँछु ।" यसपछि खरायो दही बेच्ने मान्छे नजिकै आएको बेला अगाडि गएर लङ्गडोले हिँडेभैँ हिड्न थाल्यो । यो देखेर त्यो मान्छेलाई रिस उठ्यो र दही भुइँमा राखेर खरायोलाई लखेट्न थाल्यो । खरायो बेपत्ता दौड्यो ? त्यो मान्छे दही राखेको ठाउँमा फर्केर दही लिन आयो तर दही भेटेन । एकछिन पछि स्याल र खरायोको भेट भयो खरायोले स्याललाई भन्यो-"ए स्याल मीत ! दही खानुभन्दा अगाडि नदीमा गएर नुहाऊँ अनि बल्ल दही खाऊँ ।"

स्यालले भन्यो-"ल हुन्छ हिँड जाऊँ ।" स्याल र खरायो दुवै नदीमा नुहाउन गए । नुहाउनु भन्दा अगाडि फेरि खरायोले भन्यो-"ए स्याल मीत ! जो धेरै बेरसम्म पानीमा डुबेर बस्न सक्छ, उसैले दही धेरै खान पाउँछ ।" यो सुनेर स्यालले मनमनै भन्यो-"खरायो त पानीमा धेरै बेर बस्न सक्दैन, म नै हो धेरै बेर बस्न सक्ने, त्यसैले मैले नै दही बढी खान्छु ।" यो सोचेर खरायोको कुरा स्यालले मान्यो र दुवै जना नदीको पानीमा डुबे तर खरायो छिट्टै नै निस्केर आएर जम्मै दही खायो । दही खाएर भाँडामा दिसा गरेर छोपी दियो । निकै बेरपछि स्याल पानीबाट टाउको निकालेर यताउति हेऱ्यो खरायोलाई देखेन । छिटो-छिटो गएर दहीको भाँडो हेऱ्यो, तर भाँडोमा दहीको सट्टा खरायोको दिसा भेटियो । स्याललाई रिस उठ्यो र खरायोको खोजीमा हिँड्यो । खोज्दै जाँदा खरायोलाई एउटा रूखमुनि आरामले बसेको देख्यो र गाली गर्न थाल्यो । यो देखेर स्याललाई खरायोले भन्यो-"ए स्याल मीत ! किन रिसाएको ? म यहाँ महादेवको बाजा कुरेर बसेको देखेको छैनौ । तिमी यहाँ नजिक नआऊ महादेवले मलाई यो बाजा कुर्न भनेको छ र कसैलाई पनि बजाउन नदेऊ भनेको छ । यदि तिमी यहाँ आयौ भने बजाइहाल्छौ त्यसैले नआऊ ।" स्यालले मानेन र खरायोले फेरि भन्यो-"ए स्याल मीत ! यदि मैले भनेको कुरा नमान्ने हो भने मलाई यहाँबाट जान देऊ, अनि तिमी यहाँ आएर जे गर्न मन लाग्छ गर ।" यति भनी खरायो त्यहाँबाट हिँड्यो ।

स्याललाई त्यहाँ माहुरीको घार छ भन्ने कुरा थाहा भएन र नजिकै गएर महादेवको बाजा भन्दै दुवै हातले जोडले बजाउन थाल्यो । माहुरीहरू भने भुनभुनाउदै स्यालको आँखा, नाक, कान, मुख सबै शरीरभरि टोकिदिए र स्यालको पुरै शरीर सुनियो । स्याललाई फेरि रिस उठ्यो र फेरि खरायोको खोजीमा हिँड्यो । खोज्दै जाँदा खरायोलाई फेरि भेट्यो । खरायो माकुराको जालो लागेको सडेको खटिया जस्तो देखिने साधनमा इनारमा बसेको देख्यो । यो देखेर सरासर स्याल खरायो नजिकै जान थाल्यो । खरायोले भन्यो-"ए स्याल मीत ! कहाँ आउन लागेको देखेका छैनौ म

यहाँ महादेवको खटिया कुरेर बसेको ? महादेवले यहाँ कसैलाई पनि बस्न नदिनु भनेको छ ।" यो सुनेर स्यालले मानेन र भन्यो-"अहँ ! म त मान्दिन, त्यसमा बसी हाल्छु ।" यो सुनेर खरायोले फेरि भन्यो-"यदि नमान्ने हो भने पख मलाई यहाँबाट जान देऊ अनि तिमी दोडेर आएर यहाँ बस ।" त्यसपछि खरायो त्यहाँबाट भाग्यो र स्याल दौडेर आएर त्यहाँ बस्न खोज्दा भ्वाम्म इनारमा पऱ्यो । स्याललाई फसाद पऱ्यो अब कसरी त्यहाँबाट उम्कने ? त्यसैबेला एउटी महिला पानी भर्न आइन् । उनलाई देखेर स्यालले बिन्ती गऱ्यो-"मलाई यहाँबाट निकाल, म तिमीलाई नाच देखाइदिन्छु ।"

त्यसपछि ती महिलाले स्याललाई त्यहाँबाट निकालिन् र स्याललाई जाडो भएकोले एकछिन ओढ्नको लागि पछ्यौरा माग्यो । ती महिलाले आफ्नो पछ्यौरा ओढ्न दिइन् । स्यालले एकछिन ओढेर त्यसैमा दिसा गरिदियो र त्यहाँबाट भाग्यो । अलि पर पुगेपछि ती महिलालाई पछ्यौरा राम्रोसँग उघारेर हेर, त्यसैमा मेरो नाच छ, भन्दै भाग्यो ती महिलाले पछ्यौरा उघारेर हेर्दा दिसा देखिन् र साह्रै रिसाइन् । तर स्याल भागिसकेको थियो । यसरी स्यालले खरायोको चतुऱ्याइँ कहिल्यै बुझ्न सकेन र उसलाई भेट्न पनि सकेन ।

### कथा सन्देश

यो कथा बालबालिकालाई मनोरञ्जन दिने खालको कथा हो । यसमा स्याल र खरायो दुई पात्रमध्ये खरायो चलाख देखिएको छ । स्यालले खरायोको चतुऱ्याई कहिल्यै बुझेन, समय र परिस्थितिलाई बुझ्न सकिएन भने दुःख पाइन्छ । त्यसैले समय र परिस्थितिलाई बुझेर मात्र काम गर्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ । साथै कसैमाथि पनि आँखा चिम्लेर विश्वास गर्नुहुँदैन भन्ने सन्देश पनि पाइन्छ । यो पशुपक्षीका कथा अन्तर्गत पर्दछ ।

## ४.४.१६ फेचुहा राजाक काथा (फेचुहा नामक चराको कथा)

एक लगर सहरमा एगुठा गाउँ रहली । उहे गाउँवामा एगुठा बुढबुढी रहली । हुनकर एगुठो हैनो सन्तान रहली हसे कुनहु हैनो नातेदार रहली । बुढवाबुढीया गरिब रहली । एकदिन बुढवा बुढीयाक मासु खाएके मन लगली । घरवामा हसचिङनी किहो हैनो कहवाक मासु खेतइ । उहियासे बुढवा खेतवामा जाके फाना लगोली । फाना लगोइकीमाहा एगुठा फेचुहा बझली । बुढवा गगसली हसे ऊ चरैयाके घर यनली । ओकरके काटके तहिया पानी धिकोली, हसुवा निकडोली काटे गेली । उहे समयमा उ चरैया कहे लगली-"अरे बाबा मोरके झिन मार, मोरके छाड दे मुइ एगुठा राजा हलसु बरू तोर मासु खाएके मन बडउ जऊँ मोर घर चलिहे जतेक खेबही मुइ तोरके मासु खियोबसु ।" बुढवा कहली-"तोर घर मुइ देखले हैनो कसके तोर घर यावके ?"

चरैया कहली-"तोर मोर घर जायके गाह्र नाही परतउ मोर घेण्टीयामा एगुठा तोरीक पोटरी बान्ह दे हसे ओकरामा छोटे भोङ बनाइदिहे, जब मुइ घर जेबसु तोरीया खसले जेतइ हसे तोरीया जमबिहे फुलेविहे उहे पैडावा धरले मोर घर यैहे ।"

यितुरा बतवा सुनके बुढवा ओकर बतवा मानली हसे तोरीक पोटरी बनाके ओकरमा छुटीक भोङ बनाके चरैयाक घेण्टीयामा बान्हदेली । चरैया उडियैली, उडियाइ-उडियाइकी घर गेली । जहवा तक उडियैली वहवाँलई तोरीया इचिहिची खसले खेली । इचिका दिन रहके तोरीया बढ्ली, फुलैली बुढवा चरैयाक बतवा सम्झली हसे ओकर घरवामा जाएके मन लगली । एकदिन लगली ओकर घर जाए । फुलैली तोरीया जहाँलई हली वहाँलई जाई बाडी । जाई-जाइकी पैडावामा यौनियासभ एक गहणा भैंसी चह्रोइकी देखली । बुढवा हुनकहीके पुछली-"अरे तोहरा काकर भैंसी चह्रोइ बडह ?" यौनियावाह कहली-"हमरा फेचुहा राजाक भैंसी चह्रोइ बाडी ।"

बुढवा कहली-"याजु यिअ भैंसीयाक दुधवा मुइ खैबे करबसु कतहर तनाउ बडइ रे फेचुहा राजाक घर ?"

यौनियावाह कहली-"तुही खाए पौवही रे बुढवा ? हमरा सबदिन भैंसीया चह्रोइ हमरा त हैनो दूध खाए पवइ तुइ कसके खाए पौवही ? उतुह बडउ खसीबोका चह्रोइ हुनकहीके पुछही कतहर तनाउ बडइ फेचुहा राजाक घर ?"

बुढवा यागा बढली । जाइ-जाइकी देखली एक गहणा खसीबोका चह्रोइकी हुनकहीके पुछली -"अरे तोहरा काकर खसीबोका चह्रोइ बडह ?"

हुनक कहली-"हमरा फेचुहा राजाक खसीबोका चह्रोइ बाडी ।" बुढवा कहली-"याजु यिअ खसीयाक मसुवा खैबे करबसु । अरे कतहर तनाउ बडइ फेचुहा राजाक घरवा ?" हुनका कहली -सरवक "बुढ हमरा सबदिन खसीबोका चह्रोइ हमरा हैनो यकर मसुवा खाए पवइ तुइ पौवही ? जो यगुहु वहवही पुछसी कतहर तनाउ याको बडइ फेचुहा राजाक घरवा ?" फेरि बुढवा जाए लगली । जाइ-जाइकी पैडावामा खेत रोपइकी देखली । हसे खेतहर्नीसभके पुछली-"अरी तोहरा काकर खेत रोपइ बडह ?"

खेतहर्नीह कहली-"फेचुहा राजाक खेत रोपइ बाडी ।" बुढवा कहली-"याजु तोहराके यापन टङणीया मणोबे करबसु । कतहर तनाउ याको बडइ फेचुहा राजाक घरवा ?"
खेतहर्नीह कहली-"सरवाक बुढ तोरे टाङणीया कुने माणतउ ?" यहाठबहाठ बुढ । जो यागा वहवही बडउ फेचुहा राजाक घर ।" बुढवा फेनी जाय लगली जाइजाइकी फेनी देखली बहुत हस चिङनी चह्रोइकी हुनकाके कहे लगली-"अरे तोहरा काकर हस, चिङनी चह्रोइ बडह ?"
हुनका कहली-"हमरा फेचुहा राजाक हस, चिङनी चह्रोइ बाडी ।"

बुढवा कहली-“यीअ हसवाचिङनीयाक मसुवा खैवे करबसु । हुनका कहली-“खुभे पौवही रे बुढवा हमरा सबदिन चह्रोइ हमरा हैनो खाए पवइ तुइ पौवही ?”

बुढवा पुछली-“कतहर तनाउ बडइ रे फेचुहा राजाक घर ?”

हुनका कहली-“यिहे त हलउ जाही न ।”

बल्ल-बल्ल चल्ले पैडावामा पुछते-पुछते बुढवा फेचुहा राजाक घर पुगली । फेचुहा राजा दोसर सहरक राजा हली, एकदिन चरइक रूप धरके घुमे गेल हसिय त बुढावाक फानामा परसीय । वहवा पुगइकीमाहा छाटी बात बुढवा बुझसिय, बुढवाके देखके रजवा बहुत खुशी हसिअ हसे बहुत यादरभाउ करसीय ।

जब साँझ परे लगसइ यौनियावाह गाईभैंसी ढुकावे लगली । घर पुगइकीमाहा बुढवाके वहवही देखसइ । रजवा हुनकाके दूध दुहके कहसीअ । यौनियावह कहसई-“देखहिता हमरा सबदिन भैंसी चह्रोइ हमरा हैनो दूध खाए पवइ यीय बुढवा फरहुके खाए पौविहे । एघरी रहके खसीबोका यनली हुनका फेनी बुढवाके वहवही देखली ।” रजवा हुनकाके कहली-“अरे एगुठी बडकी खसीया काट ता ।” हुनका कहली-“देखहिता हमरा सबदिन चह्रोइ हमरा हैनो यकर मसुवा खाए पवइ यीय बुढवा खाए पवइ ।” एघरी रहके खेतहर्नीह यैली हिनका फेनी बुढवाके वहवही देखली । रजवा कहली-“अरी खेतहर्नीह याजु साँझ यैह ता टाङ माणे ।”

हुनका कहली-“हैत फरहुके यिय बुढवा टङणीया मणोविहे ।” यघरी रहके हसचिङनी ढुकावे लगली हुनका फेनी बुढवाके वहवही देखली । रजवा कहली-“अरे एगुठी बडकी हसवा एगुठी बडकी चिङनावा काट ता ।”

हुनका कहली-“फरहुके रे यिय बुढवा मासु खायपवइ । हमरा हैनो खाए पवइ ।”

साँझ भात खाएके समय भेली बुढवाके मजासे दुध, मासु, भात खियोली, पियोली सुतके जुनवा मखमलक विछोनामा सुतावके तहिया खोकवामा लिगली हसे खेतहर्नीसभसे टाङ मणोली दुई चार दिन वहवही मजासे खापिके दिन वितोली ।

यबे बुढवा घर सपरे लगली हसे रजवा बुढवाके बहुत सरसम्पत्ति कसदेली हसे घोडेघोडसारक पुगावे पठाइ देली । घर जाइकीमाहा लावालस्कर घोडेघोडसारका साथमा लावालस्कर हाथी हथसारका साथमा बुढवा घर जाए लगली । वहवा बुढीया कुने यवइ कहके हैनो चिन्हली गउवाक मनसावाह फेनी हेरे लगली हैनो चिन्हइ । जब घरवामा पुगलीय तहिहे चिन्हलइ । गाउवाक मनसावाह हदियैली, कहवाँसे बुढवा यतेक सरसम्पत्ति लेले यलिय कहके । तब जाके बुढवा बुढीया धनी भेली हसे सुखसे जीनगी वितावे लगली ।

## नेपाली अनुवाद

एकादेशमा एक गाउँमा एक जोडी बुढाबुढी बस्दथे। ती बुढाबुढीको कुनै सन्तान पनि थिएन र नातेदारहरू पनि थिएनन्। उनीहरू गरिब थिए उनीहरूको घरमा हाँसकुखुरा पनि थिएनन्। कतै जाने ठाउँ पनि थिएन। एकदिन बुढाबुढीलाई मासु खान मन लागेछ र बुढा खेतमा गइ एक ठाउँमा पासो थापेछन्। त्यहाँ अर्को सहरका राजा घरमा बस्दा बस्दा दिक्क लागेर फेचुहा नामक चराको भेषमा (रूपधारण गरेर) घुम्न आएको रहेछ। चरारूपी राजा बुढाको पासोमा परेछ। बुढा केहीबेरपछि गएर हेरे पासोमा चरा परेको देखेर रमाए। त्यसपछि चरालाई लिएर घर आए। घरमा चरा काट्न पानी तताए र हँसिया निकाले। चरालाई काट्न भनी बुढाले हँसिया घाँटीनिर पुऱ्याएका मात्र थिए चराले भन्यो-"ए ! बुढा बा ! मलाई नकाट्नुहोस्, मलाई नमार्नुहोस्। यदि तपाईंलाई मासु खान मन छ भने मेरो घर आउनुहोस् पेटभरि मासु खुवाउँछु। किनकि म अर्को सहरको राजा हुँ।" बुढाले भने-"मैले कसरी पत्याउने ? तिमी अर्को देशका राजा हौ भनेर ? तिमी राजा भए पनि तिम्रो घर कसरी आउने ? मैले देखेकै छैन।" चराले भन्यो-"तपाईंलाई मेरो घर आउन अप्ठ्यारो पर्दैन। मेरो घाँटीमा एउटा सानो तोरीको पोको बाँधिदिनुस् र त्यसमा सानो प्वाल बनाइदिनुस्।"

यो सुनेर बुढाले त्यसै गरे र चरो उड्यो। उड्दै जाँदा अलिअलि गरेर तोरी झर्दै गयो। केही दिनपछि तोरी उम्रियो र फुल्न थाल्यो। त्यसपछि बुढाले चराले भनेको कुरा सम्झे। अनि त्यही तोरी फुलेको बाटो हुँदै फेचुहा राजाको घर गए। जाँदा-जाँदा बाटामा एक बगाल गाईभैंसी चह्राउन लागेको देखे। बुढाले गोठालाहरूलाई सोधे-"ए ! बाबु हो ! तिमीहरूले कसको गाईभैंसी चह्राउन लागेका हौँ ?" गोठालाहरूले भने-"हामी फेचुहा राजाको गाईभैंसी चह्राउन लागेका हौँ।" बुढाले फेरि भने-"ए त्यसो भए म आज पक्कै यो गाईभैंसीको दूध खान पाउँछु। ए बाबु हो। राजाको घर कति टाढा छ ?" गोठालाहरूले भने-"खुब पायौ बुढा, हामी सधैँ गाईभैंसी चराउने भएर पनि दूध खान पाएका छैनौ तिमी खान पाउँछौ ? अलि अगाडि गएर सोध राजाको घर।"

बुढा फेरि अगाडि हिँडे, जाँदाजाँदा अगाडि एक बथान खसीबोका चह्राइरहेको देखेर उनीहरूलाई सोधे-"ए ! बाबु हो, तिमीहरूले कस्को खसीबोका चराउन लागेका हौ ?" उनीहरूले जवाफ दिए-"हामी फेचुहा राजाको खसीबोका चह्राउन लागेका हौँ।" बुढाले भने-"ए त्यसो भए आज म पक्कै ठूलो खसीको मासु खान पाउँछु। ए बाबु हो ! कति टाढा छ त राजाको घर ?" उनीहरूले फेरि भने-"खुब पायौ बुढा, हामी त सधै चह्राउने मासु खान पाएका छैनौ, तिमीले खान पाउँछौ, राजाको घर अलि अगाडि छ।"

बुढा फेरि त्यहाँबाट हिँडे। जाँदाजाँदा अगाडि बाटोमा खेत रोपिरहेका खेतालाहरू देखे र उनीहरूलाई सोधे-"ए ! नानी हो, तिमीहरू कसको खेत रोपिरहेका छौ ?" उनीहरूले भने-"हामी

फेचुहा राजाको खेत रोपिरहेका छौ ।" बुढाले फेरि भने-"ए ! त्यसो हो भने आज पक्कै तिमीहरू मेरो खुट्टा मालिस गर्छौ । कति टाढा छ त राजाको घर ?" उनीहरूले भने-"खुब पायौ बुढा, दिनभरि काम गरेर हामी थकित हुन्छौ तिम्रो खुट्टा कस्ले मालिस गर्छ । अलि पर छ राजाको घर जाऊ ।"

बुढा त्यहाँबाट पनि हिँडे । जाँदाजाँदा फेरि हाँसकुखुरा चह्राइरहेको देखे र उनीहरूलाई सोधे-"ए ! बाबु हो, तिमीहरू कस्को हाँसकुखुरा चह्राइरहेका छौ ?" उनीहरूले भने-"हामी फेचुहा राजाको हाँसकुखुरा चह्राइरहेका छौं ।" बुढाले फेरि सोधे-"ए ! उसो भए आज म यो हाँसकुखुराको मासु खान पाउँछु । ए ! बाबु हो, राजाको घर कति टाढा छ ?" उनीहरूले भने-"खुब पायौ बुढा हामी त खान नपाउने तिमीले खान पाउँछौ । ऊ त्यही त हो राजाको घर ।"

यसरी सोध्दा सोध्दै बुढा राजाको घर पुगे । राजाले बुढा आएको देखेर खुशी हुँदै बडो आदर सम्मान गरेर बस्न लगाए । साँझ पर्न थालेपछि गोठालाहरू गाईभैंसी घर ल्याए, बुढालाई त्यहाँ देखे । राजाले उनीहरूलाई भने-"ए गोठाला हो ! भैंसीको दूध दुहेर तताऊ त !" गोठालाहरू दङ्ग पर्दै भने-"ओहो ! यो बुढाले त साँच्चिकै दूध खान पाउने भयो ।" एकछिनपछि खसीबोकाहरू भित्र्याउन ल्याए । उनीहरूले पनि बुढालाई त्यही देखे । राजाले उनीहरूलाई पनि भने -"ए ठूलो राम्रो खसी काट त !" उनीहरू पनि दङ्ग पर्दै भने-"ओहो ! बुढाले त साँच्चिकै मासु खान पाउने भयो ।"

एकछिन पछि हाँसकुखुरा भित्र्याउन ल्याए, उनीहरू पनि त्यो बुढालाई त्यही देखे । राजाले उनीहरूलाई हाँसकुखुरा काट्न अह्राए । उनीहरूले पनि दङ्ग पर्दै भने-"ओहो ! यो बुढाले त साँच्चिकै मासु खान पाउने भयो ।" साँझमा खाना खाने बेलामा बुढोलाई मासु, माछा, दूध, दहीका साथमा राजाले मस्तसँग खुवाए । खाना खाइसकेर कोठामा मखमलको ओछ्यानमा सुत्न लगाई खेतालाहरूलाई बुढाको खुट्टा मालिस गर्न लगाए । बुढा एकदुई दिन त्यही आनन्दले मीठो-मीठो खाना खाएर बसे । केही दिनपछि बुढो घर फर्कने कुरा गरे । राजाले प्रशस्त धनसम्पत्ति पोको पारिदिए र हात्ती, घोडा आदि लावालस्करका साथमा पठाइदिए । हात्ती घोडाको लावालस्करका साथ को आइरहेछ ? भनेर सारा गाउँका मान्छेहरू हेर्न थाले । बुढीले पनि बाहिर निस्केर हेरिन् तर अलि टाढाबाट चिन्न सकिनन् । घरमै पुग्दा मात्र चिन्छन् । सारा गाउँले ती बुढा कहाँबाट आए भनी दङ्ग परे । त्यस दिनदेखि बुढाबुढी आनन्दले सुखका साथ जीवन बिताउन थाले ।

## कथा सन्देश

यो एक मनोरञ्जन प्रदान गर्ने कथा हो । यस कथामा बुढाले मार्न लागेको चरालाई चराको अनुरोधमा नमारीकन छाडिएको छ । बुढाको मनमा मानवीय भावना जागेको छ । चरामाथि दया गरी परिणाम स्वरूप राम्रो फल प्राप्त भएको छ । दूधदही, मासुमाछा, आनन्दले खानपाएको छ साथै

प्रशस्त धनसम्पत्ति पनि प्राप्त भएको छ । आनन्दले सुखका साथ जीवन बिताउन पाएको छ । जस्तो कर्म गरिन्छ त्यस्तै फल पाइन्छ भन्ने सन्देश यस कथामा पाइन्छ ।

## ४.५ निष्कर्ष

लोककथा लोकसाहित्यको प्रमुख विधा हो । चितवनको पूर्वी र पश्चिमी भागमा थारू बहुल समुदायमा प्रचलित थारू लोककथाहरू मिल्दाजुल्दा रहेका छन् । त्यसैले यहाँ पूर्वी चितवनको खैरहनी गा.वि.स.को वडा नं. ४ र वडा नं. ८ मा गई कथाहरू सङ्कलन गरिएका छन् । थारू लोककथाहरू धेरै नै छन्, ती सबै सङ्कलन गर्न सम्भव नहुने भएकोले जम्मा सोह्रवटा लोककथाहरू मात्र सङ्कलन गरिएका छन् । थारू लोककथाहरूलाई सांस्कृतिक एवं ऐतिहासिक उपदेशात्मक र नीतिसम्बन्धी लोककथा, पशुपक्षी र वनस्पतिसम्बन्धी लोककथा, सामाजिक लोककथा, अतिरञ्जनात्मक लोककथा गरी विभिन्न आधारमा वर्गीकरण गरिएका छन् । एक मुखबाट अर्को मुख सर्दै जानु, काल्पनिक हुनु, सरल एवं सहज र रोचक हुनु, मनोरञ्जन प्रदान गर्नु यसका विशेषताहरू हुन् । यहाँ सङ्कलित थारू लोककथाहरू नेपालीमा पनि अनुवाद गरिएका छन् । मानव र मानवेतर पात्रको प्रयोग गरिएका थारू लोककथाहरूमा थारू जातिको रीतिरिवाज, धर्म, संस्कृति, परम्परा आदिको प्रतिबिम्बन रहेको छ । सङ्कलित थारू लोककथाहरू घटनाप्रधान हुनुका साथै सन्देश मूलक र उपदेशात्मक पनि छन् ।

# परिच्छेद : पाँच

## उपसंहार

### ५.१ सारांश

प्रस्तुत **चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र वर्गीकरण** शीर्षकको यो शोधपत्र पाँच परिच्छेदमा विभाजित छ ।

पहिलो परिच्छेदमा शोधविधिको परिचय, दोस्रो परिच्छेदमा लोक साहित्य र लोककथाको सैद्धान्तिक परिचय, तेस्रो परिच्छेदमा चितवन जिल्ला र थारू जातिको परिचय, चौथो परिच्छेदमा चितवन जिल्लामा प्रचलित थारू लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । पाँचौ परिच्छेद अन्तर्गतको यस उपसंहार भागमा विभिन्न परिच्छेदमा वर्णित विषयवस्तुहरूको सारसंक्षेपको प्रस्तुति रहेको छ ।

प्राकृतिक सौन्दर्यको धनी देश नेपाल क्षेत्रफलको हिसाबले थोरैमात्र भू-भाग ओगटेको मुलुक हो । नेपाललाई प्रशासनिक दृष्टिले पाँच विकास क्षेत्र, चौध अञ्चल, पचहत्तर जिल्लामा विभाजन गरिएको छ । यो देश प्राकृतिक, सांस्कृतिक, धार्मिक दृष्टिले मात्र होइन जातीय एवम् भाषिक दृष्टिले समेत सम्पन्न रहेको छ । मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत नारायणी अञ्चलमा पर्ने चितवन जिल्लालाई पहाडी र तराई दुई भागमा विभाजन गरिएको छ । यस जिल्लामा विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति अँगालेका मानिसहरूको बसोबास रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरूङ, तामाङ लगायत दरै, बोटे, माझी, दनुवार, मुसहर, चेपाङ आदि आदिवासी जातिको पनि बसोबास रहेको छ । तीमध्ये थारू जाति पनि एक पुरानो आदिवासी जनजातिको रूपमा बसोबास गर्दै आएको छ । २०५८ को जनगणना तथ्याङ्कअनुसार चितवन जिल्लाको कुल जनसंख्या ४,६८,०७९ मध्ये थारूको जनसंख्या ५९,७४९ रहेको छ । यस जिल्लाका २९ वटा गा.वि.स. र २ नगरपालिकामा थारूको बसोबास प्रमुख रूपमा रहेको पाइन्छ । पूर्वी चितवनको बछौली, भण्डारा, चैनपुर, जुटपानी, कविलास, कठार, खैरहनी, कोराक, कुमरोज, पिप्ले, पिठुवा र पश्चिम चितवनका माडी, बघौडा, गर्दी, अयोध्यापुरी, गुञ्जनगर, शारदानगर, शुक्रनगर, पटिहानी, मेघौली, मंगलपुर, कल्याणपुर, दिव्यनगर, गीतानगर, जगतपुर, पार्वतीपुर, शिवनगर गा.वि.स. तथा भरतपुर नगरपालिका र रत्ननगर नगरपालिकाका केही वडामा थारू समुदायको बसोबास रहेको छ । यी मध्ये सबैभन्दा बढी खैरहनी गा.वि.स.मा ७,९५२ र सबैभन्दा कम कोराक गा.वि.स. मा ८ जना थारू जातिको बसोबास रहेको छ ।

प्रस्तुत अध्ययनको विषय क्षेत्र लोकसाहित्य हो । लोकसाहित्यको क्षेत्र व्यापक छ । लोकसाहित्यका लोकगीत, लोकनाटक आदि विभिन्न विधाहरू छन् । तीमध्ये लोककथा पनि एक प्रमुख विधा हो । लोककथा बालकदेखि वृद्धसम्म सबैले भन्न र सुन्न रुचाउने गर्दछन् । यो जुनसुकै समयमा पनि भन्न र सुन्न सकिने भएकोले दिनभरको थकाइ मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरूको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने तथा सबैको बसिबियाँलो गर्ने दृष्टिबाट यसको उपयोगिता र महत्त्व ठूलो छ । यसमा रचयिताको अभाव हुन्छ । कथाका माध्यमबाट उपदेश एवम् शिक्षा दिइने लोककथा समाजको सम्पत्ति हो ।

हरेक जातिको लोकसाहित्यले आफ्नै मौलिक विशेषता बोकेको हुन्छ । जसमा आफ्नै प्रकारको मौलिक संस्कृति झल्किन्छ । यस अन्तर्गत लोककथा पनि पर्ने गर्दछ । थारू जातिको लोकसाहित्यलाई केलाएर हेर्दा आदिकालदेखि नै कृषि पेसासँग परम्परागत रूपमा नाता जोडिएको आफ्नै मौलिक भाषा, संस्कृति र चालचलन रहेको छ । प्रायः थारू जाति खेतमा काम गरिरहेको अवस्थामा समय सजिलैसँग बिताउन र काम गराइको थकान मेटाउन कथाहरू भन्ने गर्दछन् । लोककथाबाहेक लोकगीत, लोकनाटक, उखान टुक्का र गाउखाने कथाहरू पनि थारू समुदायमा प्रचलित छन् । चितौनिया थारू समाजमा प्रचलित लोककथाहरूमा मनोरञ्जनात्मकता हुनुका साथै सामाजिकता र उपदेशात्मकता झल्किन्छ । लोककथाहरूबाट श्रोता र वक्ता दुवैले मनोरञ्जन लिने गर्दछन् । थारू लोककथामा  थारू संस्कृति र भाषाको प्रतिबिम्बन छ । यी सबै थारू लोककथाका विशेषताहरू हुन् । अन्य जातिका लोककथा झैँ थारू लोककथा पनि अनेक प्रकारका छन् । थारू लोककथाहरू सांस्कृतिक एवम् ऐतिहासिक, उपदेशात्मक र नीति सम्बन्धी, मनोरञ्जनात्मक, सामाजिक, पशुपक्षी र वनस्पति कथा, अतिरञ्जनात्मक विषयक, पौराणिक एवम् धार्मिक छन् ।  यस शोधपत्रमा जम्मा सोह्रवटा कथामात्र सङ्कलित छन् । पहिलो कथा **चितवन** विषयवस्तुमा आधारित आञ्चलिक कथा हो । यस कथामा साहस, बहादुरी र वीरता देखाइएको छ र जुक्तिबुद्धिलाई सही ठाउँमा उपयोग गरेमा त्यसको परिणाम राम्रो हुन्छ, साथै आफ्नो देश र समाजको कल्याण हुन्छ भन्ने सन्देश प्रवाहित छ । दोस्रो **मोदक काथा** विषयका आधारमा सांस्कृतिक विषयवस्तुमा आधारित अतिरञ्जनात्मक कथा हो । यसमा मादक पदार्थको सेवनबाट गोप्यता खलबलिन्छ भन्ने देखाइएको छ । जन्म र मृत्यु प्रकृतिको नियम हो, त्यसलाई तोड्न खोज्दा प्राकृतिक नियममा धक्का लाग्न सक्ने सङ्केत गरिएको छ । घटनाधिक्यले गर्दा कथालाई घटनाप्रधान पनि भन्न सकिन्छ । तेस्रो **एकतोला रानीक काथा** सामाजिक विषयवस्तुमा आधारित सन्देशप्रधान कथा हो । यसले कुनै पनि व्यक्तिले सोचविचारका साथ निर्णय लिनुपर्ने सन्देश प्रवाह गरेको छ । त्यसै गरी चौथो **गोह्रमीक काथा** सामाजिक तथा घटनाप्रधान

कथा हो । शत्रु भन्ने कुरो आफ्नै नजिककी दिदीबहिनी पनि हुन सक्दा रहेछन्, त्यसैले सजग भएर व्यवहार गर्नुपर्छ भन्ने सन्देश यहाँ पाइन्छ । पाँचौ **सुनपाउँ रानीक काथा** नारीप्रधान अतिरञ्जनात्मक कथा हो । यसमा कुनै पनि काम ढाँटेर छलेर गर्नुहुँदैन भन्ने सन्देश प्रवाहित छ । छैठौँ **फूलजोखल रानीक काथा** क्षीण कथानकमा आधारित अतिरञ्जनात्मक तथा संयोगान्त कथा हो । कथामा तन्त्र-मन्त्रको प्रभाव देखाइएकोले रूढिवादीताको छाप देखिन्छ । साथै यस कथामा सास छउन्जेल आस कहिल्यै छोड्नु हुँदैन भन्ने सन्देश प्रवाहित छ । सातौँ **गोगी राजा हँसे प्रतीप राजाक काथा** ऐतिहासिक तथा सामाजिक कथा हो । यहाँ जस्तो विपत्तिमा पनि धैर्यताका साथ बिचार पुऱ्याई काम गरेमा जीवन अवश्य सुखमय बन्छ भन्ने सन्देश पाइन्छ । आठौँ **गेउरी हँसे कौघाक काथा** सरल र सरस एवम् मनोरञ्जनात्मक कथा हो । कुनै पनि व्यक्तिले अरूको कुभलोका निमित्त काम गर्ने प्रयत्न गर्छ भने त्यसको प्रतिफल आफैँले भोग्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । नवौँ **विलहुलियाक काथा** एक पारिवारिक सामाजिक कथा हो । यहाँ शत्रु आफ्नै नजिकको मान्छे पनि हुन्छ, त्यसैले हरबखत सजग भएर व्यवहार गर्नुपर्छ भन्ने सन्देश प्रवाहित छ । त्यस्तै दसौँ **बानरक काथा** घटनाप्रधान अतिरञ्जनात्मक लोककथा हो । यहाँ कसैलाई पनि हेला गर्नु हुँदैन र सही ठाउँमा बुद्रिको प्रयोग गर्न सकेमा कठिन परिस्थितिमा पनि बच्न र बचाउन सकिन्छ भन्ने सन्देश प्रवाहित छ । एघारौँ **भेडाक काथा** मनोरञ्जन दिने सरल एवम् सरस कथा हो । यहाँ मान्छेले जनावर पाल्दा विचार पुऱ्याएर पाल्नु पर्छ भन्ने सन्देश पाइन्छ । बाह्रौँ **गेवँरा गेवँरीयाक काथा** सामाजिक कथा हो । विवाह भन्ने कुरो एउटै बाबुआमाका कोखबाट जन्म लिएका दाजुबहिनीसँग गर्ने गराउने बारेमा सोच्नु भनेको संस्कृतिमा ठूलो धक्का लाग्नु हो र समाज कलङ्कित हुनु हो । त्यसैले यस्तो कहिल्यै गर्नु हुँदैन भन्ने सन्देश यसले दिएको छ । तेह्रौँ **गोही रानीक काथा** सामाजिक कथा हो । यसमा दु:ख पीडामा परेकालाई आवश्यक सहयोग गर्नुपर्छ र लोभ कहिल्यै गर्नु हुँदैन, साथै सत्य कर्म गर्नुपर्छ भन्ने सन्देश प्रवाह भएको छ । चौधौँ **खुथुनी चरैयाक काथा** मनोरञ्जन प्रदान गर्ने काल्पनिक कथा हो । यसले कुनै पनि काम गर्न भित्रैदेखि उत्साह भरिएर आउनु पर्छ, चाहना र इच्छा जागेर आउनु पर्छ, सोचेको कुरा अवश्य पूरा हुन्छ भन्ने सन्देश दिएको छ । पन्ध्रौ कथा **गिदार हँसे नमहा मीतक काथा** मनोरञ्जन दिने कथा हो । कथाले समय र परिस्थितिलाई बुझेर मात्र काम गर्नु पर्छ भन्ने सन्देश प्रवाह गरेको छ । अन्तिम तथा सोह्रौँ कथा **फेचुहा राजाक काथा** मनोरञ्जन प्रदान गर्ने कथा हो । कुनै-कुनै बेला मानवीय नाताले पनि अप्ठ्यारोमा परेकालाई सहयोग गरेमा त्यसको फल राम्रो पाइन्छ भन्ने सन्देश यसकाथाले दिएको छ । यसरी सकेसम्म थारू संस्कृतिका विशिष्ट पक्षहरूलाई समेटिने खालका कथाहरू यस शोधपत्रमा समावेश गरिएका छन् ।

औलोको प्रकोपसँगै लड्दै भिड्दै अनादि कालदेखि थारूजातिले आधुनिक सभ्यतासँग जुध्दै तराईको घनघोर जङ्गलमा खेतीयोग्य उर्वर भूमि बनाई आफ्नो पुरानो पहिचानलाई जीवित राखेका छन् । अहिले देश विकासका क्रममा यी जातिका सम्पर्क विभिन्न जातजातिहरूसँग भएको छ र थारूभाषामा पनि अन्य भाषाको प्रभाव विशेषतः नेपाली भाषाका धेरैजसो शब्दहरू प्रयोग हुन थालेका छन् । बसाइ एवम् व्यवहारमा पनि परिवर्तन हुँदै आइरहेको छ । आजभोलि विशेषतः थारू युवायुवतीहरू परम्परागत पेसा छोडेर देश, विदेश चहार्न लागेका छन् । त्यसैले लोक साहित्यका दृष्टिकोणले सम्पन्न यस जातिको लोकसंस्कृति लोप हुन थालेको देखिन्छ । पुराना मान्छेहरूको अन्त्यसँगै थारू लोककथा पनि अन्त्य हुने अवस्थामा पुगेको छ । नयाँ पुस्ताले यसप्रति चासो देखाए पनि अलिखित रूपमा रहेका लोककथाहरूलाई ग्रहण गरी निरन्तरता दिने जिम्मेवार व्यक्तिको खाँचो रहेको छ । यस सम्बन्धी जेजति प्रयासहरू भै रहेका छन्, ती पर्याप्त नभएकोले थारूहरू स्वयम् यसप्रति सचेत हुन आवश्यक छ ।

## ५.२. निष्कर्ष

विविधतामा एकता भनेभ्कै चार जात, छत्तीस वर्णको फूलबारीको रूपमा चिनिएको देश नेपालमा विभिन्न जातजातिको आ-आफ्नै मौलिक पहिचान रहेको छ । प्रत्येक जातिका पहिचानलाई चिनाउने आफ्नै मौलिक धार्मिक, सांस्कृतिक र आर्थिक पक्षहरू छन् । यस्तै अनेक जातजातिहरूको बीचमा आफ्नो अस्तित्व परम्परादेखि नै राख्दै आएको थारू जाति आदिवासीका रूपमा परिचित छ । यो जाति सांस्कृतिक र लोकसाहित्यका दृष्टिले समृद्ध छ । लोककथा एक प्रमुख लोक विधा हो । लोककथा कृषि कार्य गर्दा, चाडबाडको समयमा, फुर्सदको समय सजिलै बिताउन र बच्चालाई शिक्षा प्रदान गर्ने उद्देश्यले भन्ने गर्दछन् । लोककथामा थारू जातिको मौलिक चालचलन, थारूहरू रीतिस्थिति, रहन-सहन, व्यवहार, संस्कृति, परम्परा आदि सम्पूर्ण कुराको प्रतिविम्बन हुन्छ । जीवनका भोगाइलाई कथामार्फत अभिव्यक्त गर्दछन् । आजभोलि थारू समुदाय जागरूक भई मौलिक भाषाको प्रयोग गरी विभिन्न पत्रपत्रिकाहरू प्रकाशित गर्न थालेका छन् । थारू लोकसाहित्य पनि राष्ट्रको लागि एक अमूल्य सम्पत्ति हो र यसको संरक्षण, सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।

# सन्दर्भ कृतिसूची


## s_ k':tsfsf/ s[lt

**अक्सफोर्ड एडभान्स लर्नर डिक्सनरी,** चौथो सं:, दिल्ली अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् १९९४ ।

अधिकारी, कलानाथ, **जितवाहनक काथा,** चितवन २०१६ ।

कँडेल, देवीप्रसाद, **चितवनको इतिहास,** प्रथम भाग, गौरीगञ्ज, चितवन, २०६५ ।

खराल, गणेशप्रसाद, **नेपालमा बोलिने थारू भाषिकामा नेपाली भाषाको प्रभाव,** काशी हिन्दू विश्वविद्यालयको नेपाली विषयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत शोधप्रबन्ध, अप्रिल, १९९२ ।

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**, काठमाडौँ: एकता प्रकाशन २०५८ ।

चौधरी, नीलकुमार, **चितौने थारूको परिचय,** काठमाडौँ: हेल्प नेपाल यशोसियसन ।

थापा, धर्मराज, **चितवन दर्पण** , काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँ: पा.वि.के, त्रि.वि.कीर्तिपुर, २०४१ ।

दहित, गोपाल, **थारू संस्कृतिको संक्षिप्त परिचय,** ललितपुर: जनजाति उत्थान, राष्ट्रिय प्रतिष्ठान, २०६२ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली उखान र गाउँखाने कथा**, चौ.सं. (काठमाडौँ: रत्नपुस्तक भण्डार, २०५८ ।

पौड्याल, कृष्णविलास, **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,** काठमाडौँ: नवीन प्रकाशन भोटाहिटी, २०६२ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौँ: एकता बुक्स, २०५८ ।

**राष्ट्रिय जनगणना,** राष्ट्रिय तथ्याङ्क विभाग, २०५८ ।

सि.वि.एस. स्टाटिकल **पकेट बुक,** नेपाल २००७ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

## v_ kq–klqsf

खराल, गणेशप्रसाद, “नेपाली र थारू भाषाको विवेचना”, **विवेक** २०४१: वर्ष १ अङ्क १, पृ. २ ।

खराल, गणेशप्रसाद, “चितवन थारू जातिको जनजीवन र संस्कृति”, **विवेक** २०४६: वर्ष ५ अङ्क २, पृ. १०८ ।

गौतम, शिवराज, “चितवन र चि.यु.स.”, **दिव्यज्योति** २०६५: वर्ष ५, अङ्क २, पृ. १५ ।

चौधरी, केवल, “बुढापाकाक कहावत अनुसार थारूक उत्पत्ति”, **हमार सनेस** २०५८: वर्ष १ अङ्क १, पृ. २२ ।

चौधरी, मनिता र अजय चौधरी, “बुधलागरी कुवँरी छ्यानी राजा” र “ठेकुचिया चरैयाक” काथा **थारू संस्कृति स्मारिक** २०६३: पृ. ३९-४१ ।

धिताल, कोमल, “प्रकृतिक सम्पदा र थारू लोकगीतको संरक्षण”, **सिर्जना** २०५७: अङ्क ९, पृ. १०-२३ ।

पाण्डे, बाबुराम, “जितिया पावनीक काथा”, **हाम्रो सिर्जना** २०६३: वर्ष २, अङ्क २, पूर्णाङ्क ४ ।

पोखरेल, डि.आर, “चितवनको ऐतिहासिक रूपरेखा”, **दिव्यज्योति** २०६५: वर्ष ५, अङ्क ५, पृ. ५ ।

**फुन्गी**, २०४०: वर्ष १ अङ्क १, पृ. १-२२ ।

महतो, रामबहादुर, जीतराम महतो र मणिराम महतो, “गोह्रमी”, “गिदारमीत नमहामीत”, “हिरामती”, **हमार संस्कृति** २०४६: वर्ष १, अङ्क १ ।

लेखि, खिलनाथ, “थारू जातिको वंश र थाक”, **थारू संस्कृति** २०६२: अङ्क १९, पृ. १९ ।

**लौठा ड्यागा** २०५८: (नवलपरासी) ।

शर्मा, लालकृष्ण, “चितवन जिल्लाको भौगोलिक परिचय”, **विवेक** २०४६: वर्ष ५, अङ्क २, पृ. १५ ।

**हमार यगुवा** २०६४: वर्ष १, अङ्क १ (था.क.स. ललितपुर) ।

# परिशिष्ट

## क) थारू-नेपाली शब्दार्थसूची

| थारू भाषा | नेपाली भाषा | थारू भाषा | नेपाली भाषा |
|---|---|---|---|
| अड | तुरुन्त, तत्काल | कोल्हु | तोरी पेल्न काठबाट |
| इचिका | अलिकति | | बनाइएको साधन |
| इचिहिचि | अलिकति | कोल्हुक जाठी | कोलको तेल खस्ने |
| इनरासन | पताल | | मुख्य भाग |
| इन्दिने | भोलि | कौवा | काग |
| इसेबसु | पर्खन्छु | खटवाटी पटवाटी | भातपानी त्यागेर बस्नु |
| उचिटबही | उछिट्टिनु | खन्भनोत | बज्नु |
| उछरल | उछिट्टिएको | खालखुशी बुसी | खोक्रो भुस |
| उजियाइली | सुरू भएको | खुथुनी चरैया | खुथुन खुथुन आवज |
| उदबास | उठीबास | खोरोइ | नुहाउनु |
| उड्ना खटोल | काठबाट बनाइएको | खोसदेली | घुसार्नु |
| | उड्ने घोडा | गगसल | रमाएको |
| एघरी | एकछिन | गणमुणिया | टाउकोले टेकेर पल्टिनु |
| ओगरइ | कुरेको | गणहा | खाल्डो |
| ओते | उता | गर | स्वर/गला |
| ओसरा | बरण्डा, पिढी | गरभयसरा | गर्भवती |
| ओसही | त्यसै | गरियोइ | गाली गर्नु |
| कचहेरी | बैठक, कचहरी | गहदेले | राखिदिएको |
| कछावे | श्रृङ्गार गर्नु | गहनी | एकदम/ज्यादै |
| कपरकोट | कपडाले घर्ने क्रिया | गाङीलौवा | कुरौटे |
| कल्पोइ | दु:ख दिनु | गिध | गिद्ध |
| कली | कलियुग | गुनान | चिन्ता |
| कान्ह | काँध | गेउरी | भँगेरी |
| किटर | कन्जुस | गेठियाउँ | पक्का गर्नु |
| किर्पइ | छटपटी हुनु/दु:ख मान्नु | गेवरा | भँगेरा |
| किरामकौडा | कीटपतङ्ग | गोह्रमी | गुर्मी |
| कुरीयाइ | खन्याउनु | गोसीनिया | मालिक्नी |

| थारू भाषा | नेपाली भाषा | थारू भाषा | नेपाली भाषा |
|---|---|---|---|
| घालदेली | हालि दिएको | जिउवा | आत्मा/प्राण |
| घुघाइदेली | फालि दिएको | पोटरी | पोको |
| चरन | चरण | झकसी | खर, झाक्सी |
| चरियावा | चराचुरुङ्गी | झनकमनक | सोह्र शृङ्गार |
| चिउवा | चियो | झमर-झमर | नजिक/ छिटोछिटो |
| चिचर | पानीको बाफमा पकाइको | झिरीहिरी | डुङ्गामा चढेर खेलिने खेल |
| | अनदी चामलको भात | झुटझुटरार | झारपातले भरिएको |
| चिटकल | टाँसिएको | झोरखा | सानो झ्याल |
| चिराग | बत्ती/चिराग | टाङ | खुट्टा/टाङ |
| चिल्ही | चिल | टाङी | बन्चरो |
| चिलाई | ठूलो स्वरले कराउनु | टुभुक | डुब्लुक/डुब्ने क्रिया |
| चिहुटी | कमिला | टुरदेइ | भाँच्नु/तोडनु |
| चित्र | चित्तल | टेकराइ | टक्र्याउनु |
| चेरीलवणी | नोकर्नी/सुसारे | टेकलह | राखेको |
| चैकाके | च्यातेर | ठनठन | एकदम पातलो |
| चोखला | बोक्रा | ठेठी | आग्लो |
| छनक | शङ्का | ठोर | ओठ |
| छवण | केटा | डङ्गिनी | राक्षस्नी |
| छाटी | सबै | डहुली | राम्रो |
| छान्ही | छाना | डाइनी | बोक्सी |
| छिपवा | थाल | डार | हाँगा |
| छिमनछामन | बास्ना आउनु | डिबरी | बत्ती/ढेबरी |
| छुछले | खाली/रित्तो | डुगडुगी | चारैतिर हल्ला फिजाउनु |
| छोउ | छाड | डोरिहा | डोरी |
| छौडी | केटी | डौल | राम्रो |
| छौरावा | खरानी | ढबढबाइकी | पौडिँदै |
| जबण | ठूलो | ढुकावे | भित्र्याउन |
| जमबिहे | उम्रन्छ | ढुर्ढुर्-ढुर्ढुर | सफा |

| थारू भाषा | नेपाली भाषा | थारू भाषा | नेपाली भाषा |
|---|---|---|---|
| तहचुक | त्रुटि/भुल | पसरली | फिजाएको |
| तिकाके | निशाना/सोझ्याएर | पिटिलो | धार लगाउनु |
| तिरवा | छेउ, तीर | पुजके | काट्न |
| तुमा | माटाको अम्खोरा | पुतहु | बुहारी |
| थुल्हाइली | मोटाएको | पुता | बच्चा |
| थोर्कामोर्का | थोरै | पेहरबियौ | लगाउनु |
| दबकल | लुकेको | पैडा | बाटो |
| दबकोले | लुकाएको | पोकरी | पोको |
| दिर्पा | दियो | पोसले | पालेको |
| देगसार | सुन्दर/ दर्शनीय | पोर्सिया | छिमेकी |
| धरले | समातेको | फणियोली | आन्द्राभुँडी निकाल्नु |
| धरसी | राखेको | फरकल | चर्केको |
| धाङ | बगाल | फरहुके | साँच्चिकै |
| धुसे | पिट्न | फाना | पासो |
| धोधर | खोक्रो/धोधो | फुसलावे | फकाउन |
| नणकाई | फाल्नु | फेचुहा | चराको नाम |
| नभली | ओर्लिनु | फौलहरी | फुकाउने |
| नहारी | दिउँसोको खाजा | बखरा | भाग/अंश |
| नाजिकटक | विशेष प्रकारको चामल | बटियाके | बटुलेर |
| निकटार | फुर्सद | बनरझुलही | डरलाग्दो बाटो |
| निझके | पकाएर | बरहु | बल्नु |
| निझाइ | पकाउनु | बरियार | बलियो |
| नीजकुज | एकान्त/घनघोर/सुनसान | बहरइ | बढार्नु |
| पखियाइली | पखेटा आएको | बहाइ | बग्नु |
| पचकल | कुचिएको | बसिला | काठको काममा प्रयोग हुने औजार |
| पथरा | ढुङ्गा | | |

| थारू भाषा | नेपाली भाषा | थारू भाषा | नेपाली भाषा |
|---|---|---|---|
| बाठिनी | तरुनी | मलाह | माछा मार्ने जात |
| बाथक खाम्हा | घरको मूल खम्वा | मलिया | अण्डा पकाउने भाँडो |
| बिन्हे लगली | टोक्न थाल्यो | मसकके | तल पारेर |
| बिरोरी | बारुलो | महथा | मन्त्री |
| बिलुखाइ | चित्त दुःखाउनु | माणे | मालिस गर्न |
| बेकडावा | पिठ्यूँ | मुणी | टाउको |
| बेङ | भ्यागुतो | मेडराई | घुमेर |
| बोर्सी | आगो ताप्न बनाइएको भाँडो | यको न बको | अकमक्क पर्नु |
| बौनी | छायाँ | यघरी | एकछिन |
| बौली | छर्नु | यनोन | अनेक |
| भगजोगनी | जुनकिरी | यरमरका | अचानक |
| भणोले | गभाएको | यरिया | कचिया |
| भफाइ | बाफिनु | यसीमन | ठूलो |
| भर्खे | भर्खर | यहरा | खाना/आहारा |
| भर्र | भुर्र | यहरावे | आहारा खुवाउन |
| भसेणवा | झारपातले भरिएको | याजु | आज |
| भुर्भुरौवा | बुर्बुराउँदो | याणा | अण्डा |
| भेम | भमरा | यार | मित/मित्र |
| भेसोणिया | गोठ | यान्हर | अन्धा |
| मङसी | माग्नु | यौनिया | गोठालो |
| मझिलहरा | माइला | रसेरसे | बिस्तारै |
| मधु | माहुरी | राजपाट | राजकाज |
| मनछिपी काठ | विशेष प्रकारको रूख | रूख्वाना | काठको काममा |
| मनियावा | मान्छे | | प्रयोग हुने औजार |
| मनेवा | मान्छे | लघिना | नजिक |
| मरदाना | लोग्ने मान्छे | लजिटावनएक | लाजमर्दो |

| **थारू भाषा** | **नेपाली भाषा** | **थारू भाषा** | **नेपाली भाषा** |
|---|---|---|---|
| लेहरा | माइत | सोगटावनएक | मायालाग्दो |
| वनफूल | वनका फलफूल | हदफद | हतार |
| वसने | यस्तै | हाक | बोलाउनु |
| वागवान | फूलबारी | हिन्दिनवा | आजभोलि |
| विपत्ति | आपत्ति/ सङ्कट | हुकाण काठ | रूख विशेष |
| वेह्न | झाक्सीबाट बुनेर बनाइएको | | |
| वैरी | शत्रु | | |
| सखी | साथी/सङ्गिनी | | |
| सङ | मितिनी | | |
| सङही | सँगै | | |
| सङ्घातिया | साथी | | |
| सटली | नदेखिने गरी मिलाएर राख्नु | | |
| सणफणाइली | सरासर | | |
| सतवर्ती | सातवटा व्रत गर्ने | | |
| सधिह | जाँच्नु | | |
| सपदेली | जिम्मा लगाउनु | | |
| सपरओपारके | तयार भएर | | |
| समल | समय | | |
| सयान | जवान | | |
| सलमत | सहमत | | |
| सवाद | मिठो | | |
| सामा | तयारी | | |
| सुध | सोझो | | |
| सुहावन | शोभायमान/सुहाउँदो | | |
| सेज | बिस्तरा, ओछ्यान | | |
| सोइठ | अल्छी | | |

# सङ्केत सूची

| | |
|---|---|
| कि.मी. | किलोमीटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| चि.यु.स. | चितवन युवा समूह |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| था.क.स. | थारू कल्याणकारिणी सभा |
| था.क.यु.स.चि | थारू कल्याणकारिणी युवा समिति चितवन |
| था.वि.स.चि | थारू विद्यार्थी समाज चितवन |
| न.पा. | नगरपालिका |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| वडा नं. | वडा नम्बर |
| वि.सं. | विक्रम संवत् |

ख)    थारू संस्कृति परिचायक तस्वीरहरू



थारू भेषभूषामा थारू युवती



थारु महिलाहरुको झमटा नाचको झलक



झाँकी



खैरहनी-८, जबकौलीकी ४५ वर्षीय सूचक चन्दा चौधरी थारु भेषभूषामा



खैरहनी-८, जबकौलीकी ४५ वर्षीय सूचक चन्दा चौधरीसँग अन्तर्वार्ता लिदै



खैरहनी-८, जबकौलीकी ५५ वर्षीय सूचक भङीया चौधरीसँग अन्तर्वार्ता लिदै



खैरहनी-८, जबकौलीका ६५ वर्षीय सूचक जयराम चौधरीसँग अन्तर्वार्ता लिँदै



खैरहनी-८, मगनीका ६२ वर्षीय सूचक बन्धु चौधरीसँग अन्तर्वार्ता लिँदै



खैरहनी-४, मगनीका ६० वर्षीय सूचक जीवन चौधरी



खेतमा काम गरिरहेको

ग)        चितवन जिल्लाको नक्सा

